# परम्परागत संस्थाः एक अध्ययन

(नेवार, थकाली, माझी, धिमाल, थारु, ह्योल्मो, ज्यापू, र मगर)



नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)

परम्परागत संस्थाः एक अध्ययन
(नेवार, थकाली, माझी, धिमाल, थारु, ह्योल्मो, ज्यापू, र मगर)

AIPP

ISBN 978-92-2-829297-8

# परम्परागत संस्थाः एक अध्ययन

(नेवार, थकाली, माझी, धिमाल, थारु, ह्योल्मो, ज्यापू र मगर)

सम्पादन
शान्ति कुमारी राई
दिनश कुमार घले
शंकर लिम्बू
भिम राई
टहल थामी

नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह
(लाहुर्निप)

Published by

Lawyers' Association for Human Rights of Nepalese Indigenous P eoples (LAHURNIP)

This book has been published with the financial support of Asia Indigenous Peoples Pact (AIPP)

Copyright International Labour Organization 2015

First published 2015

Publications of the International Labour Office enjoy copyright under Protocol 2 of the Universal Copyright Convention. Nevertheless, short experts from them may be reproduced without authorization, on condition that the source is indicated. For rights of reproduction or translation, application should be made to ILO Publications (Rights and Permissions), International Labour Office, CH-1211 Geneva 22, Switzerland, or by email: pubdroit@ilo.org. The International Labour Office welcomes such applications.

Libraries, institutions and other users registered with reproduction rights organizations may make copies in accordance with the licences issued to them for this purpose. Visit www.ifrro.org to find reproduction rights organization in your country.

Study on Traditional Organizations System of Dhimal, Hyolmo, Jyapu, Magar, Majhi, Newar. Thakali and Tharu ILO country office for Nepal, 2015. Indigenous and tribal peoples/livelihoods/lands rights 03.02

**ILO Cataloguing in Publications Data**

The designations employed in ILO publications, which are in conformity with United Nations practice, and the presentations of material therein do not imply the expression of any opinion whatsoever on the part of the International Labour office concerning the legal status of any country, area or of its authorities, or concerning the delimitation of its frontiers.

The responsibility for opinions expressed in signed articles, studies and other contributions rests solely with their authors, and publications does not constitute an endorsement by International Labour Office of the opinions expressed in them.

Reference to names of firms and commercial products and processes does not imply their endorsement by the International Labour Office, and any failure to mention a particular firm, commercial product or process is not a sign of disapproval.

ILO publications and electronic products can be obtained through major booksellers or ILO local offices in many countries, or direct from ILO publications, International Labour Office, CH-1211 Geneva 22, Switzerland. Catalogues or lists of new publications are available free of charge from the above, or by email:pubvente@ilo.org, Visit our web site: www.ilo.org/publns

**Printed in Nepal**

978-92-2-829297-8 (print)

# प्रकाशकीय

नेपालका आदिवासीहरूको परम्परागत संस्थाहरूको अध्ययनमा आधारित यो पुस्तक प्रकाशन गर्न पाउँदा नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) खुशी प्रकट गर्दछ । आदिवसीहरूको आफ्नै राजनीतिक, आर्थिक, साँस्कृतिक तथा सामाजिक संरचनाहरू हुन्छ, जुन समतामूलक र समन्वयमा आधारित छन् । तर अढाईसय वर्षदेखि नेपालका आदिवासी जनजातिहरूमाथि राज्यबाट लादिएको आन्तरिक उपनिवेशवादको कारणले ती आदिवासी संरचनाहरू विस्थापन र नामेट हुने क्रममा छन् । नेपालका धेरै आदिवासीहरूको पहिचानजनित परम्परागत संस्था तथा प्रथा र प्रथाजनित कानूनहरू राज्यको विभेदकारी तथा पूर्वाग्रही नीति र व्यवहारका कारणले विस्थापन भएका छन् । धेरैजसो  आदिवासीका परम्परागत संस्था तथा प्रथा र प्रथाजनित कानूनहरू लोप भइसकेका छन् भने संचालनमा रहेका केही आदिवासीका त्यस्ता संस्थाहरू पनि लोपोन्मुख अवस्थामा रहेका छन् ।

ती लोपोन्मुख अवस्थामा रहेका आदिवासीहरूका परम्परागत संस्था तथा प्रथा र प्रथाजनित कानूनहरूको पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यका साथ लाहुर्निपले अध्ययन गरी यो पुस्तक प्रकाशन गरेको छ । यस पुस्तकमा हाल संचालनमा रहेका धिमाल, ह्योल्मो, ज्यापू, मगर, माझी, नेवार, थकाली र थारु आदिवासीहरूको परम्परागत संस्थाहरूको अध्ययन समावेश गरिएको छ । पुस्तकले लोपोन्मुख अवस्थामा रहेका आदिवासीका परम्परागत संस्थाहरूको संरक्षण र पुनरोत्थानमा थोरै भएपनि सहयोग पुऱ्याउने आशा गरिएको छ ।

यस अध्ययनमा आर्थिक सहयोग गरिदिएकोमा अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) कार्यालय, नेपाल तथा प्रकाशन सहयोगका लागि Asia Indigenous Peoples Pact (AIPP) लाई धन्यवाद ज्ञापन गरिन्छ। यस पुस्तक प्रकाशनार्थ आ-आफ्नो परम्परागत संस्थाको अध्ययन तथा अनुसन्धान गरी सहयोग पुऱ्याउने अध्ययनकर्ताहरू सर्वश्री एकराम सिंह, जुनु गौचन, धनबहादुर माझी, सोमबहादुर धिमाल, सर्जु प्रसाद चौधरी, लामा टासी छिरिङ ह्योल्मो, बाबुराजा प्रजापति र गमबहादुर थापा मगरप्रति लाहुर्निप हार्दिक आभार प्रकट गर्दछ। साथै यस प्रकाशनलाई पुस्तकको रूप दिन लागीपर्ने लाहुर्निप कार्यसमितिका पदाधिकारीका साथै कर्मचारीहरूप्रति पनि धन्यवाद ज्ञापन गरिन्छ।

**अधिवक्ता शान्ति कुमारी राई**
अध्यक्ष

# विषय-सूची

प्रकाशकीय

नेपालका आदिवासीहरूको परम्परागत प्रणालीः एक परिचय १
*-अधिवक्ता शंकर लिम्बू*

गुठीः नेवार समुदायको परम्परागत संस्था र प्रथाजनित कानूनहरू २१
*-एकराम सिंह*

तेह्र मुखिया प्रणालीः थकाली जातिको परम्परागत संस्था ५१
*-जुनु गौचन*

मझेसाबाः माझी जातिको परम्परागत संस्था तथा प्रथाजनित कानूनहरू ७३
*-धनबहादुर माझी*

धिमाल जातिको परम्परागत संस्था तथा प्रथाजनित कानूनहरू १०५
*-सोमबहादुर धिमाल*

थारु जातिको परम्परागत संस्था र प्रथाजनित कानूनहरू १३३
*-सर्जु प्रसाद चौधरी*

ह्योल्मो जातिको परम्परागत संस्था र प्रथाजनित कानूनहरू १४७
*-लामा टाशी छिरिङ ह्योल्मो*

ज्यापू आदिवासीको परम्परागत संस्थाभित्रका प्रणालीहरू १७१
*-बाबुराजा प्रजापति*

मगर समुदायको परम्परागत संस्थागत प्रणाली १८३
*-गमबहादुर थापा मगर*

❖❖❖

*(आवरण तस्वीर : सोलुखुम्बुका कुलुङ समुदायको परम्परागत सामुहिक छलफल ।)*

*यस पुस्तकमा मुद्रित अध्ययन/अनुसन्धानका सामग्रीहरूमा अध्ययन/अनुसन्धानकर्ताहरू स्वयं जिम्मेवार रहने छन् ।*

# नेपालका आदिवासीहरूको परम्परागत प्रणाली: एक परिचय

– अधिवक्ता शंकर लिम्बू

आदिवासी जनजाति र प्रथा तथा प्रथाजनित कानूनबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। प्रथा, परम्परा, प्रथाजनित कानून र संस्कृतिलाई अन्तर्राष्ट्रिय मान्य सिद्धान्तहरूमा आदिवासी जनजातिको पहिचान गर्ने आधारको रूपमा लिइएको पाइन्छ। प्रथा तथा परम्पराले आदिवासीलाई अन्य समुदायसँग पृथक समुदायको रूपमा देखाउँदछ।

आदिवासीविरुद्ध हुने विभेद र समस्याका बारेमा अध्ययन गर्न नियुक्त संयुक्त राष्ट्रसंघका विशेष समाधीक्षक होजे मार्टिनेज कोबोबाट तेह्रवर्ष (सन् १९७१ देखि १९८४ सम्म) लगाएर गरिएको अध्ययन प्रतिवेदनले प्रथापरम्परालाई आदिवासीको परिभाषाको एक अवयवको रूपमा लिएको देखिन्छ। "आदिवासी समुदाय, जनता र राष्ट्र भन्नाले उनीहरूको भूभाग उपनिवेश र अतिक्रमण पर्न अगाडिदेखि निरन्तर रूपमा बसोवास गरी आएका र हाल उनीहरूको भूभागमा रहेका अन्य समाजभन्दा आफूलाई पृथक ठान्दछन्। वर्तमान समाजमा उनीको हावी छैन, तथापि, निरन्तर रूपमा अस्तित्वमा रहेका जनता भएको आधारमा आफ्नै साँस्कृतिक ढाँचा (प्रथा परम्परा), सामाजिक संस्था र कानूनी प्रणाली (प्रथाजनित न्याय प्रणाली) अनुसार उनीहरूले आदिवासीय पहिचान र पुर्ख्यौली थलो आफ्ना भावी सन्ततिहरूलाई पुस्तान्तरण गर्न अडिग छन्।"[1] यस परिभाषाको अन्तरवस्तुमा उल्लिखित प्रथा तथा प्रथाजनित कानून नै त्यस्तो आधार हो, जसले आदिवासीलाई पृथक (अन्य समुदायभन्दा भिन्न) सामुहिक पहिचानसहित निरन्तर अस्तित्वमा रहेका जनता (Peoples) को मान्यता दिलाउँदछ। त्यतिमात्र होइन, आफ्ना पहिचान र पुर्ख्यौली भूमिसँगको सम्बन्धलाई पुस्तौंपुस्ता कायम गर्दछ भन्ने

[1] Cobo, J.M., Study of the Problem of Discrimination Against Indigenous Populations, United Nations NE /CN.4 /Sub.2 / 1986 /7 /Add.4, 1986.

मान्यता यस परिभाषाले लिएकोछ। स्मरण रहोस्: यो परिभाषा सबैभन्दा बढी आदिवासीको सन्दर्भमा दृष्टान्तको रूपमा लिइन्छ।

अन्य समुदाय भन्नाले कसलाई बुझाउँदछ ? त्यसको विषयमा प्रष्ट्याउन आवश्यक हुन्छ। मार्टिनेज कोबोको परिभाषाले औंल्याउन खोजेको अन्य समुदाय भन्नाले त्यस्ता समुदायहरू जो आदिवासीको भूमिमा आदिवासीभन्दा पछाडि आएका हुन् तर पछाडि आए तापनि उपनिवेशीकरण, कब्जा, अतिक्रमण वा अन्य तौरतरिका अपनाएर वर्तमानमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक हरेक क्षेत्रमा प्रभुत्व कायम गरेर बसेका छन्।[2] उपनिवेश खडा गर्ने, आदिवासीको भूमिमा आफ्ना अनुकूलका कानून बनाएर वा कुनै जालझेलबाट प्रभुत्व कायम गरी आउने समुदाय आदिवासीभित्र नपर्ने देखिन्छ।

प्रभुत्वशाली समुदायको पहिचानलाई राष्ट्रिय पहिचान बनाई राज्य संयन्त्र नै उनीहरूको नियन्त्रण र पकडमा हुन्छ। तर यस समुदायभन्दा पृथक पहिचान बोकेका समुदाय जसको भाषा, न्याय प्रणाली, राजनीतिक व्यवस्था प्रभुत्व समुदाय (Dominant Group) भन्दा फरक, तर सामुहिक स्वरूपको भएकोले आदिवासी समुदायलाई जनता (Peoples) मानिन्छ। उदहरणको रूपमा नेपालमा माझी समुदायको परम्परागत संस्था मझेसाबाले बिहेबारी, मर्दापर्दा (कर्मकाण्ड) आफ्नै भान्जा भान्जी, ज्वाइँचेला, कुटुम्बहरूबाट हिन्दुधर्मशास्त्रको वेदहरू प्रयोग नगरी मौखिक रूपमा आफ्नै प्रकारले गर्ने गराउने गर्दछन्। नेपालमा बाहुन क्षेत्रीहरू समुदायगत रूपमा हिन्दु धर्मावलम्बी तथा राज्यमा प्रभुत्ववाला जाति हुन्। उनीहरूको कर्म संस्कार हिन्दु धर्मशास्त्रबाट निर्देशित हुन्छ। उनीहरूभन्दा पृथकता देखाउने कडी नै आदिवासीहरूको मौलिक प्रथा परम्परा र प्रथाजनित तौरतरिकाबाट कर्मकाण्ड सम्पन्न गर्ने माझीहरूको उदाहरणले देखाउँदछ।

---

[2] Office of the Hight Comminsnor for Human Rights , Geneva, Fact Sheet No.9 (Rev.1), The Rights of Indigenous Peoples, 2004 P. 1

अन्तर्राष्ट्रिय कानूनको मान्यता अनुरूप जनता (Peoples) को आत्मनिर्णयको अधिकार रहन्छ । आत्मनिर्णयकै आधारमा स्वतन्त्र राजनीतिक अस्तित्व निर्धारण गर्न पाउने र स्वतन्त्र रूपले आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्न पाउँछन् । आफ्ना जीविकोपार्जका साधनबाट कुनैपनि हालतमा बञ्चित गर्न मिल्दैन ।[3] सन् १९६६ ताका निर्माण गरिएको अन्तर्राष्ट्रिय कानूनमा जनता भनेको को हुन् भनेर पनि पहिचान गरिएको थिएन । लामो समयपश्चात् करीब २५ वर्षको घनीभूत छलफलबाट संयुक्त राष्ट्रसंघको महासभाबाट आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (United Nations Declaration on the Rights of Indigenous Peoples-UNDRIP) जारी गरी आदिवासीलाई आत्मनिर्णयको अधिकारवाला जनताको रूपमा परिभाषित गर्‍यो । उक्त घोषणापत्रको धारा (३) मा आदिवासी जनताको आत्मनिर्णयको अधिकार प्रत्याभूत गरियो । घोषणापत्रको धारा (४) मा आत्मनिर्णयको अभ्यास स्वायत्तता र स्वशासनको माध्यमबाट आदिवासीले गर्दछन् भन्ने किटान गरियो, जसलाई आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघका पूर्व समाधीक्षक प्राध्यापक जेम्स अनायाले उपनिवेशबाट मूक्त हुनको लागि आन्तरिक आत्मनिर्णयको अभ्यास भनी आफ्ना पुस्तक “अन्तर्राष्ट्रिय कानूनमा आदिवासी” दोस्रो संस्करण, २००४ मा उल्लेख गर्नुभएको छ । तथापि, बहुसंस्कृतिसम्बन्धी चर्चित विद्वान विल किम्लिकाले आत्मनिर्णयको अधिकारलाई आन्तरिक स्वरूप (स्वशासन र स्वायत्तता) मा मात्र सीमित गर्न नमिल्ने, आत्मनिर्णयको अधिकार अन्तर्गत स्वतन्त्रता हासिल गर्ने अधिकारसम्म रहने भनी भिन्न मत जाहेर गर्नु भएकोछ ।[4] आत्मनिर्णयको अधिकारलाई जसरी व्याख्या गरिए पनि यो अधिकार दावी गर्नलाई प्रथा र प्रथाजनित कानून एउटा आधारभूत तत्व (Fundamental element) को रूपमा रहेको छ ।

---

[3] Common article 1 of the International Covenant on Civil and Political Rights, 1966 and the International Covenant on Economic Social and Cultural Rights, 1966

[4] Will Kimlicka , Politics in the Vernacular Nationalism and Citizenship, Oxford Univer sity Press, 2001, P. 120-132

मार्टिनेज कोबोको कार्यमूलक परिभाषालाई अन्तर्राष्ट्रिय मानव अधिकारका कानूनहरू उदाहरणको लागि अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९को तर्जूमा गर्दा संस्थागत गरिएका छन् । उक्त महासन्धिमा आदिवासीभित्र पर्नेहरूको विशेषताहरूमा अन्य कुराहरूका अतिरिक्त, आफ्ना भूमि अतिक्रमण, उपनिवेश वा वर्तमान राज्य बनाइँदा खोसिए तापनि आफ्ना सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक संस्थाहरू बचाई राखेका समुदायलाई आदिवासी[5] मानिएको छ। महासन्धिले इंगित गरेको सामाजिक र साँस्कृतिक संस्था (Institution), प्रथा र प्रथाजनित कानून नै हो ।

प्रथा र प्रथाजनित कानूनको विश्वव्यापी एउटै मान्य परिभाषा पाइन्न । सामान्यतः "प्रथा एक स्थापित प्रणालीअन्तर्गत परम्परागत रूपमा चलिआएका नियमहरू हुन् । जुन जीवन पद्धति र जनताहरूको मौलिक चाहनामा विकसित भएको हुन्छ । यो सामान्य परिस्थितिको सन्दर्भमा, साझा ज्ञानहरूको तत्व रहन्छ, जुन विशेष मुद्दाहरूमा नजीरको रूपमा दोहेरिएर आउने गर्छ, जुन समुदायका मुखिया, उनका परिषद, र छोरा र छोराका सम्झनामा कायम रही परम्परागत नियमको अंगको रूपमा कायम रहन्छ ।"[6] यो परिभाषा गैरआदिवासीका दृष्टिकोणबाट गरिएको देखिन्छ । हिजोआज धेरै प्रथाजनित कानूनहरू प्राचीन छैनन्, न त सबै प्रथाजनित कानूनहरू मुखियाहरूद्वारा नै प्रशासित गरिएका छन् ।[7] नेपालकै सन्दर्भमा ह्योल्मो समुदायको परम्परागत संस्था र कानून "ह्यूलठिम" अन्तर्गत समाज संचालनको निम्ति नारक डोन्ढुक (ह्योल्मोहरूको मौलिक चाड) समयमा व्यक्तिगत (Personal) सामुदायिक कानून (collective law), नीति, नियम समुदायका सबैको सहभागितामा बनाउने र परिमार्जन गर्ने काम गरिन्छ । यसबाट प्रथाजनित कानूनहरू समुदायका

---

[5] Article 1(b) of the Indigenous and Tribal Convention (ILO Convention No. 169)

[6] J.C. Bekker (1989) Seymour's Customary Law in Southern Africa (5th edition), Cape Town,: Juta & Co. Ltd, p. 11.

[7] Raja Devashis Roy (2005) Traditional Customary Law and Indigenous Peoples in Asia, Minority Groups Report, P. 8.

आवश्यकता, इच्छा र नियन्त्रणमा समयसापेक्ष रूपमा परिमार्जन हुन्छ भन्ने देखिन्छ । यस्ता विधि शास्त्रीय हिसाबले प्रथाजनित कानूनलाई निर्देशित गर्ने मूल्य मान्यता भने स्थायी प्रकृतिको रहन्छ । अभ्यास भने गतिशील प्रकृतिको रहन्छ ।

गिसेला मायेँका अनुसार "आदिवासीहरूको प्रथाजनित कानूनले समाजिक सम्बन्ध र सन्तुलनलाई संरक्षित गर्ने लक्ष्य राख्दछ । यो महत्वपूर्ण रूपमा सामुहिक प्रकृतिको हुन्छ । जहाँसम्म व्यक्तिगत रूपमा प्रथाजनित कानून गल्ती गर्नेहरूले पीडितलाई क्षतिपूर्ति दिई समाजमा पुनर्स्थापना गर्ने सिद्धान्तमा अडिएको हुन्छ भने पश्चिमी प्रणाली सजायँ नै गर्ने कुरालाई हेर्दछ । नेपालको कानूनी प्रणाली पनि पश्चिमी सिद्धान्तमा आधारित भएको हुनाले धेरै विवादित रहेको छ ।"[8]

प्रथाजनित कानूनको महत्वपूर्ण पक्ष भनेकै  यस अन्तर्गतका संस्था, कानून र प्रक्रियामा समुदायको पूर्ण नियन्त्रण र स्वामित्व रहन्छ । कतिपयले प्रथाजनित कानून नैतिक बन्धनकारी (Moral Obligatory) मात्र हुन्छ र दण्ड सजायँको व्यवस्थाको  अभावमा अत्यन्त नाजूक (Soft) हुन्छ भन्ने गरेका छन् । प्रथाजनित न्याय प्रणालीको मूल मान्यता सबैले जित्ने (Win Win situation) तथा सामाजिक पुनर्स्थापना गर्ने (Social Reconciliation or rehabilitation) गर्ने भएकोले पनि यस्तो अवधारणा बनाइएको हुनसक्छ । यद्यपि, न्याय प्रणालीमा समुदायको संलग्नता हुने र दोषीको दोषअनुसारको कारवाही समाजले वा प्रथाजनित न्याय प्रशासनले तय गर्ने भएको हुनाले अपराधको जराबाट नै उन्मूलन गर्ने वा अपराध गर्नबाट समाजलाई जोगाउने ध्येयबाट प्रथाजनित न्याय प्रणाली चल्दछ ।

थकाली तेह्र मुखियाहरूको निर्णय बाध्यकारी हुन्छ । सर्वप्रथम विवादहरू नातेदारहरूबाट मिलाउने प्रयास गरिन्छ । यदि त्यसबाट समाधान ननिक्लेमा चारपैसा राखेर मुखियाकोमा उजूरी गरिन्छ । मुखियाले समुदायहरूको भेला गराई विवादको छिनोफानो गर्छन् । निर्णयमा चित्त नबुझे उपल्लो तह वा

---

[8] Mayen G, quoted in Anup S 2010 Rights of Indigneous People at www.globalizssues.org/article/693

मीरमुखियासम्म अपिल गर्ने गरिन्छ । सक्षम र सरल न्यायिक पहुँचको सुनिश्चितता भएकै कारण थकालीहरूको पुर्ख्यौली भूमिमा विवादहरू राज्यका अदालत तथा प्रशासनमा पर्दैनन् । करीब-करीब राज्यका यी निकायहरू कार्यविहीन रूपमा छन् भने प्रशासनिक निकायहरूले तेह्रमुखियासँग सहकार्य गरेर राज्यका काम सम्पन्न गर्छन् । नेपालको कानूनले आदिवासीको न्याय प्रणालीलाई प्रत्यक्ष कानूनी मान्यता (De-jure) नदिए पनि व्यवहारिक (De-facto) रूपमा थकालीहरूको तेह्रमुखिया प्रणालीलाई मान्यता दिएको देखिन्छ । त्यसको कारण यसको सहज पहुँच, सरल र छिटोछरितो प्रक्रिया, कम खर्चिलो, पारदर्शिता र समुदायको स्वामित्व र प्रतिवद्धता हो ।

**अन्तर्राष्ट्रिय कानूनमा प्रथा**

अन्तर्राष्ट्रिय कानूनको स्रोतको रूपमा प्रथालाई लिइन्छ । अन्तर्राष्ट्रिय न्यायलयको विधानमा प्रथाजनित अन्तर्राष्ट्रिय कानूनको व्याख्या गरिएको छ, जसअनुसार त्यस्तो अन्तर्राष्ट्रिय अभ्यास जसलाई प्रमाणिगत रूपमा कानून भनी मानिन्छ ।[9] अर्थात् राज्यले गर्ने प्रचलित अभ्यासहरू जसलाई कानूनको रूपमा स्वीकार गरिएको हुन्छ ।

समुदायको तहमा आदिवासी जनजातिहरूको प्रथा र प्रथाजनित कानूनहरूलाई मानव अधिकारका कानूनहरूमा संस्थागत गरिएका छन् । अन्तर्राष्ट्रिय कानूनको विधिशास्त्रीय मान्यता युस कजेन्स (Jus Cojens) वा (Peremptory Norm) अनुसार प्रथाजनित कानूनहरू प्राकृतिक न्यायका सिद्धान्तबाट निःसृत भएका कारण राज्यहरूले पालना गर्नबाट इन्कार गर्न सक्दैनन् । राज्यहरूले त्यस्ता युस कजेन्स प्रथाजनित नियमसँग बाझिने कानून निर्माण गरेमा वा व्यवहार गरेमा स्वतः त्यस्ता कानून वा व्यवहार प्रारम्भदेखि नै अमान्य (Null and void) हुने गर्दछ ।

कतिपय आदिवासीका प्रथा परम्परा वा कानूनलाई राज्यले आदिवासीहरूसँग सन्धि गरी प्रचलन गर्न दिएको हुन्छ । लिम्बू समुदायको सन्दर्भमा राज्यले

[9]Article 38 (1) of the Statute of the International Court of Justice

वि.सं.१८३१मा लिम्बूहरूसँग गरेका सन्धिमा "तम्रा खैन पैन असुधलाई सुध गरी खानामा हिजो तिम्रा मुलुकभित्रका सबै थामि बक्स्यौं... हिजो आपैआप अपुंगी बसी आए बमोजिम त्यो मुलुक संभार गरी जिमि भूमि रहिञ्ज्याल तिम्रा शाखासन्तानतक भोग्य गर"[10] भन्ने शब्दावलीमा आफ्नै प्रकारका नीतिनियम बमोजिम समाज र मुलुक लिम्बूहरूले चलाई आएकोलाई मान्यता दिएको देखिन्छ। यस सन्धिलाई वि.सं.२०१७ सालसम्म केन्द्रमा राजा परिवर्तन हुँदा नवीकरण गर्दै आए तापनि पछिल्लो समयमा यसको क्षेत्राधिकार घटाउँदै लगेर सुबाङ्गी र किपट व्यवस्थामा सीमित गर्दै वि.सं.२०२१ सालमा भूमिसुधारको कानून ल्याएर किपट प्रथालाई उन्मूलन गरेको देखिन्छ।

कानूनी हिसाबले सन्धि (Treaty) लाई ऐनले खारेज गर्न मिल्दैन। किनकी सन्धिको हैसियत ऐनभन्दा उच्च हुन्छ। पक्षहरूको सहमतिमा मात्र सन्धि परिवर्तन वा नयाँ सन्धि गर्न सकिन्छ। त्यसरी हेर्दा भूमिसम्बन्धी ऐनले वि.स.१८३१ को सन्धिलाई वैधानिक रूपमा खारेज गर्नै सक्दैन। अर्को गम्भीर पक्ष भनेको वि.सं.१८३१को सन्धिबाट लिम्बुवान नेपालमा मिलाइएको र उक्त सन्धिले नै वैधानिक रूपमा लिम्बूवानलाई नेपालमा अड्याई राखेको अवस्था हो। यदि उक्त सन्धि नरहने हो भने लिम्बूवानको अस्तित्व वि.सं.१८३१ भन्दा पहिलाको स्वतन्त्र अवस्थामा रहने हुँदा सम्बन्धित पक्षले विचार गर्नुपर्दछ। यसबाट प्रथा तथा प्रथाजनित कानूनको सम्बन्ध स्वायत्तता, स्वशासन हुँदै आत्मनिर्णयको अधिकारसम्म जोडिएको देखिन्छ।

आदिवासी जनजातिका प्रथा तथा प्रथाजनित कानूनलाई अभ्यास गर्न पाउने गरी संस्थागत गर्ने गरिएको छ। खासगरी स्वशासन र स्वायत्तताका अधिकार अभ्यास गर्न पाउने सन्दर्भमा यस्ता व्यवस्था गरिएका हुन्। लिम्बूहरूसँगको सन्धिको उदाहरणले पनि त्यहीं जनाउँदछ। आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यसपछि घोषणापत्र) को धारा (१०) मा आदिवासीहरूलाई आफ्नै प्रथा परम्पराको आधारमा भिन्न पहिचानसाथ रहन पाउने अधिकार हुन्छ र त्यसको आधारमा

[10] http://limbu-wan.blogspot.com/2008/05/blog-post_09.html (visited on 26 January 2015)

आदिवासीहरूलाई कुनै पनि विभेद गर्न नमिल्ने कुरा राज्यले सुनिश्चित गराउने दायित्व तोकेको छ । त्यस्तै घोषणापत्रको धारा (११) मा आदिवासीहरूलाई अफ्ना प्रथा, परम्परा र कानून अभ्यास गर्ने वा पुनर्जीवित गर्ने अधिकार प्रत्याभूत गरिएको छ, जसअनुसार विगत, वर्तमानका प्रथा/संस्कृतिलाई कायम राख्ने विकास र संरक्षण गर्ने तथा भविष्यमा त्यसलाई निरन्तरता दिने अधिकार पर्दछन् । प्रथा/संस्कृतिका विषयवस्तुहरूमा पुरातात्विक र ऐतिहासिक क्षेत्रहरू, कला, नमूना, उत्सव, प्रविधि, दृश्य, आर्ट र साहित्यहरू पर्दछन् ।[11] प्रथा र यससँग सम्बन्धित संस्था, कानून र व्यवहार आदिवासीहरूलाई स्वतन्त्रतापूर्वक रहन अत्यन्त महत्वपूर्ण छ । उपनिवेश, धर्म परिवर्तन, बसाइँसराई, राज्यको विभेदपूर्ण कार्य आदिका कारण आदिवासीको प्रथा परम्परा लोप भएको मात्र होइन, त्यसको परिणाम स्वरूप आदिवासीहरू अर्काको अधिनस्थ बन्दै गएको कारणले पनि पुनर्जीवित गर्न पाउने अधिकारलाई मानव अधिकारको रूपमा राखिएको हो ।

## नेपाली कानूनमा प्रथा तथा प्रथाजनित कानूनको स्थान

नेपालमा न्याय प्रणाली  हिन्दु धर्मशास्त्र र प्रथामा आधारित रहेको छ ।[12] पहिलो संहिताबद्ध मुलुकी ऐनले हिन्दुवर्णवादी जात प्रणालीलाई संस्थागत गऱ्यो । ब्राह्मण जात, तागाधारी, मतवाली, मासिने मतवाली, अशुद्ध जातजस्ता हिन्दु प्रथामा आधारित कानूनले समान अपराधमा बाहुनलाई सजायँ मुक्ति वा कम सजायँ, क्षेत्रीलाई बाहुनभन्दा बढी र अरू जातिलाई कठोर दण्ड गर्ने, आदिवासी जनजातिलाई दास बनाउन मिल्ने र नमिल्ने प्रावधान उक्त कानूनमा रहेको थियो । परिमार्जित रूपमा २०२० सालमा लागू गरेको मुलुकी ऐनमा जातीय छुवाछुत गर्न नमिल्ने व्यवस्था त गऱ्यो, तर हालसम्म पनि गाईगोरु मार्ने कार्य अपराधको रूपमा वर्गीकरण गरी १२ वर्षसम्मको सजायँ हुने कठोर कानूनी व्यवस्था गरेको छ । कतिपय आदिवासी जनजातिको साँस्कृतिक

---

[11]Article 11(1) of UNDRIP

[12] रेवती रमण खनाल (२०५९) नेपालको कानूनी इतिहासको रूपरेखा, काठमाडौंः एपोलो अफसेट प्रेस, पृ. १६ ।

क्रियाकलापमा गाईगोरुको मासु चाहिन्छ र उनीहरूले आहराका रूपमा प्रयोग गर्दछन् । त्यसलाई आपराधिकरण गरेको छ । वि.सं. १९१० को मुलुकी ऐनमा आदिवासी जनजातिहरूको व्यक्तिगत तथा पारिवारिक र नेवारहरूका विषयमा छुट्टै व्यवस्था गरेको थियो । नेवार जातिको सामाजिक संस्कारको सन्दर्भमा छुट्टै इस्तिहार जारी भएको थियो । यसबाट विगतमा जे जस्ता हिसावबाट भए पनि प्रथा तथा प्रथाजनित व्यवहारहरूलाई कानूनी मान्यता दिइएको देखिन्छ ।

हाल प्रचलित मुलुकी ऐनमा बिहावारी, मृत्यु संस्कार सम्बन्धमा सीमित रूपमा भए पनि सम्बन्धित जातिहरूका प्रथाजनित कुरालाई मान्यता दिएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले धर्म निरपेक्षताको घोषणा गरेर संवैधानिक रूपमा नै धर्मलाई व्यक्तिगत बनाएको छ भने धार्मिक उपनिवेशवादको अन्त्य गरेको छ । बहुसाँस्कृतिक राज्यको[13] पहिचानले फरक प्रथा तथा प्रथाजनित कानूनहरूको अस्तित्वलाई स्वीकार गरिएको छ । संस्कृतिलाई अभ्यास तथा विकास गर्ने स्वायत्त अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको छ ।

नेपालले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९लाई अनुमोदन गरेर आदिवासीहरूको प्रथा तथा प्रथाजनित कानूनको अभ्यास गर्ने अधिकारलाई वैधानिक रूपमा सुनिश्चित गर्ने प्रतिवद्धता जाहेर गरेको छ । तर यस्ता प्रथाजनित कानूनहरू संविधानका मौलिक हक र अन्तर्राष्ट्रिय कानूनको मूल्यमान्यतासँग मेलखाने हुनुपर्ने महासन्धिको धारा (८) मा व्यवस्था गरिएको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा (९) अनुसार यो व्यवस्था नेपाल कानूनसरह हो र नेपाल कानूनका कुनै पनि व्यवस्था यस प्रावधानसँग बाझिएमा महासन्धिको व्यवस्था नै लागू हुन्छ ।

**प्रथाजनित संस्था**

प्रथाहरूसँग जोडिएका विषयहरूलाई संचालन गर्न सृजना गरिएका संस्थाहरू एकै प्रकारका पाइन्नन् । त्यस्ता संस्थाहरू समुदायका प्रत्येक सदस्यहरूको सहभागितामा

---

[13] धारा ३ नेपालको अन्तरिम संविधान, २०६३

चयन हुनेदेखि लिएर, वंशाणुगत रूपमा संचालन भई आउने प्रकारकासम्म देखिन्छ। माझीहरूको मझेसाबाको चयनमा समुदायका हरेक तह र तप्काका सदस्य संलग्न भई जिम्मेवार तहमा सक्षमलाई चयन गरिन्छ। यसरी हेर्दा एनजीओ वा राजनीतिक पार्टीमा जस्तो नेतृत्व गर्न चाहनेले इच्छापत्र पेश गर्नेभन्दा पनि कुन व्यक्तिमा समाजलाई नेतृत्व गर्न सक्ने क्षमता छ, उसलाई उम्मेद्वारको रूपमा चयन गर्ने र सबैबाट अनुमोदित गराउने लोकतान्त्रिक विधि रहेको देखिन्छ। प्रथाजनित संस्था र समुदाय वास्तवमा नङ र मासुजतिकै प्रणालीबद्ध रहेको देखिन्छ।

जस्तैः थारु समुदायमा 'बडघर' परम्परागत संस्था अति शक्तिशाली रहेको पाइन्छ। किनभने नेतृत्व चयनका समयमा समुदायका मानिस हामी मान्न तयार छौं र सहकार्य गर्न पनि तत्पर छौं भन्ने खालका प्रतिबद्धतासहित चुनेकाले त्यहीं मान्यताका आधारमा संचालन हुनेगर्दछ। यदि कसैले समाजको नियमभन्दा बाहिर गएर कार्य गर्दछ भने समाजले त्यसलाई बहिष्कार गर्ने र गल्ती गर्नेलाई जरीवानासमेत गर्न पछि नहट्ने भएकाले पनि शक्तिवान रहेको पाइन्छ।

प्रथागत संस्थाहरूको मुख्य काम भनेको समाज संचालनका लागि निर्माण गरिएका प्रथाजनित नियमलाई प्रशासित गर्दछ। आदिवासीको दैनिकीदेखि सामाजिक जीवनसँग जोडिएको त्यस्तो संस्था हो, जुन प्रकृतिले नै स्वतन्त्र, स्वायत्त र स्वशासित हुन्छ। आत्मनिर्णयको अधिकार प्रतिष्ठा (Dignity) का साथ आफ्ना विषयमा निर्णय गर्न थारू समुदायले सक्छ।

प्रथाजनित संस्थाले समुदायमा राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, न्यायिक र विकास निर्माणलगायतका सम्पूर्ण काम हेर्ने गर्दछ। प्रथाजनित संस्थामार्फत समुदायले कानून निर्माण गर्दछ। त्यो कानून लिखित वा अलिखित हुन सक्छ। यस हिसाबले प्रथाजनित संस्थामार्फत बनाइने कानूनको हैसियत के हो त ? हार्वड विश्व विद्यालयमा अन्तर्राष्ट्रिय राजनीतिक अर्थशास्त्रका प्राध्यापक जोसेफ काल्टले संविधानको परिभाषा अनुसार "संविधान भन्नाले समाजले निर्माण तथा लागू गर्ने सामुहिक नियम र निर्णय जसअन्तर्गत कानून निर्माण र

निर्णय गर्ने शक्ति तथा अख्तियारीको वैधानिक बाँडफाँट पर्दछन् ।[14] यस परिभाषालाई आधार मान्ने हो भने प्रथाजनित संस्थामार्फत् समुदायले सामुहिक निर्णयमा बनाइने कानूनहरू आफैंमा समुदायको संविधान हो । यी विषयको गहनतालाई अन्तर्राष्ट्रिय मानवअधिकारका कानूनले आदिवासीहरूलाई आफ्ना परम्परागत संस्थालाई कायम, विकास र प्रबर्द्धन गर्ने अधिकार हुनेछ ।[15]

**प्रथाजनित न्याय प्रशासनमा सजायँ**

प्रथासँग जोडिएर आउने अर्को महत्वपूर्ण विषय भनेको न्याय प्रशासन हो । प्रथाजनित न्याय प्रशासनमा पनि विविधता देखिन्छ । समाजमा दोषीलाई पुनर्स्थापना गर्ने, विवादहरू मेलमिलापमा सुल्झाउनेदेखि समुदाय निष्काशनजस्ता गम्भीर प्रकारका सजायँ पनि दिने व्यवस्था प्रचलित रहेको देखिन्छ । उदाहरणका लागि माझीहरूको मझेसाबाको निर्णयमा साधारण जरीवाना तिर्दा/तिराउँदा बढीमा एकगाग्रो जाँड, एउटा भाले, त्यसलाई चाहिने तेल, मसला राखेर गल्ती गर्नेले घुँडा टेकेर, हातजोडेर मैले जानिन भनेर माफी मागे माफी दिन्थे । सजायँ गर्दा माफी मगाउनेदेखि डाँडा कटाउनेसम्मको निर्णय गर्दथे ।

नेवारहरूको प्रथाजनित न्याय प्रशासन पञ्चायतले गर्दछ, जसमा पाँचजनाको एक समूह हुन्छ, जसमा प्रमाण मुख्य व्यक्ति हुन्छ । यसले दोषीपक्ष केलाई दण्ड, जरीवाना, सम्झाइबुझाई मिलापत्र गरिदिने काम गर्दछन् । पञ्चायतको आदेश नमान्नेलाई सामाजिक बहिष्कारसमेत गर्न सक्दछ ।

अहिले पनि न्यायिक पहुँचको ठूलो खाडल भर्ने काम प्रथाजनित न्याय प्रशासनले गरिआएको छ । अन्तर्राष्ट्रिय कानूनसापेक्ष आदिवासीका प्रथाजनित न्याय प्रशासन कायम रहे विकास, संरक्षण र प्रबर्द्धन गर्ने अधिकार आदिवासीको रहन्छ ।[16]

---

[14] Joseph P. Kalt (2007) "The Role of Constitutions in Native Nation Building," Rebuilding Native Nations: Strategies for Governance and Development. University of Arizona Press, P. 187

[15] Article 34 UNDRIP, 2007

[16] Ibid.

## प्रथा, प्रचलन र महिला अधिकार

महिलाको अधिकारको सन्दर्भमा प्रथा तथा परम्परालाई महिलाविरुद्ध हुने सबैखाले विभेद उन्मूलन गर्ने महासन्धिले प्रथा तथा परम्परामा महिला कमजोर र पुरुष उच्च भन्ने पूर्वाग्राही प्रचलन रहेको हुन्छ । त्यस्ता प्रचलनलाई उन्मूलन गर्ने पक्षराष्ट्रहरूको दायित्व महासन्धिले तोकिदिएको छ ।[17] महासन्धिले सबै प्रथा तथा परम्परालाई एकै नजरले खराब हुन्छ भनी हेरेको भने होइन । राम्रा प्रथा तथा प्रथाजनित कानूनहरू पनि छन् । तिनीहरूलाई संरक्षण गर्ने राज्यको दायित्व हुन्छ । सबै प्रकारको जातीय विभेद उन्मूलन गर्ने महासन्धिको सिफारिशमा "आदिवासीहरूको पृथक संस्कृति, इतिहास, भाषा र जीवनपद्धतिले राज्यको साँस्कृतिक पहिचानलाई धनी बनाउँदछ । त्यसैले राज्यले यी विषयलाई मान्यता दिने, सम्मान गर्ने र संरक्षणलाई प्रबर्द्धन गर्नुपर्दछ ।"[18]

प्रथामा आधारित संस्था, कानून र प्रक्रिया समुदायसापेक्ष हुने कारणले गर्दा एकैनासको हुँदैन । आदिवासी समाज मातृसत्तात्मक भएको हुनाले महिलाका अधिकारहरू आधारभूत रूपमा पुरुषभन्दा सशक्त हुन्छ । भाषाविद् अमृत योन्जन तामाङ समाजमा महिलाको व्यक्तित्व (personality) को विषयमा लेख्नुहुन्छ "हिन्दु नारीले त्वमशरणम् भएर लोग्नेको थर स्थापित गर्नुपर्ने साँस्कृतिक हिन्दु परम्परा देखिन्छ । हिन्दु समाजमा झैं तामाङ समुदायमा छोरीचेलीको थर परिवर्तन हुँदैन । उनी जुन थरकूलमा जन्मेकी हुन्छे, उसै थरमा जिन्दगीभर रहन्छे । ङिन्छेन आमाला स्या, म्हाला स्यारी प्रात्ची । रुईबाला चरि (रुईसाङ) मयुङला छ्यारिन मुलाँ अर्थात् बाबुको रगत, आमाको मासु कुटुम्बलाई सुम्पियौं, तर चेलीको अस्थि (हाड) माइतीको अधीनमा नै छ । तामाङ समुदायमा अस्थिलाई थरको रूपमा लिइन्छ ।"[19] यसबाट तामाङ प्रथामा महिलाको अस्तित्व वंशजको रूपमा स्वतन्त्र रहेको देखिन्छ, जुन आफैँमा विशिष्ट रहेको छ ।

---

17 Article 5 of the Convention on the Elimination of All Forms of Discrimination Against Women, 1989

18 (a) of the General Recommendation XXIII (1997) of the International Convention of the Elimination of All forms of Racial Discrimination, 1965

19 http://www.janajati.net (Visited on 28 January 2015)

कानूनमा अधिकार उपभोग गर्नलाई व्यक्ति (Person) हुन आवश्यक हुन्छ। विगतमा महिलाको व्यक्तित्वलाई अस्वीकार गरेकै कारण सम्पत्तिको अधिकार नरहने, नागरिक अधिकारबाट बञ्चित गरिने चलन मूलधारका कानून र समाजमा थियो । तर ठीक त्यसको विपरित आदिवासी प्रथा र परम्परा रहेको यस उदाहरणले देखाउँछ ।

महिलालाई सुरक्षित रहन पाउने गरी आदिवासीहरूको प्रथामा रहेको कुरा नेवारहरूको विवाह संस्कारलाई हेर्दा देखिन्छ। नेवारहरूको प्रथामा विवाह भएको दिनदेखि चार दिनसम्म नयाँ दुलाहा र दुलाही एकै कोठामा बस्न दिइन्न। केटाको आचारण र उसको घरको अध्ययन गर्न केटीलाई छुट्टै कोठामा चार दिनसम्म राखिन्छ। उक्त दिनसम्म नवविवाहित दुलहीबाट कुनै गुनासो नआएमा विवाहको चौथो दिनमा मात्र दुलाहाकासाथ बस्न अनुमति दिइन्छ। चार दिनभित्र नवदुलही विवाहित घरमा बस्न नरुचाएमा स्वेच्छाले आफ्नो घरमा फर्कन सक्ने परम्परा पनि रहेको छ।

यदि लोग्नेको मुत्यु भएमा र स्वास्नीको कुनै बच्चा जन्मी नसकेको अवस्था छ भने महिलाले पारपाचुके गरी छोड्न चाहेमा छोड्न सक्छिन्। यसमा पनि समाजको स्वीकार्य हुन्छ, तर मृतकको लाश दाहसंस्कार हुनुअगाडि पारपाचुके गरिसक्नुपर्दछ। यसबेला बिहेको बेला लोग्नेले दिएको सुपारी लाशमाथि राखिदिएमा उनी पारपाचुके गर्दैछिन् भनी समाजले स्वतः थाहा पाउँदछ र यसले मान्यता पनि पाउँछ। यसबाट हेर्दा महिलाहरूलाई स्वतन्त्र निर्णय गर्न हाल महिला आन्दोलनले माग गरेको आत्मनिर्णयको अधिकार पाउने अधिकार प्रथाजनित कानूनले दिइसकेको देखिन्छ।

यी कुराहरूका बावजूद कतिपय प्रथाजनित संस्थाहरूमा महिलाको प्रत्यक्ष भूमिका वा प्रतिनिधित्व नरहनु प्रथाजनित संस्थाको कमजोरी हो। उदाहरणको लागि धिमालहरूको परम्परागत संस्था माझिवाराङमा पुरुषहरू मात्र यस समितिमा प्रत्यक्ष देखिन्छन्, तर सहयोग गर्ने महिलाहरू अप्रत्यक्ष रूपमा मात्र देखा पर्दछन्। अन्य समुदाय जस्तै आदिवासी समुदायमा महिला विरुद्ध हुने हिंसा जटील रूपमा रहेको देखिन्छ, यद्यपि फिलिपिन्सको वन्तोक आदिवासी समुदायको परम्परागत मान्यतामा पुरुषले महिलालाई दुःख दिने काम गरेमा उसलाई समाजले घृणाको

नजरले हेर्ने भएकोले महिलाहरू सुरक्षित रहेका थिए ।[20] नेपालको सन्दर्भमा ओरेक भन्ने संस्थाले सन् २०११ मा प्रकाशन गरेको प्रतिवेदनमा पहाडमा २३ प्रतिशत महिलाले हिंसाको शिकार भएको र १६४ मध्ये ७५ जना (४६ प्रतिशत) महिलाले समुदायमा शारीरिक र मानसिक हिंसा भोगेको देखाएको छ ।[21]

आदिवासी प्रथापरम्परामा महिलाको स्थान राम्रो हुँदाहुँदै किन यस्तो भयो भन्ने कारक तत्व एउटा राम्रो अध्ययनको विषय बन्न सक्छ । यसको विभिन्न कारणमध्ये मातृसत्तात्मक समाजलाई पितृसत्तात्मकताले विस्थपित गर्न पनि एक हो भन्न सकिन्छ ।[22]

### चुनौतिहरू

प्रथा तथा प्रथाजनित कानून र संस्थाका आन्तरिक र बाह्य दुई प्रकारका चुनौतिहरू रहेका छन् । प्रथाजनित कानूनका विषयमा धेरै बौद्धिक अनुसन्धान तथा अध्ययन भएका छैनन्, जसका कारण प्रथाजनित कानूनप्रतिको बुझाईमा नकारात्मकता रहेका देखिन्छ । प्रथाजनित मूल्यमान्यतालाई नहेरी केही खराब प्रचलनलाई दृष्टान्त दिँदै प्रथाजनित कानूनलाई मान्यता दिनुहुँदैन भन्ने तर्क गर्ने गरिन्छ, जसले सत्य कुरालाई छोपेर राखेको छ भने प्रथाजनित कानूनको मान्यतामा अवरोध सृजना गरिरहेको छ ।

बाह्य चुनौतिमा, उपनिवेशीकरण, साँस्कृतिक विलोपीकरण, हिन्दु धर्म तथा बाह्य धर्म संस्कार लादिने र अपनाउने कार्यले प्रथाजनित कानून कमजोर र हराउँदै जाने अवस्थामा रहेको देखिन्छ । विश्वव्यापीकरण, बाह्य बसाईसराईले पनि चुनौति थप गरिरहेको छ । एकातिर नेपालको राज्य व्यवस्था, न्याय प्रणाली केन्द्रिकृत र एकात्मक रही न्यायिक बहुलतामा आधारित नभएको कारण आदिवासीको

[20] Asia Indigenous peoples Pact (AIPP) Foundation (2012) Violence, Customary Law and Indigenous Women's in Asia (Briefing Paper), P.10.

[21] Ibid, p.10.

[22] Ibid, P. 7.

प्रथा तथा प्रथाजनित न्यायप्रणाली हराउँदै गएको छ। न्यायप्रणाली कमन ल, सिभिल ल र हिन्दु धर्मशास्त्रको वर्णशंकर रूपको रहेको अवस्थामा आदिवासीको न्यायप्रणालीको अस्तित्वलाई प्रष्टसँग स्वीकार गरिएको छैन ।

प्रष्टसँग प्रथाजनित कानूनलाई व्यवस्थित गर्ने कानून पनि नबनेको अवस्थाले अदिवासीहरूको प्रथाजनित कानून र संस्थाको निरन्तरता, विकास र प्रबर्द्धन हुन सक्ने अवस्था छैन । अर्कोतर्फ हिन्दु धार्मिक संस्था जस्तै पशुपतिको विकासका लागि कानून बनाएर संरक्षण गरिएको छ। त्यहीं अनुपातमा आदिवासीहरूको प्रथाजनित संस्थाहरूलाई राज्यले समान व्यवहार गरेको छैन । यद्यपि महासन्धि नं १६९को अनुमोदन र आदिवासी अधिकारसम्बन्धी घोषणापत्रलाई समर्थन गरेपछि भने आदिवासीको प्रथा तथा प्रथाजनित कानूनलाई कानूनतः राज्यले मान्यता दिएको छ। तर यस कानून तथा नीतिहरू संस्थागत नगरिएको कारण यी प्रथाजनित विषयहरूको हाल विकास तथा प्रबर्द्धनमा राज्यले कुनै काम गरेको अवस्था छैन ।

हिन्दुकरणको चपेटाले ग्रस्त बनाइएका आदिवासीका प्रथाजन्य विषयहरू पछिल्लो समयमा क्रिश्चियन धर्मको विस्तारले झनै गम्भीर अवस्थामा पुग्ने देखिन्छ। प्रथाजन्य संस्था, कानून र न्यायप्रणालीले आदिवासीको भूमिमा दरोसँग अस्तित्व कायम गर्दै बाहिरि हस्तक्षेप चाहे त्यो राजनीतिक होस् वा धार्मिक वा साँस्कृतिक प्रकृतिका, तिनीहरूको नकारात्मक प्रभावबाट आदिवासीलाई रोक्दछ। तसर्थ, प्रथाजन्य विषय आदिवासीको राष्ट्रियता (Indigenous nationalism) सँग जोडिएको विषय हो। त्यसैले आदिवासीलाई आधिपत्य जनाउन अगाडि  प्रथाजन्य विषय (संस्कृति, कानून, संस्था आदि)लाई उपनिवेशवादीहरूले बाह्य धर्म, राजनीति, संस्थाहरूमार्फत आक्रमण गरी समाप्त पार्छन्, पहिचान मेटाउँछन् र अन्ततः आदिवासी जनजातिलाई अधिनस्थ बनाउने काम फत्ते गर्दछन्। हाम्रो सन्दर्भमा पनि यहीं कुरा लागू भइरहेको छ।

प्रथा तथा प्रथाजनित कानून र संस्थाका आन्तरिक चुनौतिमा सम्बन्धित समुदायका युवा समुदायहरू यसप्रति चासो कम राख्नु पनि हो। उदाहरणको निम्ति नेवार

समुदायमा गुठीको संरचना जे-जस्तो भएपनि गुठी सञ्चालक समूहमा युवाहरूको आकर्षण नभएको देखिन थालेको छ । पुराना पुस्ताका गुठीयार अर्थात् सदस्यहरू घट्दो अवस्थामा रहेका छन् । त्यसको रिक्तता पूर्ति गर्न गाऱ्हो हुँदैआएको छ । यसबाट गुठीमा योग्य जनशक्तिको कमी हुन थालेको छ । त्यस्तै गुठी क्षेत्रमा विभिन्न संस्था, क्लब, संरक्षण समिति बनाई अतिक्रमण गर्न थालिएको छ । उनीहरू कुनै राजनैतिक पार्टीसंग सम्बन्ध राख्ने भएकाले गुठीयारहरू उनीसँग प्रतिकार गर्नसमेत असमर्थ रहन थालेका छन् । आर्थिक स्रोतको रूपमा रहेको गुठीको जग्गा गुठी संस्थानले आफ्नो जिम्मामा लिइदिँदा गुठी सञ्चालनमा नकारात्मक प्रभाव पनि पर्न थालेको छ ।

प्रथाजन्य विषयहरूलाई समयसापेक्ष पार्दै लानुपर्ने देखिन्छ भने मानवअधिकार तथा महिलामैत्री बनाउन पनि त्यतिकै जरुरी छ । त्यसको अभावमा प्रथाजन्य विषयलाई निरन्तरताको औचित्य पुष्टि गर्न निकै कठीन हुन्छ ।

प्रथाजन्य कानूनको विषयमा सकारात्मक खोज र अनुसन्धान गर्ने संघसंस्था तथा साधनस्रोतको सर्वथा अभाव छ । प्रथाजनित संस्था तथा पदाधिकारिहरूलाई निरन्तर अभिमुखीकरण गर्न र उनीहरूको प्रथाजनित अख्तियारी प्रभावकारी तथा समुदायमैत्री ढंगले संचालन गराउने क्षमता अभिवृद्धिको कुनै कार्यक्रम तथा योजनाहरू सरकारी वा गैरसरकारी संस्थाबाट अपवाद बाहेक भएको पाइन्न ।

**प्रथा, प्रथाजनित संस्था र कानूनको सबलपक्ष**

विभिन्न चुनौतिका बावजूद, प्रथा तथा प्रथाजनित कानून र संस्था आज पनि धेरै आदिवासी समुदायमा सशक्त प्रचलनमा रहेको देखिन्छ । जुन समूदायमा प्रथाजनित विषय विद्यमान छ, त्यस समुदाय आफ्ना विषयमा स्वतन्त्र रूपमा निर्णय गर्न सार्वभौम छ । उनीहरूको समुदाय तथा भूमिमा बाह्य हस्तक्षेप पनि कम रहेको देखिन्छ । मुद्दामामिला लिएर राज्यको अड्डाअदालतमा जाँदा पाउने हैरानी, ढिलासुस्ती, भ्रष्टाचार, समुदायको कुरा नबुझ्ने जस्ता विकृतिबाट मूक्त देखिन्छ ती समुदाय । थकाली, थारु, धिमाल आदि यसका उदाहरण हुन् ।

प्रथाजनित कानून, संस्था र न्याय व्यवस्था सम्बन्धित समुदायले स्वतन्त्रतापूर्वक निर्माण गर्ने हुनाले छिटो र समुदायसापेक्ष हुन्छ । राज्यको एउटा कानून परिवर्तन गर्न वर्षौं लाग्छ । तर प्रथाजनित कानून समुदायले चाहेको बेलामा तुरुन्त परिवर्तन गर्न सकिन्छ । तसर्थ यो धेरै न्यायिक र वैज्ञानिक छ ।

समुदायको पुर्ख्यौली थलो वा भूमिको दावी गर्नको निमित्त प्रथाजन्य विषय अत्यन्त महत्वपूर्ण हुन्छ । विश्व बैंको आदिवासी सम्बन्धी सुरक्षात्मक नीति ४.१० ले विश्व बैंकले लगानी गर्ने परियोजनाले यदि आदिवासीको प्रथाजन्य सम्बन्ध रहेको भूमि वा प्राकृतिक स्रोतलाई प्रभावित गर्ने रहेछ भने आदिवासीको अधिकारलाई सुरक्षित गर्नुपर्ने कुरा उल्लेख गरेको छ । अन्य विकासे संस्था, एशियाली विकास बैंक, युएनडीपीलगायतको पनि यस्तै नीति रहेको छ । यसबाट प्रथा र प्रथाजनित कानून कति महत्वपूर्ण छ, सहजै अनुमान गर्न सकिन्छ ।

**निष्कर्ष**

नयाँ संविधान बनाएर राज्य पुनर्संरचना गर्ने सन्दर्भ चलिरहेको छ । आदिवासीहरूले आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकार उपभोग गर्न पाउनुपर्ने माग अगाडि सारेको देखिन्छ । न्याय प्रणालीलाई पुनर्संरचना गर्नैपर्ने अवस्था विद्यमान छ । यी सन्दर्भमा खासगरी स्वशासन र न्यायप्रणालीको पुनर्संरचनाको लागि आदिवासी जनजातिको प्रथाजनित संस्था, कानून र प्रणालीको मान्यताको जरुरी छ । त्यसको निम्ति सम्बन्धित समुदायले प्रथाजनित संस्था, कानून र प्रणालीलाई समयसापेक्ष रूपमा दरिलो बनाउन उतिकै जरुरी छ । यसो गर्न सकिएमा आदिवासीहरूले व्यवहारमै पहिचान र अधिकार पाउने अवस्था रहन्छ भने शासनसत्तामा रहेका जातिहरूको निगाह र नियन्त्रणमा बाँच्ने दिनको अन्त्य भई अन्य नागरिक सरह सम्मानित र बराबर हक र हैसियत कायम रहने छ ।

(द्रष्टव्यः *यस भागमा लेखिएका कतिपय आदिवासीका प्रथा परम्पराका उदाहरण यसै पुस्तकमा विभिन्न लेखकहरूको लेखबाट लिइएका हुन्*)

**सन्दर्भ सामग्रीहरू**

खनाल, रेवतीरमण (२०५९) *नेपालको कानूनी इतिहासको रूपरेखा*, काठमाडौं: एपोलो अफसेट प्रेस ।

नेपालको अन्तरिम संविधान, २०६३

Asia Indigenous peoples Pact (AIPP) Foundation (2012) Violence, *Customary Law and Indigenous Women's in Asia (Briefing Paper) Thailand:* Asia Indigenous peoples Pact Foundation.

Bekker, J.C. (1989) *Seymour's Customary Law in Southern Africa (5th edition), Cape Town: Juta & Co. Ltd.*

Cobo, J.M., (1986) *Study of the Problem of Discrimination Against Indigenous Populations*, United Nations NE/CN.4/Sub.2/ 1986/7/Add.4.

*Convention on the Elimination of All Forms of Discrimination Against Women, 1989*

*General Recommendation XXIII (1997) of the International Convention of the Elimination of All forms of Racial Discrimination, 1965*

*Indigenous and Tribal Convention (ILO Convention No. 169)*

*International Covenant on Civil and Political Rights, 1966*

*International Covenant on Economic Social and Cultural Rights, 1966*

*Kalt, Joseph P. (2007) The Role of Constitutions in Native Nation Building," Rebuilding Native Nations: Strategies for Governance and Development*. University of Arizona Press.

Mayen G, quoted in Anup S 2010 Rights of Indigneous People at www.globalizssues.org/article/693

Office of the Hight Comminsnor for Human Rights (OHCHR) (2004) *The Rights of Indigenous Peoples*: Fact Sheet No.9 (Rev.1), Geneva: OHCHR

Roy, Raja Devashis (2005) *Traditional Customary Law and Indigenous Peoples in Asia*, Minority Groups Report.

*Statute of the International Court of Justice*

*United Nations Declaration on the Right of Indigneous Peoples (UNDRIP)*

Kimlicka, Will (2001) *Politics in the Vernacular Nationalism and Citizenship*, NY: Oxford University Press, P. 120-132

http://limbu-wan.blogspot.com/2008/05/blog-post_09.html (visited on 26 January 2015)

http://www.janajati.net (visited on 28 January 2015)

# गुठी

## नेवार समुदायको परम्परागत संस्था र प्रथाजनित कानूनहरू

– एकराम सिंह

### १. परिचय

### १.१ पृष्ठभूमि

नेपाललाई भौगालिक आधारमा तीन क्षेत्रमा विभाजन गरिएको छ। ती विभाजनमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश। भौगालिक विविधताले गर्दा यहाँका बासिन्दाहरूको रहनसहन, भेषभूषा, भाषा संस्कृति, चालचलनमा पनि भिन्नता तथा मौलिकता रहेकोछ। उत्तरी क्षेत्रको उच्च हिमाली भेगमा शेर्पाहरूको बसोवास रहेको छ भने पहाडी क्षेत्रमा लिम्बू, राई, मगर, नेवार, गुरुङ, चेपाङ, तामाङ जस्ता आदिवासी जनजातिहरूको बसोवास रहेको छ। तराई क्षेत्रमा थारु, मधेशी, धिमाल, दनुवार, सतार, राजवंशी जस्ता आदिवासी जनजातिहरूको बसोवास रहिआएकोछ। साथै बाहुन, ठकुरी, क्षेत्री, कामी, दमाई, सार्कीजस्ता जातहरूको पहाड तथा तराईमा समेत बसोवास रहेको पाइन्छ। नेवारहरूको मूलथलो काठमाडौं उपत्यका रहेकोछ।

### १.२ काठमाडौं उपत्यकाको प्राकृतिक स्थिति

करीब ७६४ वर्ग किलोमिटर क्षेत्रफल भएको काठमाडौं उपत्यकाको पूर्व-पश्चिम लम्बाई २५ कि.मि. र उच्चतम चौडाई १९ कि.मि. छ। उपत्यका मध्येपहाडी क्षेत्रमा पर्दछ, त्यसैले यसको चारैतर्फ पहाड र डाँडाले घेरेको छ। यी पहाडहरूको सालाखाला उचाई २,१३३ मिटर छ। फूलचोकी र शिवपुरी यहाँका उच्चतम टाकुराहरू हुन्। यिनीहरूको उचाई क्रमशः ३,१३३ र २,६८९ मिटर छन्।

उपत्यकालाई घेरेर रहेका पहाडी शृंखलाहरूमा चन्द्रागिरी, भीमढुंगा, पाँचमाने, साङ्ला, र साँगा जस्ता भञ्ज्याङ छन् ।

काठमाडौं उपत्यकाको सालाखाला उचाई १,३४० मिटर छ । उपत्यकाको उच्च भागलाई टार र होचो भागलाई डोल भनिन्छ । यहाँको बीच-बीचमा डाँडाहरू शृंखलाबद्ध भएर पूर्व-पश्चिम दिशामा फैलिएका छन् । यी डाँडाहरूले उपत्यकाको भू-भागलाई तीनखण्डमा विभाजित गरेका छन् । १) गोकर्ण शृंखलाको उत्तरतर्फको भाग, २) गोकर्ण शृंखला र कीर्तिपुर चोभार शृंखलाबीचमा अवस्थित भाग र ३) कीर्तिपुर-चोभार शृंखलाको दक्षिणतर्फ रहेको भाग । बागमती काठमाडौं उपत्यकाको मुख्य नदी हो । विष्णुमती, मनहरा, धोबीखोला, हनुमन्ते र नखु खोलाहरू सहायक नदी हुन् । यी नदीहरू दक्षिण-पश्चिमतर्फ बगी चोभार गल्छी भएर बाहिर बग्दछन् ।

नेपालका अन्य भागहरूमा जस्तै यहाँ पनि मनसूनी हावापानी छ । अधिकांश वर्षा ग्रीष्मऋतुमा दक्षिण-पश्चिम मनसूनबाट हुन्छ । हिउँदमा पनि पश्चिमी आँधीबाट केही वर्षा हुन्छ ।

उपत्यकाको तापक्रमको अवस्था उचाई अनुसार फरक हुन गएकोछ । १,२८८ मिटरको उचाईमा रहेको काठमाडौंमा गृष्मकालीन मध्यम ताप २४ डी.से. र हिउँदे मध्यम ताप ७ डी.से. हुन्छ । शीतकालीन दैनिक तापान्तर १७.५ डी.से. छ ।

काठमाडौं उपत्यकाको जंगल प्रायःनष्ट भइसकेको छ । आसपासको उच्च पहाडी भागतिर सीमित मात्रामा जंगलक्षेत्र बाँकी रहेको छ । साधारणतया काठमाडौं उपत्यकाको माटो उर्वर छ र स्थानीय माटो ऐतिहासिककालदेखि कृषिको लागि व्यापक रूपले परिचालन हुँदैआएकोछ ।

## १.३ आदिवासी नेवार

'नेवार' नेपालको लागि सुपरिचित जाति हो । यिनीहरू कला, कृषि, उद्योग व्यापार, राजनीतिक क्षेत्रमा अग्रसर रहेका छन् । गोरखाका राजा पृथ्वीनारायण

शाहले नेपाल उपत्यका कब्जा गर्नु अघिसम्म नेपालका नागरिक नेवारहरू नै थिए। नेवारहरूले नेपाललाई बोलीचालीमा नेपाःमात्र भन्दछन् र नेपालीलाई 'नेपामी' भन्दछन्। मल्लकालका केही अभिलेखहरूमा नेपालभाषा र नेपाल लिपिलाई नेवारभाषा, नेवालआखल भनी उल्लेख गरिएको पाइन्छ। अतः नेपाल र नेवार एकै हुन् भन्ने स्पष्ट हुन आउँछ। गोरखाका शासकहरूले नेपालमण्डलमाथि प्रभुत्व जमाइसकेपछि नेपालभाषा बोल्ने सबैलाई नेवारको रूपमा चिनाउन थालिएको हो। मल्ल शासनकालको अन्तिम समय ने. सं. ७५७, ८३५ तिरको केही अभिलेखहरूमा कतै-कतै नेपाललाई 'नेपार' भनी उल्लेख भएको पाइन्छ *(राजवंशी, २०२०:७५)*।

प्रा. टर्नरले 'नेपाल' शब्द विकास भई 'नेवार' भएको कुरा नेपाली अंग्रेजी शब्दकोशमा उल्लेख गरेको छ *(आचार्य, १०९९:२)*।

१८औं शताब्दीमा नेपाल प्रवेश गर्ने युरोपवासीहरूले लेखेको नेपाली वृत्तान्तमा 'नेवार' शब्दको प्रयोग गरिएको छ। मल्लकालको अन्तिम समयतिर देखिएको 'नेपार' शब्द र 'नेवार' शब्दका बीचको एक अक्षर मात्र फरक भएको देखिन्छ। नेपालबाट 'नेपार' भई 'नेवार' शब्द बनेको र यसले यहाँ बस्ने जातिलाई अर्थ्याउन थालेको तथ्य मान्य हुन सक्छ *(रेग्मी, २०३९:१४)*।

नेवारहरूले पहिले पहिले आफूलाई नेपामी भन्ने गर्दथे। आजभोलि 'नेवाः' मात्र भन्न थालेका छन्। नेवार समाजमा हिन्दुशास्त्रीय मान्यताको चारवर्णमा आधारित सामाजिक व्यवस्था रहेको पाइन्छ। लिच्छवीकालको बसन्तदेवको थानकोटमा रहेको शीलालेखमा 'चारवर्ण अठारजात' भन्ने प्रथा चलेको देखिन्छ *(बज्राचार्य, २०३०:२९)*। यस चार वर्णअन्तर्गत अठार जातबाट बढेर ३६ जात पुगे *(बूढाथोकी, २०३९:८)*। यसक्रम बढेर ६४ जातको भेद नेवार समाजमा व्यवस्थित गरिएको पाइन्छ *(श्रेष्ठ, ११२१:६४)*। यसरी चार वर्णभित्र विभाजित सम्पूर्ण नेवारको जाति ७ सय २५ रहेको छ *(बूढाथोकी, २०३९:६)*। यी चारवर्ण ब्राह्मण, क्षेत्री वैश्य, शुद्रभित्र व्यवस्थित नेवारको ६४ जात निम्नानुसार छ- *(श्रेष्ठ, ११२१:३१)*।

१. चर्मकार २. मातंगी, ३. नियोगी ४. धोबी  ५. कसाई ६. नाभिडेडी ७. मानन्धर ८. लेपित ९.नापित १०. क्षेत्रकार ११. किरात १२. कुम्भकार १३. लौहाकार १४. कुण्डकार १५. चित्रकार १६. तण्डुकार १७. मालाकार १८. व्यन्जनकार १९. धान्यमारी २०. रंजितकार २१. तती २२. सुराबीज २३. गाइने २४. वाथहोम २५. नतेवरुड २६. सुरप्पकार २७. विमारी २८. टंकधारी २९. तयोरुत ३०. कांजीकार ३१. भाय्ला चञ्चु ३२. गोपक ३३. बढई ३४. ताम्राकार ३५. काँस्यकार ३६. तुलाधर ३७. शिल्पकार ३८. मारिकार ३९. कर्निकार ४०. सिखरी ४१. तक्षक ४२. दादुकार ४३. भारिक ४४. सुवर्णकार ४५. छत्रीकार ४६. चिछक ४७. सुपिक ४८. सुजिकार ४९  स्रिचन्ते ५०.अमल  ५१. दैवज्ञ ५२. गणिक ५३. जोतिषी ५४. ग्रहचिन्तक ५५. आचार्य ५६. देवचिन्तक ५७. पूजित ५८. अमात्य ५९. सचिव ६०. मन्त्री ६१. कायस्थ  ६२. लेखक ६३. भूपक्षत्री राजा ६४. ब्राह्मण (राजोपाध्यय, देवब्राह्मण) द्विज (मिश्र, झा)

उल्लिखित नेवारका ६४ जात भने उपत्यकाको तीनै प्राचीन नेवार वस्तीमा एकै किसिमको नभई भिन्न-भिन्न रहेका छन् ।

नेवार समाजभित्र ऐतिहासिककालको गोपाल, महिषपाल, किरात, लिच्छवीलगायत मल्लकालसम्मका सम्पूर्ण जाति-उपजातिहरू पर्दछन् । यहाँ ब्राह्मण, राजवंश, सायमी, उदास, गुभाजु, बाँडा, ज्यापु, स्यस्यः, छिपा, नौ, कौ, जोगी, डोम, पोडे, च्यामे तथा हालाहुलु आदि जातिको समिश्रण नै नेवार हो । यहाँ बौद्ध तथा हिन्दु धर्म र संस्कारका जातिबीच एकै संस्कृतिको रूपमा रहनु नेवार जातिको विशेषता हो । हिन्दु जस्तै बौद्ध नेवारहरूमा पनि जातिपाति र उँचनीचको भावना आजसम्म रहनु पनि नेवार जातिको अर्को विशेषता हो ।

मध्यकालमा नेवार एउटा जातिमात्र नभई राष्ट्रको रूपमा रहेको थियो । उपत्यकामा मल्ल शासनकालमा राज्यको भाषा नेपाल भाषा थियो । काठमाडौं उपत्यका गोरखाका राजा पृथ्वीनारायण शाहको अधीनमा आएपछि नेपालभाषालाई नेवारी भन्न थालियो र उपत्यकाको संस्कारमा आवद्ध भएका र नेवारीभाषा मातृभाषा भएका सबैलाई भाषाको आधारमा नेवार भनिन थालियो ।

### १.४ जनसंख्या

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ रहेको छ । जसमा नेवारको जनसंख्या १३,२१,९३३ रहेको छ, जुन कूल जनसंख्याको ५.० प्रतिशत हो ।

काठमाडौँ उपत्यकामा कूल जनसंख्या २५,१७,०२३ रहेको छ । नेवारको जनसंख्या ६,८२,६१३ रहेको छ । त्यसमा पुरुषको संख्या ३,३६,२३९ र महिलाको संख्या ३,४१,३७४ रहेको छ । ललिपुर जिल्लाभित्रको कूल जनसंख्या ४,६८,१३२ मा नेवारको संख्या १,५५,६०४ छ, जसमा पुरुष ७६,७०३ र महिला ७८,९०१ संख्या रहेका छन् । भक्तपुर जिल्लाभित्रको कूल जनसंख्या ३,०४,६५१ मा नेवारको संख्या १,३८,८७३ छ, जसमा पुरुष ६९,२३९ र महिला ६९,६३४ को संख्यामा रहेको छ । काठमाडौँ जिल्लाभित्रको कूल जनसंख्या १७,४४,२४० मा नेवारको जनसंख्या ३,८३,१३६ छ, जसमा पुरुष १,९०,२९७ र महिला १,९२,८३९ को संख्यामा रहेको छ *(NPHC, 2011)* ।

## २. परम्परागत संस्था 'गुठी'

### २.१ गुठीको संक्षिप्त पृष्ठभूमि

राज्यको समृद्धि नै सामाजिक सङ्गठनमा निर्भर रहेको हुन्छ । ऐतिहासिककालदेखि नेपालमा राज्यले पानी, वातावरण, स्वास्थ्य, सुरक्षा, धर्म संस्कृति आदि जस्ता मानव आवश्यकतालाई निरन्तरता दिन गुठीको व्यवस्था गरिएको थियो । यस्ता गुठीहरूमा प्रत्यक्ष रूपमा जनसहभागिता रहेको हुन्थ्यो । तत्कालीन नेपालमा राज्य सञ्चालन कार्यमा स्थानीय जनसमुदायको जिम्मेवारीबोध गराउन गुठीको दूरदर्शी योजना बनाइएको देखिन्छ । गुठीलाई निरन्तरता दिन स्थानीय परिवार र जनसमुदायलाई नै जिम्मा लगाइयो । गुठीमा समावेश गुठीयारहरूको हौसला बढाउन जागिरको व्यवस्था गरिएको थियो । तत्कालीन अवस्थामा जागिर भनेको उब्जाउ जग्गा-जमीनको व्यवस्था थियो । प्रायः गुठी जग्गाजमीन देवदेवीको नाममा राखिएको हुन्थ्यो । राज्य सञ्चालनमा राखिएको जागिरमा मानिसको गलत मनसायले गुठी व्यवस्थालाई

नमासियोस् भनी धार्मिक भावनाले काम गर्न त्यसबेला जग्गा देवदेवीको नाममा राखिएको हुन्थ्यो । यसमा बाली उब्जाउने किसान, राज्य सञ्चालनको लागि करको रूपमा बाली उठाउन प्रशासनिक अधिकारको रूपमा द्वारे, प्रमान वा माहानेको व्यवस्था गरिएको हुन्थ्यो । पूजा, पर्व, जात्रा, संस्कृतिलाई निरन्तरता दिन सामुहिक गुठीको व्यवस्था गरी त्यसका लागि निश्चित रकम वा बालीको पनि व्यवस्था गरिदिएको हुन्थ्यो, जसलाई रकमीको नाममा चिनिन्छ । यहीं गुठीको कारण सामाजिक संगठनको पनि विकास हुनपुग्यो । नेपाल मण्डलमा लोकहितका लागि प्रशस्त गुठीको व्यवस्था गरिएको थियो । गुठी विशेषतः दुई किसिमका रहेकाछन्- १) आफ्नै परिवारको अधीनमा रहेको गुठी, जुन दाताका सन्तान दरसन्ताले आफ्नो विवेकले चलाउँदथे । अर्को २) नियत गुठी, जुन गुठी दाताका सन्तानको अधीनमा नरही निश्चित व्यक्ति र निश्चित व्यवस्थाअन्तर्गत रहन्थ्यो । खासगरी यस्ता गुठी लौकिक जीवनसँग निकै सम्बन्धित रहन्थ्यो ।

नेपालमण्डल अर्थात् काठमाडौं उपत्यका र त्यसको सेरोफेरोको नेवार वस्तीहरूमा विद्यमान विभिन्न धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक महत्वका साँस्कृतिक धरोहरका रूपमा रहेको जात्रा-पर्वहरूलाई निरन्तरता दिन हाम्रा पूर्वजहरूले झन्डै पन्ध्र सय वर्ष अघिदेखि गुठीको व्यवस्था गरेका थिए । हालसम्म प्राप्त ऐतिहासिक स्रोतअनुसार नेपालमा लिच्छवीकालमा थुप्रै गुठीहरूको विकास भएको पाइन्छ । धर्म संस्कृतिको संरक्षण सम्बर्द्धन, जातीय सद्भाव र सामाजिकीकरण गुठी व्यवस्थाको योगदान हो ।

## २.२ गुठीको शाब्दिक अर्थ

'गुठी' संस्कृतको 'गोष्ठी' शब्दबाट अपभ्रंश भई आएको हो । इतिहासकारहरूले संस्कृतमा गोष्ठीको अर्थ सभा र गोष्ठिकको अर्थ सभासद् मानेका छन् । समाजमा आवश्यक काम कुरा मिलेर गर्ने भावना नै गुठी व्यवस्थाको आधार हो *(चालिसे:०४८:१२९)* । लोक कल्याणकारी कामको निम्ति सामुहिक रूपमा बनाइएका सङ्गठनलाई नै गोष्ठी भनिन्थ्यो । सामाजिक हितको निम्ति अनेक धार्मिक, शैक्षिक तथा जनस्वास्थ्यसम्बन्धी काम गुठीको माध्यमबाट गरिन्थ्यो । लिच्छवीकालको

अभिलेखहरूमा गोष्ठी र गोष्ठिकको प्रशस्त उल्लेख भएको पाइन्छ । मध्यकालमा गुठी नामबाट परिचित यस गोष्ठीलाई नेवारी बोलीमा 'गुथी' भनिन्छ ।

गुठीबारे वि.सं. २०१९ सम्मको मुलुकी ऐनको आसयअनुसार गुठी भनेको आफ्नो हक छाडी देवीदेवता तथा कीर्तिको लागि अघि सारिएको वस्तु भएकाले त्यो देवश्व हो, त्यसलाई जोगाउन, बचाउन सबैले सक्छन् । तर नास्न-मास्न कसैले पाउँदैनन् *(नेगुसंपु:२०६५:२)* ।

## २.३ गुठीको ऐतिहासिकता

नेपालमा गुठीप्रथा कहिलेदेखि प्रचलनमा आयो भन्ने कुरा एकिनका साथ भन्न नसके पनि लिच्छवीकालमा नेपालमा गुठी व्यवस्थाको विकास भएको प्रशस्त प्रमाण पाइन्छ । चाँगुनारायणको मानदेवको संवत् ३८६ (वि.सं. ५२१) को शीला अभिलेखमा गोष्ठीको उल्लेख छ । अहिलेसम्म प्राप्त लिच्छवीकालीन अभिलेखहरू दुई सयभन्दा बढी रहेका छन्, जसमा करीब पचासवटा जति अभिलेखमा कुनै न कुनै रूपमा गुठीको उल्लेख भएको पाइन्छ । यसबाट नेपालमा मानदेव प्रथमको शासनकालभन्दा अगाडिदेखि नै नेपाली जनजीवनमा गुठी भिजिसकेको अनुमान गर्नसकिन्छ । त्यसपछिको विभिन्न कालहरूमा गुठीको माध्यमबाट धार्मिक, साँस्कृतिक महत्वका अनेकन कामहरू भएका विवरण पाइन्छ *(माथेमा: ०६५:६)* ।

नेपालमा लिच्छवीकालमा विभिन्न किसिमका गोष्ठीहरूको उल्लेख छन् । ध्वज गोष्ठी, बादित्र गोष्ठी, धूप गोष्ठी, इन्द्र गोष्ठी, ब्राह्मण गोष्ठी, प्रणाली गोष्ठी, प्रदीप गोष्ठी, गोयुद्ध गोष्ठी, प्रवहण गोष्ठी, आरोग्यशाला गोष्ठी, अर्चा गोष्ठी आदि लोकप्रिय थिए । यी गोष्ठीहरूमध्ये धेरैजसो गोष्ठीहरूको उल्लेख लेलेको शिवदेव र अंशुबर्माको संयुक्त अभिलेखमा गरिएकोछ । यी गोष्ठी वा गुठीहरू संचालन गर्न गुठियारहरूको व्यवस्था गरी आवश्यक स्रोतको रूपमा जग्गाहरूको व्यवस्था गरिएका हुन्थे । अभिलेखहरूमा गुठियारहरूका लागि गुठी सञ्चालन गर्न विभिन्न नापका जग्गाहरू दान दिइएको कुरा उल्लेख छ *(उपाध्याय: २०५६:८९)* ।

## २.४ गुठीको प्रकार

वर्तमान अवस्थामा नेपाल मण्डलका नेवार समाजले चलाउँदै आएका गुठीहरू चार प्रकारका रहेका छन् । यी गुठीहरू लिच्छवीकालका अभिलेखहरूमा उल्लेख रहेका गुठीहरूसित पनि सम्बन्धित रहेका छन् ।

### २.४.१ राष्ट्रिय गुठी

राष्ट्रको प्राकृतिक स्रोतहरू, जस्तोः जल, जंगल र जमीनको संरक्षण र व्यवस्थापनका लागि राज्यले विशेष व्यवस्था गरेको हुन्छ । तत्कालीन अवस्थाका शासकहरूले यस्ता स्रोतको संरक्षणका लागि गुठीको व्यवस्था गरेका थिए । खाने पानी, नदी, बाटो, वनजंगल, चौर, पोखरी, नगरको सुरक्षा र सरसफाईजस्ता राष्ट्रलाई अत्यावश्यक कुरामा राज्यले गुठीको माध्यमबाट संरक्षण र व्यवस्थापन गरेको हुन्छ । यी राष्ट्रिय गुठी हुन् । गुठी सञ्चालनमा निश्चित व्यक्तिहरू र उनको नाइकेको पनि व्यवस्था गरिएको हुन्छ । आर्थिक व्यवस्था पनि गरिएको हुन्छ, जसलाई रकमी भनिन्छ ।

### २.४.२ धार्मिक गुठी

धर्म मानिसको विश्वास र आस्था हो । यसमा विभिन्न मतहरू हुन्छन् । प्रायः नेवार शैवमत र बौद्धमतका रहेका छन् । अल्पसंख्यक रूपमा इशाई र इस्लाम मतका नेवारहरू पनि रहेका छन् । नेपालका हिन्दु र बौद्ध धर्मसँत सम्बन्धित मठमन्दिर, विहार, चैत्य, नदी, पोखरी, चौर संरक्षण, पूजा, सरसफाई र सुरक्षाको व्यवस्थापनका लागि गुठी राखिएको हुन्छ । पशुपतिनाथ, स्वयम्भूनाथ, चाँगुमन्दिर आदि धर्मसँग सम्बन्धित क्षेत्र हुन् । यहाँको पूजामा निरन्तरता र सम्पदाको संरक्षण नेवारहरूको गुठी प्रथाबाट नै हुँदै आएका छ ।

### २.४.३ साँस्कृतिक गुठी

राष्ट्र र जातिको पहिचान नै उसको संस्कृति हो । प्रायः नेवार संस्कृतिले नै नेपालको राष्ट्रिय पहिचान गराएको छ । पाटनको मत्स्येन्द्रनाथको रथजात्रा,

काठमाडौंको इन्द्रजात्रा, घोडेजात्रामा नेपालका राष्ट्रप्रमुख नै उपस्थित हुन्छन् । देवदेवीको नाच, साँस्कृतिक बाजा आदि नेवारहरूले गुठीको माध्यमबाट संरक्षण तथा निरन्तरता दिँदै आएका छन् । साँस्कृतिक गतिविधिलाई निरन्तरता दिन आर्थिक स्रोतको रूपमा जग्गाको व्यवस्था गरिएको हुन्थ्यो ।

### २.४.४ सामाजिक गुठी

समाजमा दैनिक जीवनयापनमा आइपर्ने समस्याहरू, जस्तोः मर्दापर्दाको अवस्थालाई सहजता ल्याउन गुठीको व्यवस्था गरिएका हुन्छन् । यस्ता गुठीलाई सनाथ गुठी भनिन्छ र हरेक जातिमा छुट्टाछुट्टै हुन्छन् । यसमा सदस्यहरू जतिजना पनि हुनसक्छन् । मर्दापर्दाको सनाथ गुठीमा पुरुष मात्र सक्रिय रहेको हुन्छ । यसको सहायक गुठीको रूपमा देवाली पूजालाई पनि मानिएको हुन्छ । यसको आर्थिक व्यवस्थापनका लागि कुनै जग्गाको व्यवस्था हुँदैन, दामासाहीको रूपमा खर्च व्यहोरिने गरिन्छ । यसको नियम कडा हुन्छ । समाजमा जो जति प्रतिष्ठित व्यक्ति भए पनि गुठीको नियमबाट पृथक हुँदैन ।

## ३. गुठीको संरचना

नेवार समाजको परम्परागत संस्था गुठीमा स्थान र प्रकृति अनुसार पदको व्यवस्था गरिएको हुन्छ । पदीय व्यक्ति सम्बन्धित विषयमा जानकार भएको हुनुपर्दछ । मुख्यतया गुठी सञ्चालन गर्न बनाइएको पदीय संरचना निम्नानुसार रहेका हुन्छन् ।

### ३.१ गुठीको संरचना

- मूल थकाली (सर्वमान्य अध्यक्ष)
- थकाली समूह (उमेरक्रम अनुसार)
- नाइके (व्यवस्थापक)
- कजी (सचिव)
- बहिदार (कोषाध्यक्ष)
- हामू (सूचना प्रवाहकर्ता)

- जः (सदस्य)
- पाला (रोलक्रममा गुठी सञ्चालनको जिम्मा परेका)

## ३.२ गुठीको संरचनामा पदीय भिन्नता

गुठी विभिन्न किसिमका हुन्छन् । ती गुठीहरूमा पारिवारिक, सामाजिक, ग्राम/नगर/टोल गुठी, धार्मिक, साँस्कृतिक आदि खालको विविधता रहेका हुन्छन् । यस्ता गुठीमा आवश्यकतानुसार पदको सृजना गरिएको हुन्छ, जुन निम्नानुसार रहेको छः

### ३.२.१ पारिवारिक गुठी (देवाली)

- थकाली (उमेरमा जेष्ठता)
- जः (परिवारको सदस्य)
- पाला (रोलक्रममा गुठी सञ्चालनको जिम्मा परेका)

### ३.२.२ सामाजिक गुठी (मर्दापर्दा गुठी)

- मूलथकाली (उमेरमा जेष्ठ, सर्वमान्य अध्यक्ष)
- थकाली समूह (उपाध्यक्ष र अन्य रोलक्रमानुसार ३ देखि ७ सम्म)
- बहिदार (कोषाध्यक्ष)
- जः (स्वजातीय सदस्य)
- पाला (रोलक्रममा गुठी सञ्चालनको जिम्मा परेका)

### ३.२.३ ग्राम/नगर वा टोल गुठी

- थकाली (उमेरमा जेष्ठता, सर्वमान्य अध्यक्ष)
- नाइके (व्यवस्थापक)
- कजी (सचिव)

- बहीदार (कोषाध्यक्ष)
- हामू (सूचना प्रवाहकर्ता)
- जः (नगर, टोलवासीभिामत्र रहेका सबै जातिविशेष)

**थकाली**

नेवार समाजको गुठीमा थकालीको मूल भूमिका रहेको हुन्छ। थकाली भनेको संस्थाको अध्यक्ष हो। उमेर जेष्ठताको आधारमा एक मूल थकालीको चयन गरिएको हुन्छ। गुठीमा मूलथकालीको सक्रियता भने करीब निष्क्रिय नै रहेको हुन्छ। यो आलंकारिक रूपमा मात्र रहेको हुन्छ। तर अन्तिम निर्णय थकालीबाट भएपछि मात्र मान्यता पाउँदछ।

गुठीमा अन्य थकालीहरूको समूह पनि रहेको हुन्छ। यस्तो अवस्थामा यिनीहरूले मूल थकालीलाई आवश्यक सरसल्लाह दिने काम गर्दछन्। थकाली समूहलाई उमेरको जेष्ठताको आधारमा मूल थकालीपछि क्रमशः निकुली (उपाध्यक्ष), स्वकुली (तेस्रो) गरी आठौँसम्मको समूह बनाइएको हुन्छ। गुठीको प्रकृति अनुसार थकाली १, ३, ५ र ८ जनासम्मको समूह हुन्छन्। ८ थकाली समूह तान्त्रिक शक्तिका अष्टमातृकाको बली प्रसाद ग्रहणका लागि राखिएको हुन्छ। ३, ५ थकाली नगरको विभिन्न क्षेत्रको प्रतिनिधिको रूपमा रहेको हुन्छ। थकाली नगर/ग्राम/गुठी, सामाजिक (मर्दापर्दा) गुठी, पारिवारिक (देवाली) गुठी सबैमा हुन्छ।

**नाइके**

गुठियारमध्ये सकृय र जान्नेसुन्ने व्यक्तिको पहिचान गरी नाइके बनाइएको हुन्छ। गुठी सञ्चालनको विशेष जिम्मा नाइकेमा हुन्छ। गुठीको सम्पूर्ण काम नाइकेको निर्देशनमा नै हुन्छ। नाइके भनेको नायक अर्थात् समूहको नेतृत्वकर्ता हो। साँस्कृतिक, धार्मिक, राज्यबाट सञ्चालित परम्परागत गुठी व्यवस्थामा नाइकेकै विशेष भूमिका रहेको हुन्छ। सामाजिक र पारिवारिक गुठीमा नाइके हुँदैन। यस्ता गुठीहरूमा थकालीले नै नाइकेको भूमिका निर्वाह गरेको हुन्छ।

**कजी**

गुठीको जिम्मामा रहेको कामलाई आवश्यक व्यवस्थापन गर्ने काम कजीको हुन्छ । कजी भनेको संस्थाको सचिव हो । कजीको भूमिका गुठीमा बढी रहेको हुन्छ । पारिवारिक र सामाजिक गुठीमा कजीको व्यवस्था हुँदैन । धार्मिक, साँस्कृतिक र राज्यबाट सञ्चालित परम्परागत गुठी व्यवस्थामा कजी रहेको हुन्छ ।

**बहिदार**

गुठीको आय-व्यय र आवश्यक अभिलेख राख्ने जिम्मा बहिदारको हुन्छ । लेखपढ जानेको, हिसाबकिताबमा जानकार व्यक्तिलाई बहिदार बनाइन्छ । गुठीमा बहिदार भनेको कोषाध्यक्ष हो । पारिवारिक गुठीमा बाहेक अन्य सबै गुठीमा बहिदारको व्यवस्था गरिएको हुन्छ ।

**हामू**

गुठीको आवश्यक सूचना सम्बन्धित व्यक्ति र स्थानसम्म पुऱ्याउन हामूको व्यवस्था गरिएको हुन्छ। प्रचार-प्रसारको जिम्मा लिने व्यक्ति नै हामू हो। हामूको व्यवस्था पारिवारिक र सामाजिक गुठीमा रहेको हुँदैन। वार्षिक रूपमा गुठी सञ्चालन गर्नुपर्ने जिम्मा पाएका गुठीका सदस्यले आवश्यक सूचना प्रचार-प्रसार गर्ने गर्दछ। धार्मिक, साँस्कृतिक र राज्यबाट सञ्चालित परम्परागत गुठीमा हामूको व्यवस्था गरिएको हुन्छ।

**जः**

जः भनेको गुठीमा आबद्ध सदस्यहरू हुन् । गुठीमा जः अर्थात् सदस्यहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्दछ । गुठीको हरेक नियम अनिवार्य रूपमा पालना गरिन्छ र उद्देश्य अनुसार काममा सहयोग पुऱ्याउँदछन् । पारिवारिक, सामाजिक गुठीमा जः (सदस्य) स्वजातीय मात्र रहेका हुन्छन् । धार्मिक, साँस्कृतिक र राज्यबाट सञ्चालित परम्परागत गुठीमा स्वजातीय र अन्य विविध जातिको समूहगत सदस्यता पनि रहेको हुन्छ ।

**पाला**

गुठीको सदस्यहरूमध्ये रोलक्रमअनुसार गुठी सञ्चालनको जिम्मा पाएका सदस्यलाई पाला भनिन्छ। पालाको अर्थ पालो (सञ्चालनको जिम्मा परेको) हो। पारिवारिक गुठी र सामाजिक गुठीमा पाला हुन्छ। पालाबाट सञ्चालित गुठीको व्यवस्थापन पाला स्वयम्ले गर्ने गर्दछन्। त्यस्तै नाइके र हामूको काम पनि उनी स्वयंले गर्नुपर्दछ। साँस्कृतिक, पर्वगुठी, राज्यबाट सञ्चालित परम्परागत गुठीमा पाला हुँदैन।

## ३.३ गुठी परम्पराको अवस्था

गुठी परम्परा नेवार समाजको मौलिक पहिचान हो। जहाँ नेवार हुन्छ, त्यहाँ कुनै न कुनै रूपमा गुठी रहेकै हुन्छ। यसको माध्यमबाट परिवारका, समाजका गतिविधि, धर्म, संस्कृति आदिलाई जीवन्त बनाइआएका छन्। यसै माध्यमबाट नेवार समाजले सामाजिक र साँस्कृतिक सभ्यता र विकासको पहिचान दिइआएका छन्। मल्ल शासनकालसम्म राज्य सञ्चालनको मूल आधार नै गुठी रहेकोमा गोरखाको शासकहरूले गुठी परम्परालाई बुझ्न नसक्दा, मन नपराइदिँदा र नकारात्मक सोंच राखिदिँदा क्रमशः असरहरू पर्दै जानथाले। यहीं असरको कारण कतिपय गुठीहरू मासिन थालिसके भने कतिपय नाम मात्रको गुठी हुनपुगे।

## ३.४ चुनौति

गुठीको संरचना जे-जस्तो भए पनि गुठी सञ्चालक समूहमा युवाहरूको आकर्षण नभएको देखिन थालेको छ। पुराना पुस्ताका गुठियार अर्थात् सदस्यहरू घट्दो अवस्थामा रहेका छन्। त्यसको रिक्तता पूर्ति गर्न गाऱ्हो हुँदै आएको छ। यसबाट गुठीमा योग्य जनशक्तिको कमी हुनथालेको छ। त्यस्तै गुठी क्षेत्रमा विभिन्न संस्था, क्लब, संरक्षण समिति बनाई अतिक्रमण गर्न थालेका छन्। उनीहरूको कुनै न कुनै राजनैतिक पार्टीहरूसित सम्बन्ध रहने भएकाले गुठीयारहरू उनीहरूको प्रतिकार गर्नसमेत असमर्थ रहन थालेका छन्। आर्थिक स्रोतको रूपमा रहेको गुठीको जग्गा गुठी संस्थानले आफ्नो जिम्मामा लिइदिँदा गुठी सञ्चालनमा नकारात्मक प्रभाव पनि पर्न थालेको छ।

## ४. प्रथाजनित कानून

### ४.१ प्रथा तथा प्रथाजनित कानून

मानवसमाजमा कुन बेला के गर्नुहुन्छ, कुन बेला के गर्नुहुँदैन भनी परम्परागत आचारसंहिता बनाइएको हुन्छ। समाजमा स्वीकृत शदियौँदेखि चल्दै आएको अलिखित आचारसंहिता नै प्रथाको रूपमा चिनिन्छ। प्रथा एक सामाजिक तत्व हो। यसले समाजलाई व्यवस्थित र नियन्त्रण गरिराखेको हुन्छ। लामो समयदेखि अवलम्बन गर्दै आएका, स्वेच्छाले अभ्यास गरेका र कसैले जबर्जस्ती नगरेका तत्व नै सामाजिक प्रथाको रूपमा स्थापित भएका हुन्छन्। यो एक नियम हो, जसलाई समाजका कसैले जबर्जस्ती नाघ्ने आँट गर्दैन।

आदिवासी जनजातिको प्रथा एक यस्तो सामाजिक नियम हो, जसको पालना नैतिकताको आधारमा सहर्ष स्वीकारी अपनाइएका हुन्छन्। यसलाई राज्यको कानूनले बाध्य बनाएको हुँदैन। यस्ता प्रथाहरूमा आमाबुबाप्रति छोराछोरी, छोराछोरीहरूको आमाबाबुप्रति, गुरु र मान्यवरप्रतिको व्यवहार सम्मान, धर्म र धार्मिक क्षेत्रमा गरिने आचरण, वृद्ध, महिला, बालबालिकाप्रति गरिने व्यवहार, समाज र समूहमा गरिने व्यवहार र आचरण रहेका हुन्छन्। मानिस जन्मदेखि मृत्युपर्यन्तका सामाजिक रीति नै प्रथा हो। यसले समाजमा सहिष्णुता र सामाञ्जस्यता राखेको हुन्छ। यहीं समाजको प्रथा र आचरण नै प्रथाजनित कानून हो। प्रथाजनित भनेको परम्परा हो।

प्रथा तथा प्रथाजनित कानून एक आपसमा सम्बन्ध रहे पनि प्रथा र कानून भने फरक कुरा हुन्। प्रथा परम्परादेखि चल्दै आएको लोकरीति हुन्छ। यसमा कसैको निर्देशन/आदेश पर्खनु पर्दैन। कानूनमा विचार र निर्देशको आवश्यकता हुन्छ।

### ४.२ नेवार समाजका प्रथा र प्रथाजनित कानून

उपत्यकाका आदिवासी जनजाति नेवार समाजमा शदियौंदेखि प्रचलित रहेको लोकरीति नै नेवारका प्रथा हुन्। कतिपय प्रथा संस्कारको रूपमा र कुनै संस्कृतिको

रूपमा नेवार समाजमा विकास भएका छन् । प्रचलन नै प्रथा, संस्कार र संस्कृतिको रूपमा विकास भएका छन् । नेवार मुख्यतः दुई धर्ममा विभाजित छन्, ती हुन् शैवमत र बौद्धमत । यिनीहरूको लोकरीति र संस्कार फरक-फरक रहेका छन् । हिन्दु नेवारहरू जातपात अलि बढी मान्छन् भने बौद्धमतका नेवारहरू जातीय विभेद कम मात्र मान्दछन् । नेपालका शासकहरू हिन्दु हुने भएकाले जातीय विभेदले बढुवा पाएको हो । यसले नेवार समाजमा गहिरो छाप पार्‍यो । राजाका मुख्य सल्लाहकार ब्राह्मण हुने भएकाले शासकले उसको धार्मिक आधारमा समाजमा नियम, कानून बनाइएको हुन्छ । यी सबैलाई नेवारहरू नैतिक सामाजिक प्रतिष्ठाको रूपमा अवलम्बन गर्दै आइरहेका छन् ।

## ४.३ परम्परागत जातीय व्यवस्था

### ४.३.१ वर्गमा आधारित जाति र व्यवसाय

मल्ल शासनकालसम्म नेपालका नागरिकलाई नेवारबाट चिनिन्थ्यो । गोरखाका शासकले नेपालमण्डलमा आफ्नो आधिपत्य कायम गरिसकेपछि यहाँका नागरिक नेवारलाई एउटा जाति विशेषमा राखियो । यसअघिका नेवारहरू एकजातिका रूपमा थिएनन् । यहाँ हिन्दु वर्णाश्रमअनुसार चार वर्गमा जातीय विभाजन गरिएका थिए । यी चार वर्ग वा वर्णमा मुख्यतया ६४ व्यवसायमा आधारित उपजातिको व्यवस्था गरिएको थियो । यी चार वर्ग र ६४ व्यवसायी नै कालान्तरमा जातप्रथाको रूपमा विकास हुनगयो । यसले राणाकालको उत्तरार्द्धसम्म कानूनी मान्यता नै पायो । नेपालमा पटक-पटकको प्रजातन्त्रपछि बनेको संविधानमा जातिका बारेमा जे-जस्तो कानूनको व्यवस्था गरिए पनि व्यवहारमा नेवारको लोकपरम्परा र मान्यतालाई नै अंगाल्दै आएका छन् । नेवारमा चलेका एक वर्गले अर्को वर्गका प्रथाजनित व्यवसायिक काममा हस्तक्षेप गरेको पाइंदैन । जस्तैः पुरेतवर्गको काम वैश्य वर्ग वा व्यापारीले गर्दैनन् । व्यापारी वा वैश्य वर्गको काम पुरेत वर्गले गर्दैनन् । परम्परागत पेशामा आधारित व्यवसाय; जस्तैः सुनको काम गर्नेले मासुको व्यवसायमा हस्तक्षेप गर्दैनन् । कपडामा रङ्गाउनेले चित्रको काममा हस्तक्षेप गर्दैनन् । फलामको काम गर्नेले कुमालेको माटोको परम्परागत व्यवसायमा

हस्पक्षेप गर्देनन् । नेवारको मुख्य विशेषता नै यिनीहरूको परम्परागत पेशामा विविधता र शिल्पकारिता हुन्, जसले नेपाल राज्य चलाउन आवश्यक सम्पूर्ण व्यवस्था नेवार जातिभित्रैबाट भए र स्वावलम्बी जातिको रूपमा आफ्नो पहिचान बनाए । अहिले यहीं परम्परागत पेशाका कारण नै नेवारजाति प्रथाको विकास हुनुगएको हो ।

परम्परागत पेशा र व्यवसायलाई अरूले अंगाल्न नपाइने आदिवासी जनजाति नेवारको लोकरीति वा नियम नै प्रथाजनित कानूनको रूपमा विकास हुनगयो । जुन आजसम्म पनि नेवार समाजले सम्मानकासाथ अवलम्बन गर्दै आएको छ । यो एक आर्थिक उपार्जनको आधार भएकोले परम्परागत पेशाको संरक्षण भएको छ ।

**पुरेत वर्ग**

नेवार संस्कृतिका धनी जातिका रूपमा चिनिन्छन् । यसो हुनुमा हिन्दु, शाक्त र बौद्ध संस्कृति र संस्कारको विविधताले गर्दा हुन् । यहाँ धर्म, दर्शन, संस्कृति र संस्कारमा विविधता र एकता हुनु नै नेवार संस्कृति समृद्धि हुनुको नमूना हो । यसको मुख्य आधार भन्नु नै पुरेतवर्ग हुन् । पुरेत हिन्दुमा ब्राह्मण र बौद्धमा बज्राचार्यहरूको योगदान रहेको छ । पाटनको बुबहालमा हिन्दु र बौद्ध पुरोहितको एकै गुठी पनि रहेको छ । यो नेवारमा धार्मिक सहिष्णुताको बलियो नमूना हो ।

पुरेतवर्ग देवताको धार्मिक काम, होम, पूजा गर्ने र सामाजिक संस्कारजस्ता विवाह, व्रतबन्ध, भीम रथारोहणजस्ता शुभकर्म गराउनेहरू आफूलाई उच्चवर्गको पुरेत मान्दछन् । यस्ता पुरेतवर्गमा राजोपाध्याय, मिश्र, कर्मचार्य, बज्राचार्य आदि पर्दछन् । मृत्यु संस्कारजस्ता अशुभकर्म गराउने पुरेतहरू, जस्तो योगी (जोगी), घःसु आचा (कर्माचार्य) लाई, भाट (कारंजित) आदिलाई अलि होचा वर्गका पुरेतको व्यवहार गरिन्छ ।

### प्रशासक वर्ग

मल्ल शासनकालसम्म व्यवस्थित र राणाकालको उत्तरार्द्धसम्म कानूनी मान्यता प्राप्त थियो नेवारको परम्परागत शासन व्यवस्था । मल्ल शासनकालसम्म सुरक्षाकर्मीलाई 'महा' भनिन्थ्यो । राज्यको कानूनको पालना गराउन, अपराधी समाउनु र राज्यमा शान्ति कायम गरिराख्ने काम महाहरूले गर्दथे । यो राणाशासनसम्म सञ्चालित थियो । राणा शासनको अन्तसँगै महाको कानूनी मान्यता समाप्त भयो । तर यो प्रथा नेवार समाजमा अझै जीवित नै रहेको छ । रकमीको रूपमा महाहरूले आफ्नो प्रथाजनित कानूनलाई पालना गर्दै र गराउँदै आएका छन् । मल्ल कालका अन्य शासक वर्गमा पर्ने प्रमाण (आजभोलि प्रधान), महा, द्वारे, शिष्टहरू पनि राणा शासनकालसम्म व्यवस्थित नै थिए । प्रमाण सैनिक प्रमुख हुन्थे भने द्वारे दरवारमा राजालाई खबर पुऱ्याउने गर्दथे । हाल यिनीहरू एक थरको रूपमा मात्र रहेका छन् ।

### व्यापारिक वर्ग

व्यापारी वर्ग भन्नाले सानातिना जे पायो त्यो व्यापार गर्नेलाई नेवार समाजमा व्यापारी मानिँदैनथ्यो । जस्तोः मासु बेच्नेलाई 'व्यापार' नभनी 'व्यवसाय' भन्ने गरिन्छ । ठूला-ठूला व्यापार गर्नेलाई नै व्यापारी भन्ने प्रथा छ । विशेष गरी देश/परदेशमा गई व्यापार व्यवसाय गर्नेहरू व्यापारी हुन्थे । यसलाई सार्थबाहुको रूपमा पनि चिनिन्छ । यिनीहरूलाई महाजनी प्रथा भनिन्थ्यो र यिनीहरूको आफ्नो व्यापारको स्थान कोठी भनी राखिएको हुन्थ्यो । काठमाडौंको प्राचीन नगरको ३२ टोलमा ३२ कोठी महाजनको रूपमा रहेका थिए । सुन, चाँदी, हीरामोती, जडिबुटी, धातु, कृषि उत्पादन, सुगन्धित वस्तु, कपडा आदि व्यापारी वर्गले व्यापार गर्दथे । राणा शासनकालसम्म ३२ कोठी महाजनलाई राज्यले उच्च सम्मान दिने गर्दथ्यो । तिब्बतको थुप्रै स्थानमा नेवारहरूको व्यापारिक गतिविधि रहेका छन् । १२ वर्षमा एकपटक काठमाडौं भीमसेन देवतालाई तिब्बत लाने र त्यहाँ उनको भव्य स्वागत र पूजा गरिने प्रथा थियो । यो परम्परा 'तिब्बत' चीनको स्वशासित क्षेत्र भएपछि बन्द भयो । भीमसेन व्यापारी वर्गका देवताको रूपमा पुजिन्छ ।

### व्यवसायिक/शिल्पकार वर्ग

नेवारको जातिको पहिचान नै उसको व्यवसाय वा शिल्प हो। नेवारमा तामाको व्यवसाय गर्ने ताम्राकार, चित्र लेख्ने चित्रकार, रङ्ग भर्ने रंजितकार, ढुङ्गाको काम गर्ने शिलाकार, जमीन नाप्ने क्षेत्रकार, घर नाप्ने तक्षकार, काठको काम गर्ने काष्ठकार, लुगा सिउने सुचिकार, फलामको काम गर्ने लौहाकार, सुनको काम गर्ने सुवर्णकार, माटोको व्यवसाय गर्ने कुम्भकार, मासुको व्यवसाय गर्ने खड्गीकार आदि हुन् ।

उल्लिखित यहीं चारवर्गको आधारमा विभिन्न व्यवसायको विकास भयो । जसले जस्तो व्यवसाय पाए, उसको जात पनि त्यहीं व्यवसायको नामबाट विकास भएको हो । नेवार समाजभित्र व्यवस्थित पेशागत जातीय संरचनालाई मल्ल, राणाहरूको शासनकालमा पनि महत्व दिई कानूनको व्यवस्थासमेत गरिएका थिए । नेवारमा रहेको यस परम्परागत व्यवसायको संरक्षणका लागि एकको पेशा अर्कोले अपनाउन नपाउनेसमेतको कानूनी व्यवस्था गरिदिएका थिए ।

## ४.४ परिवार

परिवार एक सानो सङ्गठन हो । परिवारमा मुख्य स्थान पिताको हुन्छ । कुनै पुत्रले घरपरिवार, समाजमा अनैतिक काम गरेमा त्यसलाई घरबाट निकाला गर्न सकिन्छ । यस्तो अवस्थामा घरबाट कुनै किसिमको पैतृक सम्पत्तिको हकदार हुन पाउँदैन ।

### देवाली गुठी

देवाली आफ्नो कूलदेवता पूजा गरी आफ्ना वंशका परिवारहरू वर्षका एक दिन एकै स्थानमा भेला भई परिवारको वंश परिचय गरिने गुठी हो। यस गुठीमा परिवारको प्रथालाई नाघेर मनोमानी गर्नेलाई यसमा समावेश गराइन्न । जस्तो आफ्नै नाता पर्नेसँग विवाह गरेमा, आफ्नो परिवारले स्वीकार नगर्ने अर्कै जातिका महिलासँग विवाह गरेमा, कुनै सामाजिक अपराधी भएमा पनि देवाली गुठीमा समावेश गराइँदैन ।

## विवाह

नेवार जातीय विविधता रहेको समाज हो। यसभित्र अनेक जातिहरू समावेश भएको पाइन्छ। तर नेवारभित्र भने आफ्नै स्वजातिभित्र मात्र विवाह गर्ने प्रथा रहेको छ। विवाह गर्दा आफ्नो नाता पर्नेसँग गर्न बर्जित छ र बाध्यात्मक रूपमा विवाह गर्नुपरेमा वा कम्तीमा सात पुस्ताको फरक हुनुपर्ने लोकरीति वा परम्परा रहेको छ। विवाह पुरुष व्रतबन्ध सकेका १५ वर्ष पुगिसकेका र महिला गुफा सकिएका कम्तिमा १२ वर्ष नाघिसकेकी हुनु पर्दछ।

विवाह भएको दिनदेखि चार दिनसम्म नयाँ दुलाहा र दुलाही एकै कोठामा बस्न दिइन्न। केटाको आचारण र उसको घरको अध्ययन गर्न केटीलाई छुट्टै कोठामा चार दिनसम्म राखिन्छ। उक्त दिनसम्म नवविवाहित दुलहीबाट कुनै गुनासो नआएमा विवाहको चौथो दिनमा मात्र दुलाहाकासाथ बस्न अनुमति दिइन्छ। चार दिनभित्र नवदुलही विवाहित घरमा बस्न नरुचाएमा स्वेच्छाले आफ्नो घरमा फर्कनसक्ने परम्परा पनि रहेको छ।

कुनै अविवाहित युवती घरबाट हराइन् र कुनै केटासँग गएको जानकारी भएमा चार दिनसम्म बाटो हेरिन्छ। त्यस दिनपछि पनि घर नफर्किएमा स्वेच्छाले विवाह गरेको (पोइल गएको) मानिन्छ। चार दिनभित्र फर्किएमा उनी विवाह गरिएको मानिँदैन।

## पारपाचुके

यदि लोग्नेको मुत्यु भएमा र स्वास्नीको कुनै बच्चा जन्मी नसकेको अवस्था छ भने महिलाले पारपाचुके गरी छोड्नचाहेमा छोड्न सक्छिन्। यसमा पनि समाजको स्वीकार्य हुन्छ। तर मृतकको लाश दाहसंस्कार हुनुअगाडि पारपाचुके गरिसक्नु पर्दछ। यसबेला बिहेको बेला लोग्नेले दिएको सुपारी लाशमाथि राखिदिएमा उनी पारपाचुके गर्दैछिन् भनी समाजले स्वतः थाहा पाउँदछ र यसलाई मान्यता पनि दिइन्छ।

श्रीमान र श्रीमतीबीच मनमुटाव भई श्रीमती घर छोडी माइत गई बसेमा श्रीमान आफैं लिन नगएसम्म श्रीमती फर्कंदैन । यसलाई श्रीमानले मन नपराएको र छोडेको महिलाको रूपमा लिइन्छ । वर्षौंसम्म आफ्नो लोग्नेले लिन नआएको अवस्थामा श्रीमतीले कार्तिकमा एक महिना व्रत बस्ने प्रचलन पनि छ । स्वास्नीले व्रत बसेको सूचना लोग्नेकहाँ कुनै माध्यमबाट पठाइन्छ । यस्तो अवस्थामा प्रायः लोग्नेले आफ्नो श्रीमतीलाई लिन आउने गर्दछन् । त्यस अवस्थामा पनि श्रीमानले लिन आएन भने श्रीमानबाट संधैको लागि त्यागेको भनि मानिन्छ ।

**अंशबण्डा**

पारिवारिक सम्पत्ति जस्तो, घर जमीन, पितृसत्तात्मक रूपमा छोराहरूमा जान्छ । तर उमेर नाघेका अविवाहित छोरी छन् भने उनलाई पनि छोरासरह अंशबण्डामा समान हक दिइन्छ । कुनै अविवाहित वा एकल व्यक्तिको मृत्यु भएमा उनको नजिकको नाता पहिचान गरी वा शवमा दागबत्ती दिने व्यक्तिलाई मृतकको सम्पत्तिको हकदार मानिन्छ ।

## ४.५ समाज

नेवार समाजको पारिवारिक सङ्गठन प्रायः संयुक्त र केन्द्रीत परिवारको रूपमा रहेका हुन्छ । परिवारहरू पितृवंशीय परम्परामा आधारित हुन्छन् । पिताको मृत्युपश्चात् पैतृक सम्पत्ति छोराहरूमा अंश विभाजन गरिन्छ । परिवारमा अविवाहित छोरी भएमा उसले पनि छोराहरूसरह पैतृक सम्पति पाउँछिन् । सन्तान नभएका व्यक्तिको मृत्यु भएमा नजिकको नातेदारले संस्कार गरिदिनुपर्छ, तर बाध्य गराइँदैन । सम्पत्ति पनि संस्कार गरिदिनेको हकमा जाने प्रथा रहेको छ ।

### ४.५.१ सामाजिक (मर्दापर्दा) गुठी

नेवार समाजमा व्यवस्थित सामाजिक गुठीमा मर्दापर्दा गुठी सबभन्दा महत्वपूर्ण गुठी हो । यसलाई सनाथ गुठी पनि भनिन्छ । परिवारको कुनै सदस्यको देहावसान भएमा त्यसलाई सहयोग गर्न बनाइएको गुठी सनाथगुठी हो । स्वजातिभित्र मात्र

यस गुठीले सहयोग गर्दछन्। आफ्नो स्वजातीयबीच यस गुठीले धनी, गरीब, निर्बल र बलियाको भेदरहित सबैलाई समान व्यवहार गरिन्छ। देवाली गुठीको नियम यसमा पनि लागू हुन्छ। आफ्नो जातिबाहिरका भएमा यस सनाथ गुठीले सहयोग गर्दैनन्। यस्तो अवस्थामा नगर वा टोलका गुठीबाट सहयोग पुऱ्याइन्छ।

### ४.५.२ ग्राम वा नगरगुठी (टोलगुठी)

नेवारको वस्तीमा पनि सङ्गठन रहेको हुन्छ। गाउँमा ग्राम सङ्गठन र नगरमा नगर सङ्गठन। दुवैको संरचना र उद्देश्य एकै किसिमका हुन्छन्। यहाँ प्रमाण, महा, द्वारे, शिष्ट आदि गरी पाँचको एक सङ्गठन रहेको हुन्छ। यसले परिवारले आपसमा सुल्झाउन नसकेको विवाद, मुद्दा मामिलालाई सुल्झाउने गर्दछ। यो ग्राम वा नगर पञ्चायत पद्धति हो। परिवारमा आपसी विवाद प्रायः जग्गाजमीन, घर अंशबण्डा, परिवारिक बिमेल, पारपाचुके, अनैतिक सम्बन्ध, चोरी, बेइमानी, उत्तराधिकारी, मुआब्जा इत्यादि यस नगर, ग्राम वा वस्तीको सङ्गठनले गर्दछन्। पञ्चायतमा पाँचजनाको एक समूह हुन्छ, जसमा प्रमाण मुख्य व्यक्ति हुन्छ। यसले दोषी पक्ष केलाई दण्ड, जरीवाना, सम्झाई बुझाई, मिलापत्र गरिदिने काम गर्दछ। पञ्चायतको आदेश नमान्नेलाई सामाजिक बहिष्कारसमेत गर्न सक्दछ। नेवार वस्तीमा यस्ता अवशेषहरू अझै रहेका छन्। काठमाडौंका प्राचीन नगरको ३२ टोलमा नेवार महर्जन समाजको सङ्गठन अति नै प्राचीन र बलिया छन्। महर्जनहरूमा टोल वा नगरबाट निष्काशन गर्नुलाई साह्रै अपमानित सामाजिक दण्डको रूपमा लिइन्छ।

व्यक्ति परिवारको सदस्य हो। घरको नीतिनियममा रहेको हुन्छ र घरमूलीको नियन्त्रणमा रहेको हुन्छ। घरभित्रको काइदा, परम्परा, प्रथा उल्लङ्घन गरिएमा यस्ता सदस्यलाई घरबाट निकाल्न सकिन्छ। तर उ परिवारसँग नजिक रहेकै हुन्छ। नसुधारिएको अवस्थमा परिवारबाट पनि हटाइन्छ। त्यसबाट पनि नसुधारिएका व्यक्ति समाजबाट पनि हटाइन्छ। नेवार समाजमा टोलवासीको रूपमा समाजको विकास भएका छन्। टोलबाट बहिष्कार गरिएका व्यक्ति सामाजिक बहिष्कार गरिएको मानिन्छ। नेवार समाजमा यसखाले सामाजिक बहिष्कार राज्यको कानूनभन्दा पनि कडा दण्डको रूपमा लिइन्छ।

## ४.६ सामाजिक न्याय प्रणाली

नेवार समाजमा प्रचलित प्रथालाई उल्लङ्घन गर्नु अपराधको रूपमा लिइन्छ। अपराध ठूलो/सानो जस्तो भए पनि त्यसको दण्डको भागी बनाइन्छ। अपराधीको पहिचानपछि सार्वजनिक सुनुवाईको मौका पनि व्यवस्था गरिएको हुन्छ। त्यसका लागि एक निश्चित स्थानको व्यवस्था गरिएको हुन्छ।

### ४.६.१ अपराध

नेवार समाजमा परिवार, समाज, राज्यद्वारा निर्धारित अपराधमा भिन्नता रहेको छ। नेवार समाजमा पुलिस आउनु एक ठूलो अपमान सम्झिइन्छ। त्यसैले अपराध हुने कुनै गतिविधि हुनबाट बचाउन घरपरिवार र समाज सजग रहेका हुन्छन्। यस्तो अवस्थामा पनि घट्ने अपराध स्वरूप यस प्रकारको रहेको पाइन्छ ।

**पारिवारिक अपराध**

१. अशक्त आमा, बुवा, वा वृद्धवृद्धाप्रति अपहेलना गर्नु,
२. आफ्ना बालबच्चाप्रति जिम्मेवारी पूरा नगर्नु,
३. संस्कार पूरा नगर्नु,
४. हाडनाता पर्नेबीच विवाह गर्नु (सात पुस्ताभित्र)

**सामाजिक अपराध**

१. चोरी, ठगी, बेइमानी गर्नु,
२. डकैती, हत्या अपराध गर्नु,
३. जबर्जस्ती करणी,
४. अनमेल विवाहको सम्बन्धमा।

**राज्यको अपराध**

१. आफ्नो जातीय पेशाको सट्टा अन्य जातिको परम्परागत पेशा अपनाउनु,
२. आफ्नो भूमि, धर्म संस्कृतिमा आघात पर्ने क्रियाकलाप गरिएमा,
३. राज्यबाट संरक्षित पानीको स्रोत, कुला, बाटो, पूल, नगर सुरक्षा पर्खाल आदि बिगारेमा ।

**५.६.२ सामाजिक दण्ड सजायँ**

नेवार समाजमा शान्ति र अमनचयन अपराधलाई न्यूनीकरण गर्न अपराधको प्रकृति हेरी विभिन्न किसिमका दण्डको व्यवस्था गरिएको हुन्छ। अपराधीलाई राज्यको कानूनमा जानुअघि नै आफ्नो जातीय प्रथाजनित कानूनबाट समाधान गर्ने प्रयास गरिन्छ। अपराधीलाई अन्तिम सामाजिक दण्ड भनेको सामाजिक बहिष्कार गर्नु हो । जुन निम्न प्रकारका छन्:

**पहिलो सजायँ**

१. समाज, परिवारमा माफी माग्नु, गल्ती स्वीकार्न लगाउनु,
२. गल्तीको प्रकृति हेरी दण्ड, जरीवाना गर्नु ।

**दोस्रो सजायँ**

१. घर, परिवारबाट निकालिनु,
२. जातबाट निष्काशित गर्नु: जातबाट निकाल्नु भनेको नेवार समाजमा आफ्नो कूलदेवता र आँगनदेवताको सामुहिक पूजाबाट वञ्चित गराउनु नै आफ्नै परिवारबाट निष्काशित गरिनु हो ।
३. समाजबाट निस्काशित: समाजबाट निकालिनु गुठीबाट निकालिनु ।

**तेस्रो सजायँ**

१. टोलबाट निकालिनु
२. देशबाट निकालिनु: देशबाट निकाल्नु भनेको नगरसीमाबाट निकालिदिनु हो ।

३. डाँडा कटाउनुः नेवार समाजमा गरिने ठूला अपराधीहरूलाई अन्तिम सजाय भनेको डाँडा कटाउनु हो । यसलाई हाकु गुँपितनेगु भनिन्छ ।

**५. प्रथाजनित कानून र राज्यको मान्यता**

नेपालको इतिहासमा सामाजिक सुधार गर्ने पहिलो शासक राजा जयस्थिति मल्ल हुन् । लिच्छवी शासनकालमा नेपालमा वर्णाश्रमको आधारमा सामाजिक क्रियाकलापहरू हुन्थे । लिच्छवी शासनकालमा नेपालको समाज चारवर्ण २८ जातमा विभाजित थिए ।

नेपाली समाजमा सुधार ल्याउन पाँचजना कट्टर हिन्दु ब्राह्मणहरू कीर्तिनाथ उपाध्याय, मैथली ब्राह्मण रघुनाथ झा, रामनाथ झा, दक्षिण भारतका ब्राह्मण श्रीनाथ भट्ट र मदीनाथ भट्ट भएको एक टोलीको सल्लाहअनुसार राजा जयस्थिति मल्लले ने.सं. ५१५ मा नेपालमा जातीय व्यवस्थालाई सुधार गरेका थिए । ब्राह्मणले यजमानी, क्षेत्रीले राज्यकालको स्थिति, श्रुद्धमारको बेपार यति अरूले गर्न हुँदैन । त्यस्तै चित्रकारले चित्रकारी, सालमीले तेल पेल्नु, छिपाले कपडा रङ्गाउनु, भाटले नबुर गाउँनु, गठरमालीले फूल बेच्नु, खुसलले डोली बोक्नु, योगी भेखधारीले मागीखानु, लोहकर्मीले ढुङ्गाको काम गर्नु, नकर्मीले फलामको काम गर्नू, सिकर्मीले काठको काम गर्नु, ज्योतिषीले जोतिषको काम गर्नु, कुम्हालेले माटोको काम गर्नु, टटीले कात्रो बुन्नु, कसाईले मासु बेच्नु, नाऊले कपाल खौरनु र नङ काट्नु, भंडेलले पाक गर्नु, कशतले काँसको काम गर्नु, तमोटले तामाको काम गर्नु, बाँडाले सुनचादीको काम गर्नु, बौद्धाचार्य गुभालले चित्रकारी र साल्मी छिपा भाथ गठ लोहकर्मी कुम्हाले नाउ बाँडाको यजमानी गर्नू भनी स्थिति बाँधिदिए ।

माथि बाँधिएका जातीय व्यवस्था नमान्नेलाई दण्डसजायँको समेत व्यवस्था गरिदिएका थिए, जसअनुसार ब्राह्मणले काम बिराए रु.१,०००।-, आचार्यले काम बिराए रु.५००।-, गुभाजूले काम विराए रु.५००।-, ज्यापूलाई रु.२५।-, सुढिनीलाई रु.२५।-, पिछिनीलाई रु.१२।-, नाउँलाई रु.१२।-, भाटलाई रु.१२।-, कहारलाई

रु.१२।-, कुम्हाललाई रु.१२।-, चित्रकारलाई रु.१२।-, कसाईलाई रु.१२।-, पोडेलाई रु.१२।-, दण्ड गर्नु र यजमाले काम बिराए रु.१,०००।- (हजार) दण्ड जारीवाना गर्नु भनी जातीय कानून बनाइदिए । यसले सबै जातको कूलाचार कार्यहरू परापूर्वमा चलेबमोजिम गर्न कानून मजबूत गरिदिए *(बूढाथोकी, २०३९:७)* ।

नेपालमा मल्ल शासकका संस्थापक जयस्थिति मल्लजस्तै राणाशासकका संस्थापक जङ्गबहादुर राणा हुन् । जयस्थिति मल्लले जस्तै नेवार समाजका लागि जङ्गबहादुरले छुट्टै कानूनको व्यवस्था गरिदिएका थिए । प्रधानमन्त्री जङ्गबहादुर बेलायत भ्रमणबाट नेपाल फर्केपछि सर्वप्रथम लिखित कानून तयार गर्न २३० सदस्य भएको एक कौसलको स्थापना गरे, सो कोसलले वि.सं. १९१० मा 'मुलुकी ऐन' बनायो (*आचार्य, २०३९:२२४)* ।

यस मुलुकी ऐनमा 'नेवार जातको ऐन' भनी छुट्टै व्यवस्था गरिएका थिए । ई.१९३५ (सं.१९९२) सम्ममा अघिदेखि प्रचलित मुलुकी ऐनलाई ई.१९४८ (सं.२००५) सम्म भएका थपघट जतिलाई सोहीअनुसार मिलाई छापी पुनः ई.१९५२ (सं.२००९) मा त्यसको प्रकाशन भएको मुलुकी ऐनको पुरानो किताब हेर्दा थाहा पाइन्छ । नयाँ मुलुकी ऐन जारी हुनुअघि यहीं मुलुकी ऐन प्रचलित रहेको थियो । यो मुलुकी ऐन ५ भागमा नेपाली कागजमा प्रकाशित छ । त्यसको पाँचौ भागमा ७५ देखि ८२ पृष्ठसम्म यो 'नेवार जातको ऐन' छापिएको छ । जसमा जातीयता, करणी, विवाहसम्बन्धी, सन्तान जन्मसम्बन्धी सामाजिक रीतिसम्बन्धी आदि रहेका छन् । यस कानूनको उल्लङ्घन गरेमा दण्डसजायँ निम्नानुसार उल्लेख गरिएको छ ।

क. नेपाली मल्ल जातको ८० रूपैयाँ
ख. थरघर र असल श्रेष्ठ जातको भए ७० रूपैयाँ
ग. असल श्रेष्ठदेखि मुनि अरू श्रेष्ठ जातको र बाँडा उदासलगायत ज्यापूदेखि माथिका जातको भए ६० रूपैयाँ ।
घ. ज्यापू जात र ज्यापूसरहका अरू गैह्रजातको भए ४० रूपैयाँ ङसाल्मी, नकर्मी, छिपा, माली, खुसल, मुसल, डुया, चित्रकारी गैह्र यी ७ जात र यिनैसरहका अरू गैह्रजातको भए ३५ रूपैयाँ दण्ड सजायको व्यवस्थाको

उल्लेख रहेको छ। त्यस्तै त्यस ऐनमा कसाई, कुसले, कुलु, दोङलाई १५ रूपैयाँ। पोडे, च्यामे खलकलगायतका जातलाई १० रूपैयाँको दण्ड सजायँको उल्लेख रहेको छ *(रेग्मी, २०३५:२४)*।

नेपालको इतिहासमा आदिवासी नेवारको परम्परागत कानूनका जातीय र सामाजिक पक्षलाई राज्यले पनि महत्व दिएको यी कानूनहरूबाट पुष्टि हुन्छ। राणा शासनको अन्तसँगै यस्ता जातीय कानून प्रत्यक्ष रूपमा अन्त्य भए पनि व्यवहारमा आजसम्म निरन्तर कायम रहेको छ, जुन आजसम्म परम्परागत कानूनको मान्यताको रूपमा नेवार समाजमा चलिरहेको छ।

## ६. निष्कर्ष

आदिवासी जनजातिको प्रथा एक यस्तो समाजिक नियम हो, जसको पालना नैतिकताको आधारमा सहर्ष स्वीकारी अपनाइएका हुन्छन्। समाज व्यवस्थित र नियन्त्रण गरिराख्न यस्ता सामाजिक नियम र प्रथाको सृजना गरिएको हुन्छ। लामो समयदेखि अवलम्बन गर्दै आएका, स्वेच्छाले अभ्यास गरेका र कसैले जबर्जस्ती नगरेका तत्व नै सामाजिक प्रथाको रूपमा स्थापित भएका हुन्छन्। यस्तो समाजिक जातीय प्रथालाई समाजका कुनै सदस्यले जबर्जस्ती नाघ्न सक्दैन। मानव समाजमा कुनबेला के गर्नु हुन्छ, कुनबेला के गर्नु हुँदैन भनी परम्परागत आचारसंहिता बनाइएको हुन्छ। यसलाई राज्यको कानूनले बाध्य बनाइएको हुँदैन।

जहाँ नेवारहरूको प्राचीन वस्ती रहेको हुन्छ त्यहाँ नेवारहरूको परम्परागत संस्था कुनै न कुनै रूपमा हुन्छ। ती संस्थाहरू गुठीको रूपमा रहेका हुन्छन्। यसले यिनीहरूको साँस्कृतिक, धार्मिक, सामाजिक, पारिवारिक र राज्यबाट सञ्चालित परम्परागत पर्व, पूजा, संस्कृतिसमेत गुठीबाट सञ्चालित हुन्छन्। गुठी नेवार समाजको मौलिक पहिचान हो। यो एक सबल संस्था पनि हो।

नेवार समाजलाई कुनबेला के गर्नु हुन्छ ? के गर्नु हुँदैन भनी आचारसंहिता बनाइएको छ। यस्ता आचारसंहिता परिवार, समाजमा स्वेच्छाले पालन गरिँदैआएका

छन् । यस्ता आचारसंहिताको रूपमा अपनाइएको नेवारको प्रथाजनित कानूनमध्ये कतिपय राज्यको कानूनबाट मान्यता पाइएको छैन भने कतिपय प्रथालाई राणा शासनकालसम्म कानूनी मान्यता पाएका थिए । नेपालमा शाहवंशीय राजा महेन्द्रले एकतन्त्रीय पञ्चायती शासन अपनाएपछि राणा शासनकालसम्म कानूनले मान्यता पाएका नेवारको प्रथाजनित कानून अर्थात् परम्परागत कानून सधैंको लागि अन्त गरियो । त्यसबेला कानूनी मान्यता पाएका नेवारको प्रथाजनित कानून भनेको नेवारको जातीय प्रथा र गुठी नै थियो । जातीय प्रथाले नेवार जातिमा रहेको परम्परागत पेशाको सुरक्षा गरी नेवार जातिभित्रका सम्पूर्ण समूहलाई एक आर्थिक आधार सुनिश्चित गरिराखेका थिए । जस्तै पोडे, द्यला, च्यामेहरूबाट नगरको सरफाई गर्ने परम्परागत पेशा थियो । गथु अर्थात्, मालाकारहरूले फूलको व्यवसाय गर्थे, बाँडाहरू सुनको गहना बनाउँथे, डंगोलहरू जग्गाको नापी गर्थे, नकर्मीहरू फलामको काम गर्थे, नापितहरू कपाल काट्ने गर्थे आदि । यस्ता व्यवसाय अन्य जातिले पनि गर्न स्वतन्त्रता पाएपछि यिनीहरूको जीवनयापन गर्ने आर्थिक आधारमा अतिक्रमण शुरु हुनथाल्यो । कतिजनाले होचो व्यवसाय भनी छोडे पनि वैकल्पिक रोजगार पाउन नसक्नेलाई यसले ठूलो असर पारिदिएको छ र पलायनसमेतको बाध्यता आएको छ । यसले परम्परागत पेशाबाट सृजित नेवारको विविध जातीय प्रथाको पहिचान पनि क्रमिक रूपमा हराउन थालेको छ । यसर्थ, नेवारको कतिपय राम्रा प्रथाजनित कानूनको अध्ययन गरी राज्यले कानूनी मान्यता दिएमा काठमाडौं उपत्यकाको आदिवासी जनजाति नेवारहरूको स्वपहिचान र अस्तित्व जोगाइराख्नसमेत सहयोग पुऱ्याउँदछ । साथै राज्यलाई विकासको पूर्वाधारमा यी जातीय प्रथाले टेवा पुऱ्याउँदछ ।

**सन्दर्भग्रन्थ सूची**

आचार्य, बाबुराम (१०९९ यल ने.सं) *नेवा:, नेवा:भाय् व संस्कृति,* यल: साहित्यया मूलुखा ।

आचार्य, यज्ञनाथ (२०३९) *नेपालको इतिहास,* काठमाडौं: कुन्जन आचार्य ।

उपाध्याय, श्रीरामप्रसाद (२०५६) *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं: रत्न पुस्तक भण्डार ।

बज्राचार्य, धनबज्र (२०३०) *लिच्छवीकालका अभिलेख,* काठमाडौं: नेपाल र एशियाली अध्ययन केन्द्र ।

बूढाथोकी, चन्द्रविक्रम (२०३९) *जयस्थिति मल्लको सामाजिक सुधार,* ललितपुर: साझा प्रकाशन ।

चालिसे, पुष्पराज (२०४८) *नेपालको पुरानो इतिहास र सभ्यता,* काठमाडौं: रत्न पुस्तक भण्डार ।

तिलारा, कुँवर सिंह (१९८९) *सामाजिक एवं साँस्कृतिक मानवशास्त्र,* लखनउ: प्रकाशन केन्द्र ।

माथेमा, केदारभक्त (२०६५) *नेपालमा गुठीको महत्व र उपादेयता,* काठमाडौं: नेपाल गुठी संरक्षण पुच: ।

राजवंशी, शंकरमान (२०२०) *भक्तपुर शिलालेख सूची,* काठमाडौं: श्री ५ को सरकार पुरातत्व र संस्कृति विभाग ।

रेग्मी, जगदीशचन्द (२०३५) *नेवारी संस्कृतिको रूपरेखा,* काठमाडौं: अफिस अफ नेपाल एन्टिक्वेरी ।

रेग्मी, जगदीशचन्द्र (२०३९) *नेपालको ऐतिहासिक भूगोल,* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र त्रिवि ।

श्रेष्ठ, रेवतीरमण (ने.सं. ११२१) *नेवाः,* यलः साहित्यया मूलुखा ।

विद्याभूषण र डीआर सचदेव (१९९३, प्र सं. १९७९) *समाजशास्त्रके सिद्धान्त,* इलाहाबादः किताब महल ।

Central Bureau of statistics (2003) *Population Monograph of Nepal (Vol I)*, Kathmandu: HMG National Planning Commission Secret.

Central Bureau of statistics (September 2003) *Population Census 2001, Cast/Ethnicity/Mother Tongue and Religion (District Level)*, Kathmandu: HMG National Planning Commission Secret.

# तेह्र मुखिया प्रणाली

## थकाली जातिको परम्परागत संस्था

– जुनु गौचन

**भूमिका**

थकाली जाति नेपालका ५९ आदिवासी जनजातिमध्ये एक हो । थकाली समुदायको आफ्नो पृथक पहिचान रहेको पुष्टि शारीरिक, साँस्कृतिक, सामाजिक, धार्मिक, भाषिक, भेषभुषाको साथै परम्परागत स्वायत्त स्वशासनको व्यवस्था तेह्र मुखिया प्रणालीको अभ्यास र निरन्तरताले देखाउँछ भन्ने प्रमाणहरू प्रशस्तै देख्न सकिन्छ । थकालीहरूले आफ्नो मौलिक संस्कार, संस्कृति तथा स्वायत्त स्वशासन र प्रथाजनित कानूनको व्यवस्थालाई विगतको लामो समयदेखि संरक्षण र सम्बर्द्धन सँगसँगै त्यसका मूल्यमान्यताहरूलाई अँगाल्दै आएको ऐतिहासिक प्रमाणहरूले स्पष्ट पार्दछ । नेपालको विगत २४० वर्षसम्म एकात्मक शासन व्यवस्था लादिनु, एउटै भाषा, संस्कार, संस्कृति, धर्म र एउटै जातिको एकाधिकारले गर्दा हिन्दुकरण, हिन्दुसंस्कृतीकरण र नेपालीकरणको आन्तरिक साँस्कृतिक साम्राज्यवादको दवाव सामना गर्दै स्थानीय स्वायत्त स्वशासन तेह्र मुखिया प्रणाली र न्यायिक व्यवस्था धर्म पंचायतको माध्यमबाट आफ्नो आदिवासीय सामाजिक, साँस्कृतिक र राजनैतिक पहिचानलाई बचाएर राख्न सक्नु समग्र थकाली समुदायको निमित्त एक ठूलो उपलब्धि हो ।

थकालीहरूको थातथलो मुस्ताङ जिल्लाको दक्षिणी भेग थाक सातसयमा विद्यमान तेह्र मुखिया प्रणाली बारे संक्षिप्त अध्ययन गर्दा त्यस क्षेत्रमा कूल जनसंख्या २,००० जसमा थकालीहरू ५०० को हाराहारीमा रहे तापनि तेह्र मुखिया प्रणालीको अस्तित्व र मुखियाहरूको स्थान उही नै छ, जो परापूर्वकालमा थियो । जिल्ला, अड्डाअदालत रहे तापनि त्यहाँका स्थानीय बासिन्दा थकाली तथा गैरथकालीहरू

न्याय निसाफको निमित्त पहिलो प्राथमिकता उजुरी हाल्न धर्म पंचायतमा नै जाने गर्दछन् । यस अर्थमा, राज्यको सरकारी संरचना अड्डाअदालत यस क्षेत्रमा रहे तापनि जनताको विश्वास जितेको तेह्र मुखिया प्रणाली प्रथा नै सर्वेसर्वा देखिन्छ। यसबारे अध्ययन गर्दा के देखिन्छ भने तेह्र मुखिया प्रणालीको कानून अर्थात्, मूल बन्देज बन्ने प्रक्रिया अत्यन्तै प्रजातान्त्रिक रहेको देखिन्छ। आफैंले आफ्नो निम्ति कानून (मूल बन्देज) बनाउने त्यसैको दायराभित्र रहेर भोगचलन गरिने भएकाले गर्दा पनि यसको नियम अन्य जिम्मेवाल मुखियाभन्दा फरक देखिन्छ।

यसर्थ थकालीको परम्परागत संस्था तेह्र मुखिया प्रणाली हालको अवस्थामा सक्रिय र अस्तित्वमा रहे तापनि विविध कारणले यो सङ्कटको अवस्थामा छ। कारण, सरकारी स्तरबाट यसले मान्यता नपाउनु, संरक्षणको नामबाट गठित संस्थाहरू जस्तैः अन्नपूर्ण वन संरक्षण (ACAP) ले स्थानीय मूलवासीलाई प्राकृतिक स्रोतसाधनबाट वञ्चित गराउनु, गा.वि.स., जि.वि.स. मा जाने बजेटमा कुनै पहुँच नहुनु आदि आयआर्जन हुने ठाउँमा पहुँच नहुनु वा भनौं खोसिनुले वर्तमान अवस्थामा यो संस्थालाई संरक्षण र सम्बर्द्धनको खाँचो देखिन्छ।

थकाली आदिवासीहरूले शदियौंदेखि मान्दै आइरहेको तेह्र मुखिया प्रथा सामुहिक नेतृत्व र सहभागितामूलक समावेशीकरणको एक अनुकरणीय उदाहरण हो। मुखेयेली प्रथाद्वारा स्वशासन गर्दा मुख्यतः समग्र समुदायको हितलाई ध्यानमा राखेर गरिन्छ।

थकाली आदिवासीहरू रहेको स्वशासन र स्व-व्यवस्थापन गर्ने पद्धति तेह्र मुखिया प्रथा परम्परागत संस्था हो, जसले समग्र समुदायलाई एकीकृत र एउटै नियममा बाँध्ने काम गर्दछ। यी समुदायले सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक र न्यायिक पक्षलाई व्यवस्थित गर्ने नीतिनियम (मूल बन्देज) स्वयम् बनाँदछन् र पालना पनि गर्दछन्।

नेपाल सरकारले २०६४ भदौ ५ गतेका दिन ILO महासन्धि नं.१६९ लाई अनुमोदन गरिसकेकाले त्यसले प्रत्याभूत गरेको आदिवासीहरूको जल, जमीन र जंगलमाथिको

अधिकार, परम्परागत संस्थाद्वारा संरक्षित प्रथाजनित कानून र त्यसमा आधारित मौलिक प्रकारको भूमि प्रशासन तथा परम्परागत न्यायिक प्रणालीलाई बाध्यात्मक रूपमा मान्यता दिनु नै पर्ने भएकोले थकाली आदिवासीहरूको परम्परागत संस्था तेह्र मुखिया प्रथाले सरकारी मान्यता पाउनु नै पर्छ, जसको निम्ति यो अध्ययन अत्यन्त सान्दर्भिक र समय सापेक्षित रहनेछ ।

## १. ऐतिहासिक पृष्ठभूमि

हालको थासाङ (थाक सातसय) शाके सम्बत् १५८९ भन्दा अगाडिदेखि नै थाक खोप्चेनको नामले प्रचलित रहेको केही शताब्दिपछि यसमा परिवर्तन आएर थाकखोला (थासाङ) भन्ने प्रचलन रहेको देखिन्छ । करीब चार सय वर्षअगाडि हंसराजा नामक राजाले शासन गरेको वा भनौं त्यस क्षेत्रमा प्रभुत्व जमाएको इतिहासकारहरू मान्दछन् । हंसराजाका साथमा एकजना मन्त्री थापा जातका प्रभावशाली व्यक्ति थिए । उनैको निवासस्थान आसपासमा खोला थियो, थाक खोप्चेनको सीमा रक्षा गर्ने क्रममा शत्रुद्वारा मारिएको र यस क्षेत्रको गौरव राखेकाले थाकखोला (थापा खोला) नाम रहन गएको भनाई पनि पाइन्छ । अर्कोतर्फ थासाङ वा थाक खोला हाल पनि टुकुचे वस्तीको नजिक पश्चिमोत्तरपट्टिबाट बगेरआई कालीगण्डकीमा मिसिने गर्दछ ।

इतिहासलाई केलाउँदा थकाली जातिको पूर्खा हंसराजा र ठिनीको राजकुमारी ङिमा हुनसक्ने कतिपय विदेशी तथा नेपाली लेखकहरूको भनाई रहेको छ । यसरी हेर्दा जुम्लाको सिंजाबाट आएका हंसराजाले ठिनीको राजकुमारी ङिमासंग विवाह गरी जन्मिएको सन्तानको नामपछाडि 'चन' भन्ने शब्द थपिएको र पछि चार 'चन' अर्थात् गौचन, शेरचन, तुलाचन र भट्टचनले त्यस क्षेत्रमा स्वशासन गर्दै आइरहेको पाइन्छ । यो समय शाके सम्बत् १४४५ को आसपासमा रहेको इतिहासकारहरू मान्दछन् । हंसराजाको विवाह र सन्तानको रूपमा चार 'चन' विषयहरूमा अनुसन्धानको आवश्यकता रहे तापनि थाक खोप्चेन सानो भुरे राज्य रहेको कुरालाई समर्थन गरिएको तथ्य रहेको र त्यहींबाट नाम परिवर्तन हुँदै थाकखोला थकाली भाषामा थासाङ (थाक सातसय) रहन गएको हो भन्नेबारे विवाद देखिंदैन ।

वि.सं. २००७ देखि २०१७ सालको दशकमा देशविदेशका मानवशास्त्रीहरूको अध्ययन/अनुसन्धानको विषय थकाली जातिको संस्कार, इतिहास, धर्म, परम्परा र समग्र समाजको बारेमा रहे तापनि थकाली जातिको इतिहास, पूर्खाको स्पष्ट विवरण दिन नसकेको देखिन्छ। यी मानवशास्त्रीहरूले थकाली जातिको पूर्खाको रूपमा चार प्रकारको परिकल्पना गरेका छन्:

(क) भोटे पूर्खा
(ख) ठकुरी पूर्खा
(ग) तामाङ पूर्खा
(घ) वर्णशङ्कर पूर्खा

यसैगरी थकाली जातिको उत्पत्तिको सन्दर्भमा कुनै पनि इतिहास क्रमबद्ध रूपमा नलेखिए तापनि केही ऐतिहासिक तथ्यहरूको आधारमा थकाली जातिको इतिहासको काल पाँच कालखण्डमा विभाजन गरिएको पाइन्छ।

(क) गुफा वस्तीकालीन थाक खोला (८०० ई.पू.),
(ख) सरिव राज्यकालीन थाकखोला (७ औं शताब्दिदेखि १४औं श.ईस्वी),
(ग) ञ्हवकालीन थाकखोला/खोप्चेन (१४ औं शताब्दिदेखि १५८० वि.सं),
(घ) जुम्ला तथा पर्वत अधीनस्थ थाक सातसय र
(ङ) स्वशासित थाक सातसय।

उल्लिखित कालखण्डको आधार लिखित, अलिखित इतिहासले पनि पौराणिक र ऐतिहासिक रूपमा महत्वपूर्ण क्षेत्र थासाङ, थाकखोला नामकरण रहेको यस क्षेत्रको विभिन्न किसिमबाट वर्णन गर्न सकिन्छ र वर्तमान अवस्थामा यहाँ बस्ने आदिवासी जनजातिको संस्कृति, सभ्यता र पहिचानसंग जोडिएको राजनीतिक संस्था-धर्म पञ्चायत स्वायत्त शासन व्यवस्थाअर्न्तगतको आदिवासीय शासन पद्धति तेह्र मुखिया प्रणाली, जसको अर्को रूप प्रजातान्त्रिक विधि रहेको पाइन्छ। यस विषयमा अध्ययन/अनुसन्धान हुन अति आवश्यक देखिन्छ।

## २. विशेषता

- आफ्नो छुट्टै परम्परागत मौलिक सामाजिक संस्कार र संस्कृति भएको ।
- आफ्नो छुट्टै परम्परा, आर्थिक व्यवस्था (ढिकुर), न्यायिक तथा राजनीतिक (तेह्र मुखिया प्रणाली) स्वायत्त स्वशासन व्यवस्था रहेको ।
- व्यापार, व्यवसायमा कुशल, परिश्रमी र मिलनसार, बुद्धि, विवेक, दूरदर्शिता, ज्यादै गहकिलो र प्रशंसनीय व्यवहार रहेको आदिवासी समुदाय थकालीहरूको प्रमुख विशेषता हो ।

## ३. जनसङ्ख्या

वि.सं.२०६८ सालको जनगणनाअनुसार थकालीहरू १३,४५२ (जसमा पुरुष ७,०९३, महिला ६,३५९) को सङ्ख्यामा रहेका छन् ।

## ४. न्यायमा पहुँचको अवस्था

थकाली समुदाय एकताको प्रतीकको रूपमा चिनिन्छ । आपसमा जे-जस्तो भए पनि सामुहिक हित र पहिचानको निम्ति सङ्गठित भएको देखिन्छ । आदिवासी समुदायको परम्परागत संस्था तेह्र मुखिया प्रथाको अभ्यासले थाक सातसय क्षेत्रमा मात्र सीमित नरहेर व्यापार व्यवसाय गर्ने क्रममा देश, विदेशको विभिन्न ठाउँमा छरिएर बसेता पनि कुनै पनि विवाद, झैंझगडा, पारपाचुके, सम्पत्तिसम्बन्धी समस्या समुदायभित्र आइपरेको खण्डमा प्रायः थकाली सेवा समितिले नै सुल्झाउने गरेको देखिन्छ । तर पनि चित्त नबुझाएर थकाली समुदायभित्र पनि कोही-कोही अदालत जानथालेको उदाहरण पाइन्छ ।

थकाली आदिवासीहरूको आफ्नै मूलबन्देज (सामाजिक नियमावली) छ, जसअन्तर्गत आफ्ना भाषा, रीतिथिति, चाडपर्व, संस्कृतिको उचित संरक्षण, सम्वर्द्धन र समृद्ध पार्नको निम्ति क्रियाशील रहिआएको देखिन्छ । थाक सातसय (थासाङ) क्षेत्रबाट अन्यत्र बसाइँसराई गर्ने क्रम वृद्धि भएपछि २००७ सालको राजनीतिक परिवर्तनको बदलिँदो परिस्थितिलाई ध्यानमा राखी विभिन्न स्थानमा बसोवास गर्ने सम्पूर्ण

थकाली समुदायहरूको एकतालाई संरक्षण गरी निरन्तर रूपमा अघि बढ्न वि.सं. २०११ सालमा पोखरा र क्रमशः काठमाडौं, भैरहवा, बुटवललगायत १७ क्षेत्रमा थकाली सेवा समिति विशेष गरी थकाली समुदायको सङ्गठित संस्था गठन भएको पाइन्छ । यिनै समष्टिगत संगठनात्मक क्रियाकलापलाई निरन्तरता दिदै र समय परिवर्तनसँगै परिमार्जन गरी समग्र थकाली समुदायलाई एकताको सूत्रमा बाँध्नु र आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक र न्यायिक पक्षहरूमा समुदायको हित, कल्याण र एकताको लागि वि.सं. २०४० सालमा बसाइँसराई गरेको समग्र थकाली जातिमा मूलबन्देज लागू गरी कार्यान्वयन गर्ने हेतु थकाली सेवा समितिको केन्द्रीय तथा क्षेत्रीय संरचना खडा गरिएको पाइन्छ *(थ.से.स. नेपालको विधान, २०४९)*।

## ५. स्वशासित थाक सातसय, थाकखोला

आदिवासी थकाली जाति (चार चन) को स्वायत्त शासन थाकखोला, थाक सातसय, थाक खोप्चेन, थासाङलगायतका नामकरण गरिएकामा त्यस क्षेत्रमा स्वशासनको व्यवस्था रहेको, केही परिवर्तन आए तापनि विधि स्वायत्त शासन नै रहेको विविध लेख/रचना, ऐतिहासिक दस्तावेज र नेपालको इतिहासबाट प्रष्ट हुनआउँछ ।

थाक सातसयमा मुखेली प्रथा (हालको स्वरूप) करीब वि.सं. १६५०/६० को समयमा मल्लकालीन र बाइसे चौबीसे राजारजौटाको समयमा प्राप्त लालमोहर लागेको सीमाना निर्धारणसम्बन्धी दस्तावेजबाट थाहा लाग्दछ । थाक सातसय (थासाङ) को सीमाना चार किल्लाभित्र पर्ने गरी पूर्वमा रगते ओडार, पश्चिमा सूर्ती चढाउने देउराली र चिम्खोलाको धुरी, उत्तरमा घोङक्यू खोलाको शीर धोसुक डाँडा र गुराँसे डाँडा, दक्षिणमा बाँदरजुङ तुरतुरेपानी, धरमढुङ्गा र धुल्याहाको ओडारजङ्ग पर्दछ ।

मल्लकालीन वा बाइसे-चौबीसेको समयमा मुखियालाई 'क्ह्म्ब' त्यसपछि 'बूढा' भन्ने प्रचलन रहेको पाइन्छ । नामाकरण जे गरे तापनि काम, कर्तव्य र अधिकारमा गाउँको सीमाना, चरिचराउ, वनजङ्गल, पानी, घाटजस्ता प्राकृतिक स्रोतसाधन र

सामाजिक-साँस्कृतिक पक्षमा चाडपर्व, संस्कार र विवाद/झगडाहरूको नियम-उपनियम बनाएर सामुहिक सहभागितामा नेतृत्व चलाएको देखिन्छ भने नेपाल एकीकरण भएपश्चात् वि.स. १८१०/१५ देखि शाहवंशीय राजाको सरकारबाट विविध कामहरू मुखियाहरूबाट गराइएको देखिन्छ। जो विविध दस्तावेज, भनाइहरू, किम्बदन्ती, कथन र इतिहासबाट प्रष्ट हुनजान्छ। जुनसुकै शासकको शासनभित्र रहन बाध्य भए तापनि मुखेली प्रथाको भूमिका र अस्तित्व समान रहेको, अत्यन्तै प्रजातान्त्रिक प्रक्रियाबाट समग्र गाउँवासीको सहभागितामा मूलबन्देज बनाई कसैको अधिकार हनन् नहुने किसिमको विधि अपनाइएको विशेषता तेह्र मुखिया प्रथाभित्र देखिन्छ।

तेह्र मुखिया अन्तर्गत पर्ने स्वायत्त पञ्चायतद्वारा स्वशासित क्षेत्र हालको ४ गा.वि.स अन्तर्गत तेह्र गाउँ रहेको छ। जसको नाम निम्न अनुसार छः

१. टुकुचे, २. खन्ती, ३. कोबाङ, ४. लारजुङ, ५. नाउरी कोट लारजुङ, ६. भुर्जुङ कोट, ७. धम्बु, ८.टीटी, ९. ताउलुङ, १०. कुन्चो, ११. घाँसा, १२. लेते, १३. नाकुङ गाउँ पर्दछन्।

१३ गाउँको क्षेत्रभित्र बस्ने सम्पूर्ण जाति र अन्य जनजातिहरूलाई ५ प्रकारले विभाजन गरिएको छः

१) कुरियाः आदिवासी थकाली जाति पर्दछन्।
२) फट्केः बाजेको पालादेखि बस्दै आएको जनजाति।
३) सुकुम्बासीः गरिखान आएको, कुनै अचल सम्पत्ति नभएको समुदाय, जसलाई थकाली भाषामा आराङसे कराङसे भनेर सम्बोधन गरिन्छ।
४) दलितः पुर्खौंदेखि बस्दै आएका थकाली समुदायको परम्परागत सामाजिक, साँस्कृतिक पक्षमा अभिन्न अंगका रूपमा कार्यरत। अधिकांश दलितहरू थकाली भाषामा पोख्त छन्।
५) आप्रवासीः मजदुरी गर्न आउनेहरू।

मुस्ताङ जिल्लालाई चार समूहमा विभाजन गरिन्छः

१) थाकखोला (थाक सातसय, थासाङ)
२) मार्फा
३) तीनगाउँले
४) बाह्रगाउँले, लोमान्थाङ

## ५.१ क्षेत्राधिकार

इतिहासमा उल्लेख भए अनुसार मल्लकालीन र बाइसेचौबीसे राजारजौटाको समयदेखि नै थाक सातसय (थासाङ) को सीमाना निर्धारण भएको लालमोहर लागेको कागजबाट थाहा पाउन सकिन्छ। उक्त लालमोहर सीमा कागजको आधारमा थाक सातसयको सीमाना यस प्रकार छ,- पूर्वमा रगते ओडार, पश्चिममा सूर्ती चढाउने देउराली र चिम्खोलाको धुरी, उत्तरमा ढोङ्क्यू खोलाको शीर, ढोसुकडाँडा र गुराँसेडाँडा र दक्षिणमा बाँदरजुङ, तुरतुरेपानी, धरमढुँगा र धुल्याहाको ओडार पर्दछ, जसको क्षेत्रफल ६० वर्ग किलोमिटर र समुन्द्र सतहदेखि ५,५०० देखि ७,५०० फीटको उचाईमा रहेकोछ ।

थकाली जातिको पुर्ख्यौली थलो थाक कोवाङ र लारजुङ गाउँलाई केन्द्र पारेको छ । यस केन्द्रको परिसरभित्र, आसपासमा थकाली जातिको धर्म, संस्कार, संस्कृति, इस्टदेव देवीको धरोहरहरू छन् (४ देवी देवताको थान वा मन्दिर न्हरसाङ गुम्बा, ४० क्ह्यूको खिमी घर, पुङक्युओडार, म्हरसाङ क्ह्यू आदि) । मुखियाहरूको बैठक बस्ने सामुदायिक भवन (ह्युलत्हिम) पनि यसै क्षेत्रमा रहेको छ। जहाँबाट तेह्र मुखियाहरूले तेह्र गाउँको सम्पूर्ण सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, जातीय तथा स्थानीय सामुदायिक चाडपर्वको कार्यक्रम तर्जुमा गरी सञ्चालन गरेको पाइन्छ ।

## ६. प्रथाजनित कानून

### ६.१ परिचय

हरेक आदिवासी जनजातिहरूको आफ्नो मूलथलो हुन्छ । त्यसैगरी थकालीहरूको मूलथलो थाक सातसय (थासाङ) क्षेत्र हो । थाक सातसय क्षेत्र थकाली जातिको उत्पत्ति, धर्म संस्कृति र थकाली सामाजिक परम्पराहरूको उद्‌गमस्थल मानिन्छ । थकाली जातिहरूको संस्कारले समग्र समुदायलाई एक सूत्रमा बाँध्ने काम गरेको पाइन्छ । जुन बाध्यात्मक हुन्छ । हरेक समुदायले पालना गर्नु नै पर्ने भए तापनि यो दमनकारी हुँदैन । किनकी यो लामो अभ्यासबाट निरन्तर रूपमा शदियौंदेखि समय, काल परिस्थितिअनुरूप परिमार्जित हुँदै आएको हुन्छ । यस संस्थाको नीति नियम अलिखित हुन्छ । तर व्यवहार चलनचल्तीमा आइरहेको हुन्छ । थकालीहरूको आफ्नै प्रथाजनित कानूनले समुदायलाई निर्देशन, नियन्त्रण गर्दै दिशानिर्देश गरिरहेको पाइन्छ । समुदायको हक, हित संरक्षण र सम्वर्द्धनको निमित्त आफ्ना लागि आफैँले नीति नियम बनाई पालना गरेको उदाहरण थकाली आदिवासी समुदायमा पनि देख्न सकिन्छ ।

### ६.२ धर्मपञ्चायत र मूलबन्देज

सम्पूर्ण आदिवासीहरूको आ-आफ्नै फरक खालको प्रथाजनित कानून हुन्छ । यसको प्रकारलाई हेर्दा कतै लिखित रूपमा उल्लेख गरिएको हुन्छ भने कतै अलिखित व्यवहारमा पालना गरिएको हुन्छ । जे जस्तो भए तापनि थकाली आदिवासी समुदायको सदस्यलाई यसबारेमा जानकारी हुन्छ र एक पुस्ताले अर्को पुस्तालाई पुस्तान्तरण गर्दै निरन्तर चलिआएको हुन्छ ।

थकालीहरूको प्रथाजनित कानूनअन्तर्गतका सामाजिक संस्कारहरूमध्येको मुख्य चाडपर्वमा तोरन्ला पर्दछ । यस अवसरमा त्हश (धनुषबाण) र नाकाभोटे खेलहरू खोलिने प्रचलन छ । स्यापेन लव (कुमार यात्रा) ल्ह फेव (बाह्रवर्षे उत्सव) विवाहमा पहिले ह्वाजी गरेर (छोपेर) विवाह र हाल मामाचेला फूपुचेलाबीच बिहावारी हुन्छ । विवाह संस्कारअन्तर्गत खिमी च्हुजी (सोल्टी-सोल्टीनी) र क्हरसजी,

मृत्यु संस्कारमा ट्होम (झाँक्री) वा ढुङ्व (लामा) विधिअन्तगर्त अस्तु म्हातुङ म्रेकोन र क्होइलो प्रचलन, आर्थिक पक्षलाई ध्यान दिएर ढु-कोर (ढिकुरी) को व्यवस्था गरिएको हुन्छ । भेषभूषामा न्होकोन चोलो र भाषामा थकाली, राजनीतिमा धर्मपंचायत र तेह्र मुखियाद्वारा समग्र थकाली समुदायलाई एकत्रित र व्यवस्थित गर्न स्वशासन रहेको छ ।

थकाली आदिवासीहरूको संस्था सानो रहेकोले सम्पूर्ण थकालीहरू तेह्र मुखियाद्वारा पारित मूलबन्देज र धर्मपंचायत अन्तर्गत रहेर समग्र आर्थिक, सामाजिक, धार्मिक, साँस्कतिक र राजनीतिक पक्षहरूलाई समय अनुसार संशोधन गर्दै निरन्तरता दिइरहेका छन् भने हालको अवस्थामा थकाली सेवा समिति (थ.से.स.) नेपाल वि.सं. २०४० मा दर्ता भएपश्चात् प्रत्येक तीन वर्षमा महाधिवेशनद्वारा पारित भएबमोजिमको नीति नियमहरू मानिँदै आएको पाइन्छ र त्यसमा पनि समय समयमा सुधार एवं सम्बोधनहरू भएका छन् । ती सबै बन्देजको रूपमा छन । अर्थात् बन्देज लगाइएको विषय बाहेक अन्य कुराहरू सबै थकाली समुदायलाई स्वभाविक रूपमा जानकारी हुन्छ र त्यसलाई दैनिक क्रियाकलाप र व्यवहारमा उतारिएको पाइन्छ ।

## ६.३ न्यायिक, मौलिक, सामाजिक, साँस्कृतिक संस्कारहरू

### ६.३.१ तोरन्ला र त्हश (धनुषबाण)

थकाली समुदायको सबैभन्दा ठूलो र अगाध श्रद्धाकासाथ मनाइने चाड हो- तोरन्ला । यो चाड फाल्गुन पूर्णिमालाई बीचमा पारेर तीन दिनसम्म मनाइन्छ । यसको निमित्त हालको समयमा थ.से.स. नेपाल, केन्द्रद्वारा 'फलाना दिनदेखि फलाना दिनसम्म मनाइने छ' भनेर सबै क्षेत्रहरूमा पत्राचार गरेपश्चात् सम्पूर्ण १७ क्षेत्र र त्यस क्षेत्रमा बस्ने समुदायहरूले उक्त समयलाई पालना गरी चलिआएको रीतअनुसार पहिलो दिन बिहानदेखि नै मीठो खानेकुरा पकाई खानुअघि चोखोसँग एउटा कचौरा वा रिकापीमा अलिकति खानेकुरा फुइस्याजी भनेर मध्यरातमा दिवंगत खे-मोमहरू अर्थात्, पितृहरूलाई चढाउन निकालिन्छ र राती भाले बास्नु

अघिसम्ममा पितृहरू सबैको नाम उच्चारण गरेर स्वागत गर्दै चोखो जाँड, रक्सी र विभिन्न चोखो खानेकुराहरू पितृ चढाउन प्रयोग गरी कचौरामा चढाई सम्मान गरिन्छ। प्रसादको रूपमा त्यहीं खानेकुरा सबै परिवारका सदस्यहरूले ग्रहण गर्ने गरिन्छ। यहीं प्रक्रिया अनुरूप दोस्रो दिन पनि चढाइन्छ। तेस्रो दिन पितृहरू सबैलाई सम्मानको साथ अंकुमा दियो बाली बिदाई दिने गरिन्छ, अन्य विधिहरू उही नै हुन्छन्। यसरी हेर्दा तोरन्ला पर्वले थकाली आदिवासीहरूलाई अन्य समुदायभन्दा बेग्लै साँस्कृतिक पहिचान भएको समुदायको रूपमा स्थापित गर्दछ।

यसै अवसरमा पुरुष थकाली आदिवासीहरू ७ दिनसम्म परम्परागत पहिचान बोकेको त्हश (धनुषबाण) वा ताराखेल अत्यन्तै हर्ष उल्लासकासाथ खेली समापन गर्दछन् भने महिलाहरू नकस (तास) र नाकाभोटे (कौडा) जस्ता खेल खेली छोरीचेली, ज्वाँई, दिदीबहिनी र भाञ्जाभाञ्जीहरूलाई घरमा निम्त्याएर मीठो-मीठो परिकार बनाई रमाइलो गरी तोरन्ला चाड मनाउँछन्। मानव सभ्यताको शुरुआतदेखिनै मानिसले आफ्ना दैनिक जीविकोपार्जन, आत्मसुरक्षाको लागि युद्ध हुँदा धनुषबाण प्रयोगमा ल्याएको इतिहास देखिन्छ। यही नै मुख्य हतियार थियो, जो मानव सभ्यताले युद्ध, वन्यजनावरको शिकार खेल्ने महिमामा प्रयोग गर्दै आए। तर जब राज्य, समाजमा अन्य विकल्पहरू आविष्कार भयो, धनुषवाण परम्परागत कलाको रूपमा मात्र सीमित भयो। यसरी हेर्दा त्हश (धनुषवाण) थकाली आदिवासीहरूको परापूर्वकालदेखि नै आत्मसुरक्षा गर्ने हतियारको रूपमा प्रयोग हुँदै आइरहेको देखिन्छ।

सम्पूर्ण थकाली आदिवासीहरू मुस्ताङ तथा बाहिरी क्षेत्रमा बसोवास गरे तापनि आफ्ना मुख्य पर्व तोरन्ला, जुन हिउंदको कठ्याग्रिंदो जाडोपश्चात् वसन्त ऋतुको शुरुवातमा पर्दछ, उक्त महत्वपूर्ण सु-अवसरमा आफ्नो पितृपूजाको रूपमा त्हश खेल्दै आइरहेको पाइन्छ।

हालको अवस्थामा यो खेल मनोरञ्जनको निमित्त मात्र खेले तापनि थकाली आदिवासीलगायत अन्य जनजातिहरूको आफ्नो जीवनशैलीसँग जोडिएको पाइन्छ। यसर्थ यो खेलका नियमहरू थकाली परम्परा अनुसार प्रयोग हुने शब्दहरू थकाली

भाषाकै हुन्छन्, फूर्सदको समयमा वनमा गई वन्यजन्तुको शिकार गर्दा प्रयोग गरिने हतियारको रूपमा पूर्वजहरूले प्रयोग गरेको त्हश हाल खेलको रूपमा प्रचलित छ । कुनै-कुनै क्षेत्रमा तोरन्ला पर्वको अवसरमा यो परम्परालाई जोगाइराख्न थकाली पुरुषहरू वनमा गई मृग मार्ने अभिनय गर्ने चलन रहेको पाइन्छ । थासाङको खन्ती गा.वि.स. का मुखिया श्री सोमत भट्टचन भन्नुहुन्छ "आजभोलि धनुषवाणको सहायताले मृग मार्ने काम नभए तापनि पहिला पहिला तोरन्ला पर्वमा गाउंका पुरुषहरू वनजङ्गल गई मृग मार्ने परम्परा थियो ।"

### ६.३.२ फालो

फालो अर्थात् स्योपेन लव (कुमार जात्रा) हरेक वर्ष भाद्र महिनामा थाक सातसय क्षेत्र अन्तर्गत कोवाङ, लारजुङ, टुकुचे र खन्तीमा प्रायः सबै क्षेत्रबाट आएका थकालीहरूको संलग्नता र सहभागितामा मनाइन्छ । यो पर्वको आफ्नै ऐतिहासिक महत्व रहेको छ र थकाली सेवा समिति नेपालका पदाधिकारीको अनिवार्य उपस्थिति हुने गर्दछ । यस पर्वमा ५ देखि १३ वर्षका कुमार केटाहरूलाई म्हरसाङ क्ह्यू (चोखो पानी) लगी नुहाएर शुद्ध वस्त्रधारण गराई साङ्केतिक राक्षशको नाश गरी आशिक थाप्ने चलन रहेको छ, जसमा सहभागी हुन थकालीहरू सबै क्षेत्रबाट आउने गर्दछन् । यस अवसरमा ३ दिनसम्म चल्ने फालो पर्वको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी १३ मुखिया प्रणालीका मुखियाहरूले पालैपालो निभाउने गर्दछन् । फालो अर्थात् स्योपेन लव (कुमार जात्रा) हरेक वर्ष भाद्र महिनामा लाग्नेभएकोले भाद्र जात्रा वा हास्यव्यङ्ग्य गर्ने महिना पनि भनिन्छ ।

### ६.३.३ ल्हफेव

थकाली आदिवासीहरूलाई आफ्नो मौलिक संस्कार संस्कृति, सामाजिक, रीतिरिवाज बाँध्ने प्रमुख हो, ल्हफेव (बाह्र वर्ष कुम्भ मेला) जो बाह्र वर्षमा एकपटक मनाइन्छ । बाह्र वर्षमा एकपटक थकाली आदिवासीहरूको परम्परागत मूलथलो थाकखोला (थाक सातसय) मा तेह्र दिनसम्म लाग्ने ठूलो धार्मिक पर्व हो । ल्हफेवमा सम्पूर्ण छरिएर रहेका थकाली समुदायहरू जाने गर्दछन् र यो पर्व शुरु हुन तीन वर्षअघि अर्थात्

हरेक नवौं वर्षमा स्होई स्होई विधि गरी पूर्वसूचित गर्ने गरिन्छ। ल्हफेवको अवसरमा चार चनको देवता क्रमशः गौचनको ल्ह लाङवान्हुर्व, तुलाचनको ल्ह छ्युरिनग्यल्मो, शेरचनको ल्ह घाङ्लासिंकिकर्पो र भट्टचनको ल्ह ह्यावान्हाङच्यूङको धुमधामसंग पूजापाठ, रथयात्रासम्म मनाइन्छ।

यस अवसरमा सम्पूर्ण छरिएर रहेका थकाली आदिवासीहरू पुनः एकै ठाउँमा जमघट हुन्छन् र गएको बाह्र वर्षमा कस्ता-कस्ता क्रियाकलापहरू भए, जस्तैः कस-कसको जन्म, विवाह, मृत्युआदि जीवनका महत्वपूर्ण घटनाहरू भए, सोबारेमा जानकारी लिई त्यस अवसरमा समग्र समुदायको निमित्त के गर्दा हितकारी हुन्छ ? भन्नेबारे छलफल, सुझाव सल्लाह, गरिने हुँदा यो वर्षको धार्मिक महत्वको साथै सामाजिक, साँस्कृतिक महत्व पनि हुन्छ। यसबेलामा तेह्र मुखियाहरूको भूमिका र स्थान महत्वपूर्ण हुन्छ। थाक सातसय क्षेत्रमा नै यो पर्व सम्पन्न हुनेहुँदा सम्पूर्ण जिम्मेवारी मुखियाहरूको नै हुन्छ।

### ६.३.४ ल्ह छ्योव

ल्ह छ्योव थकालीहरूको एक महत्वपूर्ण सामाजिक संस्कार हो। यस अवसरमा कूल देवताको पूजा गरिन्छ। यो कार्य तप्ल घ्हाङ (मंसीर) महिनामा ट्होमद्वारा सम्पन्न गरिन्छ, जसमा एक जना ज्वाइँ र मावली एकजना अनिवार्य रूपमा हुनु पर्दछ। यो पूजाको पनि आफ्नै विधि छ। ट्होमले छैकुची गरी ल्ह छ्योवको तिथि निश्चित गर्दछ र एकदिनअघि चेली ज्वाइँ र गाउँका इष्टमित्र, आफन्तहरूलाई निमन्त्रणा गरी ज्वाइँलाई आवश्यक सामानहरूः जस्तै- धूपी, रातो भाले, भेडा आदि ल्याउन लगाई थमसेल राखिन्छ। ट्होमले पूजा सकेपछि शुभ, अशुभबारे म्हलस्योव (भविष्यवाणी) गर्दै छ, पूजा सकेको भोलिपल्ट विशेषगरी ज्वाइँ र चेलीबेटीहरूलाई खसी काटेर खाने र दोहोरी गीत गाउने प्रचलन छ, जसलाई ताङ्रा तन्कु भनिन्छ।

यीलगायत थकाली विवाह संस्कार अन्तर्गतका ह्वाजी विवाह हो। यस्तो विवाहमा छोपेर लग्ने प्रचलन रहेको थियो भने वि.सं. २००७ देखि थकाली आदिवासीहरूको परम्परागत विवाह हराउँदै गएको पाइन्छ।

## ७. तेह्र मुखिया प्रणाली

अन्य आदिवासीहरूको सरह थकाली समुदायको पनि परम्परागत संस्था, प्रथाजनित कानून छ र जसको अभ्यास थकाली जातिको पितृभूमि थाक सातसय क्षेत्रमा अझै पनि तेह्र मुखिया प्रणालीको रूपमा क्रियाशील छ । तेह्र मुखिया प्रथामा नाइकेको भूमिका मिरमुखियाले निर्वाह गरेको हुन्छ भने त्यसपछिको पद उप-मिरमुखिया र तहबिल मुखियाको हुन्छ, जसले विशेष सहयोगीको पदभार ग्रहण गरेका हुन्छन् बाँकी मुखियाहरूको पनि उत्तिकै महत्व हुन्छ ।

प्राचीन कालबाट समग्र समुदायलाई एउटै सूत्रमा बांध्ने परम्परागत राजनीतिक, न्यायिक, सामाजिक र आर्थिक संस्था हो धर्म पञ्चायत । यसको माध्यमबाट थासाङ क्षेत्रभित्र भएका झैंझगडा, चोरी, डकैती र पञ्चखतजस्ता मुद्दाहरू मिलाउने, वन संरक्षण गर्ने, जूवा-तासजस्ता सामाजिक दुर्गुणहरू नियन्त्रण गर्ने र ढुकोर प्रथाको संरक्षण सम्बर्द्धन गर्ने आदि कामहरू हुने गर्दछन् ।

थाक सातसय क्षेत्रको बारेमा अध्ययन गर्दा तेह्र मुखिया व्यवस्था अन्तर्गत मुखियाहरूको सामाजिक मूल्यमान्यता उच्चस्तरको थियो, जहाँ गाउँमा प्रशासनिक, न्यायिक र परम्परागत संस्कार र संस्कृतिलाई मजबूत र निरन्तरता दिने समग्र स्थानीय बासिन्दाहरूको हित हुने खालका कानून (नीति नियम) अर्थात् मूलबन्देज बनाइने देखिन्छ ।

### ७.१ तेह्र मुखिया प्रणालीको संरचना

तेह्र मुखिया प्रणलीको संरचना यस प्रकार रहेकोछः

- मिरमुखिया (प्रणालीको शीर्ष व्यक्ति)
- उप-मिरमुखिया (उपशीर्ष व्यक्ति)
- तहबिल मुखिया (आर्थिक कारोवार हेर्ने, कोषाध्यक्ष)
- दश गाउँका दश मुखियाहरू
- यी मुखियाहरू बाहेक तेह्र गाउँका तेह्र क्हुन्दल (मुखियाका सहायक) (मिरमुखिया, उप-मिरमुखिया, तहबिल मुखिया सबै फरक फरक गाउँका हुने गर्दछन् ।)

### ७.२ चुनावी प्रक्रिया


गाउँका भद्रभलाद्मी, बुद्धिजीवी र अन्य सर्वसाधारणहरूको सहभागिता र सहमतिमा मुखिया चुनिन्छन् । क्हुन्दल (मुखियाका सहायक) पनि सहमतिमै चुनिन्छन् । तेह्रवटै गाउँको मुखियाहरू चुनिसकेपछि मुखियाहरूको भेलाले मिरमुखिया, उप-मिरमुखिया र तहबिल मुखिया सहमतिबाट चुनिन्छ ।

### ७.३ मुखियाको काम, कर्तव्य र अधिकार

तेह्रवटै गाउँका मुखियाहरू आत्मनिर्भर हुने गर्दछन् । सम्बन्धित गाउँको सुरक्षा, नीति नियम (मूल बन्देज)को निर्माण, नियम पालन, सीमा सुरक्षा, झैं झगडाको

मेलमिलाप, दोषीलाई कारबाहीलगायतको सम्पूर्ण दायित्व गाउँ मुखियाको हुने गर्दछ, जसमा सहयोगी क्हुन्दलको व्यवस्था गरिएको हुन्छ । गाउँको मुखियाले सुल्झाउन नसकेको अथवा चित्त नबुझेको खण्डमा तेह्र मुखियाको बैठकमा उजुरी हाल्ने गरिन्छ । तेह्र मुखियाहरूको बैठक प्रत्येक वर्ष श्रावण तृतीयामा बस्ने भनी विधानमा समेत समय निर्धारित गरिएको हुन्छ । यो साधारणसभा कम्तीमा तीन दिन हुने गर्दछ भने अरू विशेष काम परेमा लम्बिने गर्दछ । यो बैठक थाक सात सयको सामूहिक भवन (ह्यूलटिह्म) मा मुखेलीहरूको मर्यादाक्रमअनुसार बसिन्छ । प्रथम मिरमुखिया बीचमा, दोस्रो उप-मिरमुखिया दायाँ र तहबिल मुखिया बायाँ बस्ने क्रम छ भने बाँकी दश जना मुखियाहरू उमेरको हैसियतबाट दायाँमा पाँचजना बायाँतिर पाँचजना रहने व्यवस्था छ । यसबाहेक प्रत्येक गाउँबाट चौतारेहरू, चुनिएर आएका प्रतिनिधि भलाद्मी र सर्वसाधारण रहने व्यवस्था छ । यस बैठकमा वार्षिक आम्दानी प्रस्तुत गर्ने, सामाजिक, साँस्कृतिक धर्म, चाडपर्व, सुरक्षा, संरक्षण, विवाह आवश्यक नियम कानून आदिका विषयमा कार्यक्रम तयार गरी आवश्यक नीति, नियम बनाइन्छ । यसबाहेक नीति, नियम कार्यान्वयन गरे नगरेको समीक्षा गर्ने र नगरेकोलाई दण्ड, जरीवाना गरी कडाईका साथ नियम पालना गर्नलगाउने गरिन्छ ।

न्यायको विषयमा थाक सातसयमा कुनै पनि झगडा परेमा सर्वप्रथम आफ्नो नातेदारको पहलमा झगडा मिलाउने प्रयास हुन्छ । सुल्झाउन नसकेको खण्डमा गाउँको मुखियाकहाँ पुगी मौखिक उजुरी निवेदन चारपैसा (हाल लिइने दस्तुरमा समय अनुसार परिवर्तन गरिने गरिएको छ) न्याय दस्तुर राखेपछि मुखियाले अनुकूल समय हेरी दुवै पक्षलाई र अन्य भलादमीसमेत उपस्थित गराई छलफल गरिन्छ । सकेसम्म गाउँभित्र नै सुल्झाउने गरेको देखिन्छ । तर पनि झगडियाले चित्त नबुझाएको खण्डमा मिरमुखिया कहाँ न्यायको लागि निवेदन दिने चलन छ ।




मिर मुखियाले धर्मसभाको आह्वान गरेर न्याय दिने प्रचलन छ, जहाँ सम्बन्धित मुखिया, गाउँको भलाद्मीहरू दुवै पक्ष, विपक्षी र सम्बन्धित व्यक्तिहरूलाई समय हेरेर सूचित गरिन्छ । तोकिएको समयमा सबैजना भेला भएपछि सर्वप्रथम सानोतिनो झगडा भएमा कालीगण्डकीको पानी राखी सबैले कसम खानुपर्ने र झगडियाहरूले सत्य बोल्ने कसम खानुपर्छ । अन्य व्यक्तिहरूले पनि देखेर र जानेर सत्य बोल्ने कसम खाइन्छ । अति जटील झगडाको विषयमा पवित्र धार्मिक ग्रन्थ (धोर्छे छ्योव) छोएर मात्र विशेष छलफल शुरु गर्ने परिपाटी रहेको पाइन्छ र झगडालाई मिलापत्र गर्ने प्रयास यस परम्परागत संस्थाको हुन्छ ।

थाक सातसयको न्यायको सम्बन्धमा मुखेली प्रथाद्वारा न्याय दिँदा दुवै पक्षलाई आमने-सामने राखी प्रष्ट भनाई राखी बिना झन्झट, बिना खर्च र थोरै समयमा सरल तरिकाबाट न्याय पाउने भएकोले मुखेली प्रथम प्रभावकारी, लोकप्रिय र

विश्वसनीय भएकाले पनि तेह्र मुखिया प्रणाली कायमै छ, सँगसँगै थकाली सेवा समिति, नेपाल केन्द्र र सत्र क्षेत्रमा पनि आफ्नो क्षेत्रमा परेको केश सुल्झाउने परिपाटी चलनचल्तीमा छ। त्यसैले अदालत, उजुरी, प्रहरीको झन्झटमा पर्नै चाहँदैनन् यी समुदायहरू।

## ८. थाक सातसय क्षेत्रको आय स्रोत

थाक सातसय क्षेत्रको मूल बन्देज बनाइँदा त्यस क्षेत्रको प्राकृतिक स्रोतसाधन अर्थात् भूमिलाई विशेष ध्यान दिएर बनाइएको छ। यसअनुसार थाक सातसयको भू-भागलाई दुई भागमा बाँडिएकोछ।

### ८.१. डाँफे चरन

डाँफे चरन भन्नाले नाङ्गो लेक जस्तैः मार्चे बुक्यान, मूली बुक्यान र फचे बुक्यान यी प्रमुख डाँफे चरन हुन्। यी चरनमा तल म्याग्दी तथा अन्य क्षेत्रबाट भेंडी गोठ लैजाने चलन छ। यी गोठहरू प्रत्येक वर्षमा आषाढ महिनाको पहिलो हप्तामा पुगी असोज महिनाको अन्तिम हप्तामा फर्कन्छन्। यी गोठबाट थाक सातसय क्षेत्रको लेक खाएबापत 'कामसरा' भनी दाँत साटेको थोमा (भेंडा) लिइन्छ र एक एकवटा थोमा प्रत्येक तेह्र गाउँलाई दिइन्छ। अन्य यस संस्थाको मूल आयस्रोत भनेको 'नसारी' हो। 'नसारी' भन्नाले के बुझिन्छ भने, प्रत्येक भेंडीगोठमा कसैले ३०-४० बाट ५०-१०० वटा भेंडाहरू मिसाई एउटै गोठधुरी बनाउँछ भने त्यस मिसाउने व्यक्तिसंग पनि एउटा थोमा लिइन्छ। यसलाई 'नसारी' भनिन्छ। भेंडीगोठको संख्या बढी आउनु र त्यसमा मिसाएर गोठ थाक सातसय क्षेत्रमा जानु भन्नु नै प्रमुख आम्दानी बन्नजान्छ। अब 'नसारी' उठाउन थाक सातसयले कुनै व्यक्ति विशेषलाई ठेक्कामा दिने र त्यसबाट आउने आर्थिकलाभ पनि थाक सातसयको आयस्रोत हो। भेंडीगोठ धेरै आयमा तेह्र गाउँलाई तेह्र 'कामसरा' दिई बाँकी थाक सातसयको आम्दानी हुन्छ।

थोरै आएमा र तेह्र गाउँलाई नपुगेमा 'नसारी' बाट दिइन्छ। यो प्रथा हालसम्म कायम छ। आय-व्यायको हिसाब साउन तृतीयामा गरिन्छ। यो दिन थाक

सातसयको अति प्रमुख दिन हो । यस दिनमा प्रत्येक गाउँको प्रत्येक मुखिया अनिवार्य उपस्थित हुनुपर्ने हुन्छ, नत्र जरीवानासमेत तिर्नुपर्ने हुन्छ ।

### ८.२ माछी चरन

माछी चरन भन्नाले माथिको नाङ्गो लेकदेखि मुनिको वनजंगल बुट्यानलाई जनाउँछ । प्रतिकूल मौसमको कारण भेडीगोठले त्यस क्षेत्रमा पनि १/२ दिन गोठ राख्न पाउँछन् । त्यसबाट आएको आम्दानी गाउँको कोषमा जम्मा हुने गर्दछ । पछि-पछि खच्चडको व्यवसाय फस्टाउँदा खच्चडहरू लेकमा चढ्नगएमा केही दस्तूर लिइन्छ । त्यसबाट आएको आम्दानी पनि थाक सातसयको आम्दानीमा जम्मा हुनजान्छ ।

गाउँबँसीको आवश्यक क्षेत्रबाहेक लेकको सामूहिक क्षेत्रमा बाहिरबाट चर्न आउने भेंडा, बाख्रा, गोरु, घोडा, खच्चर, चौंरी गाईहरूको चरन जडीबुटीबाट प्राप्त आम्दानीलाई तेह्र मुखियाको आम्दानी मानिएको हुन्छ । त्यसैगरी औलो चरनमा पर्ने जग्गाहरूलाई पनि तेह्र मुखियाको आम्दानीभित्र पारिएको हुन्छ । त्यसैगरी औलो चरनमा पर्ने जग्गाहरूलाई पनि तेह्र मुखियाको आम्दानीभित्र पारिएको हुन्छ *(घम्ब श्याम शेरचन)* ।

### ८.३ अन्य स्रोत

जरीवानाको दस्तुर रकम, बुक्यानमा जडीबुटी सङ्कलन गर्नजाने व्यक्तिद्वारा प्राप्त दस्तुर रकम, उजुरी दस्तुर रकम आदि तेह्र मुखियाको आम्दानीभित्र पर्दछ ।

## ९. समाज सञ्चालनमा प्रथा, परम्परा र परम्परागत संस्थाको महत्व

नेपालमा बसोवास गर्ने सबै आदिवासी जनजातिहरूको बेग्लै पहिचान झल्काउने आ-आफ्नै भाषा, भेषभूषा, मौलिक सामाजिक संस्कार, धार्मिक, राजनीतिक र आर्थिक व्यवस्थाहरू अस्तित्वमा छन् । परापूर्वकालदेखि बसोवास गर्दै आएका अन्य जातिहरूसरह थकाली आदिवासी हालको मुस्ताङ जिल्लाको चार गाविस अन्तर्गतको थाकखोला (थाक सातसय) क्षेत्रमा आफ्नो छुट्टै शासन व्यवस्था तेह्र

मुखिया प्रथाद्वारा स्वशासन र स्व-व्यवस्थापन गर्दै आएका छन्। तेह्र मुखिया प्रणालीमा तेह्र गाउँ पर्दछन्। प्रत्येक गाउँको एक-एक मुखिया यो प्रणालीको सदस्य हुन्छ। तेह्र मुखिया प्रणालीको नाइके मिरमुखिया हुन्छ भने क्रमशः उप-मिरमुखिया र तहबिल मुखिया सहायकको रूपमा हुन्छन्।

प्रत्येक मुखियाको महत्व यो प्रणालीमा उत्ति नै हुन्छ। प्रथमतः गाउँ व्यवस्थापन गर्दा के, कस्ता नीति, नियम बनाउँदा सबैलाई हितकारी हुन्छ भनी गाउँका भलाद्मी, प्रतिनिधि र मुखिया बसी छलफल, सरसल्लाह र सुझावहरूको आधारमा मूलबन्देज बनाएर त्यसैको आधारमा हरेक क्रियाकलापहरू सम्पन्न गरिन्छ। यसको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको न्यायिक प्रक्रियामा कुनै पनि विवाद, झगडा पारपाचुके, सीमाना आदि विविध समस्या आइपरेको खण्डमा मुखिया र गाउँका भलाद्मीहरू बसी सुल्झाउने र सकभर दुवै पक्षको चित्त बुझाउने गरिन्छ। यसरी हेर्दा आफ्नो निमित्त आफैँ कानून बनाउने र समय अनुसार परिमार्जन र संशोधन गरी समुदाय र समग्र गाउँमा स्वशासन र स्व-व्यवस्थापन गर्ने प्रक्रियाबारे अध्ययन गर्दा वास्तवमा हामी समग्र नेपालीले खोजेको नयाँ नेपाल यस्तै होइन र ? हामी विदेशी मोडलको सिको गर्नखोज्छौं। तर आफ्नै देशभित्रको परम्परागत संस्था, प्रथाजनित कानूनलाई देखेर पनि कुनै वास्ता गर्दैनौं। अत्यन्तै प्रजातान्त्रिक अभ्यास रहेको थकाली आदिवासीहरूको तेह्र मुखिया प्रणाली बारेमा अध्ययन/अनुसन्धान हुनु अतिआवश्यक रहेकोछ।

### १०. निष्कर्ष र सिफारिशहरू

नेपालको विशेषता भनेको नै विविधताभित्रको विविधता हो। नेपालका सूचीकृत ५९ आदिवासी जनजाति, सूचीउन्मुख आदिवासी जनजाति तथा अन्य जातिहरूको आ-आफ्नै बेग्लै पहिचान र विशेषता छ, जसमध्ये केही जातिको परम्परागत मूल्यमान्यता, प्रथाजनित कानून यथावत् नै छ। कतिको लोपोन्मुख अवस्थामा छ र धेरै जातिहरूको लोप भइसकेको यथार्थता यससम्बन्धी गरिएका अध्ययन अनुसन्धानहरूले देखाउँछ। नेपालको आदिवासी समुदाय थकालीहरूको परम्परागत संस्था हालको मुस्ताङ जिल्लाको दक्षिणी भेग थाकखोला क्षेत्रमा जीवन्त रही क्रियाशील अवस्थामा छ। आदिवासीय परम्परागत संस्था तेह्र मुखिया प्रणाली

थकाली समुदायको संस्था मात्र नभएर समग्र आदिवासीहरूको सामुहिक अधिकार, प्रजातान्त्रिक अभ्यास, स्वशासन, प्रथाजनित अधिकार, पहिचान र अस्तित्वको प्रतिनिधित्व गर्ने नमूना संस्थाको रूपमा लिन सकिन्छ। यसबारे अध्ययन तथा अनुसन्धान गरिसकेउपरान्त निष्कर्षमा के भन्न सकिन्छ भने वि.सं. २०४६ सालपछि सरकारी स्तरबाट यो प्रणाली हटाइए तापनि थाक सातसय क्षेत्रका जनसमुदायको माझमा रहिरह्यो, कारण यो व्यवस्थाको कानून (मूल बन्देज) बन्ने प्रक्रिया अत्यन्तै लोकतान्त्रिक रहेको देखिन्छ। वास्तवमा आफ्नो निमित्त आफैंले नीति, नियम (मूल बन्देज) बनाउने र त्यसलाई कानूनसरह मान्यता दिई दैनिक जीवनचर्यामा भोग चलन गरिनु पनि यस संस्थाको विशेषता रहेको पाइन्छ। यसरी हेर्दा त्यस क्षेत्रको प्रत्येक बासिन्दाहरूको विचार, राय र प्रत्यक्ष सहभागितामा मूल बन्देज बनाइने हुनाले सबैले समान जिम्मेवारी बहन गरेको देखिन्छ। 'अड्डा अदालत पुगेर तारिख धाउनुपर्छ, दुःख पाइन्छ भनी मुखियाहरूकहाँ छिनोफानो गर्न आउँछन्, कारण मुखियाहरूको सामाजिक, ऐतिहासिक सम्बन्ध गाउँलेमाझ राम्रो भएर नै हो' भन्नु हुन्छ मिरमुखिया इन्द्रबहादुर तुलाचन। वि.सं. २०१७ सालमा राजा महेन्द्रले जिम्मुवाल मुखिया प्रथा उन्मूलन गरेका थिए, इतिहास हेर्दा नेपालमा जिम्मुवाल मुखियाले धेरै नै अन्याय अत्याचार गरेको पाइन्छ। तर थाकसातका मुखियाहरू आफ्नो पूर्खाले देखाएको सिकाएको बाटो अवलम्बन गर्दै पितृभूमिको सेवा गर्दै आइरहेका छन् यहाँका मुखियाहरू।

यसर्थ हालको थासाङ, थाकखोला क्षेत्रमा रहेको तेह्र मुखिया प्रथा स्वायत्त स्वशासन व्यवस्थाको एक जीवन्त उदाहरण हो। सकारात्मक र सराहनीय पक्ष सँगसँगै यस संस्थालाई चुनौति पनि धेरै नै छ। समय परिवर्तन हुँदै जाँदा यस क्षेत्रमा बस्ने थकालीहरूको जनसंख्या घट्दै गइरहेको तथ्याङ्कले देखाउँदछ। थकालीहरू आर्थिक आयआर्जनको निमित्त बसाइँसराई गर्ने क्रम बढ्दै गएकोले थकाली आदिवासीहरूको पितृथलो भए तापनि अन्य जातजातिहरूको सङ्ख्यात्मक वृद्धिले तेह्र मुखिया प्रणालीको अवस्था केही हदसम्म पहिलेजस्तो बलियो देखिँदैन। यसका थुप्रै कारणहरू रहे तापनि केही कारणको चर्चा गर्न चाहन्छु। पहिलो कारण, यो संस्थाको निमित्त सरकारीस्तरबाट कुनै पनि बजेट दिइँदैन। प्राकृतिक स्रोतसाधन जस्तैः भेंडागोठ, खच्चरगोठ आदिबाट उठ्ने कर अत्यन्तै न्यून हुन्छ।

अर्को प्रमुख कारण प्राकृतिक वन, जो त्यस क्षेत्रको आदिवासी समुदायको उपभोगमा प्रयोग हुन्थ्यो, हाल सरकारद्वारा गठित अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP) जस्ता संस्थाहरूको अधीनमा रहेको देखिन्छ, जसले स्थानीय वासिन्दाहरूलाई त्यस क्षेत्रको जडिबुटी (यार्सागुम्बा) वनजंगल (काठ, घाँस, दाउरा) जो पहिलेदेखि उपभोग गर्दै आएका आदिवासीहरूबाट खोसिएको देखिन्छ। सरकारीस्तरबाट गठन गरिएको त्यस संस्थाका कर्मचारी सबै बाहिरबाट ल्याइने, गाविस, जिविसको बजेटमा पहुँच नहुनुले पनि अवस्था कमजोर भएको देखिन्छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण रहेको मुस्ताङ जिल्ला पर्यटन भित्र्याउने प्रमुख स्रोत रहेता पनि यस क्षेत्रको विकासमा कसैको ध्यान नगएको गुनासो पोख्छन् स्थानीयहरू। यसर्थ थकाली आदिवासीलगायत अन्य जातजातिहरूले पनि मान्दै आएको परम्परागत संस्था तेह्र मुखिया प्रणालीले धर्म पंचायतको आधारमा गर्ने न्याय सबैको निमित्त चित्तबुझ्दो हुने र सबै गाउँलेहरूको साझा रहने मूल बन्देजले सबैलाई समान जिम्मेवारी बहन गराउने प्रणाली रहे तापनि सरकारीस्तरबाट कुनै लिखित रूपमा दर्ता नगरिएको हुँदा प्रशस्तै समस्या भोग्नुपरेको देखिन्छ। स्थानीय स्रोतसाधनबाट वञ्चित गरिएको भए तापनि साँस्कृतिक, सामाजिक, ऐतिहासिक, राजनीतिक तथा धार्मिक मूल्यमान्यता बोकेको तेह्र मुखिया प्रणाली/प्रथा स्वशासन र स्व-व्यवस्थापनको अत्यन्तै प्रजातान्त्रिक अभ्यास रहेको यस अध्ययनले देखाउँछ।

अन्तमा, नेपाल संघीयतामा प्रवेश गर्न गइरहेको छ। ILO महासन्धि नं. १६९ ले प्रत्याभूत गरेको स्व-पहिचान र स्व-व्यवस्थापनलाई आधार बनाएर सम्पूर्ण आदिवासी जनजातिहरूले परम्परागत संस्था र लोकतान्त्रिक कानूनहरूलाई मान्यता दिने खालको संरचना भोलि बन्ने संघीय राज्यमा हुनु आवश्यक देखिन्छ, जसको निम्ति जातीय पहिचानसहितको सङ्घीय राज्यको परिकल्पना गर्दा नामको मात्र नभएर राज्य सञ्चालन गर्ने व्यवस्था पनि आदिवासीय परम्परागत संस्थाको अभ्यासलाई निरन्तरता दिने प्रकारको हुनुपर्दछ। यस सन्दर्भमा थकाली आदिवासीहरूले व्यवहारमा उतार्दै आइरहेको सामुहिक नेतृत्व र जातीय सङ्गठन सञ्चालन विधि समयसापेक्षित, सान्दर्भिक र व्यावहारिक देखिन्छ।

**सन्दर्भ सामग्री**

Vinding, Michael (1998) *The Thakali: A Himalayan ethnography*, London:\ Serindia Publications.

भट्टचन, ज्योति (२०५६) *थकालीको सामाजिक संस्कार एक बिहङ्गम दृष्टि थकाली जातिको संक्षिप्त ऐतिहासिक विवेचना*, अभिभारा (थाक सातसय विशेषाङ्क २०५६ थसेस जापान)

भट्टचन, कृष्ण. थकालीको सामाजिक संस्कार एक बिहङ्गम दृष्टि अभिभारा (थाक सातसय विशेषाङ्क २०५६)

क्षेत्री, नारायणप्रसाद (२०४४) मुस्ताङ दिग्दर्शन

तुलाचन, पूर्णप्रसाद. केल्साङ जरनल, थसेस पोखरा खाङलो ४९,६७ (थकाली जरनल)

थासाङ २०६२, २०६४, अंक १,२ (थकाली अनुसन्धान केन्द्र, काठमाडौँ)

# मझेसाबा

## माझी जातिको परम्परागत संस्था तथा प्रथाजनित कानूनहरू

–धनबहादुर माझी

### भूमिका

माझी जातिको परम्परागत संस्था मझेसाबा प्रथा तथा प्रथाजनित कानून बारेमा यस अध्ययनमा विश्लेषण गरिएको छ ।

मझेसाबा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा पहिले नै अस्तित्वमा रहेको माझी जातिको परम्परागत जातीय संस्था हो । यो अध्ययन रामेछाप जिल्लाको भटौली, पकरबास, भलुवाजोर, मन्थली, चिसापानी, रामेछाप, सुकाजोर, भिरपानी र राकाथुम गाविस सीमा निर्धारण गरिएको छ । यो पहिलो चरणको अध्ययन माझी समुदायका प्रौढ, महिला, पुरुष, युवा युवती जम्मा २४ जनाको सहभागितामा गरिएको हो ।

दोस्रो चरणमा माझी जातिको परम्परागत जातीय संस्था मझेसाबाका मझे, गउरुङ, अडई, दलाली, जेठबूढा र तीनका सन्तान ३१ जनालाई २०६६ साल माघ २१ गते रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा भेला गराई आइ.एल.ओ.महासन्धि नं.१६९ र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्रमा भएका प्रावधानको बारेमा परम्परागत जातीय संस्था मझेसाबा प्रथा तथा प्रथाजनित कानूनसम्बन्धी जानकारी गराइएको थियो । माझी जातिको परम्परागत जातीय संस्था मझेसाबा प्रथा तथा प्रथाजनित कानूनको बारेमा बहश, छलफल गरी एउटा निचोड निकालिएको छ । माझी जातिको परम्परागत जातीय संस्था मझेसाबा प्रथा तथा प्रथाजनित कानूनको अध्ययनको उद्देश्य माझी समुदायको परम्परागत रूपमा सञ्चालनमा आएको जातीय संस्थाको महत्वको बारेमा जानकारी गराउने,

अध्ययन अनुसन्धान गर्ने, माझी जातिको प्रथा तथा प्रथाजनित कानूनको अवस्थाको बारेमा अध्ययन गर्ने, परम्परागत जातीय संस्था मझेसाबालाई राष्ट्रिय स्तरमा पहिचान गराउने र नयाँ संविधानमा मझेसाबाको अधिकार लिपिवद्ध गराउनको लागि संविधानसभा र सरकारलाई दवाव दिने रहेको छ ।

## १. **माझी जातिको परिचय**

माझी जाति नेपालका पुराना आदिवासी जनजातिमध्ये एक हो । माझी जातिको आफ्नै छुट्टै भाषा, धर्म, संस्कार, संस्कृति, रहनसहन र परम्परा छ । माझी जातिको ऐतिहासिक वा पुर्ख्यौली बसोवास क्षेत्र सप्तकोशीका सहायकनदी किनार हो । यिनै नदी किनारबाट बसाइँ सरी नेपालको मध्य तथा पूर्वी क्षेत्रका भित्रीमधेश, मधेश हुँदै भारत र भुटानमा समेत बासोवास गर्न पुगेका छन् । मधेशतर्फका सबै माझीहरूले २०५८ सालको जनगणनामा 'माझी' लेखाएका छैनन् । माझी नलेखाउनुको कारण मधेशतर्फ हिन्दु वर्णाश्रम अनुसार अछूत, पानी नचल्ने धेरै जातहरूले माझी लेख्ने/लेखाउने गरेकोले माझी लेख्दा पानी नचल्ने, अछूत ठहरिने भएकोले माझी नलेखाएका हुन् । नेपाल माझी उत्थान संघले धेरै प्रयास गर्दा पनि माझीहरूले कुसुवार, मुखिया, चौधरी र बहरदार समेत लेखाएका छन् । पूर्वी भेकका केही पढेलेखेका आर्थिक दृष्टिकोणले आफूलाई केही सम्पन्न ठान्ने माझीहरूले माझी नलेखाई उच्चजाति दर्शाउन रायमाझी समेत लेखाएका छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले गरेको वर्गीकरण अनुसार माझी जाति अतिसीमान्तकृत समूह अन्तर्गत पर्दछ ।

### १.१ **उत्पत्ति एवं इतिहास**

बृहत् नेपाली समाजमा विभिन्न जातजाति, भाषा, भाषी, धर्म, संस्कार, संस्कृति, परम्परा, रहनसन, रीतिथिति र चालचलन भएका मानिसहरूको बसोवास छ । अनेक प्रकारका संस्कार, संस्कृतिको एउटा अंगको रूपमा रहेको माझी जातिको उत्पत्तिको बारेमा अध्ययन अनुसन्धान हुन बाँकी नै छ । माझी समुदाय यो बाँकी काम चाँडै होस् भन्ने चाहन्छन् ।

हिन्दु धर्मशास्त्र अनुसार मानिसको उत्पत्ति वा सृष्टि ब्रम्हाले गरेका हुन् भनिएको छ। ब्रम्हाको मुखबाट बाहुन, कुम अथवा हातबाट क्षेत्री, जाङ्बाट वैश्य र खुट्टाबाट शुद्र जन्मिएका हुन् भन्ने उल्लेख भएको पाइन्छ। धर्मशास्त्र नमान्नेहरूको लागि यी भनाईले के कस्तो असर पार्छ, अहिलेलाई यतिकै थन्क्याऊँ। मान्नेहरूको लागि ज्यादै अप्ठ्यारो परेको छ। मुखबाट, कुम अथवा हातबाट, खुट्टाबाट मान्छे जन्मेका हुन वा जन्मिन्छन् भन्दा २१ औं शताब्दिमा कसरी पत्याउनु। जाङ्बाट वैश्य जन्मेका हुन् भन्दा चाहिँ पत्याउन सकिन्छ। किनभने शरीरको त्यही अंगकै भेकबाट मानिसलगायत पशु, पंक्षी, लगायत अनेक जीवहरू जन्मेको देख्न सुन्न पाइन्छ। यसले के देखाउछ भने वैश्य मात्र खास जन्मिनुपर्ने ठाउँबाट जन्मिएका रहेछन् भन्ने प्रष्ट हुनआएको छ।

डार्विनको भनाईअनुसार अति सूक्ष्मजीव अमिवाबाट विकास हुँदै मानिस भएका हुन्। अथवा अमिवाको विकसित रूप नै मानिस हुन्। यो भनाई अनुसार बाँदरबाट विकास भएर मानिस भएका हुन् भन्ने भनाई मेल खान जान्छ। यो भनाईमाथि पनि धेरै प्रश्न थुप्रिएका छन्। जस्तै कत्ति बाँदर विकसित भएर मान्छे भए त ? यो प्रश्न अलि प्रष्ट छैन।

भारतको दार्जिलिङ्ग, तरंजावारीका आँखाले माझीको भनाई अनुसार ‘महादेवले पार्वतीलाई आफूले गरेको सृष्टि देखाउन हिमालय पर्वतमा लिएर गए। पार्वतीले हिमाल, पहाड, तराई, मधेश, भीरपहरा, खोला नदी, नदिको वारिपारि मानिसहरूको बसोवास भएको रमणीय पृथ्वी देखिन्। तर यी खोला नदी वारिपारि गर्ने कुनै बाटो देखिनन्। पार्वतीले यी मानिसहरू यी खोला नदीको वारिपारि कसरी गर्न सक्छन् ? भनेर महादेवलाई प्रश्न गरिन्। महादेवले सृष्टि गर्दा अलिकति गल्ती भएछ, यी खोला नदीको वारिपारी गराउने वा तार्ने मान्छे चाहिन्छ भनेर आफ्नो जीउको अलिकति मयल, अलिकति पंक्षीको सुली र अलिकत्ति खरानी डल्लो पारेर मानिसहरूलाई खोला नदीको वारिपारी गराउने वा तार्ने माझी जातिको सृष्टि गरे भनेका थिए। यो भनाई केही सत्य हो कि जस्तो लाग्छ। किनभने मानिसको जीउ कन्याएर सुँघ्दा सुली र खरानीको गन्ध आउँछ।

माझी जातिको उत्पतिको बारेमा जति कुरा उठायो उति गाह्रो हुने भएकोले यो भवसागरमा पर्नुभन्दा यतिकैमा बिट मार्नु राम्रो हुन्छ जस्तो लाग्छ ।

प्रसिद्ध ग्रन्थ रामायणमा रामलाई माझीहरूले समुद्र तारेको उल्लेख छ । रामलाई तार्ने भनिएका माझी निशाद वंशका हुन । निशाद वंशका मानिसहरूलाई हिन्दु वर्णाश्रमभित्रको शुद्र मानेका छन् । नेपालको मधेशतर्फका केही जिल्ला र भारतमा यस जातिका मानिसहरूको बसोवास छ। उनीहरू आफूलाई केवट भन्दछन् । राम र रावणको युद्ध हुँदा रामलाई सहयोग गर्ने सबैलाई रामले मेरा सहयोगी सबै क्षेत्री हुन् भनेर मानिसहरूलाई मात्र होइन, बाँदरलाई समेत जनै लगाइदिएका थिए । रामलाई समुन्द्र तार्ने भनिएका निशाद वंशका केवटहरू अछूत भएपनि अहिलेसम्म कसै-कसैले जनै लगाउँदैछन् । यसमा उल्लेख गरिएका माझी जातिको कुनै पनि पूर्खाहरूले जनै लगाएको पाइँदैन, सुनिएको छैन । जनै लगायो भने जनै खटिरो निस्कन्छ। जनै खटिरोले शरीरमा फेरो पुऱ्यायो भने मरिन्छ भन्ने विश्वास राख्छन्। यसमा उल्लेख गरिएका माझी हिन्दु वर्णाश्रमको चारजात छत्तीस वर्णभित्र नपर्ने आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति तथा छुट्टै पहिचान भएका आदिवासी हुन् ।

वेदव्यासद्वारा रचित महाकाव्य महाभारतमा 'मत्स्यगन्धा माझीकी छोरी हो, मत्स्यगन्धा माछाको गर्भबाट जन्मिएकी हुन्, परासर ऋषिलाई मत्स्यागन्धाले नदी तारिदिँदा मत्स्यगन्धा र परासर ऋषिको सहवास भएको, त्यसैबाट गर्भ रहनगई वेदव्यास जन्मिएका हुन्, हिन्दु धर्मशास्त्रको चारवेद (ऋगवेद, यजुर्वेद, अथर्ववेद र सामवेद) लाई चार भागमा बाँडी वेदको वर्तमान रूप संकलन गरेका हुन्' भन्ने उल्लेख भएको पाइन्छ। परासर ऋषिको गुफा, मत्स्यगन्धाले परासर ऋषिलाई तारेको घाट तनहुँ जिल्लाको दमौलीदेखि दक्षिणतिर प्रसिद्ध तीर्थस्थलको रूपमा अहिलेसम्म प्रख्यात छँदैछ ।

सप्तकोशीमा जस्तै गण्डकी, कर्णाली, सेती, भेरी र नारायणीमा पनि माझी जातिको बसोवास हुनुपर्ने हो । तर गण्डकी र नारायणी किनारमा माझी जातिको बसोवास भएको पाइँदैन । बोटेको पाइन्छ । त्यस क्षेत्रमा माझीहरू अल्पसंख्यक

भएकाले बोटे जातिमा बिलीन भएको हुनसक्ने सम्भावना छ । कति अध्येताहरूले यस क्षेत्रमा माझीको बारेमा अध्ययन गरी प्रतिवेदन पेश गरेका छन् । यी कुरा सुन्दा मलाई अनौठो लाग्छ, किनभने जहाँ एकघर पनि माझीको बसोवास छैन त्यहाँ माझीको अध्ययन ?

मेरो अहिलेसम्मको अनुभवमा बोटे र माझी जातिमा खासै भिन्नता छैन । २०२८ सालको कुरा हो, गुल्मीका बोधराज ज्ञवाली (लोकसेवा आयोगका अधिकृत), भरत ज्ञवाली (भूमि प्रशासनका अधिकृत) र तीर्थराज ज्ञवाली (आचार्य पढ्दै) सँग मेरो परिचय भएको थियो । उहाँहरूलाई मैले पेशासहितको परिचय दिँदा 'ए तपाई त बोटे हुनुहुँदोरहेछ' भन्नुहुन्थ्यो । वहाहरूको भनाई अनुसार मेरो बुझाइमा पूर्वतिरकालाई माझी पश्चिमतर्फकालाई बोटे भनिँदोरहेछ भन्ने थियो । २०५८ सालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बनिँदा माझी र बोटे छुट्टाछुट्टै आदिवासी जनजातिमा सूचिकृत भएका छन् । पश्चिमतर्फका मानिसहरू र अधिकांश प्रशासकहरूको समेत बोटे र माझी एउटै जाति हुन् भन्ने बुझाई छ, जसको कारणले आमा बोटे बाबु माझी, बाबु बोटे छोरो माझी, एकभाइ बोटे अर्कोभाइ माझी लेखिएका पश्चिमतर्फका बोटे र माझीका नागरिकता प्रमाणपत्रमा उल्लेख भएको धेरै पाइन्छ । त्यसकारणले माझीलाई नै बोटे वा बोटेलाई नै माझी भनिएको हुनुपर्दछ ।

महाभारतकालमा तनहुँ जिल्लाको दमौलीबजार हालको व्यास नगरपालिकामा माझी जातिको बसोवास भएको पाइन्छ । त्यसैकारणले मत्यस्यगन्धालाई माझीकी छोरी भनिएको हो । अहिले दमौलीबजार र त्यसको आसपासमा माझी जाति छैनन्, बोटे मात्र छन् । महाभारतकालमा मत्यस्यगन्धालाई जन्मदिने माझी कहाँ गए होलान ? त्यस समयका माझीलाई नै बोटे भनिएको त होइन ? हो, भने कहिलेदेखि र किन भनिएको हो ? यसको बारेमा अध्ययन अनुसन्धान हुन अति जरुरी छ । मत्स्यगन्धा बोटे वा माझीकी नै छोरी हो । हिन्दु धर्मशास्त्रले उँच र निच जातिमा विभाजन गरेकोले माझीकी छोरी हो भन्न संकोच मानेर माछाको गर्भबाट जन्मिएकी भनिएको पनि छ । रामायणभन्दा धेरै पछिको महाभारतमा

माछ्राको गर्भबाट मानिस जन्मिएको हो भन्दा न कुनै साधारण मान्छेले पत्याउँछ न कुनै वैज्ञानिक प्रमाण नै भेटिन्छ। परासर ऋषिले मत्स्यगन्धालाई सहवास गरेकोले गर्भ रहनगई वेदव्यासको जन्म भयो भन्ने महाभारतमा उल्लेख छ। उल्लिखित कारणहरूले गर्दा गण्डकी र नारायणीमा महाभारतकालमा नै माझी जातिहरू अस्तित्वमा थिए भन्ने प्रष्ट हुनआउँछ।

२०५८ सालको जनगणनामा व्यास नगरपालिकामा जम्मा माझीको जनसंख्या १४ र जिल्लाभरिमा ५३ थिए। २०६८ सालको जनगणनामा ५४३ छन। ५३ बाट ४९० जना कसरी बढे ? २०५८ मा बोटे लेखाउनेले पनि वास्तविक माझी लेखाएका हुन कि ?

अर्को अनौठो घटना पनि छ। २०५८को जनगणनामा स्याङ्जामा १,०५४, पाल्पामा ५२८, गुल्मीमा ५२५ जनसंख्या देखाइएको छ। २०६८मा स्याङ्जामा ८२८, पाल्पामा ३४ र गुल्मीमा ४८ देखिन्छ। बोटे जातिको मात्र होइन, जनजातिकै एकजना अगुवाले माझी जाति भनेको त पानी नचल्ने, अछुत जाति हो, त्यसकारणले माझी नलेख्नु नलेखाउनु भन्दै हिंडेको कुरा स्याङ्जा, पाल्पा, गुल्मी र तनहुँका माझी र बोटेले बताए। कुनै पनि जातिलाई म यो जातिको हुँ भन्ने अधिकार उसैलाई मात्र हुन्छ। यी अगुवालाई त्यो अधिकार कसले दियो ? जनजातिकै अगुवाले यस्तो भन्दै हिड्नु जायज हुन्छ र ? हामी माझी कसरी अछुत भयौं ? हामीलाई किन दलित भनियो ? भनेर माझीहरूले दुखेसोसहित खनिए भने कसरी जवाफ देलान् ? त्यो जवाफ दिंदा कति पसिना काढ्नुपर्दो हो ? अझ कुनै दुष्परिणाम पो भोग्नु पर्ने हो कि ? अगुवा भनिनेको किन यसरी मतिभ्रष्ट भएको होला ? म छक्क पर्छु।

कतिपय माझीहरू हामी कुशका सन्तान हौं भन्दछन्। कुशका सन्तान माझी हुन् भने माझी पनि क्षेत्री नै हुनुपर्ने र कर्मकाण्ड बाहुनबाट गराउनुपर्ने। तर माझीहरूले जनै लगाउँदैनन् र बाहुनबाट कुनैपनि कर्मकाण्ड गराउँदैनन्। माझीको पितृकार्यमा बाहुनले छोएको सिन्का पातसमेत चल्दैन। माझी जातिको थर भने एउटा कुशुवार छ। कुशुवार थर भएकाले हामी कुशका सन्तान हौं भन्दा हिन्दु धर्मशास्त्रको

प्रभावले उच्च जाति देखाउन खोजिएको हो कि भन्ने भान हुन्छ। तर माझी जाति हामी क्षेत्री हौं भन्न रूचाउँदैनन् र होइनन् पनि। त्यसकारणले कुशका सन्तान माझी जाति होइन।

माझी बूढापाकाहरूको भनाई र अहिलेसम्म पाइने भग्नावशेष अनुसार रामेछाप जिल्लाको रजगाउँमा मन्दरे नाम गरेका माझी राजा थिए। तिनको राजदरवार रजगाउँमा थियो। दरवारको भग्नावशेषको रूपमा अहिलेसम्म बारी खन्दा ठूल्ठूला इँटा भेटिन्छन्। रजगाउँदेखि तल मसानटार (मसानघाट) र पारीपट्टीको गाउँलाई हात्तीटार भनिन्छ। केहीमाथि कुनौरी माझी गाउँ छ (हात्ती घोडालाई खुवाउने कुनौरो, पराल राख्ने ठाउँ)। रामेछापको पहिलेको सदरमुकामबाट आउने सुकाजोर खोला तामाकोशीमा मिसिनुभन्दा केहीमाथि मन्दरे राजाले तन्त्रमन्त्र विद्याद्वारा निकालेको जरूवा पानी अहिलेसम्म पनि छँदैछ। त्यस जरूवापानीलाई मन्दरे पानी भनिन्छ।

हालसम्म प्राप्त पुरानो इतिहास 'गोपालराज वंशावली' को पत्र ४६ पाना नं १०२ मा ने.सं ४४६ वि.सं. १३८२ माघ शुक्ल तृतीया तिरहुतका राजा हरसिंहदेवले रैतीहरू जम्मा पारी आफू अघिसरी मिथिलाबाट दिल्लीका तुरक गयासुद्धिन तुगलक माथि जाइलागे। सिम्रौनगढ ध्वस्त पारियो। तिरहुतका राजा मन्त्री आदि सबै उठी भागे। केही कालपछि फेरी पसे। केही कालपछि राजग्राम दोलखामा आउँदा टिंपाट (तीनपाटनमा) राजा हरसिंहदेवको मृत्यु भयो। यिनका छोरा मन्त्री दुवै कैद गरिए। परिवार पनि समातियो, शरण मागे। राजग्रामका भारदारले जम्मै धन हात लाए। पत्र ४७ पे.न. १०३ मा ने.सं. ४५२ वि.सं. १३८८ मार्ग शुक्ल पूर्णिमाको दिन चण्डेश्वरले राजग्राम कब्जा गरे भन्ने उल्लेख गरिएको छ। नेपाल सम्वत् ४४६ विक्रम सम्वत् १३८२ भन्नाले आजभन्दा ६९० वर्ष पहिलेको कुरा हो।

गोपालराज वंशावलीमा टिंपाटमा भनिएको तीनपाटन सिन्धुली जिल्लाको सदरमुकामबाट पूर्वतर्फ पर्छ। राजग्राम भनिएको रजगाउँ रामेछाप जिल्लाको हालको पकरबास गा.वि.स.मा पर्छ। तीनपाटनबाट दोलखा जाँदा रजगाउँ बाटोमा

पर्छ। राजग्रामका भारदारले जम्मै धन हात लाए भनिएको छ। भारदार उल्लेख गरिएको छ, तर राजा को थिए उल्लेख छैन। ने.सं. ४५२ वि.सं. १३८८ मा चण्डेश्वरले राजग्राम कब्जा गरे भन्ने प्रष्ट उल्लेख गरिएको छ। ने.सं. ४४६ वि.सं. १३८२ देखि ने.सं. ४५२ वि.सं. १३८८ सम्म रजगाउँमा राजा थिए भन्ने प्रष्ट हुन्छ। को के नामका राजा थिए भन्ने विषयमा भने वंशावलीमा उल्लेख छैन। वि.सं. १३८२ देखि १३८८ सम्म मन्दरे माझीले नै रजगाउँमा राज्य गरेका थिए भन्ने यो एउटा बलियो प्रमाण हो । मन्दरे राजाका पूर्खाहरूले रजगाउँमा कहिलेदेखि राज्य गरे ? कहिले आए ? मन्दरे राजाभन्दा पहिले को को राजा थिए ? भन्नेबारे खोज, अध्ययन, अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ। यो इतिहास आजभन्दा ६९० वर्ष पहिलेको हो। गोपालराज वंशावलीभन्दा पुरानो इतिहास नभेटिएकोले माझी जातिको पुर्ख्यौली भूमि रामेछाप जिल्लाको रजगाउँ नै हो भन्ने प्रमाणित भएकोछ।

### १.२ भाषा

माझी जातिको आफ्नै छुट्टै मातृभाषा छ। माझी भाषा भारोपेली भाषा परिवारमा पर्दछ। माझी भाषा विशेषगरी रामेछाप, काभ्रे, ओखलढुङ्गा, खोटाङ र दोलखा जिल्लामा बोलिन्छ। अवशेषको रूपमा अन्य जिल्लाका माझी गाउँमा पनि माझी भाषाका शब्दहरू प्रयोग भएको पाइन्छ। तर त्यो माझी भाषा हो भन्ने चाहिं उनीहरूलाई थाहा छैन। यो भाषा बोलीचालीमा मात्र सीमित छ। २०५८ सालको जनगणना अनुसार माझीजातिको जनसंख्या ७२,६१४ मध्ये २१,८४१ ले मातृभाषा 'माझी' लेखाएका छन्। माझी भाषाको केही क्षेत्रीय भाषिकाको भेद पनि पाइएको छ। खस नेपालीलगायत अन्य भाषाको अतिक्रमणले यो भाषा लोपहुने अवस्थामा पुगेकोछ।

### १.३ धर्म

माझी जाति हिन्दु वर्णव्यवस्थाको चार जात, छत्तीस वर्णभित्र पर्दैन। धर्म के हो ? भन्दा हिन्दु भन्दछन्। तर कुनै पनि कर्मकाण्ड गर्दा हिन्दुको ठीक उल्टो गर्दछन्।

बाहुन लगाउँदैनन् । बूढापाका, धामी, ज्वाइँचेला, भाञ्जाभाञ्जी र जान्नेसुन्नेद्वारा कर्मकाण्ड गराउँछन् । मृत्यु संस्कारमा बाहुन लगायत कुनै पनि अन्य जातिले छोएको सिन्का, पातसमेत चलाउँदैनन् । नेपाल माझी उत्थान संघको पहिलो अधिवेशन २०५३ मा धर्म तान्त्रिक लेखाउने निर्णय गरेको छ । २०५८ सालको जनगणना अनुसार माझीजातिको जनसंख्या ७२,६१४ छ । यसमध्ये ११,३२७ ले तान्त्रिक धर्म लेखाएका छन् । माझी जाति हिन्दु होइन, भन्ने प्रष्ट छ । तर माझीहरूले तान्त्रिक धर्मको व्याख्या राम्रोसँग गर्न नसकेकोले धेरै माझीहरू धर्मको बारेमा अलमलमा परेका छन् । माझी बूढापाका, धर्मका ज्ञाता, भाषा शास्त्री, समाज शास्त्रीहरूको सहयोगमा यसबारेमा व्यापक छलफल गरी निष्कर्षमा पुग्नु ढीलो भइसकेकोछ, जसको कारणले माझीहरू क्रिश्चियन हुनेक्रम धेरै वृद्धि भएको छ ।

### १.४ भेषभूषा तथा गरगहना

माझी जातिको भेषभूषा आफ्नै किसिमको छ । पुरूषहरूले कछाड, भोटो, फेटा, ईष्टकोट र टोपी लगाउँछन् । महिलाहरू गुन्यू, चोलो, पटुका, मजेत्रो, कपालमा लाछा, धागो लगाउँछन् र गहनामा कानमा ढुंग्री, माड्वारी, च्याप्टेसुन, नाकमा फुली, बुलाकी, शिरफूल, गलामा हँसुली, सिक्री, हारी, पोते, पन्दा, गोडामा कल्ली, हातमा बागमुखे चुरा (ठोका) र काँचको चुरा लगाउँदछन् । हाल अन्य जातजातिले लगाउने आधुनिक गरगहना पनि लगाउन थालेका छन् । कपडा लगाउँदा कछाड फरिया अन्य जातजातिले लगाउनेभन्दा केही छोटो लगाउँछन ।

### १.५ खानपिन तथा पाहुना सत्कार

माझी जातिले पाहुनाको सत्कार गर्नुपर्दा अनिवार्य जाँड आवश्यक पर्दछ । बिना जाँडको सम्मान खल्लो मान्दछन । माझी समुदायमा रक्सीले कम महत्व पाउँछ । पाहुना सत्कारमा साइनोले पहिलो प्राथमिकता पाउँछ । दोस्रोमा जेठो, मान्यजन पर्दछन् । सम्धीलाई विशेष सत्कार गर्दछन् । पाहुनालाइ पहिले जाँड, माछा, मासु, अण्डाको सितन (ओलेसी) दिन्छन् । सम्धी आएका छन् भने भेट हुनासाथ हातमा

कुनै कपडा लिएर निहुरिएर कपडासहितको हातले भुइँमा छोएर उभिएर नमस्कार गर्दछन् । मासु छैन भने पाहुनालाई वेवास्ता वा सम्मान नगरेको ठहर्छ । पाहुनाले लाज मानेर नअघाइकनै भो भन्दा पनि कर गरेर थपीथपी खान दिन्छ । पाहुना बिदा गर्ने बेलामा मीठो जाँड, निगार, रक्सी खान दिन्छन् । यसलाई बाटोको लौरो भनिन्छ । पाहुनालाई मीठोमसिनो खुवाउनसक्दा गर्व गर्दछन् ।

## १.६ सामाजिक नायकहरू र संरचना

माझी समुदायको सामाजिक नायकहरू यसप्रकार छन् :

मझे : अध्यक्ष, गाउँमा गर्नुपर्ने, आइपर्ने सबै विषयको हर्ताकर्ता ।

गउरुङ् : उपाध्यक्ष, मझेको सहयोगी ।

अडई : कोषाध्यक्ष, व्यवस्थित तरिकाले हिसाब राख्ने व्यक्ति ।

दलाली : सचिव, लेखापढी सम्बन्धी सम्पूर्ण काम गर्ने व्यक्ति ।

जेठबूडा : सदस्य, पदाधिकारीका सहयोगीहरू ।

टहलुवा : लदिपूजा (कोशीपूजा) र विभिन्न काजभोजमा खानपिनको रेखदेख गर्ने ।

माझी समुदायको विभिन्न सामाजिक, आर्थिक, न्यायिक कार्य गर्ने यिनै पदाधिकारी हुन्छन् । यिनीहरूले माझी समुदायमा आइपर्ने झैंझगडा सुल्झाउने, मुद्दा मामिला मिलाउने गर्दथे । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपश्चात् यिनीहरूलाई नै पद थमौति गरेपछि यिनीहरू झनझन निरंकुश, शक्तिशाली हुँदै गए । मिझारको छोरा मिझार, गउरूङ्को छोरा गउरूङ् हुने व्यवस्था भयो । त्यसपछि साधारण व्यक्तिहरू झनझन यिनीहरूको शोषण, दमनमा पर्न थाले । माझी समुदायको हरेक संस्कार यिनीहरूकै अराउपराउमा ज्वाँईचेला, भाञ्जा भाञ्जी, कुटुम्बले गर्दछन् । हिन्दु संस्कारको जस्तो बाहुन लगाउँदैनन् । बाहुन लगाउँदा बिटुलो भएको मान्दछन् ।

## १.७ परम्परागत पेशा तथा रहनसहन

माझी जातिको पुर्ख्यौली पेशा माछा मार्ने, डुङ्गा चलाउने, डुङ्गा बनाउने र महिलाहरूले मर्चा बनाउने हो । धेरै पछिदेखि खेतीपाती गर्न र पशुपंछी पालन गर्नु थालेका हुन् ।

घाटमा पूल बनिन थालेपछि डुङ्गा तार्ने काम समाप्त भएको छ। माछा मार्नुमा ठेक्का लाग्नु, विष र करेन्ट प्रयोग हुन थालेपछि माछा पाउन नै छाडेको छ। मर्चा बनाउने र जाँड बेच्ने काममा सरकारी प्रतिबन्ध लाग्नुको कारणले माझीहरू पुर्ख्यौली पेशाबाट बन्चित भएका छन्। पेशा समाप्त हुनुभनेको बाँच्ने आधार समाप्त हुनु हो। पुर्ख्यौली पेशाबाट सरकारले विस्थापित गराएपछि अर्को पेशा गर्न नजानेर माझीहरू झनझन गरीब हुँदैगएका छन्। टाठाबाठा जातिहरूले माझी जातिको जग्गा, धन, सम्पत्ति जालझेल, छलकपट गरेर समाप्त पारिदिएपछि पहिलेका जमिन्दार माझीहरू पनि अहिले घडेरी समेत नभएका सुकुम्बासी हुन पुगेका छन्।

माछा मार्नुपर्ने, डुङ्गा चलाउनुपर्ने भएकोले माझी महिला र पुरुष दुवैले अरू जातिले भन्दा केही छोटो लुगा लगाउँछन्। घरमा कुनै मान्यजन पाहुना आउँदा अनिवार्य जाँड चाहिन्छ। मेलापात, काज, भोजमा खाजाको रूपमा जाँड बढी प्रयोग गर्दछन्। जाँडलाई मुख्य खाना र खाजाको रूपमा लिन्छन्। जाँडको स्थान रक्सीले लिन सक्दैन। केही बूढापाका माझीहरू जाँड खान पाएनन् भने आज पेट भोकै छ भन्ने गर्दछन्। माझी जाति सोझासिधा र इमान्दार हुने भएकाले टाठाबाठा जातिबाट धेरै शोषण, दमन, अन्याय, अत्याचारमा परेका छन्। माझी जातिको संस्कार, संस्कृति, रीतिथिति र परम्परा पनि बढी जाँड रक्सी प्रयोग हुने र खर्चालु किसिमको छ। मान्छे मर्दा अनिवार्य माछा चाहिने, मृतकको अन्तिम काम गर्दा नाच्नु, गाउनु पर्ने जस्ता माझी जातिको मौलिक संस्कार छ। छोरा जन्मदा भाले, छोरी जन्मदा पोथी कुखुरा सँघारमा काट्नु पर्ने, जुन बार जन्मियो त्यहीं बारको पहिलो अक्षरबाट न्वारनमा नाम राख्नु पर्ने, केटी माग्न, जन्ती जान बुधबारनै जानुपर्ने, बिहेमा जन्तीसँग बेहुला जान नपर्ने परम्परा र चलन माझी जातिमा अहिलेसम्म पनि केही गाउँमा जीवित नै छ।

### १.८ परम्परागत ज्ञान र शीप

माझी जातिको परम्परागत ज्ञान, शीप भन्नाले माछा मार्ने, डुङ्गा बनाउने, डुङ्गा चलाउने र महिलाले मर्चा बनाउने हो। यी ज्ञान शीपबाट अहिले कुनै पनि

आयस्रोत बढाउने अवस्था छैन । खोला नदी, ताल, पोखरीमा ठेक्का लगाउनु, विष प्रयोग गरिनाले माछा पाउनै छाडिसकेको छ। माछा मार्ने पेशा पूर्णरूपले छाडिसकेका छन् । मर्चा बनाउन, जाँड बनाउन र बेच्न सरकारले प्रतिबन्ध लगाएपछि माझी जातिको पेशा पूर्णरूपले बन्द भएको छ। खोला नदीमा पक्की तथा झोलङ्गे पूल निर्माण भएकोले डुङ्गाको प्रचलन शून्य भएको छ। कुनै ठाउँमा आवश्यकता भए तापनि डुङ्गा बनाउने काठ नपाउने यो पेशा पूरै लोप भइसकेको छ। माझी जातिको सम्पूर्ण पेशा समाप्त भइसकेको छ। पेशा समाप्तहुनु भनेको बाँच्ने आधार समाप्त हुनु हो। माझी जातिको पुर्ख्यौली पेशाबाट आयआर्जन गर्नसक्ने कुनै पनि उपाय छैन ।

**१.९ मनोरञ्जनका बाजा, गीत तथा नाच**

माझी जातिको मुख्य बाजा मादल, ढोल, झ्याली र घण्टी हुन् । मुर्चुङ्गा, मुरली, बिनायो पनि बजाउँछन् । सरादमा ढोल, मादल, झ्याली र घण्टी बजाउँछन् भने कोशीपूजा र विवाहमा मादल बजाउँछन् । सरादमा गाउने र बजाउने गीत र मादलको भाका अरू समयमा गाउँने बजाउने गर्दैनन् । अरू समयमा गाउँनु बजाउनु अशुभ मानिन्छ । विशेष गरेर कोशी पूजा, विवाहमा ख्यालीको भाकामा गाउँने, बजाउने र नाच्ने गर्दछन् । यो नाच दशैं र तिहारमा पनि गर्छन् । अन्य विभिन्न समयमा झ्याउरे, चुड्के जस्ता भाकामा गीत गाउँने मादल बजाएर नाचगान गर्दछन् ।

**१.१० बसोवास क्षेत्र**

नेपालमा माझी जातिको बसोवास कहिलेदेखि भयो भन्ने विषयमा अध्ययन अनुसन्धान हुन बाँकी नै छ। माथि उल्लेख गरिए अनुसार माझी बूढापाकाहरू पुर्ख्यौली बसोवास थलो रामेछाप जिल्लाको रजगाउँ हो भन्छन् । साथै सप्तकोशी र यसका सहायक नदी किनार भित्रीमधेश माझी जातिको बसावास क्षेत्र हो । सहायकनदी भन्नाले इन्द्रावती, तामाकोशी, लिखु, दूधकोशी, अरूण, तमोर, सिन्धुपाल्चोक जिल्लाको कापिङ्ग माझी गाउँदेखि काभ्रे, सिन्धुली, रामेछाप, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, उदयपुर र सुनसरी जिल्लाको मधुवनसम्म सुनकोशी

र सप्तकोशीको वारिपारि बागमतीको आसपास मकवानपुर, काभ्रे, सिन्धुलीको मरिनखोला, कमला र उदयपुरको त्रियुगा नदीको आसपासमा माझी जातिको पुरानो बसोवास भएको पाइन्छ । सप्तकोशीको सहायक नदी किनारबाट बसाइँसरी नेपालको ६८ जिल्लाको ५८८ गाविस र भारत तथा भुटानमासमेत बसोवास गर्न पुगेका छन् ।

### १.११ **जनसंख्या वितरण**

२०६८ सालमा भएको राष्ट्रिय जनगणना अनुसार सप्तकोशीको सहायक नदीका किनारबाट फैलिँदै नेपालका ६८ जिल्लाको ५८८ गाविसमा माझी जातिको बसोवास भएको देखाएको छ । जम्मा जनसंख्या ७२,६१४ मध्ये पुरूष ३६,३६७ महिला ३६,२४७ उल्लेख छ । मधेशतर्फका सबै माझीहरूले जनगणनामा ‘माझी’ लेखाएका छैनन् ।

### १.१२ **विशेषता**

माझी जातिहरूको बिशेषता यस प्रकारका छन् :

क) आफ्नै मौलिक भाषा भएको ।

ख) आफ्नै जातीय भेषभूषा भएको ।

ग) महिला, पुरुषहरूले लगाउने मौलिक गरगहनाहरू भएको ।

घ) आदिकालबाटै प्रकृतिमा निर्भर रहिआएको र प्राकृतिक धर्ममा आस्था राख्ने भएको ।

ङ) आफ्नै प्रकारको खानपिनको व्यवस्था भएको ।

च) आफ्नै परम्परागत बाजागाजाहरू भएको ।

छ) आफ्नै प्रकारका सामाजिक संरचना र संस्कार, संस्कृति भएको ।

ज) ऐतिहासिक भूमि तथा थातथलो भएको ।

झ) आफ्नै मौलिक चाडपर्वहरू भएको ।

ञ) आफ्नै प्रकारको जीवनशैली, धर्म, रीतिरिवाज भएको ।

## १.१३ न्यायमा पहुँचको अवस्था

हालसम्म माझी समुदायबाट वकिल, अधिवक्ता, न्यायधीश कुनै पनि पदमा पुगेका छैनन् । यसबारेमा माझी समुदायले कुनै चासो देखाएको छैन भने राज्यले पनि माझी समुदायलाई कानूनको विषयमा शिक्षा दिई समावेश गराई लैजानुपर्छ भन्ने सोंच बनाएको देखिँदैन । माझी समुदाय कानूनी निरक्षरको कारणले गर्दा कुनै समयमा भूमिपति माझीहरू हाल आएर सुकुम्बासीमा परिणत हुन बाध्य भएका छन् । माझी समुदायको स्थानीय निकाय लगायत सर्वोच्च अदालतसम्म न्याय तथा कानूनमा पहुँच छैन । राज्यले कानूनी मान्यता नदिए तापनि माझी समुदायले आफ्नै प्रकारको परम्परागत जातीय संस्था मझेसाबा सञ्चालन गर्नको लागि आफैँले कानून, नीति नियम बनाएर आदि अनादिकालदेखि नै न्याय सम्पादन गर्दै आएका थिए । मझेसाबाले बनाएको कानूनहरू अलिखित हुन्छन् । कानूनमा पहुँच नभएका समुदायको लागि राज्यले हरेक निकायमा समावेश गराउनुपर्दछ । समावेश गराउन सकिएन भने अहिलेसम्म पछाडि पारिएका समुदायहरूले कहिल्यै पनि कानूनी राहत पाएको महशुस गर्न पाउने छैनन् ।

मझेसाबामा पर्न आएका उजुरीमाथि छानविन गर्न एकदिनदेखि एक वर्षसम्म समय लाग्दथ्यो । साधारण मुद्दा भए एकदिन मझेसाबामा उजुरी गर्ने, एकदिन मझेसाबाका पदाधिकारीलाई जानकारी गराउने र एकदिन मझेसाबाका पदाधिकारी बसी छलफल गरी निर्णय दिने गर्दथे । जटील खालको मुद्दा छ भने गाउँका सबै मानिस भेलाभई छलफल गर्ने गर्दथे । आफ्नो गाउँकाले मात्र छलफल गरेर नहुने रहेछ भने अन्य गाउँका मिझार, गउरुङ, अडई, दलाली जेठबूढा, भद्रभलाद्मीहरूसँग पनि सल्लाह लिनुपर्ने थियो । यसमा लामो प्रक्रिया भएकोले प्रत्यक वर्ष गरिने कोशीपूजाको अन्तिम दिन मात्र निर्णय सुनाउँछन् । कोशीपूजामा गाउँका सबैलाई यस मुद्दाको बारेमा पनि छलफल हुन्छ भन्ने खबर गर्नुपर्दथ्यो । अन्य गाउँका मिझार, गउरुङहरूको सुझावसहित गाउँका सबै मानिस भेला भई छलफल गरी अन्तिम निर्णय सुनाउने गर्दथे । यसरी न्याय सम्पादन गर्दा कोही पनि अन्यायमा पर्दैनथे । यसरी गरिने निर्णयलाई माझी समुदायले सबैभन्दा निष्पक्ष न्याय वा निर्णय भएको मान्दथे ।

## १.१४ सामाजिक, साँस्कृतिक, आर्थिक अवस्था

माझी समुदाय खोला कोशीको किनारमा एकैठाउँमा बसोवास गर्न रुचाउँछन्। माझीहरूलाई मानिस मरेको भोलिपल्टदेखि अनिवार्य रूपले माछा चाहिन्छ। त्यसैकारणले खोला कोशीको किनारमा बस्न रुचाएका हुन्। एकैठाउँमा बस्नुको कारण सकनसकमा एकआपसमा सहयोग पाउनु सकिने भएकोले पनि यसरी बसेका हुन्। मानिस मर्दा अरू जातिले छुनु नहुने, जुठो बार्दा अरू जातसँग बोल्नु नहुने, पितृकार्यमा अरू जातिले छोएको सिन्का पातसमेत नचल्ने यस किसिमको संस्कार, संस्कृति भएकोले अन्य जातिको आसपासमा बसेर व्यवहार नै नचल्ने, माझी बाहेक अर्को जातिसंग विवाह गर्न नहुने, गरेपनि उसबाट जन्मिएको सन्तानलाई आफ्नो जातिमा ल्याउन भत्याउनुपर्ने र सुरक्षाको लागि पनि यसरी बसेका हुन्। माझी समुदाय सामाजिक मूल्यमान्यतालाई आत्मदेखि नै स्वीकार्ने जाति हो। माझीहरूको परम्परागत जातीय संस्थाले आफ्नो समाज सुहाउँदो नीति, नियम तथा कानूनहरू बनाएर आफ्नो गाउँको एकता तथा शान्ति सुरक्षा गर्दै आएका थिए।

गाउँमा शान्ति सुरक्षा होस्, कसैलाई पनि दुःख नहोस, सबैको भलो होस् भनी माझीहरूले धार्मिक आस्था राखी माझीगाउँमा दवीदेवताको स्थान बनाएर राखेका हुन्छन्। माझीगाउँमा ठूलो रुख, पहरा भएको ठाउँमा देवताको स्थान बनाइएको हुन्छ। यी देवताको पूजा गरेपछि राम्रो उब्जनी हुने, समयमा पानी पर्ने, गाउँमा हैजा जस्ता रोगव्याधि नलाग्ने, जंगली जनावरहरूले दुःख नदिने, गाउँमा अनिकाल नलाग्ने, शान्ति र सुरक्षा हुने आदि विश्वासले गर्दा माझीहरूले यी देवी देवताको पूजा गरेका हुन्। यसमा अहिलेसम्म पनि विश्वास गर्दछन्। माझीजाति प्रकृतिपूजक भएकाले कोशी, सन्सारी, शिकारी, कूलपूजा, आइतवारे, अर्देउ बर्देउ जखनी, सिमेभूमे, बूढोदेउता, महादेव, गैंडु, गोसाइ, गोठकोधुप विभिन्न देवीदेवता, जलदेउता (डल्फिन वा सौंस्) इत्यादिको विभिन्न रूपले पूजा गर्दछन्। यी देवताहरूलाई बोका, पाठी, कुखुरा, परेवा, हाँस, राँगा, सुँगुर, बाखा इत्यादि बली चढाउँछन् भने जाँड, रक्सी, फूल, अक्षता, पाती, भेटी इत्यादि चढाउँछन्। विभिन्न

समयमा पूजा गर्दछन् । माझी जातिले मनाउने चाडपर्वहरूमा कूलपूजा, कोशीपूजा, माघे सङक्रान्ति, साउने सङक्रान्ति, मंसिरे पूर्णिमा, बैशाखे पूर्णिमा लगायत दशैं, तिहार र अन्य विभिन्न हिन्दु संस्कारका चाडपर्वहरू पनि हाल मनाउन थालेका छन् । यी चाडपर्वमध्ये कोशीपूजा मुख्य हो । यो पूजा फागुन, बैशाख, असार, माघ महिनामा भव्य रूपले मनाउँछन् । नेपाल माझी उत्थान संघले कोशीपूजालाई राष्ट्रिय पर्वमा सूचीकृत गराउने निर्णय गरी कोशीपूजा फागुन महिनाको तेश्रो मंगलवार मनाउने गरेका छन् । यसरी विभिन्न देवीदेवताको पूजा गर्दा कसै कसैले बत्ती बाल्ने, नाचगान गर्ने गरेर रातभर जागराम बस्दछन् । जागराम बस्नेहरूलाई जाँड, रक्सी, दही, चिउरा, खुवाउँछन् । रातभरी बालेको बत्ती बिहान खोला वा कोशीमा लगेर सेलाउँछन् । कसै कसैले छोरा भएनन् भने छोरा होस् भन्नका लागि पनि यसप्रकारको पूजा गर्दछन् । यसप्रकारको चलन भरखर भरखर हिन्दु संस्कारबाट सिकेका हुन् ।

माझी जातिको आफ्नै प्रकारको संस्कार, संस्कृति छ । जन्मदेखि मृत्यू संस्कारसम्म मौलिक छ । माझी जातिहरू मृत्यूसंस्कारमा पनि ढोल, मादल, झ्याली बजाएर नाचगान गर्दछन् । विवाहमा जन्तीसँग बेहुला जाँदैन । माझी जातिको संस्कार, संस्कृति अली खर्चालु छ । यसमा सुधार गर्ननसके माझी समुदायको आर्थिक स्थिति सुधार गर्न कठीन छ ।

माझीहरूको मुख्य पेशा डुंगा चलाउनु, डुंगा बनाउनु, माछा मार्नु, मर्चा बनाउनु नै हो । पछि आएर खेतीपाती गर्न थालेको देखिन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि एकीकरणको नाममा माझीहरूले भोगचलन गर्दै आएको सबै जग्गा वि.सं. १८५२ सालभन्दा पहिले नै माझीहरूको नाममा किपट कायम गरिएको थियो । माझीहरूले किपट जग्गा भोगचलन गर्नकोलागि घाटमा अनिवार्य रूपमा डुंगा चलाउनुपर्दथ्यो । वि.सं. १९६२ सालमा माझीहरूको किपट जग्गामध्येबाट टाठाबाठाहरूलाई विर्ता, देबीदेवताको नाममा गुठी, बाँकी जग्गा रैकर र थोरै मात्र जग्गा किपट कायम गरियो । पञ्चायतकालमा भूमिसुधारको नाममा सबै किपट जग्गा समाप्त गरियो । माझीहरू संस्कार, संस्कृति कायम राख्नको लागि बढी खर्चगर्ने, ज्यादै सोझा हुने भएकोले टाठाबाठाहरूले जालझेल

छलकपट गरी जग्गा जमीन सित्तैमा खाइदिएकोले पहिलेका भूमिपति माझीहरू अहिले जग्गा जमीनविहीन वा सुकुम्बासी भएका छन् ।

माझीहरूको परम्परागत पेशा डुंगा चलाउने, माछा मार्ने, मर्चा बनाउने सबै समाप्त भएको छ । डुंगा चलाउने घाटमा ठेक्का लाग्यो, पूल निर्माण भयो । माछा मार्नेमा ठेक्का लाग्नु, करेन्ट विष प्रयोग गरिनुले माछा पाउनु नै छोडेको छ । मर्चा बनाउनमा सरकारले प्रतिबन्ध लगाएपछि माझीहरूको पुर्ख्यौली पेशा समाप्त भयो । यस बारेमा सरकारले कुनै चासो देखाएको छैन । पुर्ख्यौली पेशा समाप्त भएपछि अहिले माझीहरू गलैंचाको धागो बाट्ने, गलैंचा बुन्ने, इँटा बनाउने पेशामा लागेका छन् भने कति माझीहरू विदेशिन बाध्य भएका छन् ।

**२. माझी समुदायको परम्परागत संस्था मझेसाबा**

माझी समुदायको परापूर्वकालदेखि नै शक्तिशाली रहेको परम्परागत जातीय संस्था मझेसाबा हो । मझेसाबामा पाँच सदस्यीय रहने व्यवस्था थियो । यो संस्था माझी गाउँमा मात्र सीमित थियो । माझी जातिको राष्ट्रिय रूपको जातीय संस्था हुनुपर्छ भनेर नेपाल माझी उत्थान संघ २०५१ सालमा स्थापना गरियो र २०५४ सालमा वैधानिक रूपले जिल्ला प्रशासन कार्यालय सुनसरीमा दर्ता भयो । नेपाल माझी उत्थान संघले मझेसाबालाई पनि साथसाथै लैजानु पर्नेमा त्यसो गर्न भने सकेको छैन ।

मझेसाबाले खासगरी सामाजिक, साँस्कृतिक, धार्मिक तथा माझी गाउँटोललाई सञ्चालन गर्नका लागि नीति नियम वा कानूनहरू बनाउने कामहरू गर्दथ्यो । सामाजिक कामहरूमा शुरुवातको समयदेखि नै समाजमा जन्म, विवाह, मृत्यु संस्कार, पर्म, भेला गराउने, माझी समुदायबीच ऐक्यबद्धता गराउने, विशुद्ध सामाजिक काम गर्ने सरसहयोग जुटाइदिने काम गर्दथ्यो । धार्मिक कार्यहरूमा प्रकृतिको पूजा गर्दै आएका माझी गाउँटोलमा शान्ति सुरक्षा, अन्नबाली राम्रो होस्, सबैलाई राम्रो होस् भनी कोशीको पूजा गर्ने, मेला लगाउने, पूजाआजा वा सामाजिक कार्य गर्नको लागि आर्थिक संकलन गर्ने काम पनि हुन्थ्यो । संस्कार,

संस्कृतिको कामहरूमा आफ्नो मौलिक परम्परागत नाच, गान, भेषभूषाहरू, गरगहनाहरू, खानपिनका परिकारहरू, जीवनशैलीलाई निरन्तरता दिने कामहरू यस संस्थामार्फत गर्दै आएका थिए। संस्कारहरू उल्लंघन गर्नेहरूलाई दण्ड, जरीवाना गर्नको लागि कानून बनाउने काम पनि गर्दथे। तर ती सबै कानून, नीति, नियमहरू अलिखित वा गाउँलेहरूबीचमा सम्झौताको आधारमा संचालन गरिन्थ्यो। गाउँटोलमा झैंझगडा भएमा ती झगडाहरूको छिनोफानो गरी न्याय दिनका लागि पनि मझेसाबाले ठूलो भूमिका खेलेको थियो। छोटकरीमा भन्दा माझी गाउँमा कानून बनाउने, लागू गर्ने, संस्कार संस्कृति चलाउने, रेखदेख गर्ने र समयानुसार आवश्यक भएमा परिवर्तन गर्दैजाने काममा पनि यो संस्थाको ठूलो महत्व थियो। माझीहरूको किपट क्षेत्रमा छोरीको विवाह गरे बुंथो तिर्नु पर्दथ्यो। घाँस, दाउरा, चरन प्रयोग गरेवापत खरदरी तिर्नु पर्दथ्यो। यी दस्तुर नतिर्ने हो भने अन्य जातिले त्यो क्षेत्रमा बस्नु पाउँदैनथे।

मझेसाबालाई पहिले-पहिले सरकारको नीति, नियम कानूनहरूले प्रत्यक्ष प्रभाव पार्न सकेको थिएन। त्यस समयमा परम्परागत जातीय संस्थाहरू ज्यादै शक्तिशाली थिए। यिनै संस्थाहरूले सरकार, राज्यले गर्नुपर्ने काम गर्ने गर्दथे। आफ्नो समुदायको रक्षा आफ्नै गाउँ समाजले गर्नुपर्छ भन्ने मान्यता राख्दथे। माझी समुदायले मझेसाबाप्रति ठूलो विश्वास र भरोसा राख्दथे। समुदायमा एकता, धार्मिक विश्वास थियो। कसैलाई सहयोगको आवश्यकता परेमा सबैले सहयोग गर्दथे। माझीहरूको मझेसाबाले जातीय पहिचान दिलाउन, धार्मिक, आर्थिक, सामाजिक, साँस्कृतिक कार्यहरू गर्न सफल भूमिका खेलेको थियो। मझेसाबाले किपट क्षेत्रमा बसावास गर्ने अन्य जातिलाई मझेसाबाको नियम नमाने त्यस क्षेत्रबाट हटाउन सक्दथ्यो। माझीले समाजमा गर्ननहुने काम गरे गाउँमा नै बस्न नदिने वा डाँडा कटाउन सक्नेसम्म मझेसाबालाई अधिकार थियो। यसकारण मझेसाबा ज्यादै शक्तिशाली थियो भन्न सकिन्छ।

माझी समुदायको आसपासमा बस्ने अन्य जातिले पनि यस संस्थाबाट धेरै फाइदा लिन पाएका थिए। एक धर्म हिन्दु, एक भाषा खसनेपाली मात्रले मान्यता पाएकोले

अन्य जाति तथा भाषाभाषीहरूसमेत निरुत्साहित हुँदै गए । आदिवासी जनजातिहरूको अहितमा बनेका विभिन्न प्रकारको सरकारी ऐन, नियम, कानून लागू गर्दै जाँदा माझी जातिको परम्परागत जातीय संस्था मझेसाबा छायाँमा पर्दै गएको छ । अब बनिने नयाँ संविधानमा परम्परागत जातीय संस्था र प्रथा तथा प्रथाजनित कानूनका भावनाहरूलाई नसमेटिने हो भने देशमा दिगो शान्ति हुन सक्दैन । त्यसकारणले यस विषयमा संविधानसभाले गहिरिएर सोच्नुपर्ने अवस्था आएको छ ।

### २.१ मझेसाबाको परिचय

माझी जातिको परम्परागत जातीय संस्थाको नाम 'मझेसाबा' हो । प्रत्येक माझी गाउँमा मझेसाबा गठन हुन्थ्यो । जनसंख्या कम भएका गाउँमा एकभन्दा बढी गाउँ समेटेर पनि मझेसाबा गठन हुनेगर्दथ्यो । माझीहरू समुदायमा बसोवास गर्न थालेदेखि नै समाजमा नीति निर्माण गर्न, सामाजिक समस्याहरूको समाधान गर्न, संस्कार, संस्कृति व्यवस्थित रूपले सञ्चालन गर्न, माझी समुदायबीचको मुद्दा मामिलाहरूको छिनोफानो गर्न, धार्मिक कार्यहरू गर्न, झैंझगडा सुल्झाउन, मेलमिलाप गराउन, एकता कायम गर्न, सामुहिक कार्य गर्नका लागि मझेसाबाको आवश्यकता महशुसगरी यसको स्थापना भएको हो । यो संस्था माझीहरूको सामाजिक जीवनको शुरुवात देखि नै सञ्चालनमा आएको हो भन्ने माझी बूढापाकाहरू भन्दछन् । मझेसाबा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा पहिलेदेखि नै माझी समुदायले स्थापना गरेका हुन । एकीकरण पछि मझेसाबा निरंकुश बन्दै गएको बूढापाका माझीहरू बताउँछन् । पृथ्वीनारायण शाहले आफ्नो राज्यसत्ता दिगो बनाउनको लागि यसो गरेका हुन् । यसले विशेष गरेर जन्मदेखि मृत्युसम्मको संस्कारमा एकरूपता आओस भनेर एकै प्रकारको नियमहरू बनाएर गाउँ समाजमा लागू गर्नेगर्दछ । यसले गाउँमा कसैले गर्नुनहुने काम गरे कसैलाई अन्याय अत्याचार गरे जरीवाना गर्ने वा सजायँ तोक्ने गर्दछ । कोशीपूजा जस्ता चाडपर्वहरू मनाउँदा व्यवस्थित होस्, एकरूपता आवस् भनेर त्यसै अनुसारका नियमहरू बनाएका हुन। मझेसाबा परापूर्वकालदेखि लागू हुँदै आएको हुनाले माझीगाउँ समुदायमा आदिकालदेखि नै स्वशासन, आत्मनिर्णयको अधिकार थियो

भन्ने पुष्टि गर्दछ । यो संस्था माझी जातिको सामाजिक, धार्मिक, आर्थिक, न्यायिक क्रियाकलापहरू सञ्चालन गर्ने र बचाई राख्ने पुरानो संस्था हो ।

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा उल्लेख भएका जातीय संस्था 'मझेसाबा' हो । मझेसाबा सक्रिय नभएकोले प्रतिनिधिमूलक जातीय संस्था नेपाल माझी उत्थान संघलाई मान्यता दिइएको हो ।

माझी समुदायको सामाजिक व्यवस्थापन गर्नको लागि मझेसाबाले प्रथा तथा प्रथाजनित कानूनको व्यवस्था गरेको थियो । प्रथाजनित कानून कानूनको मूलस्रोत हो । यिनै प्रथा र प्रथाजनित कानूनले समाजको राम्रोसँग सामाजिक व्यवस्थापन गर्दथे । २०५० सालमा माझी समुदायको समग्र विकास गर्नको लागि नेपाल माझी उत्थान संघको स्थापना भएकोछ । यो संस्था माझी समुदायको आधुनिक प्रतिनिधिमूलक जातीय संस्था हो । यसले परम्परगत जातीय संस्थाको खाँचो पूरा गर्न सक्दैन र सकेको छैन । यसले खास गरेर भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षणको कुराहरू उठाएको छ । तर व्यवहारमा लागु गर्न भने सकेको छैन । अहिले संविधान निर्माणको समय भएकोले माझी जातिको विभिन्न प्रकारका हक अधिकारको बारेमा छलफल अन्तरक्रिया, गोष्ठी गर्ने गरेको छ । माझी समुदायको परम्परागत जातीय संस्था मझेसाबाको नेतृत्व गर्ने पदाधिकारीहरू यसप्रकारछन् :

मझे: (अध्यक्ष) मझेसाबाको मुख्य हर्ताकर्ता ।

गउरुङ् (उपाध्यक्ष): मझेको मुख्य सहयोगी ।

अडई (कोषाध्यक्ष): हरहिसाब राख्ने व्यक्ति ।

दलाली (सचिव): लेखापढीको काम गर्ने व्यक्ति ।

जेठबूढा (सदस्य): मझेसाबाका सबै पदाधिकारीको सहयोगी ।

टहलुवा (रेखदेखकर्ता): नदिपूजा र विभिन्न काजभोजमा खानपिनको रेखदेख कर्ता ।

यी पदाधिकारीहरूलाई किपट जग्गाबाट पगरी भागवापत जग्गाको व्यवस्था गरिएको हुन्छ ।

## २.२ मझेसाबाको गठन विधि

नदिपूजाको तेश्रो दिन मझेसाबा गठन गरिन्छ । उम्मेदवारी दिनुपर्दैनथ्यो । माझी समुदायले रुचाएको व्यक्तिले अनिवार्य पद स्वीकार्नु पर्दथ्यो । गाउँका माझी समुदायका किशोर-किशोरी, अपाङ्ग, वृद्ध-वृद्धा, महिला पुरुष गन्यमान्य भद्रभलाद्मी सम्पूर्ण भेला भएको सभामा गन्यमान्य भद्रभलाद्मीले मझे, गउरुङ, अडई, दलाली, जेठबूढा कसलाई बनाउने भन्ने प्रस्ताव गर्दथे । किशोर-किशोरी, अपाङ्ग, वृद्ध-वृद्धा, महिला, पुरुष गन्यमान्य भद्रभलाद्मी सम्पूर्णले आ-आफ्नोतर्फबाट फलाना फलाना हुनुपर्छ भनेपछि सोही अनुसार गन्यमान्य भद्रभलाद्मीले यी पदाधिकारीहरूको छनौट भएको घोषणा गर्दथे । समुदायले नरुचाएको व्यक्ति हुन सक्दैनथ्यो । यिनीहरूले कसैलाई पनि अन्याय नगरी न्याय दिन्थे । छनौट गर्दा कसैले कसैलाई पनि दवाव वा हस्तक्षेप गर्न पाउँदैनथे । छनौट गर्दा पहिलो अधिकार केटाकेटी (किशोर-किशोरी), दोस्रो अधिकार अपाङ्ग, तेस्रो अधिकार वृद्ध-वृद्धा, चौथो अधिकार महिला, पाँचौं अधिकार पुरुष र छैठौं अधिकार पुराना पदाधिकारीको हुन्थ्यो । यी पदाधिकारीहरू गाउँका सर्वेसर्वा हुन्थे । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि यिनै पदाधिकारीलाई पद थमौती गरी किपटमध्येको जग्गाबाट पगरी भाग जग्गा दिइएको थियो । पृथ्वीनारायण शाहको शासनकाल शुरु भएपछि पदाधिकारीहरूको छनौट गर्नु नै नपर्ने भयो । पदाधिकारीहरूको छोरा नै मझे, गउरुङ्, अडई, दलाली र जेठ्बूढा हुने व्यवस्था भयो, सो पदका लागि माझी समुदायले रुचाएको हुन जरुरी भएन । यी पदाधिकारीहरू, जिम्मावाल, जिम्दार, पटवारी खडा गरेपछि झनझन निरंकुश हुँदैगए । यसैकारणले गर्दा मझेसाबा छायाँमा परेको हो ।

## २.३ मझेसाबाको कार्यकाल

प्रत्येक तीन वर्षमा नयाँ पदाधिकारीहरूको छनौट गर्नुपर्दथ्यो । राम्रो काम गर्न नसक्ने वा नगर्ने पदाधिकारीलाई प्रत्येक वर्ष फेर्न सकिने व्यवस्था थियो । प्रत्येक वर्ष दशैंमा मझेसाबा बस्नुपर्दथ्यो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि सोही पद थमौती भयो । मझेको जेठो छोरो मझे हुने व्यवस्था भयो । त्यसपछि

निरङ्कुस हँदै गयो । अहिले यी सबै पदाधिकारीहरूको पद समाप्त भएको छ । माझी समुदायमा अहिलेसम्म पनि यिनीहरू मझे, गउरुङ, अडई, दलाली, जेठ्बूढाका सन्तान हुन् भन्ने यथावत छँदैछ ।

## २.४ मझेसाबाको काम, कर्तव्य र अधिकार

- मझेसाबाले गाउँमा परेका मुद्दामामिला, झैंझगडा मिलाउने ।
- वनको संरक्षण गर्ने ।
- बाटो, पँधेरो, कुलो मर्मत गर्ने, गर्न उर्दी लगाउने ।
- खेतबारी, वनजंगलमा वस्तु चराउन, घाँस काट्न प्रतिबन्ध लगाउन थारो बाध्ने र फुकाउने ।
- वस्तुभाउ बन्देज गर्न, छाडा छोड्न उर्दी लगाउने ।
- किपट क्षेत्रमा गर्न नहुने काम गर्नेलाई सचेत गराउने, जरीवाना तोक्ने र अटेर गर्नेको बास समेत उठाउने ।
- अन्य विभिन्न सामाजिक कार्यको उर्दी लगाउने ।
- उर्दी उल्लंघन गर्नेलाई जरीवाना तोक्ने, सामाजिक बहिस्कार गर्ने ।
- वस्तुभाउले बाली खाएमा वा विमाखपारे अर्मल तोक्ने ।
- जारी तोक्ने वा तिराउने ।
- कर्मकाण्डहरू भाञ्जा भाञ्जी, ज्वाइँचेला, कुटुम्बहरूबाट हिन्दुधर्मशास्त्रको वेदहरू प्रयोग नगरी मौखिक रूपमा आफ्नै प्रकारले गर्ने गराउने इत्यादि ।

## २.५ मझेसाबाले निर्णय गर्ने तरिका

जुनसुकै प्रकारको मुद्दा भएपनि १,३,५,७ र ९ दिनमा निर्णय दिने वा फैसला गर्ने गर्दथे । सबैभन्दा पहिले त जसले गल्ती गरेको छ, जसको नाममा उजुरी परेको छ, उसले नैतिकताको आधारमा आफैं कायल हुन्थ्यो । त्यसपछि पदाधिकारी छनौट गर्ने तरिका नै निर्णय गर्ने तरिकामा अपनाइन्थ्यो । बच्चाबच्चीहरूलाई (किशोर-किशोरी) सोधिन्थ्यो । बच्चाहरू स्वभावैले सत्यबोल्ने हुन्छन् र सत्यकुरा निस्कन्थ्यो । त्यसपछि अपाङ्गहरू, वृद्ध-वृद्धाहरू र महिलाहरूलाई यसबारेमा के

हुनुपर्ने भनी क्रमशः सोधिन्थ्यो । उनीहरूले सबैका कुरा सुनिसकेका हुन्थे । त्यसैले सत्यशिवाय असत्य भन्दैनथे । पुरुषहरू झन खारिएर सत्यतथ्यको नजिक पुगेर निर्णय दिन्थे । झगडीयाहरूलाई समेत सोधिन्थ्यो, झगडीयाहरू यसैमा कायल भइसकेका हुन्थे । कसैको गल्ती भएको ठहर भए, यसमा के गर्ने ? के सजायँ गर्ने ? भन्ने प्रस्ताव गर्दथे । उल्लेख भएका बच्चा, अपाङ्ग, वृद्ध-वृद्धा महिला र पुरुषहरूको कुरा वा निर्णय सुनिसकेपछि पदाधिकारीहरूलाई ज्यादै सजिलो हुन्थ्यो । निष्पक्ष र सही निर्णय दिन सफल हुन्थे । यति गर्दा पनि सही निर्णय दिन सकिएन वा जटील मुद्दाको फैसला गर्नुपर्‍यो भने चारगाउँ, चारथुमका मझ्हेसाबाहरू बसी लदिपूजाका दिन ढिलोमा एक वर्षभित्रमा जुनसुकै मुद्दा पनि फैसला गर्दथे ।

साधारण जरीवाना तिर्दा, तिराउँदा बढीमा एक गाग्रो जाँड, एउटा भाले, त्यसलाई चाहिने तेल, मसला राखेर गल्ती गर्नेले घुँडा टेकेर, हातजोडेर मैले जानिन भनेर माफी मागे, माफी दिन्थे । सजायँ गर्दा माफी मगाउनेदेखि डाँडा कटाउनेसम्मको निर्णय गर्दथे । सामुहिक रूपले निर्णय गरिने भएकोले कसैलाई पनि अन्यायमा पर्नु पर्दैनथ्यो । यसरी निर्णय गर्दा कसैले कसैलाई पनि दवाव वा हस्तक्षेप गर्न पाउँदैनथ्यो । मझ्हेसाबाले निर्णय गर्दा खर्च कम लाग्ने, छिटो छरितो हुने, समय कम लाग्ने, झनजट कम हुने वा नहुने, रीसईवी नहुने, सँधै मेलमिलाप हुने, अपिल जानु नपर्ने, कसैको पनि हारजित नहुने, एक दिनदेखि एक वर्षभित्रमा निर्णय गरिसक्ने, सबैको सहभागिता हुने, पक्षपात नहुने भएकोले नै मझ्हेसाबाले गरेको निर्णय सर्वमान्य मानिएको हो ।

### २.६ मझ्हेसाबाको आर्थिक स्रोत

माझी समुदायको परम्परागत जातीय संस्था मझ्हेसाबाको आर्थिक स्रोत यस प्रकारका छन् ।

#### २.६.१ डुंगेपाथि

माझीहरूले घाटको आसपासका मानिसहरूलाई घाटमा वर्षभरी तारेवापत मझ्हे गउरुङले तोके अनुसारको अन्न पैसा उठाउँछन् । यसलाई डुंगेपाथी भन्दछन् ।

माझी गाउँको नजिकैको गाउँका मानिसहरू दैनिक जस्तो घाटमा तर्नुपर्ने भएकोले दैनिक पैसा तिर्नु असजिलो हुने भएकोले उनीहरूलाई सजिलोको लागि यसो गरिएको हो । डुंगेपाथी लिँदा घरपरिवार संख्याको आधारमा र वारिपारि जग्गाजमीन खेती कति छ, त्यसको आधारमा डुंगेपाथि तोकिदिएको हुन्थ्यो । त्यसै अनुसार उठाउने गर्दथे ।

## २.६.२ **खरदरी**

माझी जातिको किपट क्षेत्रको जंगलबाट माझीबाहेक अन्य जातिले वर्षभरी घाँस, दाउरा काटेको गाईवस्तु चराएवापतको तिर्नुपर्ने दस्तुर खरदरी हो । खरदरी नतिरे माझीहरूको किपट क्षेत्रको वनजंगल अन्य जातिले प्रयोग गर्न पाउँदैनथे । अथवा खरदरी नतिरे माझीको किपट क्षेत्रमा बस्न पाउँदैनथे । अन्य जातिले आफ्नो स्थायी र दिगो बसोवासको लागि अनिवार्य रूपले तिर्नुपर्ने दस्तुर नै खरदरी हो ।

## २.६.३ **बुंथो**

माझी जातिको किपट क्षेत्रमा कसैले छोरीको विवाह गर्नुपर्दा घरमा जग्गे गरेर छोरीको विवाह गरेको रहेछ भने उसले जग्गे गरेवापतको दस्तुर माझीलाई तिर्नुपर्दथ्यो । यो दस्तुरलाई बुंथो भनिन्थ्यो । यस प्रकारका दस्तुर माझीबाहेकका अन्य जातिले नतिरे माझीको किपट क्षेत्रबाट आफ्नो बसोवास उठाउनु पर्दथ्यो वा त्यो क्षेत्रमा उसको बस्न पाउने अधिकार हुँदैनथ्यो ।

## २.६.४ **जरीवाना**

कुनै पनि व्यक्तिले समाजमा गर्न नहुने काम गरेवापत जरीवाना तिर्नुपर्दथ्यो । जरीवाना मझेसाबाले तोक्दथ्यो । जरीवानावापत असूल गरिएको रकम सामुहिक रूपमा राखिन्थ्यो । विभिन्न प्रकारको जरीवानावापत प्राप्त हुन आएको रकम कोशीपूजामा सबैको सामु मझेले सार्वजनिक गर्दथे । सो रकमबाट पहिले-पहिले भोज खाने चलन भए पनि पछि आएर सामुहिक रूपमा सामाजिक काममा खर्च गर्ने गर्दथे ।

### २.६.५ धर्मभकारी स्थापना गर्ने

कुनै पनि अन्नबाली पाक्दा वा भित्र्याउँदा प्रत्येक घरबाट आफ्नो गच्छेअनुसारको अन्न एकठाउँमा जम्मा गरेर राख्दथे । त्यसलाई धर्मभकारी भनिन्थ्यो । गाउँका सबैको एकैमेलो खेती गरिने हुँदा धेरै जग्गा हुनेले धेरै र थोरै जग्गा हुनेले थोरै अन्न जम्मा गर्दथे । कसैले जरीवानावापत तिरेको अन्न पनि यसैमा जम्मा गर्दथे । कसैलाई कुनै गर्जो पर्दा त्यसैबाट खर्च गरिन्थ्यो । बाँकी रहेको अन्नबाट जाँड पकाएर लदिपूजामा खान्थे । अहिले सामाजिक कार्य गर्ने चलन छ ।

## ३. मान्यता

माझी समुदायमा मझेसाबाले राम्रो प्रभाव पारेको थियो । आफ्नै प्रतिनिधिबाट बनेको मझेसाबाले बनाएको कानून नीति नियमहरूलाई माझी समुदायले मान्यता दिएका थिए । माझीहरूलाई राज्यको कानूनको विषयमा थाहा नै हुँदैनथ्यो । माझीहरूका धेरै मुद्दामामिला गाउँटोलमा नै छिनोफानो हुने गर्दथ्यो । धेरै ठूला मुद्दा मात्र गाविस, अदालत, पुनरावेदन अदालतसम्म पुग्ने गर्दथे । माझी समुदायको मुद्दाहरू माथिल्लो निकाय अथवा सर्वोच्च अदालतमा पुगेको पाइँदैन । मझेसाबाले गाउँटोलमा नै मिलाउने भएकोले माथिल्लो निकायमा नपुगेको हो । माझी समुदायले यसलाई पूर्णरूपमा मान्यता दिएका थिए । राज्य वा सरकारले यसका कुनै-कुनै सामाजिक कुरालाई मान्यता दिएको छ । अन्य विषयमा चासो देखाएको छैन । मझेसाबाले निर्णय दिँदा छोटो समयमा दिने, खर्च कम लाग्ने, पक्षपात नहुने, रीसईवि नरहने, दुवै पक्षले जितेको महशुस हुने, झन्झट नहुने, समाजमा मेलमिलाप हुने भएकाले यसलाई पूर्णरूपले मान्यता दिएका थिए । सरकारले कुनै चासोसमेत देखाएको छैन ।

## ४. प्रथा तथा प्रथाजनित कानून

माझीहरूको पुर्ख्यौली मूलथलो रामेछाप जिल्लाको तामाकोशीको किनार रजगाउँ, सप्तकोशीका सहायकनदी किनार र भित्रीमधेश हो । माझी जातिहरूको संस्कारले माझी समुदायलाई बाँध्ने काम गरेको हुन्छ, जुन बाध्यात्मक हुन्छ । हरेक

समुदायले पालना गर्नु नै पर्ने भए तापनि यो दमनकारी हुँदैन किनकि यो लामो अभ्यासबाट निरन्तर रूपमा शदियौंदेखि समय, काल, परिस्थिति अनुरूप परिमार्जित हुँदै आएको हुन्छ । यसको नियम अलिखित हुन्छ, तर व्यवहार चलनचल्तीमा आइरहेको हुन्छ । माझीहरूको आफ्नै मौलिक मूल्यमान्यता, संस्कार छन्, जसले माझी समुदायलाई निर्देशन, नियन्त्रण गर्दै दिशानिर्देश गरिरहेको हुन्छ । समुदायको हक, हित संरक्षण र सम्बर्द्धनको निमित्त आफ्नो लागि आफैँले नीति, नियम बनाई पालना गरेका हुन्छन् । आदिवासी जनजातिहरूको आ-आफ्नै खालको प्रथा तथा प्रथाजनित कानूनहरू हुन्छन् । सबैले व्यवहारमा लागू वा पालना गरेको हुन्छ । माझी समुदायलाई यी कानूनको बारेमा जानकारी हुन्छ र एक पुस्ताले अर्को पुस्तालाई पुस्तान्तरण गर्दै निरन्तर चलिआएका हुन्छन् ।

माझीहरूको प्रथा तथा प्रथाजनित कानून अन्तर्गतका सामाजिक संस्कारहरूमध्येको मुख्य चाडपर्वमा कोशीपूजा, विवाह संस्कार, मृत्यु संस्कारमा आफ्नै विधि प्रचलन अनुसार गरिन्छ। मझेसाबाले माझी समुदायलाई एकत्रित र व्यवस्थित गर्न स्वशासन कायम गरेको हुन्छ। माझीहरूको मझेसाबाले आर्थिक, सामाजिक, धार्मिक, साँस्कतिक र राजनैतिक पक्षहरूलाई समय अनुसार संशोधन गर्दै निरन्तरता दिइरहेको छ भने हालको अवस्थामा नेपाल माझी उत्थान संघ २०५१ सालमा स्थापना भएपश्चात् प्रत्येक तीन वर्षमा महाधिवेशनद्वारा पारित भएबमोजिमको नीति, नियमहरू मानिँदै आएको छ । जति सुधार एवं संशोधन भएका छन्, ती सबै बन्देजको रूपमा छन् । अर्थात् बन्देज लगाइएको विषय बाहेक अन्य कुराहरू सबै माझी समुदायलाई स्वभाविक रूपमा जानकारी हुन्छ र त्यसलाई दैनिक क्रियाकलाप र व्यवहारमा उतारिएको पाइन्छ । मझेसाबाको प्रथा तथा प्रथाजनित कानूनहरू यसप्रकारका छन् (यसबाहेक अन्य पनि हुन सक्छन् खोजी गर्नु आवश्यक छ):

- दाजु जीवित छँदै भाउजु ल्याउन नहुने । ल्याए त्यसलाई डाँडा कटाउने । त्यसको मुख हेर्नु नहुने ।
- दाजु मरेपछि भाउजुले चाहे स्याहार्नपर्ने ।
- कन्याकेटी चोरी विवाह गरे सोध्छाङ्ग्रा (चोरको सोर) बुझाउनुपर्ने ।

- माझीबाहेक अर्को जातजातिसंग विवाह गर्न नहुने ।
- पानी चल जातकीसँग विवाह गरेर जन्मिएका बच्चाहरूलाई भत्याउनुपर्ने । नभत्याए कुलपितृमा नचल्ने ।
- जेठीसासु, सम्धीनी, मितीनी, भाइबुहारीलाई छुन नहुने ।
- जेठीसासु ल्याउनेलाई एक मोहर जरीवाना गर्नुपर्ने ।
- कोशीपूजामा बिनानिम्तो आएका पाहुनालाई जरीवाना गर्ने ।
- कोशीपूजामा तोकिएबाहेक अन्य काम गर्नेलाई जरीवाना गर्ने ।

माझी समुदायको प्रथा तथा प्रथाजनित कानूनमा दाजु जीवित छँदै भाउजु ल्याए अंश समेत नदिने र डाँडा कटाउने परम्परा छ । दाजु मरिसकेपछि भाउजु स्याहार्न पर्ने प्रथा छ । हिन्दु धर्मशास्त्रअनुसार दाजु छँदै वा दाजु मरिसकेको भएपनि भाउजु ल्याउने वा राख्ने पातकी वा हाडफोरा ठहर्छ । त्यसकारणले आदिवासी जनजातिहरूको प्रथा तथा प्रथाजनित कानूनको भावनालाई समेटेर नयाँ संविधानमा लिपिवद्ध हुनुपर्दछ । माझी जातिको प्रथा तथा प्रथाजनित कानूनको बारेमा अरू अध्ययन तथा अनुसन्धान हुन आवश्यक छ । यसको लागि माझी समुदायका व्यक्तित्वहरूलाई नेपाल सरकार, दातृ संघसंस्थाहरूको सहयोग आवश्यक भएको छ । नयाँ नेपालमा जबसम्म उत्पीडनमा परेका सम्पूर्ण समुदायहरू, पछाडि पारिएका वर्ग, महिलाहरूलाई त्यहीं समुदायबाट समावेशी तथा सहभागिता गरी अवसरहरू दिइँदैन, तबजम्म ती समुदायका मानिसहरूले वास्तविक नयाँ नेपालको अनुभव गर्न पाउने छैनन् । यसको लागि माझी जस्ता पछाडि पारिएका समुदायहरूलाई केन्द्रीय, क्षेत्रीय तथा स्थानीय सरकारी निकायहरूमा पहिलो प्राथमिकताकासाथ अवसरहरूमा सहभागिता गर्नुपर्छ ।

### ५. समाज संचालनमा प्रथा, परम्परा र परम्परागत संस्थाको महत्व

माझी समुदायको सामाजिक संस्कारहरू जन्म, विवाह, मृत्यु, धार्मिक संस्कार संस्कृति, कोशीपूजा आदि मनाउने, जीवनशैली, भेषभूषा, गरगहना आदिको संरक्षण गर्न साथै माझी समाजलाई संचालन गर्ने सामाजिक नियम बनाउन मझेसाबाको ठूलो भूमिका र महत्व छ । माझी समुदायको मुद्दा मामिलाहरू

मेलमिलाप गर्न तथा न्याय सम्पादन गर्न यस संस्थाले ठूलो काम गरेको हुन्छ । माझीहरूलाई कमखर्च र छोटो समयमा दोषी र निदोर्षी छुटयाउन पनि यस संस्थाले काम गरेको हुन्छ । अदालतमा जाँदा बोल्न नसक्ने सिधासाधा माझीको लागि परम्परागत जातीय संस्थाले दिने न्याय ज्यादै महत्वपूर्ण हुन्छ ।

## ६. चुनौति र अवसरहरू

माझी समुदायको परम्परागत जातीय संस्था मझेसाबाले आफ्नो अनुकूल अथवा माझी समुदायलाई सुहाउँदो नीति, नियम बनाएर माझी समुदायमा लागू गर्दथ्यो । माझी समुदायलाई उपयुक्त हुने नियम अरू समुदायको लागि उपयुक्त नहुनु सक्दछ । अझ गैरआदिवासी जनजाति अथवा बाहुन क्षेत्रीहरूको लागि उल्टो नै हुनजान्छ । कुनै-कुनै सामाजिक संस्कारलाई मान्यता दिएको देखिन्छ । जस्तैः माझी समुदायमा दाजु मरेपछि भाउजु स्याहार्न पर्छ । बाहुन क्षेत्रीले भाउजु स्याहारे हाडफोरा पातकी हुन्छ । विशेष गरेर करीब २५० वर्ष यता नेपालको ऐन, कानून, नियम बनाउने अधिकार बाहुन क्षेत्रीहरूकै हातमा सीमित छ । त्यसकारणले उनीहरूको लागि उल्टो अथवा नसुहाउँने आदिवासी जनजातिहरूको प्रथा तथा प्रथाजनित कानून नेपालको विद्यमान संविधान र कानूनमा व्यवस्था हुने कुरै भएन ।

अहिलेको संविधानसभामा पनि बाहुनक्षेत्रीहरूकै बाहुल्यता छ । त्यसकारणले उनीहरू आदिवासी जनजातिहरूको प्रथा तथा प्रथाजनित कानूनलाई नयाँ संविधान, ऐन, कानूनमा लिपिवद्ध गराउन चाहँदैनन् । अझ कतिपय समूह वा यथास्थितिवादीहरू पहिलेकै राज्य व्यवस्था हुनुपर्छ भनेर ज्यान दिएर लागेका छन्। उनीहरू एकभाषा खसनेपाली, एकधर्म हिन्दु, केन्द्रिकृत राज्य व्यवस्था, राष्ट्रिय जनावर गाई, राजा आऊ, देश बचाऊ, हिन्दु राज्य हुनुपर्छ भनेर ज्यान दिएर लागिपरेका छन् ।

उल्लिखित कुराहरूले के देखाउँछ भने नेपालका आदिवासी जनजातिहरूका हक/अधिकार संविधामा नै लिपिवद्ध गराउनको लागि सबैभन्दा ठूलो बाधक नै हिन्दु धर्म हो भन्ने प्रष्ट भएको छ । त्यसकारण जबसम्म नेपाल हिन्दुराज्य रहिरहन्छ, तवसम्म नेपालका आदिवासी जनजातिहरूको हक/अधिकार, जातीय

संस्था, प्रथा तथा प्रथाजनित कानूनले कुनै पनि हालतमा संविधान, ऐन कानूनमा स्थान पाउन सक्दैन । आदिवासी जनजातिहरूको परम्परागत जातीय संस्था र प्रथा तथा प्रथाजनित कानूनको बारेमा यहीं नै अहिलेको सबैभन्दा ठूलो चुनौति हो ।

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ प्रतिनिधिसभाले अनुमोदन गरिसकेको र कतिकुरा कार्यान्वयन भइसकेको र कतिकुरा कार्यान्वनको चरणमा छ । आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई नेपाल सरकारले समर्थन जनाइसकेकोछ । आदिवासी जनजातिहरूको पक्षका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई पनि नेपाल सरकारको तर्फबाट हस्ताक्षर गरी समर्थन जनाइसकेको अवस्था छ । अहिले नेपालको नयाँ संविधान निर्माण हुने क्रममा छ । उल्लेख गरिएका अन्तर्राष्ट्रिय कानून र त्यसमा उल्लेख भएका प्रावधान र त्यसका भावनाहरू नयाँ संविधानमा लिपिवद्ध गराउन पाउने आदिवासी जनजातिहरूको यो ठूलो एउटा अवसर बनेको छ । यो अवसरलाई आदिवासी जनजातिहरूले सदुपयोग गरी नयाँ संविधानमा आदिवासी जनजातिहरूको हक/अधिकार लिपिवद्ध गराउन सकेनन् भने आदिवासी जनजातिहरू सधैंको लागि अधिकारविहीन हुने निश्चित छ ।

## ७. निष्कर्ष र सिफारिश

माझी जातिको परम्परागत जातीय संस्था मझेसाबा र प्रथा तथा प्रथाजनित कानून कानूनी रूपमा लोप भइसकेको अवस्था छ भने व्यवहारिक रूपमा केही जीवितै छ । आदिवासी जनजातिहरूको परम्परागत जातीय संस्था र प्रथा तथा प्रथाजनित कानून आत्मा हो । आदिवासी जनजातिहरूको सबै कुरा यसैमा अडिएको हुन्छ । आदिवासी जनजातिहरूले यसको संरक्षण हुनुपर्छ भनेर आवाज उठाइरहेको अवस्था छ । जातीय संस्था, प्रथा तथा प्रथाजनित कानूनका नियमहरू ज्यादै सरल थिए । आदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कार, संस्कृतिसंग प्रथा तथा प्रथाजनित कानून ज्यादै निकट छ । सरकारले यसबारेमा वास्ता गरेको पाइँदैन । यसको कारण के छ भने नीति निर्माताहरूको धर्म, संस्कार र आदिवासी जनजातिको धर्म संस्कार ठीक विपरीत छ । त्यसकारणले यो छायाँमा परेको छ ।

यसको संरक्षण गर्न सरकार चाहँदैन । नीति निर्माताहरूलाई यसको महत्व थाहा नै छैन । हिन्दु धर्म संस्कारको कारणले जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग, प्रथा र प्रचलनको आधारमा भेदभावको ठूलो खाडल छ ।

माझी जातिको परम्परागत जातीय संस्था मझेसाबा सरकारको सहयोगबिना पनि आफ्नै तरिकाले सञ्चालनमा थियो । यसले माझी समाजमा आइपरेका विभिन्न प्रकारका समस्याहरूको समाधान गर्नमा मद्दत पुऱ्याएको थियो ।

सरकारी निकाय गाविस, अदालतहरूबाट माझी समुदायहरूले न्याय पाउन सकेका छैनन् । सरकारले अनुमोदन गरेको आई.एल.ओ.महासन्धि नं. १६९ र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा भएका प्रावधान र आदिवासी जनजातिको हितमा भएका अन्य अन्तर्राष्ट्रिय अभिसन्धिहरूलाई लागू गराउने तरखरमा सरकार छैन । प्राकृतिक स्रोत जल, जंगल र जमीनमाथि आदिवासी जनजातिको अधिकार उल्लेख भएको छैन । माझी समुदायको परम्परागत जातीय संस्था मझेसाबालाई सरकारले बेवास्ता गरेको छ । संघीय लोकतान्त्रिक व्यवस्थाको मर्मअनुसार संविधानसभाले संविधान बनाइरहेको पाइँदैन ।

सरकारले अनुमोदन गरेको आईएलओ महासन्धि नं.१६९ र आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा भएका प्रावधान र आदिवासीको हितमा भएका अन्य अभिसन्धिहरूलाई अक्षरशः लागू गर्नुपर्दछ । आदिवासी जनजातिहरूको यो अधिकार संविधानमा नै लिपिवद्ध गर्नुपर्दछ । केन्द्रीकृत राज्यसत्ता हट्नुपर्दछ । विकेन्द्रीकृत शासन व्यवस्था लागू हुनुपर्दछ । स्वायत्त राज्यहरू बन्नुपर्दछ । सबैले 'हाम्रो नेपाल, नयाँ नेपाल' भन्ने अनुभव गर्न पाउनुपर्दछ । आदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कार, संस्कृति, कला, शीप, इतिहासहरू संरक्षण गरिनुपर्दछ । देशमा भएको एकलौटी अवसर हट्नुपर्दछ । एकभाषा खसनेपाली र एक धर्म हिन्दुको सट्टा बहुभाषी नीति, धर्म निरपेक्ष राज्यको व्यवस्था हुनुपर्दछ । देशमा व्याप्त विभेदपूर्ण नीतिलाई जरैबाट उखेल्नुपर्दछ । राज्यको नीतिहरूले आदिवासी जनजातिको भावनालाई सम्मान गर्नुपर्दछ । राज्य सरकारबाट आदिवासी जनजातिहरूको परम्परागत जातीय संस्थाहरूलाई संरक्षण गरिनुपर्दछ ।

प्रथा तथा प्रथाजनित कानूनहरूलाई संविधानमा नै लिपिवद्ध गरिनुपर्दछ। प्रथा तथा प्रथाजनित कानूनहरूलाई संरक्षण, सम्बर्द्धन तथा विकास गर्दै लैजाने राष्ट्रिय नीति बन्नुपर्दछ। आदिवासी जनजातिहरूको परम्परागत जातीय संस्था र प्रथा तथा प्रथाजनित कानूनको सम्मान हुनुपर्दछ। आदिवासी जनजातिहरूको प्रथा तथा प्रथाजनित कानूनहरूलाई मान्यता दिइयो भने अदालतमा आउने मुद्दाहरू समेत घट्दै जाने निश्चितछ। यसले गर्दा आदिवासी जनजाति र सरकारलाई समेत फाइदा पुग्न सक्छ। यस सन्दर्भमा माझी जातिले व्यवहारमा गर्दै आइरहेको सामुहिक नेतृत्व र जातीय संगठन सञ्चालन विधि नयाँ राज्य, स्वशासन र आत्मनिर्णयको अधिकार भएको संघीय राज्य बनाउनको निमित्त यो अध्ययन सान्दर्भिक र व्यवहारिक हुनेछ।

**सन्दर्भ सामग्री**


माझी, धनबहादुर (असोज, २०६३)*माझी जातिको र संस्कार संस्कृति,* काठमाडौंः माझी विकास तथा अनुसन्धान परिषद, नेपाल ।

गोपालराज वंशावली ।

महाभारत ।

रामायण ।

राष्ट्रिय जनगणना २०६८, नेपाल सरकार, तथ्याङ्क विभाग ।

माझी जातिको बारेमा लेखिएका सोधपत्रहरू ।

माझी बूढापाका र मिझार गउरुङ्हरूको भनाई ।

# धिमाल जातिको परम्परागत संस्था र प्रथाजनित कानूनहरू

–सोमबहादुर धिमाल

**भूमिका**

यो अध्ययन खासगरी धिमाल समुदायमा विभिन्न क्षेत्रमा नेतृत्व गर्दै आएका धिमाल जाति केन्द्रीय समितिका पदाधिकारी, महिला विभाग हेरिरहनु भएका नेतृत्व, शैक्षिक जागरण समिति, माझी वाराङ समिति, धिमाल विद्यार्थी मञ्च, धिमाल युवा समितिका पदाधिकारीहरूसँग पहिला प्रश्नावली बनाएर वहाँहरूलाई बुझाएर दश जनालाई फाराम भर्न लगाइयो । त्यसपछि पुनः वहाँहरूलाई आदिवासीको आईएलओ महासन्धि नं.१६९, आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा समावेश भएका अधिकारको कुराहरू, परम्परागत संस्था तथा प्रथाजनित कानूनसम्बन्धी तीनदिने तालिम पौष १८, १९ र २० गते झापा दमकको नेपाल औषधि उद्योग व्यवसायीको हलमा जिल्लाका आदिवासी जातीय संस्थाका नेताहरू र धिमालका नेताहरूलाई संगै राखी तालिम दिइसकेपछि पुनः समूहमा छलफल गरी धिमालका परम्परागत संस्था तथा प्रथाजनित कानूनको विषयमा बहश, छलफल गरी एउटा निचोड निकालियो । यसमा धिमाल जातिको तर्फबाट १२ प्रतिनिधिहरूले भाग लिनुभएको थियो । यसमा सामुहिक छलफल, केश स्टडी गरिएको थियो ।

## १. **प्रारम्भिक**

### १.१ **भूमिका**

आदिकालदेखि जब धिमालहरू एक ठाउँमा बसोवास गरी बस्न थाले, त्यसबेलादेखि नै धिमालहरूले समाजमा आफ्नो सुरक्षा तथा बाँच्नको लागि गाउँ-टोलमा एउटा मूली मुखियाजस्तो मान्छेको नेतृत्वमा समाजलाई सञ्चालन गर्न थाले । धिमालको

परम्परागत समाजमा आदिकालदेखि काम गर्दै आएको संस्थालाई 'माझी वाराङ समिति' भनिन्छ । सो गाउँ-टोलको धिमाल समुदायमा नेतृत्व गर्ने व्यक्तिलाई पनि माझी वाराङ नै भनिन्छ । यस माझी वाराङ समितिमा त्यसताका पञ्च भलाद्मीहरू रहनेगर्दथे । ती पञ्च भलाद्मीहरूमा माझी वाराङ, धामी वाराङ, हानुवा, पटवारी र ओझा रहने गर्दथे । यी पाँच पञ्चहरूले गाउँ-टोल सञ्चालन गर्नका लागि सामाजिक नियमहरू, कानूनहरू बनाउने गर्दथे । धिमाल गाउँ, समाजमा झगडा भएमा, कुनै मुद्दामामिला परेमा सरकारको नीति कानून नहुँदा वा कानूनहरू बन्नुभन्दा अगाडिदेखि ती कुराको छिनोफानो गरी दूधको दूध, पानीको पानी वा पानी र तेल छुट्टिएजस्तो न्याय निसाफ दिने पनि यिनै पञ्चहरूले गर्ने गर्दथे ।

प्राचीन समयमा ठूलो जंगल हुँदा वनजंगलका जनावरहरूबाट बँच्न, माहामारी, हैंजा, औलोजस्ता ठूला-ठूला रोगव्याधिहरूबाट बच्न र गाउँमा शान्ति, सुरक्षा व्यवस्थित गर्नको लागि यस समितिले ठूलो भूमिका खेल्ने गर्दथ्यो ।

खासगरी धिमालको परम्परागत माझी वाराङ समितिले न्याय निसाफ दिलाउने कामहरू (अन्यायमा परेकाहरूलाई स्थानीय तथ्य तथा प्रमाणहरूको आधारमा सोध-खोज गरी, सत्यतथ्य पत्ता लगाएर न्याय दिने काम), सामाजिक संस्कार तथा संस्कृतिको कामहरू (जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कारसम्बन्धी) कामहरू, परम्परा बचाउने (पहिरन, भेषभूषा, कला संरक्षण गर्ने आदि कामहरू), धार्मिक कामहरू (गाउँमा रोगव्याधि लागेमा रोक्ने, फुकफाक गर्ने, जोखाना हेरी मन्साउने पन्साउने, गाउँमा सामुहिक पूजा गर्ने), गाउँ-टोलको शान्ति, सुरक्षा तथा सुव्यवस्थाको लागि ग्रामथानहरू निर्माण गरी सिरजात पूजा, जात्री मेला लगाउने, ताकाबान्धा गर्ने, तान्त्रिक कार्यहरू गर्ने, मनले चिताएको पूरा भएमा भाकल गरेको पूजा गर्ने आदि कामहरूको व्यवस्था गरिदिने काम पनि यिनै समितिले गर्ने गर्दथ्यो ।

खासगरी माझी वाराङ समितिले त्यसताका दण्ड, जरीवाना तथा सजायँको लागि मुद्दा मामिला हेरी मौखिक कानून तथा नीति नियमहरू बनाउने गर्दथे । कुनै पनि लिखित दस्तावेजहरू त्यसताका थिएनन् । गाउँ-टोलमा झुरुम्म एकै ठाउँमा

बसोवास गर्ने, परेको बेला एक-आपसमा सहयोग गर्ने परम्पराको विकास त्यसताकाबाटै भएको थियो । त्यसताका धिमालहरूको एकता ज्यादै मजबूत थियो । आर्थिक पक्षमा पनि धिमालहरू सम्पन्न र आफूलाई चाहिने व्यवस्था आफैं गर्न सक्षम थिए । त्यसताकाको धिमाल समाज तन्त्रमन्त्र र धार्मिक कुराहरूबाट निर्देशित थियो । सामाजिक एकताको पहिचानको रूपमा आदिकालबाटै धिमालहरू धिमाल गाउँ-टोलमा सिरजात पूजा, जात्री मेला लगाएर आफन्तकहाँ जाने, खाने र रमाइलो गर्ने प्रचलन थियो । नेपाल राज्यको एकीकरणभन्दा पहिला धिमालहरू आफू बसेको गाउँ-टोल "धेमालाई देरा" मा एकता, सामाजिक संस्कार तथा संस्कृतिको विकास, धार्मिक तन्त्रमन्त्रको युगले गर्दा मानिसहरू नराम्रो कामहरू गर्न डराउने गर्दथे । इमान्दारिता, अनुशासन र कडा नियमहरूको व्यवस्था त्यसताका थियो । जनसंख्या थोरै भएकाले गर्दा मानिसहरूलाई के खाऊँ ? के लगाऊँ भन्ने र कहाँ बसूँ भन्ने चिन्ता थिएन । त्यसताकाका मानिसहरू अहिलेको दाँजोमा धेरै सम्पन्न र स्वतन्त्र थिए ।

राज्यको कानूनहरू नभएको बेलामा धिमाल जातिको माझी वाराङ समितिले धेमालाई देरामा न्याय, निसाफ दिने कामहरू गर्ने गर्दथ्यो । गाउँ-टोलका माझी वाराङ समितिले नै अहिलेको न्यायाधीशले दिने न्याय, संसद्हरूले बनाउने विधेयक, कानून, ऐन बनाउने गर्दथे । जंगी, सेना तथा प्रहरीले दिने शान्ति, सुरक्षा पनि सोही समितिले ताकाबान्धा मार्फत गरिदिने गर्दथे । अहिलेको नेता, समाजसेवक, मानवअधिकारवादी आदिले गर्ने सम्पूर्ण कामहरू त्यसताका माझी वाराङ समितिले गर्ने गर्दथ्यो ।

जब पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे, देशमा एकभाषा, एकनीति, एक धर्मको नियम लागू गरे । त्यसपछि आदिवासी जनजाति धिमालको परम्परागत संस्थामा पनि आँच आयो । देशको बदलिँदो कानूनले माझी वाराङ समितिले दिँदै आएको न्यायमा असर पाऱ्यो । खसनेपाली भाषालाई राज्यको भाषा बनाएकाले अन्य भाषाहरू छायाँमा परे र क्रमशः लोप हुँदैजाने क्रम बढ्यो । धिमाल भाषाका वक्ताहरूमा पनि ह्रास आउँदै गयो । निर्धक्क बोल्न गाह्रो भयो । आफ्नो भाषामा कुरा गर्न पनि शरम मान्नु पर्ने भयो । राज्यले कुनै पनि कामहरू परम्परागत

संस्था तथा प्रथाजनित कानूनहरूलाई बचाएर लैजानुपर्ने कुरा कहिल्यै सोँचेनन् । संरक्षण, प्रबर्द्धन गर्नुको सट्टा मान्यता नै दिएन । राज्यले विभेदकारी नीति अवलम्बन गऱ्यो ।

**१.२ जनसंख्या**

जी.ए. ग्रियर्सनको "लिङ्गुस्टिक सर्भे अफ इन्डिया : तेस्रो भोल्युम" मा धिमाल जाति र भाषालाई भोट-बर्मेली भाषा परिवारको समूहमा उल्लेख गर्नुभएकोछ। वहाँका अनुसार धिमाल भाषा भोट-बर्मेली भाषा परिवारको जटील सर्वनामिक रूप अन्तर्गत पर्दछ । सन् १९०१ को तथ्याङ्क अनुसार दार्जिलिङमा धिमालहरूको जनसंख्या ६०७ र आसाममा ४ गरी जम्मा जनसंख्या ६११ रहेको तथ्याङ्क छ *(१९०९: २२७)*। त्यस्तै देव बर्मन र चौधरी (१९९९) ले दार्जिलिङमा बस्ने धिमालहरूलाई पीछडिएको आदिवासी समुदाय, जसले मौलिक वा मल्लिकको रूपमा स्वीकार गर्दै हिन्दुकृत हुँदै गएको कुरा उल्लेख गरेका छन् । वि.सं. २००९ सालमा नेपाल सरकारबाट मातृभाषाको आधारमा लिएको जन गणनाअनुसार धिमालहरूको जनसंख्या ५,६७१ छ । वि.सं. २०१८ सालको मातृभाषाकै आधारमा लिइएको राष्ट्रिय जन गणनाअनुसार त्यसबेला मोरङ जिल्लामा ४,६५९ र झापामा ३,५२९ गरी जम्मा ८,१८८ रहेको थियो । वि.सं २०२८ मा लिइएको जनसंख्या तथ्याङ्कमा धिमालको छुट्टै उल्लेख गरिएको छैन। २०२८ सालमा प्रकाशित स्रोतहरूको आधारमा धिमालहरूको जनसंख्या १५ देखि २० हजारसम्म भएको अनुमान गरिएको पाइन्छ ।

धिमाल लोक जीवन अध्ययन टोली (२०२९-३०) का अनुसार त्यसताका धिमालको जनसंख्या करीब २० हजार हुने देखिन्छ भनी उल्लेख छ । यहीं क्रम बढ्दै गएमा वि.सं. २०३४ सम्ममा धिमालको जनसंख्या ४० देखि ५० हजार सहजै हुने अनुमान गरेको थियो *(दिवस:२०३५/२०३९)* । धिमालको जनसंख्या केन्द्रीय तथ्याङ्क विभाग सन् २००१ मा उल्लेख भएअनुसार १९,५३७ मात्र देखाइएको छ । तर धिमाल जाति विकास केन्द्र, नेपालका पदाधिकारीहरू भने वास्तविक तथ्यांक आउन नसकेकाले अहिले यति नै भन्ने चाहिं छैन । तर वहाँहरू ३० हजारभन्दा माथि र ५० हजारको बीचमा धिमालहरूको जनसंख्या भएको दावी गर्नुहुन्छ ।

## १.३ धिमाल जातिको मौलिक विशेषताहरू

क) आफ्नै मौलिक भाषा धिमाल भएको,

ख) आफ्नै जातीय भेषभूषाहरू महिलालाई चिनाउने बोनाहरू : दाबोना, इताङ्गी, पातोलोइ, सामुठी, नोसोई, तेपाना भएको र पुरुषको लगाउने पहिरनहरूः असकोट, गान्जी, टेपाना, पाटुका, चेउका धारी, तुप्री भएको,

ग) महिलाहरूले लगाउने मौलिक गरगहनाहरू भएको, केश विन्यासको मौलिक परम्परा भएको,

घ) पेटानीहरू तानमा बुन्ने मौलिक कला तथा शीपहरू भएको,

ङ) आदिकालबाटै प्रकृतिमा निर्भर रहिआएको र प्रकृति धर्ममा आस्था राख्ने भएको,

च) आफ्नै प्रकारको खानपिनहरू चिचिरी, तोले, बाग्या, गोरा, भातिया, तारा बामबाम, हाया, बिह्या, लावा, जोल्पाङ, सेनाजस्ता धिमाल परिकारहरू भएको,

छ) आफ्नै परम्परागत बाजागाजाहरूः उर्नी, ढोल, सेरेन्जा, तुन्जाई, दोतरा, घोगोमोगो, बाँसुरी भएको,

ज) आफ्नै प्रकारका सामाजिक संस्कारहरूः जन्म, विवाह, मृत्यु संस्कारहरू भएको,

झ) प्रत्येक धिमाल गाउँ-टोलमा एउटा धिमाल ग्रामथान भएको, धार्मिक संस्कारमा आफ्नै प्रकारको धिमाल देउताहरू : बूढा ठाकुर वाराङ, बूढा ठाकुर बेराङ, साली/सादी बेराङ, घार्नी वाराङ/बेराङ, ओझा, धामीमा विश्वास गर्ने परम्परा भएको,

ञ) धिमालहरूको ऐतिहासिक थातथलोहरूमा राजारानी धिमाल पोखरी, धिमालधुरा, लेटाङ, धिमाल ग्रामथान भोगटेनीजस्ता ठाउँहरू भएको,

ट) धिमालहरूले मान्ने आफ्नै मौलिक चाडपर्वहरूः जात्री मेला, सिरजात, पार्वा, भेन्द्रा, नावाङ्गी, गावा पूजा, जात्रा पूजा, रास पूजा, टाकाबान्धा, बान्धा पूजा, धुला पूजा, हाइजा पूजा, लक्ष्मी काइका पूजा आदि भएको,

ठ) धिमालहरूको आफ्नै प्रकारको जीवनशैली, धर्मकर्म, रीतिरिवाज, संस्कार-संस्कृति, पहिचान भएको ।

## १.४ सामाजिक साँस्कृतिक र आर्थिक अवस्था

धिमालहरू आदिकालबाटै समुदाय वा समाजमा बस्न रुचाउने जाति हो । जब तराई प्रदेशमा औलो, महामारी, हैंजा लाग्ने गर्दथ्यो; चारकोसे झाडी जंगल थियो; जंगली जीवजन्तुहरूको डर त्रास थियो; त्यसैताकादेखि धिमालहरू एउटा ठूलो गाउँ-टोल वा धेमालाई देरामा २०-३० घरहरू देखि ८०-१२० घरहरूसम्म एकै ठाउँमा बस्दै आएका थिए । यसले गर्दा सामुहिक मद्दत मिल्नुका साथै शान्ति-सुरक्षाको दृष्टिकोणले मजबूत देखिन्थ्यो । धिमालहरूको मुख्य पेशाको रूपमा आदिकालबाटै कृषिमा आधारित भएर आएको देखिन्छ । गाउँ-टोलमा बस्न शुरु गरेदेखि नै धिमालहरूले आफू र गाउँमा सुहाउँदो नीति नियम तथा कानूनहरू बनाएर गाउँको समृद्धि, एकता तथा शान्ति सुरक्षामा सहयोग गर्दै आएका छन् ।

आदिकालबाटै गाउँमा शान्ति होस्, सुरक्षा होस्, कसैलाई पनि दुःख नहोस्, सबैलाई राम्रो भलो होस् भनी धिमालहरू धार्मिक आस्था राखी हरेक धिमाल गाउँमा धिमाल ग्रामथान बनाएका हुन् । ग्रामथानमा पूजाआजा गरेपछि जग्गा-जमीनमा राम्रो उब्जनी हुने; समयमा पानी पर्ने; गाउँमा हैजा रोगव्याधि नलाग्ने; जंगली जनावरहरूले दुःख नदिने; गाउँको सह बढ्ने; गाउँमा अनिकाल भोकमरी नलाग्ने; शान्ति र सुरक्षा हुने आदि आदि विश्वासले गर्दा धिमालहरू पूजाआजा गर्दछन् भन्ने विश्वास अहिलेसम्म छ । धिमालहरू विशेष गरी आफ्नै प्रकारका धिमाल देउताहरू मान्दछन् । धिमालका धार्मिक देउताहरूका केही नामहरूमा बूढा ठाकुर वाराङ, बूढा ठाकुर बेराङ, लक्ष्मी बेराङ, साली बेराङ, चाउमाझी, धरम राजा, रासति महाराजा, देरागेलाई, झोराझोरी, घार्नी बेराङ, घार्नी वाराङ, बूढासुब्बा, ताम्रागाई, अर्जुन धामी, सान्सारी, ग्राम, काली आदि । धिमालहरूको आफ्नै प्रकारको गरगहनाहरू, भेषभूषाहरू, जीवनशैली र रीतिरिवाजहरू छन् । यिनीहरूको आफ्नै प्रकारका चाडपर्वहरू छन् । आफ्नै प्रकारको जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कारहरू छन् । यिनीहरूको घर बनाउने, बस्ने, कला संस्कृतिको संरक्षणको लागि तान बुन्ने, मेशिन राख्ने, घरमा बुट्टा खोप्ने, आँगन राख्ने, सुँगुर पाल्ने, बालबच्चाहरूलाई घाममा तेल लगाइदिएर हुर्काउनेजस्ता आफ्नै प्रकारको जीवनशैली छ । यिनीहरू अन्य तराईमा बस्ने जातिहरूभन्दा भिन्न प्रकारका छन् ।

पेशामा मुख्य कृषि नै हो । कृषिको अलावा यस समुदायका मानिसहरू फूर्सदमा माछा मार्ने, शिकार खेल्न जाने, आदिवासी कला तथा शीपमा आधारित कामहरू– हलो बनाउने, माछा राख्ने ढुङ्ग्री बनाउने, तान बुन्ने, घर सजाउने, करेसाबारीमा सागसब्जी लगाउनेजस्ता कामहरू गर्दैआएका छन् । एकताका तराईको भूमिसन्तान, (मालिक) उदाहरणको लागि–साफीलाल जिम्दार ५०० बिघा जग्गाको मालिक सोझासिधा र कोमल हृदयका कारण लेफ्ट/राइट गर्न जान्ने हुनाले ५ बिघाको मालिकमा झारिदिएको हाम्रोसामू बूढा जीवितै छन् । यसरी धिमालहरू सबैसँग प्रशस्त जग्गा-जमीन हुँदाहुँदै पनि अहिले आएर घर घडेरी मात्र हुने, त्यसमा पनि धेरै त सुकुम्बासीमा परिणत भइसकेको हाम्रोसामू छ। पहिला जग्गा-जमीन र सम्पत्ति हुँदा न धिमालहरू नै केही गरौं भन्ने सोच्न सके, न त राज्यबाट नै धिमालहरूलाई कुनै न कुनै किसिमको व्यवसाय, कला, शीप तथा राज्य संयन्त्रमा समावेश गर्ने काम भयो । फलस्वरूप जागिर खाऊँ, शिक्षा र राम्रो शीप, कला छैन; व्यापार व्यवसाय गरौं-पैसा छैन । यस हालतमा छन् धिमालहरू ।

### १.५ न्यायमा पहुँचको अवस्था

वास्तवमा धिमालहरू कानूनमा अनभिज्ञ नै छन् भन्दा फरक नपर्ला । हालसम्म धिमालहरूमा एकजना पनि कानूनविद् छैनन् । न अधिवक्ता वकिल छन, न त कुनै न्यायाधीश नै । यत्रो ठूलो जनसंख्या हुँदाहुँदै पनि यस क्षेत्रमा समुदायको पनि चासो देखिएको छैन भने राज्यले पनि कुनै धिमालहरूलाई कानूनमा समावेश गरी लैजानुपर्छ भन्ने सोंच नै बनाएको देखिंदैन। राज्यको कानून, नीति, नियम, ऐन, विधेयकहरूको बारेमा धिमालहरूलाई आवश्यक कुराहरू पनि जानकारी भएको देखिँदैन ।

यहीं कानूनी निराक्षरको कारणले गर्दा एकताका तराईका भूमिसन्तान आदिवासी धिमालहरू हालमा आएर सोझासिधा भएका कारण पनि सुकुम्बासीमा परिणत हुन बाध्य भएका छन् । धिमालको न त स्थानीय निकायहरू- गाविस, नगरपालिका, जिविसमा र न्याय तथा कानूनमा पहुँच देखिँदैन । जिल्ला अदालत, पुनरावेदन अदालत र राज्यको केन्द्रीयस्तरको सर्वोच्च अदालतजस्ता कुनै न्यायिक निकायहरूमा

यस समुदायको पहुँच छैन । कानूनी भाषामा यस समुदायका धिमालहरू निराक्षर नै छन् ।

राज्यले कानूनी मान्यता नदिए तापनि यस समुदायले जानेर वा नजानेर भए पनि आफ्नै प्रकारको गाउँ-टोल वा धेमालाई देरा संचालन गर्नको लागि कानून, नीति नियम बनाएर आदिकालबाटै मुद्दामामिलाहरू छिनोफानो गर्दै आएको छ। यस्ता माझी वाराङ समितिले बनाएको कानूनहरू अलिखित वा मौखिक सम्झौतामा आधारित हुन्छन् । अबको आउँदा दिनहरूमा यस्ता कानूनमा पहुँच नभएका समुदायबाट राज्यले नै समावेश गरी पहुँच बनाइदिने काम गर्नु पर्दछ, नत्र नयाँ नेपालमा पुरानै पाराको शासन व्यवस्था भएको ठहर हुनेछ ।

## २. संस्था विश्लेषण

धिमाल जातिको परम्परागत संस्थाको नाम 'धिमाल माझी वाराङ समिति' हो । यो संस्था धिमालहरू जब समुदाय वा समाजमा एकै ठाउँमा बसोवास गरी बस्न थाले । त्यस बेलादेखि नै समाजमा नीति-निर्माण गर्नु, सामाजिक समस्याहरूको समाधान गर्नु, संस्कार तथा संस्कृतिहरू सञ्चालन गर्नु, धिमालहरूबीचको मुद्दा-मामिलाहरूको छिनोफानो गर्न, धार्मिक गतिविधिहरू सञ्चालन गर्न, शान्ति सुरक्षा, मेलमिलाप बढाउन, धिमालहरूबीचमा एकता गर्न, सामुहिक काम, काजक्रियामा सहभागी हुन र फत्ते गर्नुका लागि यो धिमाल माझी वाराङ समितिको आवश्यकता पर्दथ्यो । वास्तवमा यो संस्था धिमालहरूको सभ्यताको शुरुवात, जंगली जीवनपछि सामाजिक जीवनको शुरुवात गरेदेखि नै भयो भन्ने धिमाल बूढापाकाहरू, धिमाल वाराङहरू भन्दछन् । यो परम्परा कति सालबाट शुरु भएको भन्ने यकिन गर्न सकिएको छैन । शुरुमा एक गाउँ-टोल र अर्को गाउँ-टोलबीचको सामाजिक संस्कार, संस्कृति, मान्यता, गतिविधिहरू फरक-फरक थियो । एक धिमाल गाउँको गतिविधिहरू अर्को धिमाल गाउँसँग मिल्दोजुल्दो थिएन । यो स्थान र सामाजिक जीवनस्तर अनुसार पनि फरक-फरक २००९ साल अगाडिसम्म थियो । माझी वाराङ र त्यस ठाउँको गाउँमा बस्ने धिमालहरूको अनुसार कानून, रीतिरीवाज, संस्कार संस्कृतिमा अलि-अलि फरक-फरक नियम कानूनहरू भेटिन्थे ।

२००९ साल अगाडि धिमाल गाउँ-टोलहरूमा माझी वाराङहरूका छोरीहरूलाई पनि जब अन्य सामान्य व्यक्तिहरूको छोराहरूले बोकेर चोरी विवाह गर्न शुरु गरेका थिए, त्यसपछि अलिक हुनेखाने माझी वाराङहरूको चित्त दुख्यो र 'एउटा नियम/कानून बनाउनै पर्छ, नत्र यो छाडापन बढेर जान्छ' भनी सुपारी विवाहलाई साथै धिमाल गाउँ-टोलहरूमा भएका कुरीति, कुसंस्कारहरूलाई हटाउन भनी धिमाल राष्ट्रिय माझी सम्मेलन २००९ साल, माघ १७ गते दमक ८ मौजा मधुमल्ला गज तारावारी डिपूको रंगिया खोलाको पश्चिमतिर सम्पन्न भयो *(धिमाल इतिहास भाग १)*।

माझी वाराङ समितिमा त्यसताका ५ सदस्यीय प्रतिनिधिहरू मात्र हुन्थे। तिनीहरूमा माझी वाराङ, धामी वाराङ, हानुवा, पटवारी र ओझा हुन्थे। यो माझी वाराङ समितिको विस्तार सीमित गाउँमा मात्र थियो। यो संगठित भएर अगाडि बढ्नसकेको थिएन। तर जब 'धिमाल जाति विकास केन्द्र, नेपाल' को स्थापना २०४७ सालमा भयो र २०५० साल मंसीर १० गते संस्था वैधानिक रूपले झापा जिल्ला प्रशासन कार्यालयमा दर्ता भयो, त्यसपछि यस माझी वाराङ समितिहरूलाई पनि एकसाथ समेटेर साथ-साथै लैजाने काम भयो। यसै सिलसिलामा समेटेर लैजाने काम हुँदा माझी वाराङ समितिहरूलाई पनि तहगत रूपमा विभाजन गर्न आवश्यक पऱ्यो। पछि गाउँ-टोल माझी वाराङ समिति, इलाका वा क्षेत्रीय माझी वाराङ समिति र केन्द्रीय माझी वाराङ समितिको गठन भयो। हाल यो तीन तहमा धिमाल गाउँ-टोल वा धेमालाई देरामा देख्न पाइन्छ। यस समितिमा मुख्य व्यक्ति नै माझी वाराङ हुन्छ। माझी वाराङको निर्णय वा निचोड नै अन्तिम हुन्छ। धामी वाराङले गाउँमा हैजा, रोगव्याधि, अनिकाल वा भोकमरी लागे, अशान्ति भए, बालीनाली राम्रो नभए, दुःखबिमार भई नै रहे वा यस्तै-यस्तै आपद्-विपत्हरू आएमा तिनीहरूको निदानका लागि धामी वाराङले गाउँ-टोलमा टाकाबान्धा गर्ने, पूजा दिने, गाउँ-टोलमा भलाई होस् भनी भाकल गर्ने, ग्रामथानमा पूजा गर्ने गर्दथ्यो। हानुवाले धिमाल ग्रामथानमा पूजा गर्नका लागि सम्पूर्ण कामहरूको चाँजोपाँजो मिलाइदिने काम धामी वाराङको लागि गरिदिने गर्दछन्। पटवारीले जाग्रात बसेका रातमा पूजा दिनका लागि ल्याएका सरसामानहरूमा कुनै कमीकमजोरी

भयो कि ? भनी देउतालाई सोध्नको लागि दीर खुअ्का (देउता चढाएर काम्ने) काम, पूजामा कुनै कुराहरू पो पुगेन कि ? भनी देउतालाई सोध्ने काम, जोखाना हेरिदिने काम, कुनै व्यक्तिले आफ्नो परिवार वा कुनै सदस्यको बारेमा सोध्न चाहेमा सोध्न सक्ने र बताइदिने काम गर्दछन् । ओझाले धिमाल गाउँ-टोलमा कुनै व्यक्ति बिमारी परेमा त्यसमा जोखाना हेरिदिने (खोरी खाङ्का) र औषधि ओखतीमूलो (ओसेरे पोइती) गरी निको पार्नमा सहयोग गर्ने काम गर्दछन् ।

यो माझी वाराङ समितिले खास गरी सामाजिक, साँस्कृतिक, धार्मिक तथा धिमाल गाउँ-टोललाई सञ्चालन गर्नका लागि नीति, नियम वा कानूनहरू बनाउने कामहरू गर्दछन् । सामाजिक कामहरूमा शुरुवातको समयदेखि नै समाजमा जन्म, विवाह, मृत्यु संस्कार, हाउली वा पर्म, भेन्द्रा, सुत्केरी हुँदा गाउँमा सहयोग गर्ने, जमघट गराउने, धिमाल जातिका मानिसहरू बीचमा ऐक्यबद्धता गराउने, विशुद्ध सामाजिक काम गर्ने र परेको बेलामा सरसहयोग जुटाइदिने काम गर्दछ । धार्मिक कार्यहरूमा आदिकालबाटै प्रकृति पूजाआजा गर्दै आएको, धिमाल गाउँ-टोलमा शान्ति, सुरक्षा, अन्नबाली राम्रो होस्, सबैलाई राम्रो होस् भनी सिरजात पूजा, जात्री मेला लगाउने, टाकाबान्धा गर्ने, नावाङ्गी पूजा गर्ने, धान काट्दा जात्रा पूजा, धान काटेर कुनिउँमा चुल्याएर थन्क्याउँदा लक्ष्मी काइका पूजा, धान भर्दा रासपूजा, नदीनाला, झोराझाडीलाई मनाउँन सन्सारी पूजा, खेतमा बिगार भएमा राम्रो फलहरू दिन नसकेमा धुला पूजा, घाउ खटिरा बोमिटजस्ता भएमा हाइजा पूजा, केश नकाटी राखिदिएर दुई वर्षमा काटिदिंदा भेन्द्रा पूजा, तिहारमा पार्वा पूजा, घर परिवारमा कोही बिमारी भएमा नुहाइ-धुहाइ गरी चोखो मन, वचन र तनले लिपपोत गरी साली वा सादी बेराङ्ग पूजा, भाकार पूजा, सापूजाजस्ता पूजाहरू गर्ने गर्दछन् ।

यस्ता पूजाआजा वा सामाजिक काजकृया गर्नको लागि प्रति घर परिवारबाट बेहरी उठाउने, कुनै गाउँमा कोष स्थापना गर्ने, लेबी उठाई आर्थिक संकलन गर्ने काम पनि हुन्छ । संस्कार संस्कृतिको कामहरूमा आफ्नो मौलिक परम्परागत नाच, गाना, भेषभूषाहरू, गरगहनाहरू, खानपिनका परिकारहरू, जीवनशैलीहरूलाई निरन्तरता दिने कामहरू यस संस्थामार्फत गर्दै आएको छ । गाउँमा हुने संस्कारहरू उल्लंघन गर्नेहरूका लागि दण्ड, जरिवानाहरूका लागि कानूनहरू बनाउने काम

पनि गर्दछन् । तर ती सबै कानून, नीति नियमहरू अलिखित वा गाउँलेहरूबीचमा सम्झौताको आधारमा संचालन गरिन्छ। गाउँटोलमा झैं-झगडा भएमा ती झगडाहरूमो छिनोफानो गरी न्याय दिनका लागि पनि माझी वाराङ्ग समितिले ठूलो भूमिका खेलेको हुन्छ। छोटकरीमा भन्दा- धिमाल गाउँमा कानून बनाउने, लागू गर्ने, संस्कार, संस्कृति चलाउने, रेखदेख गर्ने र समयानुसार आवश्यक भएमा परिवर्तन गर्दैजाने काममा पनि यो संस्थाको ठूलो महत्व हुन्छ।

पहिला-पहिला जब सरकारको नीति नियमहरू तथा कानूनहरूले प्रत्यक्ष रूपमा प्रभाव पार्नसकेका थिएनन्, त्यसताका यस्ता परम्परागत संस्थाहरू ज्यादै मजबूत र शक्तिशाली थिए। यिनै संस्थाहरूले सम्पूर्ण सरकार, राज्यले गर्नुपर्ने कामहरू गर्ने गर्दथ्यो। त्यसताका अदालत, प्रहरी ठाना, आर्मी ब्यारेकहरू थिएनन्। आफ्नो समुदायको रक्षा आफैं गाउँ-समाजमा गर्ने गर्दथे। मानिसहरूमा पनि यस संस्थाप्रति ठूलो विश्वास र भरोसा थियो। मानिसहरूमा एकता र धार्मिक विश्वास थियो। गाउँलेहरूमा न विचारमा फुट थियो, न त एकतामा। सहयोग दिनका लागि आवश्यक परेमा कोही पनि पछि पर्दैनथे। त्यसताका धिमालहरूको माझी वाराङ्ग समितिले जातीय पहिचान दिलाउन, धार्मिक, आर्थिक, सामाजिक, साँस्कृतिक कार्यहरू गर्न सफल भूमिका खेलेको थियो।

जब देशमा एक भाषा, एक नीति, एक धर्म लागू भयो र नेपाली भाषाले मात्र मान्यता पायो, हिन्दु धर्मले मात्र मान्यता पायो। सरकार, राज्य संचालन गर्नेले आदिवासी धिमालहरूको परम्परागत संस्था तथा ती संस्थाहरूको कानूनी मान्यताहरूलाई निरुत्साही गर्ने काम भयो, दमन र विभेद गरी जबर्जस्ती निर्मूल पार्ने कामहरू भए। त्यसपछि धिमालहरूको परम्परागत संस्थालाई ठूलो धक्का पर्नगयो। तर पनि आदिकालबाटै धिमालहरूको सम्पूर्ण कामहरू परम्परागत संस्थाले गर्दै आएकोले सजिलो तरिकाले निर्मूल हुन सकेन। धिमाल समुदायको आवश्यकता अनुसार यो संचालनमा रहि नै रह्यो। हाल यो संस्था आर्थिक कारणले गर्दा, संरक्षण गरी लैजानुपर्छ भन्ने जनचेतनाको कमीको कारणले गर्दा, धिमालहरूको आर्थिक विपन्नताको कारणले, राज्य सरकारको तर्फबाट विभेदकारी नीतिका कारणले, जनमानसलाई पार्टीगत रूपमा विभाजन गरिनुले, पूर्वका धिमाल र पश्चिमका धिमालहरूमा

संस्कार संस्कृति केही फरक परेकाले, पृथ्वीनारायण शाहको राज्य एकीकरणमा आदिवासीहरूको हक, हित, अधिकारहरूलाई मान्यता नदिएर उनीहरूको अधिकारहरूलाई खुम्च्याउने र बेवास्ता गर्ने काम भएकाले पनि धिमालहरूको माझी वाराङ समिति खुम्चिएर बस्नुपर्‍यो । यसले राज्यमा कानूनी मान्यता पाएन । हिन्दु धर्म र नेपाली भाषा अनिवार्य भएकाले धिमालको परम्परागत संस्था र भाषा पनि संकटमा पर्‍यो । देशको मूल प्रवाहबाट विस्तार-विस्तार टाढा हुँदैगयो ।

धिमालको यो संस्थाले सम्पूर्ण धिमालहरूबीचमा त सुमधुर सम्बन्ध बढाई नै रह्यो । यसको अलावा अन्य समुदायका मानिसहरू, जो धिमाल गाउँ-टोल वरिपरि बस्दथे वा धिमाल गाउँ-टोलभित्र बस्दथ्यो, उनीहरू पनि यस संस्थाबाट लाभान्वित भएका थिए । उनीहरूको काम पनि यस संस्थामार्फत सहयोग गरिदिने काम हुन्थ्यो । गैरधिमालहरूबीचमा पनि यसले ठूलो सेतुको काम गरेको थियो ।

### ३. मान्यता

धिमाल समाजमा आदिकालबाटै यसले समाजको लागि राम्रो काम गर्दै आएको छ । धिमाल समुदायमा यस संस्थाले राम्रो प्रभाव पारेको छ । आफ्नो समुदायमा आफ्नै प्रतिनिधि माझी वाराङमार्फत न्याय पाउने भएकोले राज्यको कानूनभन्दा धिमालहरू आफ्नो माझी वाराङ समिति र हालमा धिमाल गाउँ-टोल समितिले बनाएको कानून तथा नीति नियमहरूलाई बढी जोड दिन्छन् । वास्तवमा धिमालहरूलाई राज्यको कानूनको विषयमा थाहा नै छैन । धिमालहरूको धेरै मुद्दा मामिला गाउँ-टोलमा नै छिनोफानो हुने गर्दछ । धेरै ठूलो मुद्दा-मामिला भएमा मात्र *गाविस, नपा,* अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतमा आउने गर्दछ । वास्तवमा तथ्यांक हेर्ने हो भने पनि धिमाल समुदायको मुद्दा-मामिलाहरू माथिल्लो निकायहरूमा आएको धेरै कम पाइन्छ । यसको मतलब समस्या तथा मुद्दा मामिलाहरू नभएका भने होइनन् । गाउँ-टोलमा नै छिनोफानो भएपछि कमै मुद्दा मात्र माथिल्लो निकायहरूमा आएको पाइन्छ ।

धिमाल जाति विकास केन्द्र, नेपालका अध्यक्ष श्री रामबहादुर धिमाल भन्नुहुन्छ "धिमाल जातिको समुदाय वा धेमालाई देरामा धिमालहरू स्वशासन र आत्मनिर्णयको

अधिकार आफैँले गर्न पाउने प्रथा यही संस्था माझी वाराङ समिति भएको कारण भएको हो।" त्यस्तै आदिवासी जनजाति महासंघ समन्वय परिषद्, दमकका एक सदस्य युवा नेता श्री लोकसागर साम्बा (लिम्बु) भन्नुहुन्छ- "यो धिमालको माझी वाराङ समितिले धिमाल गाउँ-टोल र छिमेकमा सभ्य, न्यायमूलक र नैतिक शिक्षासाथै समाजमा सद्भाव कायम गर्न भूमिका खेलेको पाइन्छ।" त्यस्तै धिमाल जाति विकास केन्द्र, नेपालका महासचिव श्री नम्बरलाल धिमाल भन्नुहुन्छ- "यस परम्परागत संस्थाले धिमाल जातिभित्र रहेको कला, संस्कृति, रीतिरिवाज, परम्परागत र अन्य सामाजिक क्षेत्रमा प्रमुख भूमिका खेल्दै आइरहेको छ।" धिमाल जातिको साँस्कृतिक विभाग प्रमुख तथा केन्द्रीय सदस्य श्री गणेशमान धिमाल भन्नुहुन्छ "धिमालको पहिचान गराउने काममा यो संस्थाले भूमिका खेलिरहेको छ।" किरात याक्खा छुम्मा, जिल्ला कार्य समिति, दमकका सदस्य श्री टीकाराज देवानले यस धिमालको परम्परागत संस्था माझी वाराङ समितिले सकारात्मक भूमिका खेलेको छ। यस संस्थाले नै शायद होला, धिमाल जातिबीच समन्वय, सहकार्य र एकता गराएको कुरा उल्लेख गर्नुहुन्छ।" धिमाल शैक्षिक जागरण केन्द्रीय समितिका अध्यक्ष श्री बुद्धिलाल धिमाल भन्नुहुन्छ "यस संस्थाले धिमाल जातिको लोकधर्म, संस्कृति तथा परम्परा, पहिचानको जगेर्ना गरेको छ।" त्यस्तै महिला धिमाल नेतृ श्री देवी धिमाल भन्नुहुन्छ "यस माझी वाराङ समितिले समाजमा राम्रो प्रभाव पारेको छ। यसलाई आर्थिक रूपले राज्य सरकारले सहयोग गरी उत्थान तथा विकास गर्नमा सहयोग गर्नु पर्दछ।" थारू कल्याणकारीसभा सदस्य, थारु नेतृ, सतासीधाम, सुन्दरपुर निवासी श्री फूल कुमारी चौधरी भन्नुहुन्छ "यस संस्थाले धिमाल जातिको परम्परागत संस्थाको विकासमा कला, संस्कृति, रीतिरिवाज र अन्य क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ।" अर्को धिमाल केन्द्रीय सदस्य साथै धिमाल नेतृ श्री मोनिका धिमाल भन्नुहुन्छ- "यो धिमाल जातिको परम्परागत संस्थाको निरन्तरताले समाजमा सकारात्मक प्रभाव पारेको छ।" त्यस्तै किरात याक्थुङ चुम्लुङ दमक नगरका नेतृ श्री हरिदेवी लावतीले धिमाल जातिको परम्परागत संस्थाले समाजमा सकारात्मक प्रभाव पारेको कुरा व्यक्त गर्नुहुन्छ। त्यस्तै नेपाल सन्थाल आदिवासी उत्थान संघका सदस्य श्री चन्दन टुडू भन्नुहुन्छ– "धिमाल जातिको परम्परागत संस्था पनि साथसाथै विकास भएर गएमा राज्य तथा समाज दुवै बलियो हुन्छ।" धिमाल जाति विकास केन्द्र, नेपाल माझी

वाराङ केन्द्रीय समितिका महासचिव श्री जय बहादुर धिमाल भन्नुहुन्छ– "माझी वाराङ समितिले समाजलाई एकतामा बाँध्ने, नीति, नियम तथा कानूनहरू बनाउने र विभिन्न संस्कार तथा संस्कृति वा सामाजिक क्रियाकलापहरू संचालन गर्ने गर्दछ।" त्यस्तै श्री बालाकाजी थापामगर, नेपाल मगर संघको सदस्य भन्नुहुन्छ– "यस संस्थाको क्रियाकलापहरूले समाजमा राम्रो प्रभाव पारेको छ।" धिमाल जातिको आफ्नै सामाजिक, साँस्कृतिक कानूनहरू हुँदा पनि सरकार पक्षले यसलाई विकास गर्ने, आर्थिक सहयोग गर्ने, मान्यता दिने सवालमा मौन छ। दर्ता भएको संस्थालाई मात्र मान्यता दिने, तर आदिकालबाट संचालनमा आएका र समाजको लागि ठूलो योगदान गर्ने संस्था भए पनि राज्यको हेर्ने दृष्टिकोण विभेदपूर्ण छ।

### ४. प्रथाजनित कानून

धिमाल जातिको आदिकालबाटै संचालनमा आएको परम्परागत संस्था धिमाल माझी वाराङ समिति हो। यसले विशेषगरी विवाहसम्बन्धी कानूनहरू, मृत्युसम्बन्धी नियमावली, धार्मिक सिरजात तथा जात्री मेला लगाउने नियमावली, पार्वा तथा अन्य चाडपर्वहरू मनाउँदा एक रूपता आओस् भनी एकै प्रकारको नियमहरू, विधिहरू बनाएर गाउँ-टोलमा लागू गर्ने गर्दछ। यो धिमाल समाज तथा धेमालाई देरामा परापूर्वकालदेखि लागू हुँदै आएको, धेरै कामहरू गर्दै आएको हुनाले धिमाल गाउँ-टोलमा आदिकालबाटै स्वशासन, आत्मनिर्णयको अधिकार थियो भन्ने पुष्टि गर्दछ। यो सामाजिक तथा धार्मिक क्रियाकलापहरू सञ्चालन गर्ने र बचाइराख्ने धिमालहरूकै सबैभन्दा पुरानो संस्था हो। यी विभिन्न नियम वा कानूनहरूलाई यहाँ केही उदाहरण दिइएको छ *(धिमाल इतिहास भाग १)*।

### ४.१ सम्धीसम्धीनी नाता गाँस्ने विधि

सम्धी-सम्धीनीको नाता गाँस्ने दिन केटा पक्षबाट केटाको बाबा र केटा अनिवार्य उपस्थित हुनुपर्छ। गाउँका आफन्तहरू, साथीभाइहरू ल्याउँदा पन्ध्र (१५) जनासम्म मात्र ल्याउन पाउने कि नपाउने ? भन्दा हाम्रो धिमालको रीति परम्पराहरू बचाउनुको लागि धिमाल राष्ट्रिय सम्मेलनमार्फत पास भएका कुराहरू गाउँ-

समाजमा लगाउनुपर्ने । किनकि धिमालहरू सबैको धेरै पाहुनाहरू धान्नसक्ने क्षमता पनि छैन् । केटा पक्षबाट थालमा सुपारी, चुरोट बिंडी, दुई बोतल रक्सी राखी केटाको बाबा र केटीको बाबाले "आजदेखि हामी सम्धीसम्धीनीको नाता जोड्न लाग्दैछौं" भनी समाजमा उपस्थित महानुभावहरूलाई साक्षी राखी नमस्कार गर्नुपर्छ । अनि केटीको बाबाले गाउँ-समाजमा आफ्नो पक्षको बोलाएका उपस्थित महानुभावहरूलाई "आज मैले छोरी छोडिदिएं, छोडिदिएको रक्सी खाइदिदैंछु" "बिहाइ बेहेनीको गोरा आमप्याङ्क्या नेउ" भनी भन्नुपर्छ । त्यसपछि गाउँ-समाजका बुद्धिजीवी, माझी वाराङ्ग, गाउँ-समाज समितिका पदाधिकारीहरू बसेर केटा र केटीको थर, वंशावली सोध-खोज गरी, केटा र केटीको मन्जुर भए/नभएको सोध-खोज गरी साक्षी बनी सम्पूर्ण महानुभावहरूको अगाडि नै कुरा टुङ्ग्याइदिनुपर्छ । गाउँलेहरूले धिमाल भाषामा नै भन्दछन्- "केलाईको धार्नीको चामिन्दी चेली बिसौली माज्याको, दुख मानिङचाको, बेजान आमाई आबाको सा ता खारतेङ-नेइतेङ माघुऱ्याको, केलाईको चामिन्दी चेली सा ता हिकाताङ हिकाताङ भेनेङ बेजानहेङ बिहुपातेङ जिम्धा मापिप्याको" भनी गाउँ समाजकाहरूले सर्त केटा पक्षमा राख्दछन् । यसको अर्थ : "हाम्रो धार्नीको छोरी बिसौलीमा झर्न नपरोस्, दुःख नपाऊन्, केटी फेरि रोई-चिच्याई बाबा र आमाको घरमा आउनु नपरोस्, हाम्रो छोरीचेली घरमा हुँदाहुँदै अर्को सौता भित्रिन नपरोस्" भन्ने हो । यदि केटा पक्षबाट यी कुराहरू गर्नमा मन्जुर भए मात्र गाउँ-समाजका पदाधिकारीसहित अन्य केटापक्षका सबै मिलेर सम्धीसम्धीनीको रक्सी समाजमा खाइदिने चलन छ । यो रीत परम्परालाई टुङ्ग्याउनुको लागि केटाको बाबा र केटीको बाबाले उठी गाम्सा समातेर दुई पटक पालैपालो गरी ढोग गर्ने चलन, रीत छ । त्यसपछि एक भार, दुई बोतल रक्सी रीत दस्तुर केटापक्षबाट समाजसमक्ष राखी सम्धीसम्धीनीको साइनो नाता जोड्नुपर्छ । त्यसपछि रक्सी खानेलाई रक्सी, चिया खानेलाई चिया, सुपारी, चुरोट बिंडीआदि ल्याएको कुराहरू  दिनुपर्छ । अनि गाना गीतको भाकामा केटीपक्षले पोथी कुखुरा र केटापक्षले भाले कुखुरा बनी गीतको लयमा केटीपक्षले केटापक्षलाई "केटीले दुःख नपाऊन्, केटीको राम्रो हेरविचार होस् भनी कुरा राख्दछन् । केटापक्षको विषयमा गीतकै भाकामा सोध-खोज गर्दछन् । अनि केटा पक्षका भाले कुखुरापक्षले सम्पूर्ण सवालहरूको जवाफ गीतकै भाकामा दिन्छन् ।

केटा र केटी पक्षको बारेमा विभिन्न सोध-खोज गर्ने काम गीतकै लयमा दुवैतर्फबाट हुन्छ । यो साह्रै घतलाग्दो, रमाइलो र आफ्नो परम्परा संस्कृति जोगाउने गाना हुन्छ । यो गाउँका बूढाहरूबाट गाइन्छ। यदि कुनै कारणवश केटापक्षबाट गाउने भाले कुखुरा बन्ने समूह नभएमा एक बोतल रक्सी, पाँच रुपियाँ केटापक्षले केटीपक्षकहाँ राखी "यस पटक हाम्रो भाले कुखुरा भएन, माफ गर्नुहोस्" भनी जरीवाना तिरी नमस्कार गर्नुपर्छ। केटीपक्षबाट पनि एक घ्याम्पो घिन्सिङ, एक बोतल रक्सी निकालिदिएर गाउँ-समाज सम्पूर्णलाई खुवाएर नमस्कार गरी बिदा गर्नुपर्छ। पुनः पछि केटाको बुबाले दुई बोतल रक्सी राखी "विवाह कहिले गर्ने ?" भनी समाजसमक्ष राख्दछन् । त्यसपछि केटीको बुबाले विवाहको तिथि-मिति बार तोकिदिने चलन छ। त्यसपछि केटाको बुबा र केटापक्षको अन्य समाज केटीको घरबाट फर्किने चलन छ। सम्धीसम्धीनी जोरेको ६ महिनाभित्र अनिवार्य विवाह गरिदिनु पर्छ।

## ४.२ विवाह दिनको रीत

*बिहे भत्यार :* बिहे भत्यार घर धनीको इच्छाअनुसार खुवाउन पाइने। बिहे खानआउँदा घरपिच्छे नै एक-एक बोतल रक्सी ल्याउने चलन छ। तर अब आर्थिक कमजोर र रक्सीले खराबी गर्ने भएकाले बिहे खाने रक्सी अनिवार्य ल्याउन आवश्यक छैन।

*बिहेको पोशाक* : विवाहको दिन बेहुला र बेहुलीले धिमाल पोशाकमा नै विवाह गर्नुपर्छ। बेहुलाले कमिज वा कुर्था सुरुवाल, टाउकोमा पकुटा लगाउँनुपर्छ। बेहुलीले बुनेको कालो बोना, चोलो र बर्की लगाउनुपर्छ। सेतो नोसोई कम्मरमा बाँध्नुपर्छ। बेहुलासँग बेहुली लिनका लागि जन्ती गएका धिमाल केटीहरू आफ्नै पोशाक बोना, चोलो, नोसोई लगाउनुपर्छ।

*जन्ती लैजाने रीतः* बेहुलाको घरबाट बेहुली लिनजाँदा बेहुलाको बुबा, आफन्त, गाउँलेहरू, बेहुलाको साथी, केटीहरू गरी २१ देखि ५१ जना मात्र जन्ती लैजान पाइन्छ।

*बेहुलाको घरमा जन्ती जाने तयारी :* बेहुला धिमाल पोशाक लगाएर आँगनमा निस्कनुपर्छ। त्यसपछि बेहुलाको बुबाले आफ्नो कुलपितृ, देउताहरू जाउरागालाई

सम्झेर पूजा गरी, जन्ती जानेहरूलाई बाटोमा कुनै बाधा अड्चन नआऊन् भनी दूबो घाँसको माला बेहुलालाई लगाइदिने चलन छ। रातो मुछेको रंगको टीका बेहुलालाई र सबै जन्तीहरूलाई लगाइदिएर पूजा गरेको चामल छर्किदिई जन्ती तयार गर्ने चलन छ। रीत दस्तुर तिर्नको लागि जन्तीहरूले लैजाने भार गोरा, टोक्रा गोरा, थोधारा चिलिम, बोतल गोरालाई आँगनमा राखी पूजा गरेको चामल, अक्षताले पर्सिनुपर्छ। बेहुला हुनेको दिदी वा दाइले विवाह गरेका छैनन् भने बिहे नगरेका दाइ वा दिदीलाई खुट्टामा पानी हाली पाँच रुपियाँ र एक बोतल रक्सी राखी ढोग गर्नुपर्छ। त्यसपछि जन्तीहरू बेहुलीको घरतर्फ अगाडि बढ्छ।

*बाजागाजा लैजाने तरिका:* धिमालको विवाहमा धिमालको संस्कृति संरक्षण गर्न र रमाइलो गर्नका लागि बेहुलाको तर्फबाट आफ्नै जातको बाजागाजाहरू ढोल, उर्नी, गोमाना, तुन्जाई, सेरेन्जा, बाँसुरी जस्ता रेट्ने र बजाउने बाजाहरू लिएर नाचगाना देखाउनुपर्छ। धिमाल भाषामा निकालिएको धिमाल गानाको क्यासेट भएमा माइकबाट बजाउन पाइन्छ। अन्य जातिहरूको वा अंग्रेजी ब्याण्ड बाजाहरू लैजान नपाउँने नियम छ।

*जन्ती बिसाउने नियम:* जन्तीहरू बेहुलीको घर छेउमा पुग्नलाग्दा रक्सी, चुरोट खाई, तमाखु खाई बिसाउने चलन छ। त्यसपछि बेहुलीको घरमा जन्तीहरू आइपुगे भनी थाहा हुन्छ। त्यसपछि बेहुलीको घरमा जन्तीहरूलाई बाटो छेक्ने चलन छ। बाटो छेक्दा बूढापाकाहरू, युवाहरूले छेक्ने चलन छ र युवतीहरूले स्वागत गरी ढोकामा टीका अक्षता लिइबस्ने चलन छ। बेहुलालाई टीका अक्षताले युवतीहरूले पर्सिने चलन छ।

## ४.३ विवाहको रीत दस्तुर बुझाउने विधि

*केटाहरूले बाटो छेक्ने रीत:* पहिलो लहरमा केटाहरूले जन्तीहरूलाई बेहुलीको घरछेउमा बाटो छेक्दछन्। केटाहरूलाई बाटो छेक्ने रीत दस्तुर स्वरूप बेहुलातिरका जन्तीहरूले रु.५।- (ना टाका) बुझाउनुपर्छ र केटातिर र केटीतिर दुई बोतल रक्सी साटासाट गर्नुपर्छ।

*बूढापाकाहरूको बाटो छेक्ने रीत:* जन्तीहरूले बूढापाकाहरूले बाटो छेक्ने रीतस्वरूप रु.५।- बुझाउनुपर्छ। त्यसपछि एक घ्याम्पो घिन्सिङ रक्सी र एक बोतल रक्सी साटासाट गर्नुपर्छ। त्यसबेला बेहुलीतिरका मान्छेहरूलाई थोदारा तमाखु तान्नु दिनुपर्छ।

*केटीहरूको बाटो छेक्ने रीत:* केटीहरूले बेहुला र जन्तीहरूलाई स्वागत गर्नका लागि बेहुलीको घरका छेउ बनाएको ढोकामा मुछेको रातो अक्षेता, चामल लिएर बसेका हुन्छन्। जब बेहुला, जन्तीहरू छेउमा आउँछन् तब केटीहरूले टीका, चामलले पर्सिन्छन्। त्यसपछि केटीहरूको बाटो छेकेको दस्तूर स्वरूप जन्तीतिरकाहरूले रु.१०।- तिर्नुपर्छ र एक घ्याम्पो घिन्सिङ रक्सी र एक बोतल रक्सी साटासाट गर्नुपर्छ।

*बेहुला-बेहुलीको सम्बन्ध जोड्ने विधि:* बेहुलीको घरको आँगनमा केटा र केटीको स्वयम्बरका लागि मण्डप बनाइन्छ। मण्डपमा दुई कुर्सी र एक टेबुल राखिन्छ। टेबुलमा दूबो घाँसको माला, फूल, अक्षेता राखिएको हुन्छ। बेहुलालाई कुर्सीमा बसाइन्छ। त्यसपछि बेहुली आएर बेहुला बसेको कुर्सीको वरिपरि लोटाको पानी तुर्क्याएर घुम्नुपर्छ। घुम्दा देब्रेबाट तीनपटक घुम्नुपर्छ। त्यसपछि बेहुलीले बेहुलालाई माला लगाइदिनुपर्छ। बेहुलाले पनि बेहुलीलाई माला लगाइदिनुपर्छ। बेहुलाले बेहुलीलाई औंठी लगाइदिन्छन् र त्यसपछि गाउँलेहरूले बेहुलालाई मुछेको टीकाले पर्सिन्छन्।

*धानाकाउरी रीत:* धानाकाउरीको लागि बेहुलीको गाउँका केटाहरूलाई रीतस्वरूप ७ सुपारी, ७ पैसा, र एकबोतल रक्सी बेहुलातिरबाट बुझाउँनुपर्छ।

*पञ्चको रीत:* पञ्चको रीतस्वरूप बेहुलातिरबाट बेहुलीतिरका पञ्चहरूलाई रु.५।- र एकबोतल रक्सी बुझाउनुपर्छ।

*धामी माझीको रीत:* धामी र माझीको रीतस्वरूप बेहुलातिरबाट एक-एक बोतल रक्सी, अनि धामी-माझीको रीतस्वरूप एकबोतल निघार बुझाउनुपर्छ।

*दुधाउली रीत :* बेहुलीलाई आमाले जन्म दिई दूध ख्वाएको, हुर्काएको बढाएको, स्याहार-सुसार गरेको स्वरूप टोक्रा गोरा र रु.२।- दुधाउली रीत दस्तुर बुझाउनुपर्छ।

*कान्ताका चुकाउने रीत :* यो रीत बुझाउनको लागि केराको पातमा चेराकमा आगो बाली, आगोलाई साक्षी राखी बेहुलीको बुबालाई बेहुलाको तर्फबाट एक बोतल रक्सी, रु.२।- कान्ताका दस्तुर बुझाउनुपर्छ। यो बेला बेहुलाको बुबा र बेहुलीको बुबा दुवैले समाजलाई नमस्कार, ढोग गरी बुझाउनुपर्छ।

*बेहुलीतिरको कान्ताका गोरा रीतः* बेहुलातिरबाट कान्ताका गोरा बेहुली पक्षलाई बुझाइसकेपछि बेहुलीपक्षका बिहे खान आएका गाउँलेहरूले पनि एकभार घिन्सिङ, दुईबोतल रक्सी बिहे खान आएका समाजलाई खुवाउनुपर्छ। बेहुलीको घरबाट पनि एकघ्याम्पो घिन्सिङ, एकबोतल रक्सी बेहुलीघरको भनी जन्तीहरूलाई बाँड्नुपर्छ। त्यसपछि गाउँका बूढापाकाहरू गीतमार्फत केटा पक्षकालाई 'हाम्रो चेली तिमीहरूको ठाउँमा पठाएकाछौं, दुःख पाएर माइतीको घरमा रुन कराउन, फर्किआउन नपरोस्।' त्यसपछि जन्तीपक्षका बूढापाकाहरू 'विश्वास गर्नुस्, तपाईंहरूको चेलीलाई त्यस्तो हुन हामी दिँदैनौं' भनी गीतमार्फत नै जवाफ दिन्छन्।

*बेहुली र बेहुलीलाई उपहारः* जन्तीहरूलाई बिहे खुवाइसकेपछि, बेहुली र बेहुलालाई माइती घरबाट टीका-टाला लगाइदिएर सकेको उपहार, बोनाहरू, भाडावर्तनहरू, फर्निचर, रूपैयाँ आफ्नो इच्छाअनुसार सकेको दिनुपर्छ।

*बेहुलीको घरमा विदाई (बेदाङ्गी):* बेहुलीको घरबाट एकघ्याम्पो घिन्सिङ, एकबोतल रक्सी जन्तीहरूलाई दिएर विदाई गरेको भनी भन्नुपर्छ। त्यसपछि बेहुला र बेहुलीले माइतीमा भएका आमा, बुबा, आफन्त मान्यजनहरूलाई ढोग/नमस्कार गरी बिदा हुन्छन्। बिहेघरमा छोरी चेलीले ल्याएको रक्सी खाइदिएर उनीहरूलाई बेदाङ्गी (बिदा) दिंदा गाउँ समितिको माझीसहित बसी एकघ्याम्पो, एकबोतल दिएर विदाई गर्नुपर्छ। त्यसपछि आल्टे आल्टेनी (बिहेमा खानपिन बनाउन र अन्य कामका लागि सहयोग गर्ने पुरुष तथा महिलाहरू) लाई एकबोतल रक्सी र सकेकोजति रूपैयाँ/रकम सहयोग दिएर विदा गर्नुपर्छ।

*बेहुलाको घरमा बेहुली भित्र्याउने र बिहे रीत:* जब बेहुलाको घरमा बेहुली लिएर पुऱ्याइन्छ, त्यसपछि खाटमा धोक्रा बिस्याएर, तन्ना ओछ्याएर त्यसमा बेहुलीलाई बसाउनुपर्छ । त्यसपछि बेहुलाको घरका आमा, बुबा र आफन्तहरू साथै गाउँलेहरूबाट टीका लगाइदिएर आशिषको साथ दानदक्षिणा दिनुपर्छ । त्यसपछि बिहेमा आएका गाउँलेहरू र समाजलाई तथा आफन्तहरूलाई एकघ्याम्पो, एकबोतल बेहुली भित्र्याएको खुवाउनुपर्छ । त्यसबेला यदि केटा र केटीको साइनो नजिकको भएमा 'पाप नलागोस्' भनी उपस्थित समाज, माझी वाराङ्गलाई बसाएर सानो चल्लाको घाँटी निमोटेर लोटामा राखेको पानीसँग रगत चुहाएर एकरूपैयाँ राखी सबैलाई लोटाको पानी बाँडिदिएर उल्टो गरी पानी फाल्नुपर्छ । त्यसपछि मात्र बेहुलाको घरमा बिहे भत्यार बेहुलीको हातबाट दाल बाँडेर शुरु हुन्छ । त्यसपछि एकघ्याम्पो, एकबोतल र रु.५।- समाजलाई दिएर रक्सी खुवाएर बिदा गर्नुपर्छ ।

*बिहेपछिको ससुराली नियम:* नवविवाहित दाम्पती एक महिनाभित्रमा ससुराली घर जानुपर्छ । ससुराली घर जाँदा तोले गोरा बागिया बोकी जाने पुरानो चलन छ ।

## ५. दण्ड जरीवाना तिर्नुपर्ने दस्तुर

*नियम पारित:* धिमाल जातिको संगठन राष्ट्रिय सम्मेलनमार्फत पारित भएका सामाजिक रीतिरिवाज नियमावली, २०५० को विपरीत काम गर्नेलाई जरीवाना, दण्ड तिर्नुपर्ने नियम, कानूनको व्यवस्था भएको छ ।

*केटी छोडिदिएको केटासँग बिहे नभएमा:* केटीलाई कुनै एउटा केटालाई पहिला नै दिइसकेको र छोडिदिएको रक्सी पनि खाइदिइसकेको भएर पनि बेग्लै केटाले सो केटीलाई भगाएर लगिदिएमा सो लैजाने केटाले पहिला छोडिदिएको केटालाई एकबोतल रक्सी राखी रु.५०१।- जरीवाना तिरी माफी माग्नुपर्छ । त्यसबेला गाउँ समाजलाई रु.३०१।- बुझाउनुपर्छ । केटीले बिहे गर्न नमानेमा सो जरीवाना केटीको आमा-बुबाले नै तिर्नुपर्छ ।

*सम्धी, सम्धीनीको रक्सी खाएर केटी अर्कोसँग गएमा:* केटाले मगनी गरी सम्धी, सम्धीनीको रक्सी खाइसकेपछि केटीलाई कुनै केटाले भगाएर लगेमा त्यो भगाएर

लैजाने केटाले पहिला छोडिदिएको केटालाई एकबोतल रक्सी राखी रु.१००१।- तिरी माफी माग्नुपर्छ। त्यसपछि गाउँ-समाजलाई रु.३०१।- तिर्नुपर्छ। यदि केटी आमाबुबाकै घरमा बस्ने भएमा सो जरीवाना रकम आमाबुबाले तिर्नुपर्छ।

*केटी मागेर सो केटीसँग विहे नगरेमा:* सम्धी, सम्धीनीको रक्सी खाएर यदि केटाले सो केटीसँग बिहे नगरेमा केटाले केटीको आमा बुबालाई रु.१००१।- र गाउँ, समाज र माझीलाई रु.३०१।- तिरी माफी माग्नुपर्छ।

*बिहेको निम्तो बाँडिसकेपछि केटी भागी गएमा:* यदि बिहेको तयारी भइसकेको र निम्तो बाँडिसकेको भएपछि केटी अर्को केटासँग भागेर गएमा खर्चवापत रु.१,५०१।- र एकबोतल रक्सी राखी जरीवाना तिर्नुपर्छ। यदि केटाले पनि अर्को केटी भगाएर ल्याएमा वा बिहे गरेमा जरीवानास्वरूप रु.१,५०१।- र एकबोतल रक्सी राखी जरीवाना तिर्नुपर्छ।

*बिहेमा धिमाल पोशाक नलगाएमा:* बेहुलाले धिमालको सामाजिक नियमअनुसार तोकेको पोशाक नलगाएमा रु. ..... बेहुलीको गाउँ समिति र माझी वाराङ्गलाई जरिवाना तिर्नुपर्छ। त्यस्तै बेहुलीले पनि सामाजिक नियम अनुसार तोकेको पोशाक बिहेमा नलगाएमा रु. ...... बेहुलीको आमाबुबाले गाउँ समिति र माझी वाराङ्गलाई जरीवानास्वरूप तिर्नुपर्छ।

*आफन्तको छोरी बिहे गरेमा:* धिमाल जातिमा फुपूको छोरी, मामाको छोरी, सानीमाको छोरी भगाएर जानी/नजानी बिहे गरेमा केटा वा केटीले दुवैतिरबाट गाउँ-समाज समिति र माझीलाई बसालेर रु. ...... र ...... रक्सी जरिवाना दण्डस्वरूप लगाउनुपर्छ।

*हाडवंशको छोरीचेलीसँग सम्बन्ध भएमा:* धिमाल जातिमा एउटै हाडवंशको बीचमा विवाह चल्दैन। यदि कोही कसैले जानेर वा नजानेर आफ्नो हाडवंशको छोरीचेली भगाएर लगेमा केटा र केटीको हाडवंश भेला भएर छोडिदिनुपर्छ। तर नेपाल सरकारको मुलुकी ऐन, विवाह महलको हाडनाताबीच बिहे र करणीको नियमअनुसार ......... दण्ड जरीवाना तिराएर माफी मगाउनुपर्छ।

*थोद्रा चिलिम नल्याएमा:* यदि विवाहको दिनमा केटा पक्षले थोद्रा चिलिम तमाखु खाने नल्याएमा बेहुलीको गाउँ, समाज र माझीले रु. ....... जरीवाना तिराउनुपर्छ।

*टोक्रा गोरा नल्याएमा:* यदि बेहुलापक्षबाट टोक्रा गोरा बिहेमा नल्याएमा बेहुलीतर्फका गाउँ समाजले रु. ........ जरीवाना तिराउनुपर्छ।

*बिहेको दिनमा केटी भागी भने:* यदि विवाह भएको सोही दिन नै केटी विहे गर्न नमानेमा वा भागी अर्को केटासँग बिहे गरी गएमा विहेको भत्यार पनि तयार भएमा केटा पक्षले जन्ती लिई गएमा बेहुलीको आमा बुबाले बिहे खर्च रु. .......... तिर्नुपर्छ वा केटी भगाएर लैजाने केटाले तिर्नुपर्छ। केटी पक्षकोमा विवाहको भत्यार पाकेमा, तर केटाले विहे गर्न नमानेमा केटापक्षबाट विहे खर्च रु. ....... केटीको आमाबुबालाई तिर्नुपर्छ।

खासगरी धिमालको माझी वाराङ समितिले सामाजिक नियमावली, साँस्कृतिक नियमावली, धार्मिक नियमावली, सामान्य झगडा भएमा मुद्दामामिला केही हदसम्म गाउँस्तरमा छिनोफानो गर्ने मौखिक सम्झौताको नियमावली बनाउने अधिकार पाएको हुन्छ। पहिला माझी वाराङ समिति मात्र थियो। तर जब धिमाल जाति विकास केन्द्र, नेपालको स्थापना भयो, त्यसपछि माझी वाराङ समितिलाई यसको एउटा भ्रातृसंगठनको रूपमा विकास गरियो। हालमा गाउँ-टोलमा कुनै मुद्दामामिला छिनोफानो गर्नु छ भने माझी वाराङको नेतृत्वमा गाउँ-टोल प्रतिनिधिहरू, बुद्धिजीवीहरू, महिला प्रतिनिधिहरू, भद्रभलाद्मी सबै बसेर छलफल गरी कानून वा नियम बनाउने र मुद्दा छिनोफानो गर्ने गर्दछ। माझी वाराङ समितिको कानूनहरू बनाउन पर्दा केन्द्रीय धिमाल जाति विकास प्रतिनिधिहरू, माझी वाराङ समिति प्रतिनिधिहरू, भातृसंगठन प्रतिनिधिहरू, महिला प्रतिनिधिहरू, बुद्धिजीवीहरू सबै बसेर छलफल, विचार विमर्श गरी प्रजातान्त्रिक पद्धतिमा बनाउने चलन छ। तर पहिला माझी वाराङ समितिका पदाधिकारीहरूले मात्र गर्ने गर्दथे।

राज्य/सरकारबाट कुनै पनि सहयोग नपाए तापनि जातीय संस्थाभित्रै सहयोग उठाएर भए पनि माझी वाराङ समितिले आदिकालबाट हालसम्म निरन्तरता पाई

नै रहेकोछ। राज्यको विभेदपूर्ण नीतिको बावजूद यो संचालनमा रहनु भनेको यसले समुदाय र धिमालहरूको बीचमा राम्रो काम गरेकोले नै हो। हाल यस संस्थाको अवस्था जेनतेन चलायमान नै छ। यसको भातृसंगठन गाउँ-टोलस्तरदेखि केन्द्रीय स्तरसम्म फैलिएको छ। धिमाल समुदाय र समाजमा यसले प्रभुत्व जमाएको छ। आफ्नै खालको स्वशासन, आत्मनिर्णयको अधिकार संचालन गर्नमा सहयोग गर्ने धिमालहरूको यो नै पहिलो संस्था मान्नु पर्दछ। यस संस्थाले धिमाल समाजमा धेरै राम्रा कामहरू गरेको छ। यो समयअनुकूल परिवर्तनोन्मुख देखिन्छ।

**६. धिमाल समाज वा धेमालाई देरामा यो संस्थाले समयानुकूल सुधार गरेका केही घटना अध्ययनहरू निम्नप्रकारका छन्:**

क) गाउँमा मर्दा वा विवाह संस्कार वा धार्मिक संस्कारहरूमा सबैजना एकै ठाउँमा भेला भई, सहयोगीको भूमिका निर्वाह गर्ने।

ख) २००९ सालअगाडि सुपारी विवाह वा चोरी विवाह थियो। त्यसलाई निर्मूल पार्नका लागि धिमालहरूको राष्ट्रिय माझी सम्मेलन, २००९ सालमा गरेको र सुधारका नीतिहरू पारित गरेको।

ग) अन्तरजातीय विवाह पहिला समाजमा र परिवारमा अस्वीकार गर्ने परम्परा थियो। तर हालमा यसलाई पनि समय अनुसार सुधार गरी स्वीकार गरी लगिएको छ।

घ) महावीर वाराङका ५ भाइ छोराहरूबीचको अंशबण्डाको मुद्दा धेरै वर्ष अदालतमा धाउँदा-धाउँदा मेलमिलाप हुन नसकेर अन्तिममा गाउँ-टोल समिति, माझी वाराङ, बुद्धिजीजीहरू, भद्रभलाद्मीहरूको पहलमा बसेर मिलापत्र गाउँ-टोलमा नै गरिदिएको माझी वाराङको रोहबरमा।

ङ) धिमालहरूको परम्परागत संस्था संचालन गर्ने पहिला कुनै नियमावलीहरू थिएनन्। मौखिक र सहमतीय तरिकाले जति पनि मुद्दा मामिलाहरू आउँथे, छिनोफानो हुन्थ्यो। तर धिमाल जातिको प्रथम राष्ट्रिय महाधिवेशनबाट सामाजिक नियमावली, २०५० लिखित रूपमा पास गरिएको।

च) समरबहादुर धिमाल र उनकी श्रीमतीबीचको १२ वर्षसम्म भएको विछोडको मुद्दालाई गाउँ-टोलको माझी वाराङ, टोल प्रतिनिधिहरू, बुद्धिजीवीहरूको पहलमा २०३९ सालमा, झापा, अर्नाखारी। पुनःमिलन गराइदिने काम भएको।

छ) केटीको हैसियत राम्रो नभए पनि केटा-केटी मन परापर भएमा केटीलाई पठाइदिने चलनको थालनी भएको।

ज) बुबा र आमाको विवाह पहिला आर्थिक कारणले गर्न नसके पनि पछि कुनै भाइ-बहिनीको बिहे भएको बेलामा रीत बुझाउँन पाउने नियमको थालनी।

झ) पहिला धामीको काम गरिदिनुपर्ने, हलो जोतिदिनु वा पालो दिनुपर्ने, दाउरा चिरेर लगिदिनुपर्ने नियमलाई समयसापेक्ष परिवर्तन गरी अब ती कामहरू गरिदिनु नपर्ने नियम बनाएको आदि।

यस्ता विविध नियमहरूमा अरू पनि परिवर्तन भएका हुन सक्छन्। ती कुराहरू पुनः आगामी दिनहरूमा खोजी गर्नुपर्ने विषय बनेकोछ।

### ७. समाज संचालनमा प्रथा, परम्परा र परम्परागत संस्थाको महत्व

धिमाल समाजको सामाजिक संस्कारहरू जस्तैः जन्म, विवाह, मृत्यु, धार्मिक संस्कारहरू जस्तै पूजाआजा, पार्वा, जात्री, सिरजातआदि मनाउने, सामाजिक तथा साँस्कृतिक पक्षहरू कला, शीप, जीवनशैली, भेषभूषा, गरगहना आदिको संरक्षण गर्न साथै गाउँ-समाजलाई संचालन गर्ने सामाजिक नियम तथा कानूनहरू बनाउन पनि माझी वाराङ समितिको ठूलो भूमिका र महत्व छ। धिमाल समुदायमा मुद्दा मामिलाहरूको मेलमिलाप गर्न तथा न्याय दिनु पनि यस संस्थाले ठूलो काम गरेको हुन्छ। गरीब धिमालहरूलाई खर्च नगराउनु छोटो समयमा पानी र तेल जस्तै दोषी र निदोर्षी छुट्याउन पनि यस संस्थाले काम गरेको हुन्छ। अदालतमा जाँदा बोल्न नसक्ने धिमालजस्ता सिधासाधाका लागि साथै पैसा नहुनेहरूका लागि पनि यस्ता परम्परागत संस्थाले दिने न्याय निसाफ ज्यादै महत्वपूर्ण हुन्छ।

## ८. चुनौति र असरहरू

वास्तवमा धिमाल समुदायका मानिसहरू लामो समयसम्म अचेतन अवस्थामा नै रहे । उनीहरूले बाहिरी संसारसँग हेलमेल नै गरेनन् । शिक्षामा कमी वा शिक्षा नभएका कारणले गर्दा कानूनी सवालहरू र नीति, नियमका कुराहरू त झन् यस समुदायका मानिसहरूले बुझ्नै सक्दैनन् । भर्खर-भर्खर आफ्ना छोराछोरीहरूलाई विद्यालय तथा उच्च शिक्षा हासिल गराउनुपर्छ भन्ने भावना धिमालहरूमा विकास भएर आएको देखिन्छ । आफ्नो गाउँ-टोल संचालन गर्ने नियमहरू त जेनतेन धिमालहरूले नै अनुभव तथा भोगाईको आधारमा निर्माण गर्दछन् । तर सरकारको स्थानीय निकायहरू जस्तै- गाविस, नगरपालिकामा पनि धिमालहरू राज्यले बनाइदिएको विभिन्न संयन्त्रमा समावेश भएको देखिंदैन । पहिलो कुरा धिमालहरू धेरै सिधासाधा, मिजासिलो, सजिलै अरूले मन जितेर काम गर्न सक्दछन् । दोस्रो कुरा, धिमालहरूमा तार्किक क्षमता पनि हुँदैन । उनीहरू प्रायः धिमाल भाषा बोल्ने र नेपालीमा कम दक्ष हुन्छन् । तेस्रो कुरा, ब्राम्हण तथा क्षेत्रीले बहुसंख्यक धिमाल गाउँ-टोलमा नेतृत्व गरिराखेको स्थिति छ । मुख्य कुरा त, राज्यको सरकारी नीतिमा नै विभेद छ । समावेश गरी लैजानुपर्छ भन्ने सवाल त भर्खर आएको हो । तर पनि पूर्णरूपमा लागू भएको छैन । अड्डा अदालतमा त झन् धिमालहरूको पहुँच नै छैन । हालसम्म एउटा धिमाल पनि अधिवक्ता वा न्यायाधीश भएको रेकर्ड नै छैन ।

धिमालहरूको परम्परागत संस्था संचालनमा देखा परेका चुनौतिहरूमा माझी वाराङ समितिलाई सरकारी मान्यता दिलाउनु, राज्यबाट आर्थिक सहयोग दिलाउनु, चेतनामूलक कार्यक्रम गरी विभेदविरुद्ध लड्नसक्ने बनाउनु, शीप तथा रोजगारमूलक कार्यक्रमहरू संचालन गर्नु, परम्परागत मौलिक हक, हित तथा अधिकारहरू प्राप्त गर्नु, जातीय स्वशासन, आत्मनिर्णयको अधिकार, अग्राधिकार प्राप्त गर्नु, परम्परागत कानूनलाई राज्यद्वारा संरक्षण तथा प्रवर्द्धनको व्यवस्था गर्नु, नयाँ पुस्तालाई परम्परागत संस्था संरक्षण तथा नेतृत्व गर्नसक्ने सक्षम बनाउनु, शिक्षित जनशक्ति उत्पादन गर्नु, स्थानीय निकायदेखि केन्द्रसम्म सांगठनिक विस्तार गर्नु, धिमाल

ग्रामथानको उचित निर्माण तथा संभार गर्नु, निःस्वार्थ रूपले जातीय संस्थाको काम गर्ने व्यक्तित्वहरूको विकास गर्नु, जात्री तथा सिरजात जस्ता चाडपर्वहरू मनाउने खर्चमा कटौती गर्नु, धिमालहरूको समग्र आर्थिक अवस्थामा सुधार गर्नु, धिमालहरूको महाराज ग्रामथानको जग्गालाई व्यवस्थित गरी लालपूर्जा गाउँको नाममा निकाल्नु, परम्परागत संस्थालाई राज्यको पहुँचसम्म पुऱ्याउनु, नेपाल सरकारको संवैधानिक नीति र कानूनमा नै आदिवासी जनजातिको परम्परागत संस्थालाई संरक्षण गर्ने नीति निर्माण गर्नु, धिमालहरूलाई रोग, भोक र अशिक्षासँग लड्नसक्ने बनाउनु, राज्य/सरकारलाई सकारात्मक हेर्नु, वातावरण तयार गर्नु, धिमाल समाजमा नेतृत्वको विकास गर्नु, राम्रो न्याय समिति निर्माण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परम्परागत धिमाल संस्थाको कानूनहरूको बारेमा पहिचान गराउनु आदि । समग्र धिमाल जातिको उद्देश्य र चुनौतिहरू पछाडि पनि दिइएको छ ।

## ९. निष्कर्ष र सिफारिशहरू

धिमाल जातिको परम्परागत संस्था सरकारी निकायको सहयोगविना पनि संचालनमा आइरहेको छ । यो धिमाल समाजमा राम्रो र हरेक पल-पलमा आइपरेका समस्याहरूको समाधान गर्नमा मद्दत पुऱ्याएकाले जीवितै छ । नत्र अन्य आदिवासी जनजातिहरूको जस्तै धिमालहरूको पनि परम्परागत संस्था लोप भइसकेको हुनेथियो । सरकारको स्थानीय निकायहरू गाविस तथा नपामा धिमाल समुदायकाहरूले न्याय पाउनसकेका छैनन् । किनकी यी निकायहरूमा धिमालहरूको सहभागिता र समावेशी नै छैन । समाजमा घटेका घटनाहरूलाई न्यायोचित रूपले न्याय दिन, समयमा गाउँलेहरूलाई न्याय दिन, बढी आर्थिक बोझबाट मुक्त गर्न, गरीब धिमालहरूको पनि न्यायमा पहुँच पुऱ्याउन धिमालको माझी वाराङ्ग समितिलाई सरकारले यथाशक्य मद्दत गरी सक्रिय बनाउनुपर्छ । सरकारले अनुमोदन गरेको आई.एल.ओ. महासन्धि नं. १६९ को आदिवासीको हितमा भएको अभिसन्धिलाई अक्षरशः सरकारले संवैधानिक निकायमार्फत लागू गर्नु पर्दछ । युएनड्रिप, युएन घोषणाहरूलाई राज्यको सम्पूर्ण निकायहरूमा लागू गर्नु पर्दछ । राज्यमा भइरहेको

केन्द्रीकृत राज्यसत्ता हट्नु पर्दछ। विकेन्द्रीकृत शासन व्यवस्था लागू हुनु पर्दछ। संघीय लोकतान्त्रिक व्यवस्थाको मर्म अनुसार स्वायत्त राज्यहरू बन्नु पर्दछ, ताकि सबैले 'हाम्रो नेपाल, राम्रो नेपाल र नयाँ नेपाल' भन्ने अनुभव गर्न पाउनु पर्दछ। हरेक आदिवासी जनजातिहरूको भाषा, संस्कृति, कला, शीप, इतिहास, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू आदि संरक्षण तथा विकास भएर जानु पर्दछ। हरेक राज्यमा स्वशासन, आत्मनिर्णयको अधिकार, अग्राधिकारसहितको अधिकारहरू अवलम्बन गर्ने मौका पाउनु पर्दछ। देशमा भएको एकलौटी अवसर, अनिवार्य संस्कृत लागू गर्ने, एक भाषा नेपाली र एक धर्म हिन्दुको सट्टा बहुभाषी नीति, धर्मनिरपेक्ष राज्यको व्यवस्था हुनु पर्दछ। देशमा व्याप्त विभेदपूर्ण नीतिलाई जरैबाट उखेल्नु पर्दछ। राज्यको कानूनमा उल्लिखित नीतिहरूले आदिवासी जनजातिको सम्मान गर्न सक्नु पर्दछ। पहिला भएको विभेदको सरकारी निकायहरूबाट क्षतिपूर्तिको व्यवस्था गर्नु पर्दछ। राज्य/सरकारले आदिवासी जनजातिहरूको परम्परागत संस्थालाई स्थापना गर्ने काम र प्रथाजनित कानूनहरूलाई संरक्षण, सम्वर्द्धन तथा विकास गर्दै लैजाने राष्ट्रिय नीति बन्नुपर्दछ। राज्यको नीतिले आदिवासी जनजातिको अधिकारमाथि कुठाराघात गर्ने ठाउँ पाउनु हुँदैन। आदिवासीको ठाउँमा उनीहरूको प्रथाजनित कानूनले काम गर्न पाउनु पर्दछ। यसो भएमा एकातिर आदिवासी जनजातिहरूको परम्परागत संस्था र प्रथाजनित कानूनको पनि सम्मान हुन्छ भने अर्कातिर यिनीहरू सक्रिय हुने मौका पाउँछन् र स्थानीय व्यक्तिहरूले केही भए पनि रोजगारको अवसर पाउने छन्। (द्रष्टव्यः रकमहरू ठाउँ र परिस्थिति अनुसार फरक पर्ने भएको हुनाले यस लेखमा उल्लेख नगरिएको हो)।

**सन्दर्भ सामग्रीहरू**


धिमाल, सोमबहादुर (२०६६) *धिमाल इतिहास भाग १*, मोरङः धिमाल जाति विकास केन्द्र, नेपाल ।

धिमाल सामाजिक रीतिरिवाज नियमावली (२०५०) मोरङः धिमाल जाति विकास केन्द्र, नेपाल ।

नेपाल राष्ट्रिय जातीय संग्रहालय स्मारिका २०६५ ।

आईएलओ महासन्धि नं.१६९ निर्देशिका ।

केन्द्रीय तथ्यांक विभाग २००७ ।

# थारु जातिको परम्परागत संस्था र प्रथाजनित कानूनहरू

–सर्जु प्रसाद चौधरी

## १ प्रारम्भिक

### १.१ भूमिका

कानून, न्याय र सामाजिक न्याय एक आपसमा अन्योन्याश्रित शब्दावली हुन् । कानूनकै आधारमा न्याय प्रशासन चलेको पाइन्छ, जसको आधारमा न्याय सम्पादन हुने गर्दछ । न्याय वास्तविकतामा हुनु पर्दछ भन्ने मान्यता हुँदाहुँदै पनि सर्वसाधारण जनतामाथि अन्याय पर्न जानसक्ने सम्भावना रहेको कारणले न्यायमा सहज र सरल रूपमा सर्वसाधारणको पहुँच होस् र न्याय प्रक्रिया सरल बनाउनका लागि कानून परिमार्जन गर्न आवश्यक देखिन्छ । त्यसकारण भावी संविधानमा पनि आदिवासी जनजातिको परम्परागत संस्था तथा प्रथाजनित कानूनले मान्यता पाउने व्यवस्था राखिनुपर्दछ । यसो भएको खण्डमा न्याय पाउन सजिलो हुन्छ र न्यायमा आदिवासी जनजाति समुदायको पहुँच सरल हुन जान्छ । अतः नेपालको न्याय प्रणालीमा प्रथाजनित कानूनले मान्यता पाउनुपर्दछ र यसको निमित्त सर्वप्रथम आदिवासी जनजातिहरूको परम्परागत संस्था र प्रजाजनित कानूनको बारेमा जानकारी गर्न/गराउनको लागि यो प्रारम्भिक अध्ययन तथा अनुसन्धानको थालनी गरिएको छ ।

नेपालका आदिवासी जनजाति पछाडि पर्नु तथा पारिनुका विभिन्न कारणहरू रहेका छन् । त्यसमध्ये न्यायमा पहुँच नहुनु पनि एउटा प्रमुख कारण हो । यदि न्यायमा पहुँच पुग्ने हो भने त्यो समुदाय विकासका अन्य गतिविधिमा पनि फड्को मार्न सक्छ भन्ने मान्यताले आदिवासी जानजातिभित्र पर्ने ५९ जातिमध्ये नमूना सर्वेक्षणका आधारमा नेपालमा थारू, मगर, थकाली, माझी, नेवार, धिमाल, ज्यापू

र ह्योल्मो गरी जम्मा ८ जातिको परम्परागत संस्था र प्रथाजनित कानूनको अध्ययन अनुसन्धान गर्ने क्रममा बर्दिया जिल्लामा थारू जातिको परम्परागत संस्था 'बडघर' विद्यमान रहेकोले यस जिल्लामा अध्ययन गर्ने जमर्को गरिएको छ।

कानूनको स्रोतहरू धेरै रहेका छन्। त्यसमध्ये प्रथा र परम्परा पनि एक हो। कानूनको विकास पनि प्रथाबाटै भएको हो। परापूर्वकालदेखि समुदायले पालना गर्दै आएको नीति, नियम नै प्रथाजनित कानून हो। यस्तो कानून आदिवासी जनजातिहरूले प्रयोग गर्ने गर्दथे र त्यसैको आधारमा समाज चलाउने गर्दथे। आधुनिक कानूनको विकास हुने क्रममा यस्ता प्रथा, परम्परा र प्रचलन ओझेलमा पर्दैगएका कारणले ती समुदायले अनुशरण गर्ने आफ्नै कानून नभएकाले उनीहरूको न्यायमा पहुँच घट्दै गएको छ। त्यसकारण आदिवासी/जनजाति पछि पर्नु परेको छ तर आदिवासी थारुहरूको परम्परागत संस्था 'बडघर' प्रणाली अद्यापि प्रचलनमा भएको हुनाले आफ्नै प्रथाजनित नियमका आधारमा समाज सञ्चालन तथा न्यायिक कार्य गर्दै आएको छ। यस प्रणालीलाई मान्यता दिने हो भने न्यायमा उनीहरूको सरल पहुँच हुनसक्छ।

### १.२ **विशेषता**

आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनले परिभाषा गरेअनुसार थारू समुदायको छुट्टै भाषा, छुट्टै संस्कति, आफ्नै लिपि र इतिहास रहेको यो समुदायको आफ्नै विशेषता रहेको पाइन्छ। आफ्नै समुदायमा मात्र बस्न मनपराउँछ र विशेष गरी जंगलको छेउछाउमा र नदीका किनारमा बस्न मनपराउने जाति हो- थारु। जंगलका किनारमा बस्ने भएकाले प्रायः पशुपालन व्यवसाय गर्ने गर्दछन् र खोलाका किनारमा रहेकाले माछा मार्ने पनि एउटा प्रमुख विशेषता हो, तर प्रमुख पेशा भने खेतीपाती तथा कृषि नै रहेको छ र आफ्नै परम्परागत शीप प्रयोग गरी आफूलाई चाहिने सामग्री आफैं तयार गर्दछन्। प्राकृतिक स्रोतसाधनसँग यिनीहरूको अन्योन्याश्रित सम्बन्ध रहेको पनि पाइन्छ। आफ्नै परम्परागत संस्था 'बडघर' प्रणालीमा अनुशासित रूपमा बस्ने गर्दछन् र आफ्नै किसिमका धर्म, संस्कृति रहेकाले समयानुल मनोरञ्जन पनि गर्ने गर्दछन्। यिनीहरूमा समूहमा मिलेर

काम गर्ने गर्दछन् । यिनीहरूमा अति सहयोगी भावना रहनुका साथै अति सरल र सोझा स्वभाव भएको पाइन्छ ।

### १.३ न्यायमा पहुँचको अवस्था

न्याय के हो भन्ने शब्द बुझेको भए तापनि न्याय सम्पादन गर्ने निकाय के हो ? र कसरी राज्यबाट प्राप्त हुन्छ ? यसको प्रक्रिया र कानूनकै बारेमा यो समुदाय अनभिज्ञ रहेको छ । यो समुदाय औपाचारिक न्याय पद्धतिभन्दा आफ्नै परम्परागत न्याय पद्धतिमा बढ्ता विश्वास गर्ने भएकोले राज्यका न्यायिक निकायसंग त्यति सरोकार नराखी राज्यको संयन्त्रप्रति उदासीन पाइन्छन् । यति मात्र होइन, यिनीहरू बाध्यात्मक अवस्थामा न्यायिक प्रक्रिया प्रयोग गर्दासमेत यसप्रति उनीहरू विश्वस्त हुनसकेको पाइँदैन । अन्याय र उत्पीडन सहंदासमेत न्याय प्राप्त गर्ने कोशिस गरेको पाइँदैन । गरिबी, चेतनाको अभाव, राज्यसम्म पहुँच नहुनु, महंगा न्याय प्रणालीको कारणले न्यायमा सहज पहुँच नभई कतिपय अवस्थामा यो समुदाय अन्याय सहेर बस्न बाध्य भएको छ ।

### १.४ सामाजिक अवस्था

सामाजिक अवस्थाका बारेमा कुरा गर्नेको हो । यिनीहरू अहिलेसम्म पनि बहिष्करणमा परेको स्थिति पाइन्छ र राज्यको हरेक संरचनामा कुनै पहुँच नरहेको पाइन्छ । न्यायिक, अर्द्धन्यायिक, सरकारी वा गैरसरकारी संस्थाहरूमा शिक्षा, स्वास्थ्य, राजनीतिलगायतका विभिन्न क्षेत्रमा थारू समुदायको कुनै पनि क्षेत्रमा पहुँच नरहेको पाइन्छ । यो समुदायको आफ्नै परम्परागत संस्थाबाहेक सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताबाट वञ्चित रहेको पाइन्छ । आफ्नै परम्परागत संस्थामा पनि हात धोएर बस्नुपर्ने स्थितिसमेत सुन्नमा पाइन्छ । काम गर्ने दासको रूपमा हेर्ने दृष्टिकोण अहिले पनि विद्यमान रहेको पाइन्छ, त्यसको उदाहरण भनेको कमलहरी प्रथा नै हो, जुन अहिलेसम्म पनि कायमै रहेको पाइन्छ । यस्ता किसिमको सामजिक विभेदका कारणले यी समुदाय अहिले पनि रोग-भोकको शिकार हुन पुगेको पाइन्छ ।

### १.५ साँस्कृतिक अवस्था

थारू समुदायको आफ्नो छुट्टै किसिमको भाषा, संस्कृति, रहनसहन, लवाइखवाई रहेको पाइन्छ । यो समुदायको मुख्य पर्व 'माघी' हो र यसलाई नयाँ वर्षको रूपमा पनि मान्ने प्रचलन रहिआएको छ। यसै समयमा बडघर चुन्नेगरेको पाइन्छ। यसको साथसाथै अन्य पर्व- दशैं, होली, तिहारजस्ता विभिन्न किसिमका पर्व पनि मान्ने गरेको पाइन्छ। यी पर्वहरू समय अनुसार मनाइने गरिएको पाइन्छ साथै विभिन्न किसिमका नाचहरू– वरका नाच, मुंगरहुवा, सखिया, माघी, झुमरा, कटघोरीलगायतका विभिन्न किसिमका नाचहरू समय अनुसार आफ्नै भाषाका गीत, सुर, लय र ताल मिलाई नाचगान गरी रमाउने गरेको पाइन्छ र यो समुदायलाई संस्कृतिको धनी पनि मानिन्छ । तर पनि राज्यले यो समुदायको कला, संस्कृति संरक्षणतर्फ कुनै ध्यान दिएको पाइंदैन । यो समुदायको विवाह, व्रतबन्ध, काजकिरिया तथा चोख्याउने कार्य आफ्नै परम्परा अनुसार गर्नेगरेको पाइन्छ। विवाह विशेष गरेर माघ फाल्गुणको शुक्ल पक्ष, जुनेली रात रहेको समयमा गर्ने परम्परागत प्रचलन रहेको पाइन्छ ।

### २.६ आर्थिक अवस्था

थारू समुदायको आर्थिक अवस्था सामाजिक अवस्थाले पनि झल्काउने गर्दछ । यो समुदायको प्रमुख पेशा भनेको कृषि रहेको पाइन्छ। यस पेशामा संलग्न थारू समुदाय अधिकांश भूमिहीन रहेको पाइन्छ भने धेरैको चाहिँ थोरै मात्र जग्गा जमीन रहेको पाइन्छ । त्यसबाट खान, लाउन दुई महिना पनि धान्दैन र थोरैसंग मात्र खान, लाउन पुग्ने जग्गा छ। वर्षभरिलाई त्यो ठिक्क हुन्छ। बचतको कुनै स्रोत छैन, रोजगारी पाउंदैनन् शिक्षाको अभाव र विभेदले। बाध्य भएर अत्यन्त न्यून ज्याला र वेतनमा काम गर्नुपर्ने वाध्यता रहेको छ। दिन प्रतिदिन यो समुदायका आर्थिकस्तर तल झरिरहेको पाइन्छ । यहीँ अवस्था रहने हो भने ५/१० वर्षमा यो समुदायको जनसंख्या घटेर आधा मात्र रहने स्थिति देखिन्छ ।

## २.संस्था (बडघर/भलमन्सा/महताँवा) विश्लेषण

### २.१ परिचय

'बडघर' थारू समुदायको परम्परागत संस्था हो। यो संस्था एक गाउँमा मात्र सीमित रहेको हुन्छ। यसको अधिकारक्षेत्र पनि सोही गाउँमा मात्र सीमित रहन्छ। बडघर प्रणाली परम्परागत संस्था हो भने यसको नेतृत्व गर्ने व्यक्तिको पद पनि 'बडघर' नै भएका कारणले यसको विकास भएको पाइन्छ। यसको नेता वा बडघर छनौट प्रत्येक वर्ष माघ महिनाको पहिलो हप्ता तथा माघ मसान्तमा हुने गर्दछ भन्ने रहेको पाइन्छ। यो छनौट प्रक्रिया आफ्नै परम्परा अनुसार हुने गर्दछ। यस परम्परागत संस्था बडघरलाई ठाउँ अनुसार कहीं भलमन्सा त कहीं महताँवासमेत भन्नेगरेको पाइन्छ। यसले आफ्नो गाउँ, ठाउँको सानातिना झैं-झगडा, सीमासम्बन्धी, चोरी, जारी, कुलो, पानी, बाटोघाटोलगायतका अन्य सामुहिक हेर्ने गरेको पाइन्छ। यस संस्थाको आफ्नै किसिमको प्रथाजनित कानूनहरू मैलिक रूपमा रहेको पाइन्छ। सोही कानूनका आधारमा आफ्नो कार्य संचालन गरेको पाइन्छ। यसको कुनै कार्य समिति रहेको पाइँदैन, तर बडघर (नेतृत्व गर्ने मान्छे) लाई सहयोग गर्ने एक जना चौकिदार तथा चिराकी हुन्छ, जसले सूचना प्रवाह गर्ने काम गर्छ। सूचना आफ्नै तरिकाले गर्ने पद्धति रहेको पाइन्छ। कहीं सबैको घरघरमा गएर भन्ने गर्छ भने कहीं गाउँको मूल बाटोबाटै जोरसंग कराउँदै स्थान, समय र मितिको बारेमा जानकारी गराउँदै हिंड्ने प्रचलन रहेको पाइन्छ। यिनी चिराकी र चौकिदारलाई वर्षभरिको एकपटक घरौरा (घरैपिच्छे) तिहाई (ज्याला) उठाई दिने चलन रहेको पाइन्छ।

### २.२ कार्य क्षेत्र

यो परम्परागत संस्थाको क्षेत्राधिकार एकगाउँ एकबडघर अनुसार आफ्नो एउटै गाउँमात्र रहेको पाइन्छ।

## २.३ कार्यपद्धति

यस प्रणाली अनुसार कार्यपद्धति आफ्नै किसिमको रहेको पाइन्छ। कामका लागि योजना बनाएर नगरे तापनि कुनै पनि कार्यक्रम गर्नुपूर्व बडघरको अगुवाईमा सम्पूर्ण गाउँबासीहरूको सामुहिक भेला हुनेगर्दछ र त्यो भेलाले निर्णय गरे मुताबिक कार्य संचालन हुने गरेको पाइन्छ। यसरी कुनै पनि कामको कार्यान्वयन गर्दा एकदमै सहभागितामूलक तरिकाले गर्ने गरेको पाइन्छ। सामुहिक कार्यमा अनुपस्थित सदस्यलाई जरीवाना गर्ने गरेको पनि पाइन्छ। जरीवाना गर्दा सामुहिक छलफलले जे, जति निर्धारण गर्छ, सोही अनुसार नै लिइने गरेको पाइन्छ। यसरी लिइने जरीवानालाई थारू भाषामा (खारा/डार) भन्ने गरेको पाइन्छ र यो खारा वा डाँर नगदी वा जिन्सी दुवै हुनसक्छ। यस संस्थाले विवाद समाधान गर्ने क्रममा कुनै किसिमको सजायँ तोक्दै जरीवाना र समाजबाट बहिष्कार आदि मात्र रहेको पाइन्छ।

कुनै काम सम्पन्न गरिसकेपछि के-कस्तो भयो ? भनेर लेखाजोखा तथा मूल्याङ्कन गरेको पाइंदैन। तर कुनै पनि काम गर्दा कस्तो भइरहेको छ भनेर काम गर्ने ठाउँ र समयमा नै एकजना हेर्ने मान्छे रहेको हुन्छ। जहाँ काम राम्रो हुँदैन, तत्काल सच्याउने कार्य गरी काम राम्रै गरिन्छ भन्ने तर्क पाइन्छ।

आर्थिक स्रोतका बारेमा गाउँमा हुने कार्यका लागि आन्तरिक स्रोत तत्काल घरौरा वा मुगरन्नि (परिवार संख्याको आधारमा) संकलन गर्ने चलन रहेको पाइन्छ। यसरी उठाएको स्रोतले गाउँको आन्तरिक कामको लागि प्रयोग गर्ने गरेको पाइनुका साथै स्रोत अभावसमेत रहेकोले बाह्य अन्य ठूला काम गर्न नसकेको बताउँछन्।

## २.४ प्रकार

यो प्रणालीको प्रकार, वर्गीकरण तथा तहसमेत नरहेको सुन्न पाइन्छ। एक गाउँ एक बडघर रहेको पाइन्छ। तर यसलाई सहयोग गर्ने चिराकी/चौकीदार गुरवा केशोका रहेको पाइन्छ। कहीं-कहीं ठूलो गाउँमा धेरै टोल रहेको छ भने टोलैपिच्छे बडघर रहेको पाइन्छ। त्यसमध्ये पनि एकजना मुख्य बडघर रहने गरेको पाइन्छ।

चौकिदार र चिराकी ज्याला पाउँछन् भने बडघरलाई कुनै पारिश्रमिक हुँदैन। उसको सामाजिक प्रतिष्ठा भने रहेको हुन्छ।

### २.५ प्रचलन

यो प्रणालीलाई ग्रामीण क्षेत्रका अन्य समुदायले पनि स्वीकार गरेको पाइन्छ। यो प्रणाली ग्रामीण क्षेत्रको थारु समुदायमा मात्र सीमित नरहेर अन्य समुदायको प्रचलन रहेको पाइन्छ र अहिलेसम्म पनि यो विद्यमान रहेको पाइन्छ।

### २.६ चुनौतिहरू

यो प्रणाली चुनौतिपूर्ण तरिकाले चलिरहेको छ किनभने अब भनेको अन्य समुदायको बसाइँसराइँको कारणले गर्दा थारू समुदाय मिश्रित समुदाय बन्न पुगिरहेको कारणले अन्य समुदायले यस प्रणाली गरेको निर्णयलाई गाउँमा रहेको लागू पदार्थ सेवन गर्ने केहीले भड्काउने गरेकोले अन्योलमा पर्नसक्ने चुनौति रहेको र यसको कारण पनि यो प्रणालीलाई राज्यले कानूनी मान्यता नदिनु प्रमुख कारण रहेको बताउने गरेको पाइन्छ।

### २.७ राज्यको संस्थासंगको सम्बन्ध

यो प्रणाली राज्यको कुनै पनि निकायसँग सम्बन्ध नरहेको पाइन्छ। स्थानीय निकायहरूले कुनै पनि विकासको कार्य वा नीति निर्माण तथा बजेट विनियोजनजस्ता कुनै पनि कार्यमा सहभागी नगराउने र सूचनासमेत नपाउँने कुरा सुन्न पाइन्छ। कहिलेकहीं सार्वजनिक सरोकार राख्ने विषयमा निर्माणको कार्य भइरहेको छ भने जनश्रमदानको आवश्यकता महशूस भएको बेलामा मात्र सामेल गराउने गरेको सुन्नमा पाइन्छ।

### २.८ अधिकार क्षेत्र (अन्य समुदाय र जातिसँगको सम्बन्ध)

बडघरको अधिकारक्षेत्र दुई खेमामा हेर्ने गरेको पाइन्छ- पहिलो- ठाउँ भौगोलिक क्षेत्र र दोस्रो- काम गर्ने क्षेत्र रहेको पाइन्छ।

ठाउँको आधारमा हेर्ने हो भने एक गाउँ मात्र सीमित रहेको पाइन्छ भने कार्य क्षेत्रको आधारमा हेर्ने हो भने यसले गर्ने कामको क्षेत्र सानातिना झैंझगडा, सीमासम्बन्धी, चोरी, जारी, कुलो, पानी, बाटोघाटोलगायतका अन्य कार्यसमेत रहेको पाइन्छ । यस संस्थाको नेतृत्वले कामको प्रकृतिको आधामा सक्षम व्यक्तिलाई जिम्मेवारी सुम्पेको पाइन्छ । जस्तैः कुला खन्ने समयमा नान्ध हाल्ने कामका लागि नाँन्दार तोकेको हुन्छ ।

यो प्रणालीलाई अन्य समुदाले पनि मान्यता दिएको पाइन्छ। यसै प्रक्रिया अनुसार कार्य गरेको पाइन्छ । यदि सबै सदस्य मिलेर गर्ने काममा विना सूचना कोही अनुपस्थित रहेको छ भने खारा वा दार लिनेदिने प्रचलन रहेको पाइन्छ । यो प्रणाली रहेको गाउँका अन्य समुदायलाई 'यो प्रणाली यहाँहरूलाई कस्तो लाग्दछ ?' भनेर सोध्दा पनि 'यसले सामाजिक कार्य अति सरल, सहज र आफ्नै तरिकाले कसैलाई अन्याय नहुने किसिमले काम गर्ने भएकाले' भनेर सुनाउने गरेको पाइन्छ ।

## २.९ स्रोत

यो प्रणालीलाई संचालन गर्नका निमित्त अन्य स्रोत नभएको हुँदा आन्तरिक स्रोतबाट मात्र संचालित भएको पाइन्छ। यसको स्रोत जुटाउने आधार भनेको जरीवाना, साझेदारी कामबाट आएको आम्दानी, कुनै कामविशेषले उठाई खर्च गरी बचेको रकम, खारा वा दारबाट उठेको रकम आदि मात्र यसको आर्थिक आधारहरू रहेको पाइन्छ । यसभन्दा अरू विकल्प नरहेको बताउँछन् । संस्थालाई अझ प्रभावकारी र दिगो रूपमा संचालन गर्न राज्यले मान्यता दिई स्रोतसमेत उपलब्ध गराए मात्र अन्य न्यायिक कार्य पनि प्रभाकारी रूपमा संचालन गर्न सकिने भनाइहरू समेत पाइन्छ ।

## २.१० शक्ति

यो 'बडघर' परम्परागत संस्था अति शक्तिशाली रहेको पाइन्छ । किनभने नेतृत्व चयनका समयमा समुदायका मानिस हामी मान्न तयार छौं र सहकार्य गर्न पनि

तत्पर छौं भन्ने खालका प्रतिबद्धतासहित चुनेकाले त्यहीं मान्यताका आधारमा संचालन हुने गर्दछ र यदि कसैले समाजको नियमभन्दा बाहिर गएर कार्य गर्दछ भने समाजले त्यसलाई बहिष्कार गर्ने र गल्ती गर्नेलाई जरीवानासमेत गर्न पछि नहट्ने भएकाले पनि शक्तिवान रहेको पाइन्छ । यस संस्थालाई प्रथाजनित कानूनले शक्ति प्रदान गरे पनि राज्य पक्षबाट भने कुनै किसिमको शक्ति प्रदान गरेको पाइंदैन । यो बडघर प्रणलीलाई राज्यले कानूनी मान्यता दिनुपर्छ र न्यायिक कार्य पनि गर्न सक्ने र सर्वसाधारणलाई सरल र सहज रूपमा न्यायमा पहुँच हुन सक्ने विभिन्न प्रश्नावलीको जवाफ दिने क्रममा  सुन्नमा पाइएको छ ।

**३ मान्यता**

**राज्य**

यो परम्परागत संस्थालाई राज्यले कानूनी मान्यता दिएको पाइंदैन र कहीं कतै यस्तो खालको संस्था दर्तासमेत भएको पाइँदैन । राज्यले मान्यता दिए पनि नदिए पनि यो आफ्नो परम्परागत संस्था भएकाले पनि यो प्रणालीबाट नछुट्ने समुदायको मानिसले भन्ने गरेको सुन्नमा पाइन्छ ।

**समुदाय**

समुदायले मान्यता दिइरहेको र सोही अनुसार नै गाउँ वा समाज चल्ने गरेको पाइन्छ। आफ्नो समुदायबाहेक ग्रामीण क्षेत्रका अन्य समुदायले पनि यसलाई मान्यता दिई स्वीकार गरेको पाइन्छ। तर शहरी क्षेत्रमा भने यसको प्रचलन रहेको  पाइंदैन ।

**४. प्रथाजनित कानून**

**४.१ परिचय**

आधुनिक कानूनका स्रोतहरूमध्ये प्रथालाईसमेत स्वीकार गरेको पाइन्छ । जतिबेला लिखित कानूनहरू थिएनन्, त्यतिबेला समाज प्रथाजनित कानूनहरूबाट सञ्चालित

हुने गर्दथ्यो । जब समाज जटील बन्दै गयो, प्रथाले मात्र समाज चलाउन सम्भव नभएकाले लिखित कानूनकै प्रचलन शुरु भयो । तर यसको अर्थ यो होइन कि आधुनिक समाजमा यसको महत्व छैन । आज पनि विश्वमा प्रथाजनित कानूनको महत्व र प्रचलन रहेको पाइन्छ । विशेष गरी नेपाली समाजको बनावट हेर्दा सरल र आफ्नो भू-भाग, भाषा र संस्कृति रहेको र राज्यसम्म सरल पहुँच नभएको समुदाय आफ्ना कतिपय समस्याहरू यसैबाट हल गर्ने गरेको पाइन्छ, जो आर्थिक रूपमा सस्तो र कम झन्झटिलोसमेत छ। कतिपय कानूनी रूपमा गम्भीर मानिएका विषयसमेत यसैद्वारा समाधान गरिन्छ। प्रायः हरेक समुदायमा यो प्रचलन रहेको भए तापनि कैलालीमा थारू समुदायमा यो प्रचलन बढी नै प्रचलित रहेकोमा आधुनिकीकरणले यसमा असर पारेको भने निश्चय नै छ। सामुहिक रूपमा यसलाई प्रयोग गरिने भएकोले समाजमा यहीं समुदायका टाठाबाठा व्यक्तिहरूको चाहना पूरा नहुने कारणले यसको प्रचलन घट्दै गएको पाइन्छ।

## ४.२ क्षेत्राधिकार (कुन कुन विषयलाई हेर्दछ)

यो प्रथाजनित कानूनले आफ्नो गाउँको कुलोपानी, बाटोघाटो, स-साना विवाद, पूजा, जारीलगायतका कुराहरूलाई हेर्ने गरेको पाइन्छ । यसलाई राज्यले कानूनको रूपमा मान्यता दिए तापनि कार्यान्वयनको सन्दर्भमा मान्यता पाएको पाइदैन । किन भने, यसरी यस कानूनद्वारा गरेको निर्णयप्रति चित्त नबुझेको खण्डमा अदालती बाटो रोजेर अगाडि बढेको पाइन्छ, जुन प्रक्रियामा यो समुदायले अगाडि बढ्न सक्दैन र न्याय सहज रूपमा प्राप्त गर्न सक्दैन । प्रथाजनित कानूनको कुनै लिखित दस्तावेज नभए तापनि परम्परागत रूपमा चलिआएको नियमका (प्रथाजनित कानून)का आधारमा संचालन हुने गरेको पाइन्छ। त्यो प्रथाजनित कानून अहिलेसम्म पनि समाजमा विद्यमान रहेको पाइन्छ र जसका आधारमा कार्य संचालन भएको पाइन्छ।

## ४.३ कानून बन्ने तरिका

कुनै पनि समाजमा परम्परागत रूपमा धेरै पहिलेदेखि चलिआएको नियम, आचरण, अनुशासन र अन्य सामाजिक न्यायका कुराहरू विभिन्न समाजमा विभिन्न

तरिकाले संचालन हुँदै आएको पाइन्छ । सोही अनुसार यो समुदायमा पनि यस्ता खालको कानूनहरू रहिआएको आधारमा वा समुदायले मानेको आधारमा पनि यस्तो कानून बन्ने गरेको पाइन्छ । यसको कुनै लिखित दस्तावेज रहेको पाइंदैन । यसो भए तापनि यो अलिखित र मौलिक रहेको पाइन्छ ।

**अवस्था**

**राज्य**

केन्द्रीकृत राज्य प्रणाली, एक भाषा, एक धर्मलाई मात्र राज्यले संरक्षण दिने प्रचलनले नेपालका प्रथाहरूले मुलुकभित्र मौलाउन नपाएको तीतो सत्य हाम्रा अगाडि प्रष्ट छ । थारू समुदायको सन्दर्भमा समेत यो कुरा लागू हुन्छ । राज्यका तर्फबाट मान्यता दिनु त निकै टाढा, यसलाई पहिचानसमेत गरेको पाइंदैन । राज्यको उदासीनताले समुदायको आफ्नो पहिचान गुम्ने अवस्थामा रहेको पाइन्छ । यद्यपि वर्तमान अवस्थामा केही सघंसंस्थाले यसमा काम गर्न थालेकोले आशावादी बन्नसक्ने अवस्था भने छ ।

**समाज**

प्रथाजन्य कानूनलाई समुदायले मान्यता दिने गरेको भए पनि यसमा थुप्रै चुनौतिहरू रहेका छन् । विज्ञान र प्रविधिको तीव्र विकासले यसमा थप जटिलता पैदा गरेको छ । परम्परागत रूपमा रहेका सामाजिक संस्थाहरूले यसलाई कार्यान्वयन गरेको भए पनि यसले वर्तमान सामाजिक जटिलतालाई समाधान गर्न सकेको पाइंदैन । यसमा गर्नुपर्ने परिमार्जनतर्फ कसैको चासोसमेत पाइंदैन । यद्यपि अध्ययन गरेको समग्रताभित्र थारू समुदायका अतिरिक्त अन्य समुदायले समेत यो परम्परालाई मान्नुले समाजमा यसको अवस्था राम्रो र स्वीकार्य छ भन्ने बारेमा प्रश्न गर्ने ठाउँ भने छैन । तर समयको बदलिँदो क्रमैसँग यसलाई परिमार्जन र वैज्ञानिकीकरण गर्न सकिएन भने यसले थप जटिलता पैदा गर्दै लोप हुने सम्भावनालाई नकार्न सकिँदैन ।

## ५. समाज संचालनमा प्रथा, परम्परा र परम्परागत संस्थाको महत्व

प्रथा, परम्परा र पम्परागत संस्था थारू समुदायको लागि अति महत्वपूर्ण मानिन्छ, किनभने वर्तमान समयसम्म पनि यसकै आधारमा यो समुदाय चलिआएको पाइन्छ र यसै अनुसार न्यायिक कार्य गर्दै आएको पाइन्छ । राज्यले मान्यता नदिए तापनि यसै प्रणालीका आधारमा समाज चल्ने कुरामा कुनै दुईमत देखिंदैन । यदि त्यस्ता प्रणालीहरूलाई मान्यता नदिने हो भने यो समुदायको आफ्नो मौलिकता, अस्तित्व सकिएर जानसक्ने प्रबल सम्भावनाहरू रहेको देखिन्छ । यसरी अस्तित्व सकिएर जानु भनेको यो थारू समुदायको अस्तित्व नै सकिएर जानु हो । तसर्थ पनि यी प्रणालीहरूको महत्व देखिन्छ । राज्यको पहुँच सबै क्षेत्रमा नभएको अवस्थामा कतिपय कार्य यसैको आधारमा सञ्चालन भइरहेको पाइन्छ, जसले समुदायका दिनानुदिनका समस्याहरूलाई समाधान गरेकोले यसको महत्व कायमै छ ।

## ६. चुनौति र अवसरहरू

यो कानून चुनौतिपूर्ण तरिकाले चलिरहेको छ, किनभने अब भनेको अन्य समुदायको बसाइँसराईको कारणले गर्दा थारू समुदाय मिश्रित समुदाय बन्न पुगिरहेको कारणले अन्य समुदायले यस कानूनले गरेको निर्णयमा चित्त नबुझ्नेले आधुनिक कानूनको सहारा लिनपुगेको पाइन्छ, जुन लामो प्रक्रिया र महंगो रहेकोले चुनौति रहेको छ । यसकारण पनि यो कानूनलाई राज्यले कानूनी मान्यता दिनु पर्नेमा मान्यता नदिनु प्रमुख कारण रहेको बताउँने गरेको पाइन्छ । मिश्रित समुदाय भएकै कारण यस्ता खालका कानून अन्य समुदायलाई साँस्कृतिक रूपमा पनि नमिलेको हुन सक्छ । यो कानूनद्वारा समाज संचालन गर्ने समुदाय अल्पमतमा पर्नजानाले पनि चुनौति रहेको देखिन्छ ।

## ७. निष्कर्ष र सिफारिशहरू

- अनौपचारिक न्याय प्रणालीलाई अब बन्ने संविधानमा स्थान दिनुपर्ने ।
- प्रथा परम्परालाई कानूनी हैसियत दिनुपर्ने ।
- राज्यले पहिचानसहित संस्थागत गर्नुपर्ने ।
- समय सापेक्ष वैज्ञानिकीकरण गरिनुपर्ने ।
- बडघर प्रणालीलाई राज्यले मान्यता र वैज्ञानिकीकरण गर्नका लागि योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने, आदि ।

# ह्योल्मो जातिको परम्परागत संस्था र प्रथाजनित कानूनहरू

–लामा टाशी छिरिङ ह्योल्मो

## १. परिचय

### १.१ भूमिका

राज्यमा न्यायिक शासनको स्थापना गर्न कानूनको निर्माण हुने गर्दछ। न्यायमा जनताको सहज पहुँच पुऱ्याई शान्ति र न्यायपूर्ण समाजको स्थापना गर्नु नै यसको मूल उद्देश्य हुने गर्दछ। तर कतिपय अवस्थामा विशेष गरी यहाँका आदिवासी जनजातिहरूको न्यायमा सहज पहुँच नभएको कारण अन्यायमा परेका छन्। आदिवासी जनजातिहरूको आफ्नै प्रकारको मौलिक परम्परागत संस्था र प्रथाजनित कानूनहरू अभ्यासमा रहे तापनि राज्यको कानूनले मान्यता नदिएकोले त्यस्ता कानूनहरू क्रमशः लोप हुँदैगएको देखिन्छ।

नेपाल बहुजाति, बहुभाषिक तथा बहुसाँस्कृतिक विविधतायुक्त भएको सुन्दर देश हो। आदिवासी जनजातिहरू आफ्नै मौलिक संस्कार, संस्कृति, कला, साहित्य, धर्म, भाषा, चालचलन तथा मूल्यमान्यता रहेको समुदाय हो। आदिवासी जनजातिहरूको यी भाषा, धर्म, संस्कार, चालचलनहरू, परम्परागत संस्था तथा प्रथाजनित कानूनहरूद्वारा नियन्त्रित रहन्छन्। पुस्तौं चलन चल्तिमा रही नयाँ पिंढीहरूमा समेत हस्तान्तरण हुँदै आएको प्रथा तथा परम्पराहरू पितृपूजा, धार्मिक वा आध्यात्मिक कार्यक्रमहरू, मौखिक परम्पराहरू तथा रीतिरिवाजहरू आदिवासी जनजातिहरूको पहिचान र अस्तित्वको रूपमा रहेका छन्। तसर्थ परम्परागत कानून तथा प्रथाजनित कानूनले आदिवासी जनजातिहरूको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।

अधिकांश आदिवासी जनजातिहरूको आफ्नै प्रकारको परम्परागत व्यवहारहरू हुन्छन्, जसलाई प्रथाजनित कानूनको रूपमा बुझ्न सकिन्छ । त्यस्तै यी कानूनहरूको संरक्षण, प्रवर्द्धन र विकास पनि उनीहरूकै परम्रागत रूपमा चल्दै आएको संस्थाबाट हुने गर्दछ, जसलाई हामी परम्परागत संस्थाको रूपमा बुझ्नसक्छौं । Bekker, J.C. का अनुसार प्रथाजन्य कानून भन्नाले "प्रथा एक स्थापित प्रणालीका परम्परागत रूपमा चलिआएका नियमहरू हुन्, जुन जीवन पद्धति र जनताहरूको मौलिक चाहनामा विकसित भएको हुन्छ । यो सामान्य परिस्थितिको सन्दर्भमा साझा ज्ञानहरूको तत्व हो, जुन विशेष मुद्दाहरूमा नजीरको रूपमा दोहोरिएर आउने गर्छ । जुन समुदायका मुखिया, उनका परिषद, र छोरा र छोराका सम्झनामा कायम रही परम्परागत नियमको अंगको रूपमा कायम रहन्छ ।"[23] कतिपय आदिवासी जनजातिहरूको यस्ता कानूनहरू विद्यमान अवस्थामा पनि अभ्यासमा रहेको देखिन्छ भने कतिपयको लोप भइसकेको छ ।

आदिवासी जनजातिहरूमा रहेको परम्परा र व्यवहारहरू अन्ततः न्यायिक तथा प्रशासनिक निकायको रूपमा स्थापित भई समुदायमा सामाजिक सन्तुलन र सामाजिक सुसम्बन्ध कायम गरी शान्ति र विकासको लागि सहयोग पुऱ्याउँदै आएको देखिन्छ । परम्परागत संस्था तथा प्रथाजनित कानूनहरू मौखिक प्रकृतिको हुने भएपनि आदिवासी जनजातिहरूको विकाससँगै परम्परा र प्रथाजन्य कानूनको विकास हुँदै आएकोले समुदायले यसलाई नैतिक बन्धनकारी नियमको रूपमा विकास गरेको छ । जुन प्रचलित नेपालको संविधान, ऐन, कानूनहरूभन्दा धेरै बलियो हुन्छ । तर, नेपालको एकात्मक केन्द्रिकृत शासन व्यवस्था र राष्ट्रिय एकताको सूत्रमा बाँध्ने नाममा त्यसबाट निर्मित संविधान, ऐन, कानूनहरूमा बाँधिनुपर्ने बाध्यताले आदिवासी जनजातिहरूमा रहेको परम्परागत संस्था र प्रथाजनित कानूनहरूको अवस्था दिनानुदिन खस्कँदो अवस्थामा छ ।

---

[23] Bekker, J.C. (1989) Seymour's Customary Law in Southern Africa, 5th edn, Cape Town, Juta & Co. Ltd, p. 11

यी परम्परागत संस्था र प्रथाजनित कानूहरू आदिवासी जनजातिको जातीय पहिचानसँग जोडिएको छ । यी संस्था र कानूनहरूको लोप हुनु भनेको ती आदिवासी जनजातिको भाषा, धर्म, संस्कार, संस्कृति नै लोप भई जातीय पहिचानसमेत नामेट हुनु हो । त्यसकारण यिनीहरूको संरक्षण र विकासको लागि राज्यको मूल कानूनमा नै व्यवस्था गर्न आवश्यक छ । प्रथाजन्य कानून सहभागितामूलक प्रकृतिको हुने, समुदायमा हुने न्यायप्रतिको इमानदारिता र विश्वासले समाजमा हुने द्वन्द्व व्यवस्थापनमा सघाउ पुऱ्याई शान्तपूर्ण समाज निर्माणको लागि उल्लेखनीय भूमिका निर्वाह गर्ने भएको कारणले पनि राज्यले धेरै कुराहरू आदिवासी जनजातिका परम्परागत संस्था र प्रथाजनित कानूनहरूबाट सिक्नुपर्ने हुन्छ ।

## १.२ **ह्योल्मो जातिको परिचय**

ह्योल्मो जातिको पुर्ख्यौली थातथलो सिन्धुपाल्चोक जिल्लाको हेलम्बु, रसुवाको लाङ्टाङ् तथा नुवाकोट जिल्लाको उच्च पहाडी क्षेत्र हो । यो समुदाय बौद्ध महायानी सम्प्रदायका हुन् । ह्योलको अर्थ वरिपरि हिमालले घेरेको तथा मोको अर्थ आमा ज्योमो याङ्री देवीलाई बुझाउँदछ । अर्थात्, यस क्षेत्रलाई आमा ज्योमो याङ्री देवीले संरक्षण गरिरहेकोले नै यस क्षेत्रको नाम ह्योल्मो रहन गएको हो । ह्योल्मो क्षेत्र ह्योल्मोलगायत सम्पूर्ण बौद्धमार्गीहरूको पवित्र तीर्थस्थल हो । यस क्षेत्रलाई अन्य दोर्जे लेग्पा, गेङेन लेरु, ज्योवो छ्यती तथा छिरिङ्मादेवीहरूले पनि संरक्षण गरिरहेको ह्योल्मोहरूको जनविश्वास छ । यो जातिमा पनि प्रकृति पूजा गर्ने चलन छ । यस जातिको आफ्नै मौलिक संस्कृति तथा चालचलन रहेको छ ।

### १.२.१ **विशेषता**

आदिवासी ह्योल्मोको विशेषता निम्न रहेका छन्ः

१. ह्योल्मो जाति बौद्धमार्गी भएकोले भगवान बुद्धका ज्ञान र दर्शनलाई अति श्रद्धाकासाथ अनुसशरण गर्दछन् । पञ्चशील धर्मको नियमभित्र रहनुलाई पहिलो प्राथकिता मान्दछन्,

२. अहिंसा यस जातिको विशेषता हो। ह्योल्मोहरूले पशुवध गर्दैनन्। उनीहरू बसोवास गर्ने गाउँक्षेत्र वरिपरि पनि पशुवधलाई कडाइकासाथ निषेध गरिएको हुन्छ।

३. थाङ्का, काष्ठकला र सिमेन्टको बुट्टा बनाउने पेशा ह्योल्मो जातिको परम्परागत पेशा हो। यी कलाहरू ह्योल्मोहरूले शुरुवात गरेको तथा यसमा उनीहरू निपुण भएको मानिन्छ।

### १.२.२ **जनसंख्या**

ह्योल्मो हिमाली क्षेत्रमा बस्ने आदिवासी जनजातिमध्येको एक हो। यो जातिको ऐतिहासिक भूमि सिन्धुपाल्चोक जिल्ला भए तापनि नेपालका अन्य जिल्लाहरू क्रमशः रसुवा, नुवाकोट, गोरखा, लम्जुङ, कास्की, नवलपरासी, चितवन, रामेछाप र इलाममा छरिएर रहेका छन्। वि.सं. २०४८ सालको राष्ट्रिय जनगणना अनुसार यो जातिको जनसंख्या ५७९ रहेको छ। तर यस जातिको जनसंख्या झण्डै एक लाखको हाराहारीमा रहेको नेपाल ह्योल्मो समाज सेवा संघको दावी रहेको छ। विगतका जनगणनाहरूमा ह्योल्मो समुदायमा आफ्नो जातीय पहिचान र अधिकारका विषयहरूमा सचेत नहुनाले जनसंख्या गणक समक्ष वास्तविक विवरण उल्लेख नगरिएको, तत्कालीन तथ्याङ्क संकलन टोलीहरूले शिशाकलमले तथ्याङ्क उठाउँदै अन्त्यमा मेटी त्यसलाई अर्कै जातिको विवरणमा समावेश गरेको र गाउँ-गाउँमा गणकहरू नपुगी सदरमुकाम वा गाउँको केन्द्रबाट नै तथ्याङ्क संकलन गर्ने कार्यले यस जातिको वास्तविक जनसंख्या विवरण नआएको उनीहरूको दावी छ। वि.सं. २०४८ को जनगणनाअगाडि तामाङ वा शेर्पाको वर्गीकरणमा राखिएको भए तापनि २०४८ सालको जनगणनापछि मात्रै राष्ट्रिय जनगणनाको तथ्याङ्कमा यस जातिको विवरण समावेश गरेको देखिन्छ।

### १.२.३ **शैक्षिक अवस्था**

ह्योल्मो समुदायमा परम्परादेखि नै बौद्धधर्मका ग्रन्थ एवं पुस्तकहरूलाई शिक्षाको रूपमा अध्ययन तथा अभ्यास गर्दै आएको पाइन्छ। तर राज्यको एकभाषा नीतिको कारणले शैक्षिक मान्यता पाउन सकेको छैन। यसैले बौद्ध शिक्षामा शिक्षित

रहेपनि राज्यले खसनेपाली भाषा नजानेको आधारमा अशिक्षितको वर्गमा वर्गीकरण गर्दै आएको पाइन्छ। हाल यस समुदायमा आधुनिक औपचारिक शिक्षातर्फ आकर्षण बढेको देखिन्छ।

### १.२.४ आर्थिक अवस्था

ह्योल्मो जातिको परम्परागत पेशा कृषि र पशुपालन हो। पहिले पहिले चौंरी र भेंडापालन गर्दथे। विदेशिने प्रचलन तथा शहरीकरणले गर्दा यस्ता पेशाहरूमा कमी आएको छ।

### १.२.५ राजनीतिक अवस्था

वि.सं. २०४२ सालमा 'नेपाल ह्योल्मो समाज सेवा संघ'को स्थापना भएपश्चात् ह्योल्मो समुदायमा आफ्नो जातीय पहिचानको सवालमा जनचेतना वृद्धि भएको पाइन्छ। ह्यूल्ठीमको मुख्य नेतृत्व प्रमुख लामा रहने भए तापनि अन्य पदाधिकारीहरू भने समुदायकै सर्वसम्मतिबाट छनौट हुनेहुँदा लोकतान्त्रिक प्रक्रियालाई अवलम्बन गरेको देखिन्छ। ह्योल्मो बौद्धमार्गी भएको र बुद्धका विचारलाई अक्षरशः पालना गर्ने भएकाले पदमा बहाल भएको अवस्थामा होस् वा सामान्य जीवनयापन गर्दाको अवस्थामा होस्, आफूबाट हुने कुनै पनि प्रकारको पाप मोक्षको लागि गुम्बामा छोक पूजा गर्ने प्रचलनले पनि संस्थाका पदाधिकारीहरू स्वच्छ, नैतिकवान र इमानदार हुन्छन् र संस्था तथा समुदायको हितविपरीत कुनै काम गर्न सक्दैन भन्ने कुराको पुष्टि हुन्छ। यो जातिमा बौद्ध धर्मप्रतिको निष्ठाको कारणले ह्यूल्ठिममा नेतृत्वबाट गरिने कुनै पनि कार्यको समुदायबाट अविश्वास हुँदैन र नेतृत्वबाट समेत समाजको अख्तियारबिना काम नगर्ने हुनाले नेतृत्व र समुदायको बीचमा सुमधूर सम्बन्ध रहेको पाइन्छ।

### १.२.६ पेशा

ह्योल्मोहरूको मुख्य पेशा खेतीपाती र पशुपालन हो। मुख्य गरी आलु खेती गर्ने, चौरी र भैसी पालन गर्ने गर्दछन्। पहिला-पहिला भेंडा पालन गरी भेंडाको

ऊनबाट धागो बनाउने र एक प्रकारको कोटजस्तो ह्योल्मोहरूले लगाउने परम्परागत लुगा, जसलाई 'फोङसी' भनिन्छ, यसको उत्पादन गरी घरेलु उद्योग चलाउँथ्यो । तर पछि-पछि सहज यातायातको सुविधा नहुनुका साथै आधुनिक बजारसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था र विविध रोगहरू लागी भेंडाहरू पनि मर्न थाल्नाले यसको व्यवसायमा कमी आयो । हाल ह्योल्मोका गाउँहरूमा भेंडा पालन गरिँदैन । ह्योल्मो जातिहरू बस्ने हेलम्बु क्षेत्र पहिला हेलम्बूको गोल्डेन स्याउको नामले प्रख्यात थियो । त्यस बेला शेर्माथाङ गाउँमा कृषि विकास बैंकको समेत स्थापना गरिएको थियो । तर २०४६ सालतिर आएको हुरी-बतासले फलेका स्याउको हाँगाहरू भाँच्नाले त्यसबेला ह्योल्मोहरूलाई आर्थिक रूपले धेरै घाटा पुऱ्यायो । पछि बैंकबाट लिएको ऋण बुझाउन नसक्नुका साथै थप लगानीको समस्याले यस व्यवसायमा कमी आयो । पछि कृषि विकास बैंक पनि शेर्माथाङ गाउँबाट मेलम्ची सारिनाले यसको व्यवसाय नै बन्द भयो । हाल केही व्यक्तिहरूले यसको पुनः व्यवसायिक रूपमा खेती गर्न शुरु गरेको छन् ।

### १.२.७ ह्योल्मोको मौलिक कला

ह्योल्मोहरू परम्परागत थाङका कला बनाउने गर्दछन् । यद्यपि यो पेशा हाल पनि यथावत् छ र व्यवसायको रूपमा विकास भएको छ । ह्योल्मोका धेरै युवाहरू यस पेशामा संलग्न छन् । यसरी नै गुम्बाहरूमा सिमेन्ट बुट्टा बनाउने कलाको विकास ह्योल्मोका कलाकारहरूले नै गरेको हो । यस कलाको शुरुवात र विकास लामा बाबु ह्योल्मो (शेर्माथाङ गाउँ) र लामा जिमी ह्योल्मो (तक्पखर्का) ले २०४० सालतिर गरेको मानिन्छ । त्यतिखेर व्यवसायको रूपमा थिएन, तर हाल गुम्बाको बढ्दो निर्माण र राम्रो आम्दानीका कारण यसलाई पेशाा व्यवसायको रूपमा लिएको पाइन्छ ।

**तालिका १: ह्योल्मोका चाडपर्व तथा मनाउने चलन**

| चाड | मनाउने तीथि | रक्सी | पैसा | चामल | गहुँ | मकै | दाउरा | आयोजक | मनाउने अवधि | वर्षमा पटक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बुद्ध जयन्ती (साङ्गे ठुङकर दिक्षेन) | छेवा १५ (बैशाख) | १ फुलु | रु.५१- | १ फुलु | पर्दैन | पर्दैन | पर्दैन | ४ धुरी | १ दिन | १ पटक |
| छेच्यु | ल्होसर पछिको छेवा १५ (माघ, फागुन) | १ पाथी | रु.५१- | १२ माना | पर्दैन | १ पाथी | १ भारी | २ धुरी | २ दिन | १ पटक |
| नाराक दोण्डुक | छेवा ११ (जेठ) | १ पाथी | रु.३०।- | २ पाथी | २ पाथी | १ पाथी | १ भारी | १ धरी | ४ दिन | १ पटक |
| ड्युङने | छेवा ६ (जेठ) | ३ फुलु | रु.५०।- | २ फुलु | (२ पाथी करु) | पर्दैन | पर्दैन | १ धुरी | ३ दिन | १ पटक |
| साङ | छेवा १० (चैत) | पर्दैन | पर्दैन | पर्दैन | पर्दैन | ३ फुलु | पर्दैन | २ धुरी | १ दिन | २ पटक |
| मणिबुम | छेवा ९ (असोज) | ४ फुलु | पर्दैन | १ पाथी | पर्दैन | १ पाथी | १ भारी | २ धुरी | ३ दिन | १ पटक |
| कुवर (रिक्सुम गोन्पो) | छेवा १० (मंसिर) | २ फुलु | पर्दैन | २ फुलु | पर्दैन | ३ फुलु | पर्दैन | २ धुरी | २ दिन | १ पटक |
| डुपा छेजी | छेवा ६ (साउन) | १ पाथी | पर्दैन | १ पाथी | पर्दैन | पर्दैन | पर्दैन | सबै गाउँले मिली | १ दिन | १ पटक |

*स्रोत : शेर्माथाङ गाउँको ह्युल्ठिममा आधारित । अन्य गाउँ अनुसार फरक पनि हुनसक्छ ।*

### १.२.८ ह्योल्मो चाडपर्वहरू

ल्होसारलाई ह्योल्मोहरूले नयाँ वर्षको रूपमा मनाउँछन् । यो फागुन महिनामा पर्दछ । ह्योल्मोहरू वर्षभरि नै चाडपर्व तथा पूजापाठ गरिरहन्छन् । केही पूजा पाठहरू खर्चिलो र धेरै मिहिनेत गर्नुपर्ने भएकोले तिनमा २ वा सोभन्दा बढी घरधुरीहरू मिलेर पनि आयोजना गर्ने गरिन्छ । विशेषगरी पूजापाठमा लाग्ने सम्पूर्ण खर्चदेखि लिएर वरिपरि गाउँका समेत पाहुनाहरू बोलाई खुवाउनुपर्ने हुँदा खर्चको मात्रा बढ्ने गर्छ । पाहुनाहरू बोलाउँदा अन्य गाउँका हकमा नजिकका नातेदार मात्र बोलाउँछन् भने आफ्नै गाउँका सबैलाई बोलाउन अनिवार्य हुन्छ । यसमा आयोजकलाई 'चिवा' वा 'ङेर्पा' भनिन्छ भने पाहुनालाई 'छो डोम्बु', तिनलाई आमन्त्रण गर्नुलाई 'लोङ गर्नु' भनिन्छ । पर्वमा आएका सम्पूर्ण पाहुनाहरूले गच्छेअनुसार पैसा हाल्ने चलन छ । यदि सो अवसरमा आफू उपस्थित हुन नसकेमा अन्यलाई पैसा दिई पठाउँछन् । यसलाई श्होङमा भनिन्छ । ह्योल्मोहरूले सोनाम ल्होसारमा भने घरमै आफन्तहरू बोलाई मनाउँछन् ।

**छेपाकर्पु (सेतोपर्व)**

साधारणतया गुम्बामा गरिने ठूला-ठूला पूजा तथा पर्वलाई छेपाकर्पु भनिन्छ । यसमा कूल पूजा, होम पूजा, प्राकृतिक शुद्धि पूजा, रक्षक तथा धर्मपाल देवदेवीहरूको पूजा, गुम्बा तथा चैत्यहरूमा शुद्धी पूजा, सम्पूर्ण प्राणीको कल्याण तथा मुक्तिका लागि व्रत एवं मन्त्रोचरण पूजाआदि पर्दछन्, बुद्ध जयन्ति (साङ्गे ठुङकर दिक्षेन), सोनाम ल्होसार, छेच्यु, नाराक दोण्डुक, ङ्युङने, साङ, कुवर, मणिबुम, ङुपा छेजी, रिक्सुम गोन्पो पूजा आदि ।

**छेपा न्हाक्पु (कालो पर्व)**

साधारणतया मानिस मर्दा गरिने पूजालाई छेपा न्हाक्पु भन्ने गरेको पाइन्छ । ह्योल्मोहरूमा मान्छे मर्दा जुठो बार्ने चलन छैन । छेपाकर्पु र छेपान्हाक्पु दुवै पूजा गाउँकै लामाले गर्ने नियम छ ।

**ककुरिम (घरमा गरिने पूजा पाठ)**

विशेष तीथि तथा अवसर पारी घरमा लामा बोलाई गरिने पूजापाठलाई ककुरिम भनिन्छ । यसमा कूल पूजा गर्ने, धन देवताको पूजा गर्ने, ग्रह दशा फाल्ने, नागको पूजा गर्ने तथा रक्षक तथा धर्मपाल देवदेवीहरूको पूजा गर्ने गरिन्छ । नागलाई बौद्ध धर्म अनुसार शुभ र सौभाग्यको प्रतीक मानिन्छ । ह्योल्मोहरूले गर्ने ककुरिमहरूमा काङसु, दोर्छेपा, ग्याप्से कुरिम, दोमाङ, फोला दार्च्यो, लु छेप (नाग पूजा), बर्चे लम्से आदि पर्दछन् ।

**न्हेकोर (बिरामी हेर्न जाने)**

मान्छे बिरामी पर्दा हेर्न जाने चलनलाई न्हेकोर भनिन्छ । यसरी नै महिला गर्भवती हुँदा र बच्चा जन्मदा पनि न्हेकोर जाने चलन छ । यी दुवै अवस्थामा गाउँका प्रत्येक घरका मानिसहरू जाने गर्दछन् । यस बखत तिनीहरूले एक माना रक्सी, कुखुराको अण्डा ३ वटा तथा एक फुलु चामल लाने चलन छ ।

**कुरिम्बा (पाहुना खाने चलन)**

विशेषगरी ह्योल्मो सोनाम ल्होसारको अवसर पारी ह्योल्मोहरूमा कुरिम्बा खाने चलनछ । यसरी नै घरमा पूजापाठ गर्दा पनि नजिकका आफन्तहरूलाई कुरिम्बा बोलाउने गर्दछन् । साथै कुनै विशेष अवसरबिना पनि भेटघाट गर्दा कुरिम्बा खाने गर्दछन् ।

**ल्हेजिम्बा (काम सघाउने)**

ल्हेजिम्बाको खास अर्थ सहयोगी वा स्वयंसेवक भन्ने लाग्दछ । विशेषगरी गाउँमा आयोजना हुने चाडपर्व तथा पूजा पाठहरूमा गाउँका सम्पूर्ण गाउँलेहरूले ल्हेजिम्बा गर्ने गर्दछन् । यसरी ल्हेजिम्बा गर्नेहरू त्यसको अन्तिम दिनमा बोलाएर खुवाउने चलनछ । यसलाई ल्हेजिम्बा क्योङगे भनिन्छ । यसरी ल्हेजिम्बा गर्दा पुरुषहरूले खाना र तरकारी पकाउने, पाहुनालाई नून-चिया बाँडने, रक्सी तथा निङगु

(निगार) बाँड्ने, खाना बाँड्ने गर्दछन् भने महिलाहरूले नून-चिया पकाउने, भाँडा माझ्ने काम गर्ने गर्दछन् ।

**ल्हारी (पालो गर्ने)**

ल्हारीको खास अर्थ पालैसँग काम सघाउने भन्ने अर्थ लाग्छ। विशेषगरी गाउँमा खेतीपाती गर्ने बेला बारी खन्ने, मल बोक्ने कार्यहरूमा ल्हारी गर्ने चलन छ। यसमा ज्याला लिने दिने हुँदैन। जसकोमा ल्हारी गर्नजाने त्यसले ल्हारी गर्न आएकामा दिनभरिको खाजा र खानाको व्यवस्था गर्ने गर्दछ। यसले फेरि त्यहीं व्यक्तिकोमा गएर ल्हारी तिर्नु पर्दछ। यसमा एक दिनभरि वा आधा दिन गरेर पनि ल्हारी गर्ने चलन छ। शारीरिक अस्वस्थ तथा बिरामी भई ल्हारी तिर्न नसकेमा अर्को व्यक्तिले आफ्नोमा गरेको ल्हारीको समयअवधि हेरी चलेको दर अनुसार पैसा दिने पनि गर्दछ। तर यसको नियममा सक्दो सोही व्यक्तिले ल्हारी नै गर्नुपर्ने नियम छ। यो चलनले पहिला गाउँमा मान्छेलाई पैसाको अभाव हुनेहुँदा पैसा दिई कामदार लगाउन नसक्ने हुँदा गाउँमै पालैसँग सघाउने चलन भएको हो ।

**गुअर**

प्रमुख लामा गाउँका धार्मिक व्यक्ति तथा सम्मानित अगुवा भएकाले गाउँमा तिनलाई सम्मानका साथ वर्षमा एक पटक खेतीपाती गर्ने समयमा सम्पूर्ण गाउँलेहरू गई निःशुल्क सघाउने चलन थियो, जसलाई गुअर भनिन्छ। तर अहिले यो चलन लोप भइसकेको छ।

**ल्हँम्ज्यु**

वर्षमा एक पटक सम्पूर्ण गाउँलेहरू बोलाई बाटोघाटो, नाला, खानेपानीको मुहान, वनजंगल, पुराना चैत्य (मणि छयोर्तेन)हरू  सफा गर्ने, मर्मत गर्ने तथा व्यवस्थापन गर्ने चलन छ। यसलाई 'ल्हँम्ज्यु' भनिन्छ। यसमा गाउँका प्रतिघरधुरी अनुसार एक-एक जना सदस्यको अनिवार्य उपस्थिति हुनै पर्दछ र यदि उपस्थित नभएको

अवस्थामा नियम अनुसार शुल्क दिनु पर्दछ, सो रकम गाउँको कोषमा जम्मा गरी अर्को वर्षको लागि खाना र खाजाको लागि खर्च गरिन्छ । यसमा खर्चको लागि पैसा नभएको अवस्थामा चलनअनुसार प्रतिधुरी बराबर पैसा तथा सामग्री उठाउने गरिन्छ ।

**खङदेन**

ह्योल्मोहरूमा नयाँ घर स्थापनापछि गाउँका सबैलाई बोलाएर भोज खुवाउने चलन छ । यसलाई खाङ्देन भनिन्छ । यस अवसरमा जाने पाहुनाहरूले साथमा रक्सीको सगुन (स्यल्गार) लाने गर्दछ ।

**अंश (फसी)**

थरी लामाको परिवारमा जेठो छोरालाई बुबाको पुरानो घर तथा गुम्बामा बुबाको स्थानलाई प्राथमिकतामा राखी पाउने/दिने चलन छ भने माङबा थरका परिवारमा कान्छो छोरालाई बुबाको पुरानो घर प्राथमिकतामा राखी पाउने/दिने चलन छ र अन्यलाई सो बराबरको जायजेथा दिई अंश (फसी) दिने चलन छ ।

### १.२.९ जन्म संस्कार

बच्चा जन्मेको १ हप्ताभित्र तीथि र चिना हेरेर लामाले घरमा पूजापाठ गरी चोख्यएर बच्चाको नाम राख्ने चलन छ । सामान्यतया जुन दिनमा बच्चा जन्मेको हो, सोही दिनको बार अनुसार नाम राख्ने चलन छ । पछि लामाले न्वारान (टप्चे) गर्दा नयाँ नाम राख्ने गरिन्छ । घरको माइला छोरा वा छोरीलाई ५/७ वर्षको उमेरदेखि नै गुम्बामा भिक्षू/भिक्षुणीको रूपमा पठाउने चलन छ ।

### १.२.१० विवाह संस्कार

ह्योल्मो समुदायमा मामा चेला र फूपु चेलामा विवाहवारी चल्दछ । ह्योल्मोहरूमा मागी विवाह गर्दछन् । बेहुलीका आमा बुबाले केही गहना कोशेली दिए पनि दाइजोको चलन छैन, जसको मौलिक चलन निम्न छन् ।

**लङ्ज्याङ (केटी माग्ने)**

केटापक्षका मुख्य व्यक्तिहरू स्याल्गार (रक्सी सगुन), चामल, फलफुल, तथा केही पैसा राखी केटीपक्षकोमा दुलही माग्दछ। यसलाई लङ्ज्याङ भनिन्छ। केटीपक्षको मन्जुरी रहेमा स्याल्गार (सगुन) लाई पूजापाठ गरी सबैले खान्छन् र शुभ साइत हेरी विवाहको तीथिमिति जुराइन्छ।

**डेज्यङ (गाउँ भेला)**

लङ्ज्याङ सकेपछि केटापक्षले गाउँका सम्पूर्णलाई घरमा बोलाई विवाहबारे जानकारी दिँदै यसको तयारीबारे छलफल गरिन्छ। यसमा गाउँका प्रमुख लामाले श्याल्गार (रक्सी) लाई पूजापाठ गरी सबैले खान्छन्।

**ब्ह्मा (विवाह)**

विवाहको अवसरको दिनलाई ब्ह्मा भनिन्छ। सो दिन सबैलाई भोज खुवाएर दुलहीलाई दुलाहाको घरमा भित्र्याउने गरिन्छ।

**टोल्ज्यङ वा कर्म लोजा (सगुन बुझाउने)**

विवाहको केही दिनपछि दुलाहाले दुलहीको माइतीपक्षका सबै घरमा गएर टोल्ज्यङ (कर्म लोजाङ) बुझाउने चलन छ। यसमा केटाले केटीपक्षको माइतिमा ३ पाथी रक्सी, २ पाथी निगार, २ पाथी चामल, १ धार्नी घ्यू, र साथमा चामलको पीठोबाट बनेको रोटी (बाबर) पनि लाने चलन छ।

**सम्बन्ध बिच्छेद**

ह्योल्मो समाजमा कुनै कारणवश लोग्ने स्वास्नीबीच सम्बन्ध विच्छेद गर्न सक्दछ। यसलाई थहछेकेन वा थाक्पा छेकेन भन्दछ।

### १.२.११ मृत्यु संस्कार

मान्छे मर्दा तीथि र चिना हेरेर कम्तिमा ३ दिनभित्र लामा बोलाई घरमा वा गुम्बामा ठाउँ हेरी पूजापाठ गरेपछि घाटमा जलाउने चलन छ। यस क्रममा मृतकको नाममा नेपर गरिन्छ। यसको ३ वा ७ हप्ताभित्र तीथि हेरी ग्यवा गर्नुका साथै मृत्यु भएको मितिले ७ हप्तासम्म प्रत्येक हप्ता मोन्लम दिण्डा गरिन्छ। मृत्यु भएको मितिले १ वर्षमा मृतकको नाममा ह्यँजु गर्ने चलन छ। यसमा सबै ह्योल्मो बूढापाका मिली मणिमन्त्र जपी मृत आत्माको शान्तिको कामना गरिन्छ।

## २. संस्थागत संरचना

### २.१ परिचय

ह्योल्मो आदिवासीहरूमा समाज सञ्चालनको लागि आफ्नै मौलिक परम्परागत संस्था छ, जसलाई ह्युल्ठिम भनिन्छ। ह्युल्ठिमले समाज विकासको लागि सामाजिक क्रियाकलापहरू सञ्चालन गर्ने, नीति नियमहरू निर्माण गर्ने र सो लागू गर्ने जस्ता कार्य गर्दछ। ह्युल्ठिममा ह्योल्मो समुदायको प्रत्येक सदस्यहरू अनिवार्य संलग्न हुनुपर्ने हुनाले ह्युल्ठिमका सामाजिक क्रियाकलापहरू पारदर्शी देखिन्छ। सामाजिक नीति, नियम निर्माण गर्दा होस् वा त्यसको कार्यान्वयन पक्षमा होस्, प्रत्येक घरधुरी सदस्यहरूको अनिवार्य उपस्थितिले निर्णय प्रक्रियामा सहभागिता रहने हुँदा उक्त संस्थाबाट गरिएका कार्यहरू सबैलाई मान्य हुन्छ।

तर राज्यको आधुनिकीकरणसंगै विभिन्न कालखण्डमा निर्माण भई जारी भएका संविधान, ऐन, कानून र नियमहरूले न्यायक्षेत्रमा केन्द्रीकृत र एकात्मक संस्कार संस्कृति (खस भाषा तथा हिन्दु संकार, संस्कृति) लाई मात्र प्रवर्द्धन, सवर्द्धन र विकास हुनेगरी लादिएको न्याय प्रशासनले अन्ततः ह्योल्मो आदिवासीहरूको मात्र होइन, अन्य भाषाभाषी, धर्म, संस्कृतिको समेत अस्तित्व संकटमा पर्न गयो। जसको फलस्वरूप आज ती आदिवासी जनजातिहरूको परम्परागत संस्था र प्रथाजनित कानूनहरू प्रायशः मृतान्मूख छन्।

आजको सन्दर्भमा हेर्दा न्याय तथा अर्धन्यायिकलगायत राज्यको अन्य संयन्त्रहरूमा ह्योल्मो आदिवासीहरूको उपस्थिति नै छैन, जसले गर्दा यी आदिवासीहरू न्यायिक संरचनाभन्दा पनि विद्यमान अवस्थामा समेत न्यायिक कार्यको लागि ह्युल्ठिम संस्कारलाई नै मान्यता दिएको पाइन्छ ।

ह्यूल्ठिममा त्यस क्षेत्रभित्र पर्ने सम्पूर्ण आदिवासी ह्योल्मोहरू सदस्य रहन्छन् भने सम्पूर्ण संस्थाको नेतृत्व प्रमुख लामाले गर्दछ । प्रमुख लामा परम्परा अनुसार वंशजको आधारमा घरको जेठो छोरा हुने गर्दछ । ह्योल्मोका सबै गुम्बाहरूमा यसै व्यवस्था अनुसार प्रमुख लामाहरू चुनिँदै आएका छन् । प्रमुख लामाको नेतृत्वमा गोवा, उम्जे, छ्येपेनहरूले कार्य गर्दछ । संस्थाको डेजाङ (गाउँ भेला) मार्फत निर्माण भएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नु यिनीहरूको मुख्य कार्यहरू हुन् ।

ह्योल्मो ह्युल्ठिम धर्ममा आधारित रहेको छ । यसका सबै नियम तथा कानूनहरू धर्मकेन्द्रित नै रहेको पाइन्छन् । ह्योल्मोको प्रत्येक गाउँमा एक ह्युल्ठिमको व्यवस्था रहेको हुन्छ । यसमा प्रमुख लामा, सहायक लामा, गोवा, उम्जे, छ्येपेन तथा गाउँले गरी सामान्यतया ६ तहमा विभाजन गरिएको हुन्छ । ह्युल्ठिमले नै गाउँका सम्पूर्ण विषयमा नियन्त्रण गरेको हुन्छ । यसमा बसेका व्यक्तिहरूको कार्य तथा अधिकारको बाँडफाँट रहेको हुन्छ ।

### २.२ ह्युल्ठिमको काम, कर्तव्य र अधिकार

ह्युल्ठिमको काम,कर्तव्य र अधिकार निम्न छन् :

१. सामाजिक सदभाव कायम गर्ने ।
२. आपसी मतभेदलाई छलफलबाट निकास निकाल्ने ।
३. सामाजिक विकासका कार्य गर्ने ।
४. समुदायका कार्य, गतिविधिलाई नियन्त्रण गर्ने ।
५. प्राकृतिक स्रोतसाधनको संरक्षण तथा उपभोगमा नियन्त्रण गर्ने ।
६. समुदायका कुनै पनि व्यक्तिलाई सामाजिक रूपमा समस्या आइपरेमा त्यसलाई सहयोग (गुअर) गर्ने ।

## २.३ प्रकार

ह्युल्ठिम 'एक गाउँ एक ह्युल्ठिम'को व्यवस्था अनुसार रहन्छ। यसको क्षेत्राधिकार पनि सोही गाउँमा मात्र हुन्छ। यसको आकार, स्वरूप र छनौट प्रक्रिया गाउँको जनसंख्याको आधारमा फरक-फरक हुन्छ। यसका प्रथाजनित कानूनहरू लिखित छैनन्।

ह्युल्ठिमले आफ्नो सामाजिक साँस्कृतिक विकासको लागि नीति नियमहरू निर्माण गर्ने, कार्यान्वयन गर्ने र समय अनुसार संशोधन वा परिमार्जन गर्ने गर्दछ। ह्युल्ठिमको नीति, नियम निर्माण गर्ने आफ्नै विधि र प्रक्रिया छ। ह्युल्ठिमको वर्षमा एकपटक नारक डोन्ढुक (आषाढको तीथिमा पूर्णिमा वा औंसी) चाडको अवसरमा वार्षिक साधारणसभा बस्छ। यसै साधारणसभाले नीति, नियम निर्माण गर्ने, संशोधन वा परिमार्जन गर्ने कार्यक्रम तय गर्ने गर्दछ। ह्युल्ठिमका नीति तथा कार्यक्रम निर्माण गर्दा सर्वसम्मतिको आधारमा गर्ने प्रचलन छ। ह्योल्मो समुदायमा विभिन्न ठिमहरू निम्नानुसार व्यवस्था गरिएका छन्:

### २.३.१ ल्हाठिम (ईश्वरको नियम)

यस नियममा भगवान बुद्धको उपदेशहरूलाई लिने गरिन्छ, जसमा भगवान बुद्धका उपदेशहरू समेटेको बौद्ध ग्रन्थ (त्रिपिटक) मा रहेका वाणीहरूलाई मान्नु ह्योल्मो आदिवासीहरूको नैतिक धर्मको रूपमा लिन्छ।

### २.३.२ क्षेठिम (धर्मको नियम)

ह्योल्मो क्षेत्रमा प्रचलित बौद्ध धर्म अनुसार पूजापाठ तथा संस्कारहरूलाई चलन अनुसार महत्वपूर्ण तीथिमा आयोजना गर्नुलाई ह्योल्मोको क्षेठिमको रूपमा लिइन्छ। यसमा वार्षिक रूपमा चाडपर्व आयोजना गर्नु तथा घरमा पूजापाठ गर्नु आदि कार्यहरू पर्दछन्।

### २.३.३ **पेठिम** (**परम्परागत चलन**)

ह्योल्मो आदिवासीको परम्परागत मौलिक मूल्यमान्यताहरूको पालना गरी त्यसलाई निरन्तरता दिनु ह्योल्मोको पेठिम हो, जसको उदाहरणको रूपका थरी लामा वंशमा जेठो छोरालाई बाबुको पुरानो घरसहित अन्य जायजेथामा बराबर भाग लगाई अंश दिने चलन छ भने यसैमा माङबा थरीमा भने त्यसको ठीक उल्टो कान्छो छोरालाई बाबुको पुरानो घरसहित अन्य जायजेथामा बराबर भाग लगाई अंश दिने चलन छ ।

### २.३.४ **ह्युल्ठिम** (**गाउँको नियम**)

यो सम्पूर्ण गाउँको व्यवस्थाको लागि सबैलाई मान्य हुने गरी बनाइएको नियम हो, जसमा गाउँको सामाजिक मुद्दाहरू पर्दछन् । यसमा गाउँको चाडपर्व संचालनको नियमदेखि लिएर सामाजिक झैंझगडा, चोरीका घटना तथा अन्य सार्वजनिक सम्बन्धका विषयहरू पर्दछन् ।

### २.३.५ **ग्यल्ठिम** (**राज्यको नियम**)

ग्यल्ठिम भनेको राज्यको कानून तथा नीति, नियमलाई बुझाउँदछ । यसमा ह्युल्ठिमका नियमको कुनै सम्बन्ध नरहे पनि नेपाल सरकारका नीति, नियमहरूलाई न्यायप्रणालीको अन्तिम विन्दुको रूपमा लिइन्छ ।

### २.३.६ **दण्ड, सजायँ र जरीवाना**

ह्योल्मो आदिवासीहरूमा समुदायका कुनै पनि व्यक्तिले समुदायको निर्णयविपरीत तथा प्रथाजनित कानूनविपरीत कार्य गरेमा समुदायले डेजाङ ढाकी दण्ड सजाय र जरीवाना लगाई सामाजिक रूपले नियन्त्रित गर्ने चलन हाल पनि यथावत् छ । यसमा पूजापाठ तथा चाडहरूमा सहभागी नहुँदा, यसमा चलन अनुसार जिन्सी सामग्री नउठाएमा, आपसी झगडा परेमा, गुठी तथा उपभोक्ता वनबाट घाँस, दाउरा चोरी गर्दा, पति-पत्नीबीच सम्बन्ध विच्छेद गर्दा, पशुवध तथा चोरी शिकारी गर्दा तथा अन्य विविध घटनाहरूमा समुदाय नै बसेर सामुहिक निर्णय गर्ने चलन छ ।

### २.३.७ कारवाहीको स्वरूप

कतै ह्योल्मोहरूमा झैझगडा तथा मतभेद भएमा दुवै पक्षलाई गोवाले डेजाङ ढाकी बोलाइन्छ । यसरी समुदाय नै भेला भएपछि दुवै पक्षलाई पालैसँग आफ्ना कुरा भन्न दिन्छन् । यसमा समुदायले जो गलत हो, तिनलाई स्याल्गार राखी केही रकम जरीवाना गरी कारवाही गर्दछ । यसमा प्रमुख लामाको निर्णायक भूमिका हुन्छ । स्याल्गारलाई प्रमुख लामाले पूजा गरेपछि तिनीहरूबीच मेलमिलाप गराइन्छ । यसबाट उठेको रकम गुम्बाको कोषमा राखिन्छ ।

### २.३.८ सम्मान र पुरस्कार

समुदायको निम्ति कसैले राम्रो कार्य गरेमा त्यसलाई सम्मान दिने चलन पनि छ । यसमा ती व्यक्तिलाई समुदायको भेला डाकी सगुन राखी (स्याल्गार) खादा ओढाएर सम्मान गर्ने चलन छ ।

### २.४ अभ्यास

ह्यूल्ठिम ह्योल्मो आदिवासी समुदायको सामाजिक व्यवस्थापन गर्ने एक महत्वपूर्ण व्यवस्था हो । यस संस्थाले आफ्नो समुदायभित्र सामाजिक विकासका क्रियाकलापहरू सञ्चालन गर्दछ । ती क्रियाकलाप सञ्चालनको लागि निश्चित नीति, नियमहरू निर्माण गरिन्छ । जस्तैः जन्म, विवाह तथा मृत्यु संस्कार, चाडपर्वहरू तथा कस्तो प्रकारको संस्कार, संस्कृति अपनाउने, ती संस्कार, संस्कृति तथा चालचलनलाई निरन्तरता दिने आदि । ह्युल्ठिम संस्कारमार्फत् यो आदिवासीहरूले अपनाउँदै आएका विधि वा अभ्यासहरू निम्नानुसार रहेको छः

### २.५ कार्यकारी छनौट र पदपूर्ति गर्ने पक्रिया

प्रमुख लामाबाहेक गोवा, उम्जे, छ्येपेनलाई गाउँ समुदायले नै डेजाङ (गाउँ भेला) डाकी छनौट गर्ने गर्दछ । यसरी संस्थाको कार्यकारी छनौट गर्दा सर्वसम्मत तरिकाले पदाधिकारीहरू छनौट गरिन्छ । तर ती छनौट गरिएका वा गरिने उम्मेद्वारहरू सामाजिक रूपले असल तथा जिम्मेवारी बहन गर्नसक्ने व्यक्ति भने

अनिवार्य हुनु पर्नेछ । यसरी चुनिएका पदाधिकारीहरूलाई प्रमुख लामाले पद र कर्तव्यको सपथ (दोम्बा दम्चिग) खुवाउँछन र औपकचारकि मान्यता (छ्यना) दिएर अन्तिममा खादा (पवित्र कपडा) ओढाएर मान्यता दिइने चलन रहेको छ ।

## २.६ राजीनामा तथा निष्काशन

उल्लिखित पदमा रहेका कुनै व्यक्तिले आफूले पद छोड्न चाहेमा गाउँ भेला (डेजाङ) गराई प्रमुख लामासमक्ष स्याल्गार (रक्सी) र खाता (कपडाको माला) राखी पद त्यागको निवेदन जाहेर गरी पद त्याग्न सक्छ । यसरी पद त्याग गर्दा अनिवार्य रूपमा उक्त पदमा बहाल रहँदा भएको पाप वा पद छोड्दा हुनसक्ने पाप मोचनको लागि गुम्बामा छोक पूजा गर्ने चलन छ । साथै पदको दुरूपयोग तथा नैतिक पतन भएमा ह्यल्ठिमको भेलाले त्यस व्यक्तिलाई निष्काशन पनि गर्न सक्नेछ ।

## २.७ कानून निर्माण गर्ने विधि

ह्युल्ठिमका कानूनहरू विशेष परिस्थिति वा अवसरहरूमा निर्माण हुने गर्दछ । यसको कुनै निश्चित तीथिमिति नतोकिए पनि ह्योल्मो समुदायमा हुने नारक डोन्दुकको (ह्योल्मोको मौलिक धार्मिक चाड) को अवसरमा वर्षभरि भएका क्रियाकलापहरूलाई गुम्बाभित्र सबै समुदायको बीचमा छलफल गरी उक्त क्रियाकलाप तथा आर्थिक विवरणको लेखाजोखा वा विश्लेषण गर्ने चलन छ । यसरी छलफल गर्दा ती क्रियाकलापहरूमा सुधार वा परिमार्जन गर्न आवश्यक देखिएमा समुदायको सर्वसम्मत निर्णयले नयाँ कानून, नीति, नियम तथा कार्यक्रमहरू निर्माण गर्ने गरिन्छ ।

## २.८ ह्युल्ठिमका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

आदिवासी ह्योल्मो समुदायको परम्परागत संस्था ह्यूल्ठिम सञ्चालनको लागि लागि सामुहिक जिम्मेवारी कर्तव्य भए पनि कामको विभाजन भएको भने पाइन्छ । ह्युल्ठिमका पदाधिकारीहरूको मुख्य भूमिका निम्न रहेको छः

### २.८.१ प्रमुख लामाको काम, कर्तव्य र अधिकार

प्रमुख लामाले गुम्बा तथा सामाजिक तथा धर्म तथा संस्कार, संस्कृतिसम्बन्धी कार्यहरू:

- गाउँको मूल पुरोहित भई गुम्बामा दैनिक पूजापाठ गर्ने ।
- मान्छेको जन्म र मृत्यु काण्डहरू तथा वार्षिक चाडपर्वहरू तथा अन्य पूजापाठमा मुख्य पुजारीको कार्य गर्ने ।
- धर्म तथा संस्कृति संचालनमा आउने समस्याहरूको समाधानका लागि निर्णय दिने ।

#### २.८.१.१ नीति निर्माणसम्बन्धी कार्यहरू

- समुदायको कार्य गतिविधिहरूमा देखापर्ने समस्यउपर छलफल चलाउने ।
- समुदायका मानिसहरूको विचार सुनी निर्णय सुनाउने ।
- समुदायद्वारा पारित नयाँ नीतिको अनुमोदन गर्ने ।
- समुदायको बैठकमा अध्यक्षताको भूमिका निभाउने ।

#### २.८.१.२ सामाजिक विकासका कार्यहरू

- बैठकको अगुवा गर्ने ।
- आवश्यकता अनुसार बैठक डाक्न लगाउने ।
- विकासका कार्यमा सबैको सहभागिता गराई कार्यको मूल्यांकन गर्ने ।
- कार्यको प्रगति तथा समस्याहरू बारे छलफल चलाउने ।

### २.८.२ गोवाको काम, कर्तव्य र अधिकार

पहिला-पहिला छे गोवा (छेटिम्बा), लु गोवा (गीत गोवा पुरुष गायक गोवा-ज्येवा गोवा तथा महिला गायिका गोवा ज्येमा गोवा) गीत गाउँदा शुरु गर्ने, देर्मा गोवा

(थाल गोवा), छ्याङ गोवा (रक्सी गोवा) लाई कार्य विशेषको जिम्मा हुन्थ्यो भने अहिले गोवाहरूले सबै कार्यहरू गर्ने गरेको पाइन्छ ।

### २.८.२.१ **गोवाले गुम्बा तथा समाजमा गर्ने कार्यहरू**

- गुम्बाको सरसामान तथा आम्दानीको लगत र तथ्यांक राख्ने ।
- गुम्बाको व्यवस्थापन कार्य गर्ने ।
- वार्षिक चाडपर्व र पूजापाठहरूमा गाउँलेहरूलाई कार्य बाँडफाँट गरी कार्य गर्न निर्देशन दिने ।
- समुदायको कार्य गतिविधिहरूमा देखापर्ने समस्याउपर छलफल चलाउने ।
- समुदायका मानिसहरूको विचार सुनी मध्यस्थताको भूमिका निभाउने ।
- समुदायद्वारा पारित नयाँ नीतिको अनुमोदन गर्ने ।
- प्रमुख लामाको निर्देशनमा बैठक बोलाउने ।
- विकासका कार्यमा सबैको सहभागिता गराई कार्यको मूल्यांकन गरी सबैलाई जानकारी गराउने ।
- कार्यको प्रगति तथा समस्याहरू बारे छलफल चलाउने ।

### २.८.३ **उम्जेको काम, कर्तव्य र अधिकार**

उम्जेको काम विशेषगरी पूजाको समयमा लामालाई सघाउनु रहन्छ । पूजाको समयमा झ्याम्टा बजाउने व्यक्तिलाई उम्जे भन्ने गरिन्छ । यसरी नै सामाजिक निर्णयका विषयमा पनि उम्जेले आवश्यक व्यवस्थापन गर्ने गर्दछ ।

### २.८.३.१ **उम्जेको गुम्बा तथा समाजमा गर्ने कार्यहरू**

- गुम्बाको पूजापाठमा सहभागी भई लामालाई सघाउने ।
- गुम्बाको धार्मिक कार्यमा सहयोग गर्ने ।
- समुदायको कार्य गतिविधिहरूमा देखापर्ने समस्याउपर छलफल चलाउने ।
- समुदायका मानिसहरूको विचार सुनी आवश्यक सल्लाह दिने ।

- समुदायद्वारा पारित नयाँ नीतिको अनुमोदन गर्ने ।
- विकासका कार्यमा सबैको सहभागिता हुने ।

### २.८.४ छ्येपेनको काम, कर्तव्य र अधिकार

छ्येपेनले गुम्बा तथा समाजमा गर्ने कार्यहरू

- गुम्बाको पूजापाठमा सहभागी भई लामालाई सघाउने ।
- गुम्बाको धार्मिक कार्यमा सहयोग गर्ने ।

### २.८.५ गाउँले (लुङबा) को काम, कर्तव्य र अधिकार

गाउँले (लुङबा) को काम भेलामा सहभागी हुने तथा ह्युल्ठिमको निर्णय कर्यान्वयनमा सहयोग गर्नुको साथै वार्षिक चाडपर्व तथा सामाजिक कार्यमा सहभागी हुने गर्दछन् ।

## ३. निर्णय प्रक्रिया

ह्युल्ठिमको निर्णय प्रक्रिया निम्न अनुसार हुने गर्दछः

- ह्युल्ठिमको भेला बस्छ,
- कार्यक्रमको छनौट गरिन्छ,
- सर्वसम्मतिबाट निर्णय गरिन्छ
- वर्षमा एकपटक नारक डोन्दुक (आषाढको तीथिमा पूर्णिमा वा औंसी) चाडको अवसरमा वार्षिक साधारणसभा बस्छ । र आवश्यकताअनुसार अघिपछि पनि बस्न सक्छ ।

## ४. ह्युल्ठिमका केही नियमहरू

ह्योल्मो परम्परगत संस्था ह्युल्ठिमले ह्योल्मोका जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, धार्मिक तथा वार्षिक चाडपर्व तथा सामाजिक विकासका कार्यहरूमा

मौलिक नियमहरू बनाएर त्यसलाई कडाइका साथ लागू गराउने चलन विगतदेखि रहेको पाइन्छ। केही नियमहरूलाई निम्न रूपमा प्रस्तुत गरिएको छः

### ४.१ डेजाङ

विवाह, मान्छे मर्दा, चाडपर्वको आयोजना गर्दा शुरुमा गाउँले भेला (डेजाङ) बोलाई तिनको व्यवस्थापन तथा तयारीका लागि आवश्यक छलफल गर्ने गरिन्छ। यसरी नै गाउँले मिली नयाँ विकास निर्माणका योजना बनाउँदा तथा कार्यान्वयन गर्दा डेजाङ बस्ने गरिन्छ। यो सामुदायिक छलफलको निम्ति अनिवार्य प्रक्रिया हो।

### ४.२ अहिंसा

ह्योल्मो समुदाय बौद्ध धर्मावलम्बी भएकाले पशुवध तथा पशुबलीलाई पूर्णतः निषेध गरिएको छ। मासु खाने सम्बन्धमा निम्न नियमहरू छन्:

- आफैँले काटेर नखाने।
- अरूलाई काट्न नलाउने।
- काट्दै गरेको देखेको पशुको मासु नखाने।
- आफ्नै लागि काटेको हो भनी थाहा भएको पशुको मासु नखाने।
- आफ्नै घरमा पालेको जनावरको मासु नखाने।
- मरेको पशुको मात्र मासु खाने।
- कसैले दान दिएको मात्र मासु खाने।

## ५. स्रोत साधनको पहिचान तथा परिचालन

### ५.१ स्रोतका प्रकार

आन्तरिक स्रोतः समुदायले बनाएको योजना सम्पन्न गर्दा बचेको रकम, जरीवानास्वरूप उठेको रकम,

वाह्य स्रोतः विकास निर्माणको काम गर्दा व्यक्ति, स्थानीय सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान

**५.२ स्रोत खर्च गरिने प्रमुख क्षेत्रहरू**

- गुम्बा, चैत्य, बाटोलगायत स्थानीय विकास निर्माण तथा मर्मत,
- गुम्बाको जीन्सी सामाग्रीहरू खरिद गर्दा,

**५.३ स्रोत परिचालन गर्दा अपनाइने विधिहरू**

विकास निर्माण तथा सामाजिक सुधारको काम गर्दा गाउँले श्रमदानको सहयोग लिइन्छ । यस क्रममा अनुपस्थित व्यक्तिको लागि १ दिनको ज्याला हिसाबको रकम लिने नियम छ । यस्ता कार्य गर्दा प्रत्येक घरधुरीबाट निश्चित दरमा अन्न वा रकम उठाउने चलन पनि छ ।

# ज्यापू आदिवासीको परम्परागत संस्थाभित्रका प्रणालीहरू

–बाबुराजा प्रजापति

## १. परिचय

नेपाल एउटा विभिन्न जाति, भाषा, धर्म तथा संस्कृतिले भरिपूर्ण बहुजातीय, बहुभाषिक देश हो । नेपालमा २०६८ सालको राष्ट्रिय जनगणनाअनुसार १२५ जातजाति र १२३ भाषा रहेकोछ । यी जातजातिहरू देशभर छरिएको पाइएता पनि धेरै ठाउँहरूमा आदिवासी जनजाति आ-आफ्नो आदिभूमिमा सघन रूपमा बसिरहेको पाइन्छ । अढाईसय वर्ष पहिलेदेखि शासकवर्गले राज्य विस्तारको नाममा नेपाललाई एक धर्म, एक जाति र एक भाषाको राज्य बनाउने प्रयास गरे भने आजसम्म पनि यो कार्यले निरन्तरता पाउँदै आएको छ । राज्यसत्ता तथा गलत नीति तथा दमनको बावजूद आफ्नो अस्तित्व बचाउन सकेका केही आदिवासी जनजाति राज्यको सहयोगमा होइन, आफ्नै प्रयासमा आफ्ना भाषा, धर्म तथा संस्कृति बचाउन सकेका छन् । तर पनि राज्यको जाति, भाषा सम्बन्धमा गलत नीतिको कारण आफ्नो जाति, भाषा तथा संस्कृति लोप हुनसक्ने स्थितिलाई मूकदर्शक भएर हेरिरहनु पर्ने बाध्यतामा पारिएका आदिवासी जनजातिहरू आफ्नो मूलवस्ती, भूमिबाट पनि विस्थापित हुँदै जानुपरेको छ । यसरी राज्य सत्ताको जातीय, भाषिक तथा साँस्कृतिक दमनबाट पिल्सिएर बस्नुपरेको आदिवासी जनजातिमध्ये नेवाः (नेवार) पनि एक हो । नेवारहरू ऐतिहासिक कालदेखि नेपालमा बसोवास गर्दै आएका नेपालका प्रमुख आदिवासी समुदायमध्ये एक समूह हो । नेपालको कूल जनसङ्ख्यामध्ये ५.५ प्रतिशत नेवारहरूको जनसङ्ख्या रहेको पाइए तापनि सम्बन्धित विज्ञहरूको अनुमानमा नेवारहरूको जनसंख्या यस तथ्याङ्कभन्दा बढी हुनुपर्ने देखिन्छ । नेवार समुदायमा ज्यापू, उदास, शाक्य, मानन्धर, कपाली, कारंजित,

चित्रकार, तण्डुकार, पोडे, धोबी, नकर्मी, खड्गी, बज्राचार्य, श्रेष्ठ, माली, रंजितकार, राजकर्णीकार, राजोपाध्याय आदि प्रमुख जातिहरू छन् ।

नेपालको विभिन्न जातीय समुदायमध्ये नेवार समुदायभित्रको एउटा जाति हो ज्यापू जाति । नेवार समुदायभित्र खेती कामगर्ने एउटा जाति हो ज्यापू । यस जातिको उत्पत्तिको विश्लेषण गर्ने हो भने ज्यापू शब्द 'ज्या' र 'पु' दुई अक्षर मिलेर बनेको शब्द देखिन्छ । 'ज्या' को अर्थ काम र 'पु' को अर्थ पूरा भन्ने जनाउँदछ अर्थात्, ज्यापू भनेको 'काम पूरा गर्ने' भन्ने देखिन्छ । 'ज्यापू' लाई 'ज्याफू'पनि भन्ने गरेको पाइन्छ र 'फू' को अर्थ गर्नसक्ने भन्ने हुन्छ । तसर्थ, 'ज्याफू' भन्नाले 'काम गर्नसक्ने मानिस' भन्ने जनाउँदछ । त्यसैले ज्याफू वा ज्यापू भन्नाले– 'कुनै पनि काम गर्नसक्ने वा कुनै पनि कामलाई पूरा गर्ने' भन्ने बुझिन्छ । यसरी हेर्दा काम गर्नसक्ने वा काम पूरा गर्नेलाई 'ज्यापू' भनेको हो । सामाजिक संरचना, धर्मकर्म, संस्कृति र जनसङ्ख्याको हिसाबले नेवार समुदायभित्र ज्यापू जातिको महत्वपूर्ण स्थान रहेको पाइन्छ । नेवारहरूको कूल जनसङ्ख्यामध्ये लगभग ५० प्रतिशत जनसङ्ख्या रहेको ज्यापू जाति काठमाडौं उपत्यकाको मूल आदिवासी हो । ज्यापू जाति देशको विभिन्न क्षेत्रमा रहेको पाइएता पनि मूलथलो भनेको काठमाडौं उपत्यका नै हो । उपत्यकाको सबैजसो क्षेत्रहरूमा ज्यापूहरूको बसावास वा वस्ती रहेको पाइन्छ । काठमाडौं (यैँ), ललितपुर (यल) भक्तपुर (ख्वप) तीनै जिल्लाको सबैजसो नगर तथा गाउँ क्षेत्रहरूमा ज्यापूहरू समुदायको रूपमा रहेको पाइन्छ । भनिन्छ, जयस्थिति मल्ल (ने. सं. ५०१-५१६)ले जातीय वर्गीकरण गर्नुभन्दा पहिले नेवारहरूमा दुई जाति वा वर्ग मात्र थिए । एउटा 'भारो' र अर्को 'भाबो' । राज्य व्यवस्था कार्यमा लागि आएकाहरू र व्यापार व्यवसायमा संलग्न भई आएकाहरूलाई भारो र सामाजिक, आर्थिक क्षेत्रमा बौद्धिक तथा शारीरिक शक्ति उपयोग गरी समाजका लागि आवश्यक अन्न, फल आदि खाद्य उब्जाउमा लागी आएका र भौतिक सरसामान निर्माण तथा उत्पादन तथा सेवामूलक कार्यमा लागी आएकाहरूलाई 'भाबो' भन्ने चलन थियो ।

काठमाडौं महानगरपालिका भित्रका परम्परागत ३२ टोल र गाविसहरूमा टोखा, मनमय्जु, धर्मस्थली, फुटुङ्ग, कीर्तिपुर, पांगा, फर्पिङ्ग, थानकोट, बलम्बू, नगाउँ,

मच्छेगाउँ, बोसिगाउँ, सतुंगल, नैकाप, चोभार, टौदह, नरः, हाँडीगाउँ आदि क्षेत्रहरूमा ज्यापूहरू समुदायको रूपमा बसोवास गर्दै आएका छन्। यी विभिन्न क्षेत्रमा बसोवास गरिरहेका ज्यापूहरू आफ्नै ठाउँमा आफ्नै तरिकाले संगठित रूपमा बसेको पाइन्छ। यहाँ विशेषगरी काठमाडौं महानगरभित्र बसोवास गरिरहेका परम्परागत ३२ टोलको ज्यापू समुदायको बारेमा चर्चा गरिने छ।

कृषिसम्बन्धी काम गरेर वा भूमिमा निर्भर भई आफ्ना जीविका चलाई राखेका समुदाय ज्यापू समुदाय हो। ज्यापू जातिमा पनि काम अनुसार विभिन्न थर रहेको पाइन्छ। यी थरहरूमा महर्जन, डंगोल, प्रजापति, सिंह, सुवाल, मुनिकार आदि। काठमाडौं महानगरभन्दा बाहिर यी थरहरूभन्दा फरक किसिमले पनि थरहरू राखेको पाइन्छ। ज्यापूहरूको परम्परागत ३२ टोल संगठनात्मक ढाँचाको रूपमा रहेको पाइन्छ। ज्यापूहरूको सामाजिक, धार्मिक, साँस्कृतिक लगायत सबैजसो कार्यहरू यहीं ३२ टोलको आधारमा हुन्छ। काठमाडौं (यँ) को ज्यापू समुदायको परम्परागत टोलको रूपमा समावेश भएको ३२ टोललाई निम्न प्रकारले नामकरण गरिएकोछ। १. थवही (ठमेल), २. क्वावाहा लघछें ३. कुसुम वियालाछि ४. त्यरः ५. पिलातुं ६. असं (असन) ७. छ्वासलबु ८. जमः (जमल) ९. मागः (भोटाहिटी) १०. ओलाछी प्यंगथां ११. त्यंगः १२. किलाघः १३. न्यत (नरदेवी) १४. यट्खा १५. मखं १६. वंघ (इन्द्रचोक) १७. महाबूः (महाबौद्ध) १८. दुगंवही १९. वतु २०. खिचापुखु पुखुद्यां २१. मरुवहि, २२. ओमबहाः २३. यंगाः २४. यःवहाः (भिद्यत्वा) २५. कोतब्व भिंद्यत्वा २६. क्वहिटी २७. नाय्पाचो २८. वकं छैं २९. तुकं बहा ३०. तःननि ३१. भलननि ३२. युतुननि। यी टोलहरू उत्तरमा ठमेल, पश्चिममा विष्णुमती किनार, दक्षिणमा टेकूसम्म र पूर्वमा रत्नपार्क, सुनधारासम्म पर्न आउँछ। यी ३२ टोल चारैतिरबाट अष्टमातृका देवीहरूले घेरिएका छन्।

### २. जन्मदेखिको संस्कार

ज्यापू समुदायमा परम्परादेखि चलिआएको आफ्नै मौलिकता भएको विभिन्न संस्कृति र संस्कार छन्। मानिसको जन्मदेखि मृत्युपर्यन्त हुने संस्कार तथा रीतिरिवाज हालसम्म पनि गरिंदै आएको छ।

१) विवाहपछि पहिलो गर्भवती हुँदा, छोरीचेली गर्भवतीको अवस्थाबाट सुत्केरी हुन केही दिन बाँकी हुँदा छोरीचेलीलाई माइतीमा बोलाई दही, चिउरा ख्वाउने गरिन्छ। सुत्केरी हुने समयमा सबै काम दिदीअजीबाट हुन्छ। दिदीअजी भन्नाले प्रसूति वा बालरोग विशेषज्ञको रूपमा चिनिन्छ। सुत्केरी भइसकेपछि माइतीघरमा बच्चा पाएको जानकारी पठाउने गर्दछ। यसरी जानकारी पठाउने कार्यलाई 'सिसापालु क्यं वनेगु' भनिन्छ। सिसापालुमा विशेषगरी जाइफल, ज्वानो, घिउ, चाकु, अदुवा र नून पठाउने गरिन्छ। छोरा पाएको भए पठाएको सिसापालुमा भएका सामानहरू जति छ, त्यति नै तथा छोरी पाएको भए पठाएको सिसापालुको आधा जति सामान माइतीपक्षबाट थपेर फर्काउने चलन छ। साधारणतया सुत्केरी भएको चार दिनपछि माइती पक्षले 'मचाबू स्ववनेगु' भनेर सुत्केरी र बच्चाको लागि चाहिने आवश्यक खानेकुरा तथा लुगाफाटाहरू राखेर लैजाने गरिन्छ। यो कार्य भइसकेपछि महिना दिनसम्ममा आफन्तहरूले चामल, तेल, दक्षिणा र सुत्केरीको लागि चिउरा, मासु, जाँड, मिठाई आदि बोकेर 'मचाबु स्ववनेगु' भनेर गइन्छ। यो कार्य पहिलोपटक सुत्केरी भएको बेलामा हुन्छ र यसलाई एक किसिमले सम्बन्ध स्थापित गर्ने (ब्या स्वायेगु) चलनको रूपमा पनि हेरिन्छ।

२) छोरी पाएको भए पाँच महिनामा र छोरा पाएको भए सात महिनामा बच्चालाई 'जा नकेगु' (अन्नप्राशन) कार्य गरिन्छ। यसरी अन्नप्राशन गर्ने बेलामा बच्चालाई बोकेर नजिकको गणेश मन्दिरमा लगी पूजा-अर्चना गरी बच्चालाई प्रसाद ख्वाइन्छ र घरमा ल्याई परिवार तथा आफन्तजनहरूले दूध, भात ख्वाउने गरिन्छ।

३) बच्चा दुई वर्ष पुगेपछि 'निदँ बुँदिं' भनेर दोस्रो वार्षिक जन्मदिनको रूपमा मनाइन्छ। यो बेला बच्चालाई दुईवटा योमरीको माला बनाई लगाउन दिइन्छ। यो जन्मदिन मनाउँदा आफ्नो कूल देवता, अजिमालगायत विभिन्न देवी-देवतालाई पूजा गर्न जाने चलन छ। त्यस्तै बच्चा चार वर्षको भएपछि 'प्यदँ बुँदिं' भनेर चारवटा योमरीको माला लगाई चौथो जन्मदिनको रूपमा मनाइन्छ र पाँचौं वर्षदेखि प्रत्येक वर्ष पूजाआजा गरी बच्चालाई सगुन दिई जन्मदिन मनाउने गर्दछ।

४) छोरा भए १०/११ वर्षको उमेरमा बुसंखा (व्रतबन्ध) गरिन्छ भने छोरी भए ५/७ वर्षको उमेरमा इहि (वेलविवाह) गर्ने चलन छ। त्यसैगरी छोराहरू 'वःला छ्वेगु' चलनको रूपमा छोरालाई एकरात घरबाहिर (स्वयम्भु वा अन्य मन्दिर परिसर)मा राख्ने गरिन्छ। छोरीहरू ९/११ वर्षको उमेरमा (रजस्वला नहुँदै) बाह्रा (गुफा) राख्ने चलन छ। यी संस्कारहरू समुदायमा छोरा युवा हुनु र छोरी तरुणी हुन पुगेको संकेतको रूपमा हेर्ने गरिन्छ। वःला छ्वयेगु कार्य लगातार तीन वर्षसम्म हुन्छ। यो कार्य सकेपछि छोराहरूलाई गुथीगानामा प्रवेश गर्ने अनुमति दिइन्छ। वला छ्वेयगु समयमा निम्न स्थानहरूमा पठाउने चलन छ। क) पचली, ख) स्वयम्भू, ग) श्री घः विहार, घ) भद्रकाली, ङ) यपिंख्य (लुति), च) मैतिदेवी।

५) विवाह संस्कारको निमित्त सर्वप्रथम दुलही हुनेको (जातः) चिनो ल्याई ज्योतिषकहाँ गएर चिनो अनुसार केटा-केटी दुवैजनाको उमेर राशी आदि हेरी विवाह गर्न मिल्छ, मिल्दैन ? भनी हेर्ने कार्य गरिन्छ। यदि केटा र केटी दुवै विवाह गर्न मिल्छ भन्ने कुरा आएमा लमीमार्फत केटीपक्षकोलाई 'लाखा बिइगु वा ग्वय् विइगु' सुपारी दिने कार्य गरिन्छ। यसरी सुपारी दिने कार्यमा ज्यापूहरूको आफ्नो परम्परा अनुसार सुपारी, निकःमरि, चाकु, लुगाफाटा, पैसा (सिका) को साथै दुलहीको लागि आवश्यक सौन्दर्य सामानहरू पठाउने गरिन्छ। यसरी सुपारी लिई दुलहीपक्षको घरमा जाँदा लमीले सुकुन्दा बालेर जानुपर्ने चलन छ। केटापक्षको विवाह हुने एकदिन अगाडि केटीपक्षले आफन्तजन तथा साथी भाइहरूलाई भोज खुवाउने गरिन्छ। भोलिपल्टको दिनमा केटापक्षबाट बिहान सबेरै आफ्नो गुथी वा समुदायको साँस्कृतिक बाजा लिएर दुलही लिन जाने गरिन्छ। दुलही लिन जाँदा केटाको बुबाआमा दुवैजना जाने गर्दछ।

### ३. ज्यापू समुदायमा पारपाचुके (सम्बन्ध विच्छेद) चलन

ज्यापू समुदायमा बिहेको कुरो टुङ्गो पाउन लिनेदिने गरेको लाखा (सुपारी) फिर्ता गर्ने चलन परम्परादेखि नै छ। विवाह गर्न केटा-केटी दुवैपक्षले राजीखुशीले लेनदेन भइसकेको लाखा (सुपारी) विवाह नहुँदै फर्काउन वा फिर्ता लिन सकिन्छ।

केटा वा केटी कुनै एकपक्षले विवाह गर्न नमानेको अवस्थामा यसरी सुपारी फिर्ता गरिन्छ। यदि केटापक्षले केटी मन नपराई दिइसकेको सुपारी फिर्ता लिन चाहेमा जति दिएको हो, त्यति नै फर्काइदिए पुग्दछ भने केटीपक्षले केटापक्ष मन नपराई सुपारी फर्काउन चाहेको अवस्थामा जति मात्रामा लिएको हो, त्यति नै थप गरेर फर्काउनु पर्दछ। यसरी सुपारी फिर्ता लिए वा फर्काएमा हुन लागेको विवाहको कार्य रद्द भएको मानिन्छ। त्यसैगरी विवाह भएपश्चात् पनि दुलहा-दुलहीबीच विभिन्न कारणले मतभेद भई मिलेर बस्न नसक्ने अवस्थामा ज्यापू समुदायमा सम्बन्ध विच्छेद गर्ने आफ्नै परम्परा छ। दुलहा-दुलहीको दुवैपक्षको आफ्नो थकाली नायकेसहित जाने-बुझेका भलाद्मीहरू र लमी बसी सरसल्लाह गरी लेनदेन कार्य गरेर पारपाचुके गर्ने गरिन्छ। विवाहको बेला माइतीपक्षबाट दिएको दाइजोको सूची (धल:पौं) हेरी त्यसअनुसार सम्पूर्ण दाइजो फिर्ता गरेमा पारपाचुके भएको मानिन्छ। आफ्नो संस्कृति संस्कार अनुसार सुपारी लिई/दिई परम्परा अनुसार बिहे भएमा विशेषगरी दुलही पक्षका लागि एउटा छुट्टै चलन पनि छ। यदि बिहे भएर केही दिन, महिना, वर्ष वा दुलही गर्भवती नहुँदै लोग्नेको मृत्यु भएमा दाह-संस्कारको काम शुरु नहुँदै घरमै वा घाटमा गएर दुलहीले आफ्नो लोग्नेको पार्थिव शरीरमा ग्वय् (सुपारी) राखी आफू पवित्र चोखो हुन सकिन्छ। यसरी सुपारी फर्काएपछि आफ्नो लोग्नेबाट मूक्त भएको मानिन्छ। लोग्नेकोतर्फबाट कुनै काजक्रिया गर्नु पर्दैन र लोग्नेकोतर्फबाट साँस्कृतिक तथा व्यवहारिक सम्बन्ध पनि रहन्न र विवाहपूर्व जसरी नै स्वतन्त्र हुन्छ। फेरी अर्कोसँग विवाह गर्न नि सकिन्छ। यसलाई ज्यापू समुदायमा सामाजिक तथा व्यवहारिक क्षेत्रमा महिलाहरूलाई प्रदान गरिएको विशेष अधिकारको रूपमा लिन सकिन्छ।

### ४. भूमिसँगको सम्बन्ध

विश्वको कुनैपनि ठाउँमा आदिवासी समुदाय आफू बसेको ठाउँमा वातावरण र परिस्थिति अनुकूल संरचना बनाई बसेका हुन्छन्। आफू बसेको ठाउँको प्राकृतिक स्वरूप अनुसार घुलमिल हुनसक्ने किसिमले संरचना नबनाई बस्नै सकिँदैन। प्रकृतिका यस्ता संरचनाको रूपमा रूपान्तरण गरी लगेका हुन्छन्। कालान्तरमा

गएर यस्तै संरचनाहरू उनीहरूको जीवनसँग अभिन्न रूपमा सम्बन्ध गाँसिएर गएको हुन्छ र यहीं नै परम्पराकोरूपमा चलिआएको हुन्छ । ज्यापूहरू प्रकृतिपूजक हुनुकासाथै भूमिसँग सम्बन्ध गाँसेर जीवनयापन गरेर बसेका हुन्छन् । भूमि नै उनीहरूको जीवनयापनका मुख्य आधार बनेको हुन्छ । उनीहरू शक्तिलाई देउताको रूपमा मान्दछन् र यसैलाई नै पूजा गर्ने गर्दछन् । यस अनुरूप आफूहरूलाई जीवनयापनका लागि चाहिने शक्तिको रूपमा प्रयोग हुने सबैलाई पूजा गर्ने गर्दछन् । ज्यापूहरूले सामाजिक, साँस्कृतिक, धर्मिक, एवं व्यवहारिक रीतिरिवाजमा परम्परादेखि चलाइआएका साधनहरू प्राकृतिक रूपमा यहीं उपलब्ध हुने साधनस्रोतहरू हुन् । जुन साधनस्रोतको माध्यमबाट प्रकृतिसँग घुलमिल भई बस्न सक्ने वातावरण बनाउनुको साथै जीवनको सुरक्षासमेत गरिबसेका हुन्छन् । यहाँका भूमिसँग सम्बन्ध भएका ज्यापूहरूले वर्षभरिमा मनाउँदै आएका चाडपर्व, रीतिरिवाज र सामाजिक व्यवहार सबैमा भूमिसँग अभिन्न रूपमा सम्बन्ध गाँसिएको हुन्छ । धान रोप्नेबेला शुरु हुनु अगाडि मनाइने सिथी नखः (कुमार षष्ठि)लाई पानी दिवसको रूपमा मनाइँदै आएको अद्यावधि कायम छ । धान रोप्न आवश्यक पानीको जोहो गर्न वर्षा लागेपछि कीराहरूले दुःख दिने र रोपाइँका बेला सफा-सुग्घर गर्न नभ्याउने हुनाले सिथी नखःका बेला कुवा इनार सफा गर्ने र कुलो आदि मर्मत गर्ने गरिन्छ । यो एउटा प्राकृतिक वातावरणलाई बुझी त्यस अनरूप जीवनयापन गर्ने तरिकाको रूपमा मान्नुपर्ने हुन्छ । प्राकृतिक संरचनाहरूमा पाइने जीवहरूमध्ये भ्यागुता एउटा यस्तो जीव हो, जसलाई पानी पर्ने बेला थाहा हुन्छ । पानी पर्ने बेला भयो भने यो भ्यागुता कराउँछ । भ्यागुता धेरै कराउन थाल्यो भने पानी पर्ने संकेतको रूपमा लिइन्छ र रोपाइँ गर्नका लागि व्यवस्था गरिन्छ । भ्यागुता करायो भने पानी पर्छ भन्ने कुरा प्राकृतिक ज्ञानविना सम्भव हुँदैन र यी ज्ञान भूमिसँग सम्बन्धित भएकाहरूलाई मात्र हुन्छ । ज्यापूहरूले प्रकृतिका विविधतालाई संरक्षण गरिराखेका छन्, जुन हामीले काठमाडौं उपत्यकाको खेतीयोग्य जमीन र कृषि प्रणालीलाई लिन सक्दछौं । पानी पर्ने संकेतको अग्रीम जानकारी दिने भ्यागुतालाई ज्यापूहरूले रोपाइँ सकाएर मनाउने गुँपुन्हि (जनै पूर्णिमा)का दिन खेतमा गएर विभिन्न परिकार राखी खुवाउने (ब्यांजा नकेगु) परम्परा चलाइराखेका छन् ।

खेतीपाती गर्न महत्वपूर्ण भूमिका हुने साधनहरूमध्ये मल पनि एउटा हो। मल भएन भने बाली राम्रो हुँदैन। मलबिना गरिएको खेतीबाट सन्तोषजनक उब्जनी पाउन सकिँदैन। यहाँका ज्यापूहरू जमीनमुनिको खानीबाट कालीमाटी (कँचा) झिकी मलको रूपमा प्रयोग गर्दथे। यो मल जहाँतहीं पाइँदैन र पाए पनि झिक्न धेरै गाह्रो हुन्छ। यस्ता माटो (कंचा) कुन ठाउँमा पाइन्छ ? र कसरी झिक्नुपर्दछ ? भन्ने कुरा भूमिसम्बन्धी ज्ञान नभई संभव हुँदैन। यी कालिमाटी झिक्ने ज्ञान यहाँको ज्यापूहरूमा मात्र छ। एउटा साधारण डण्डी (जसलाई ज्यापूले नःति भन्दछ, जुन ३-४ फिट लामो हुन्छ र एकातिर चुच्चो पारिएको हुन्छ र अर्कातिर हातले समात्न मिल्नेगरी बनाएको हुन्छ) को भरमा कुन ठाउँमा कस्तो कालिमाटी पाइन्छ भनी पत्ता लगाउने काम गरिन्छ। यो कालीमाटी झिक्न सुरुङ खनेजस्तै खन्दै जमीनमुनि गएर झिकिन्छ र कालिमाटी झिक्ने ठाउँमा माटोको ढिस्काहरू खस्नबाट बचाउनका लागि काठबाट बनाइएको की (किल्ला) गाड्दै जान्छ। ज्यापूहरूले आफ्नो जीवनयापनको निमित्त आवश्यक औजारहरू पनि प्राकृतिक स्रोतसाधनहरूबाट नै बनाएका हुन्छन्। यी औजारहरूमा उनीहरूको भौगोलिक ऐतिहासिकता लुकेको पाइन्छ। वैज्ञानिक निपुणता झल्केको हुन्छ तथा गहिरो धार्मिक आस्था पलाएको हुन्छ। यसबाट नै उनीहरूले जीवनयापनको माध्यम बनाइराखेको हुन्छ। ज्यापूहरू आफूले बनाएका औजारहरूलाई पनि शक्तिका रूपमा पूजा गर्ने गर्दछन्। दशैंको बेला सबै औजारहरू सफागरी एकै ठाउँमा राखी पूजा गर्ने गर्दछ। यो चलन अहिलेसम्म पनि चलाउँदै आएका छन्। धानबाली भित्र्याउने दिन धानलाई थन्काउने काम गरिन्छ। योमरी पुन्हि (धान्य पूर्णिमा)को दिन योमरी बनाई कुति पूजाको रूपमा योमरी राखी कुति पूजा गर्ने गर्दछन्। यस योमरी पुन्हिको दिनलाई भूमिसँग सम्बन्धित जातिहरूको दिवसको रूपमा मानिआएको छ भने वर्तमान समयमा आएर नेपाल सरकारले पनि यस दिनलाई राष्ट्रिय दिवसको मान्यता दिइसकेको छ। यसरी यी विविध कारणले गर्दा यहाँको भूमिसँग सम्बन्ध भएका भूमिसन्तान ज्यापू समुदाय यहाँको मूलवासीको रूपमा रहेको देखिन्छ।

## ५. गुथीको संरचना

ज्यापू समुदाय एउटा संगठित समूह हो । ज्यापू समुदाय गुथीको रूपमा संगठित भएको हुन्छ । ज्यापूहरू आफूलाई मर्दापर्दा यही गुथीको सहयोगबाट नै सबै कार्यहरू सम्पन्न गरिरहेका हुन्छन् । यस समुदाय आफ्नो वंश वा परम्परा अनुसार आ-आफ्नो टोल समुदायमा चलाउँदै वा मनाउँदै आएका विभिन्न गुथी वा उप-गुथीको व्यवस्था गरेको हुन्छ, जसमा आफ्नै किसिमले नीति नियमहरू बनाएका हुन्छन् । समुदायमा मर्यादाक्रम अनुसार थकाली, गुरु, नाइकेहरूजस्ता पद विभाजन गरिराखेको हुन्छ र समुदायमा गुथियारहरूबीच उनीहरूले गर्ने कार्य तथा दर्जा अनुसार सम्मान तथा आदर गर्नुपर्ने हुन्छ ।

१. थकालीः समुदायमा सबैभन्दा पाको उमेरका व्यक्ति (गुथीमा पहिलो रोलमा बस्ने र धार्मिक तथा गुथीको पूजा कार्य गर्ने)
२. मूलगुरुः समुदायमा सबैभन्दा बढी साँस्कृतिक संगीतमा निपुण व्यक्ति (साँस्कृतिक बाजा, गीत, राग आदि सिकाउन सक्ने)
३. ल्यू गुरुः मूलगुरु र दोस्रो गुरु (मूलगुरुले गर्ने कार्यमा सघाउने) बाहेक अन्य ६ जना गुरु हुन्छन् । यसरी समुदायमा जम्मा ८ जना गुरु हुन्छन् र उनीहरूको साँस्कृतिक ताल वा राग अनुसारको शीप वा निपुणताको आधारमा सबैजनालाई सम्मान स्वरूप 'सी' दिने प्रचलन छ ।
४. नायोः समुदायमा नेतृत्व दिनसक्ने व्यक्ति
५. कजीः समुदायको धार्मिक तथा सामाजिक साँस्कृतिक कार्यमा व्यवस्थापन तथा संयोजन गर्ने र जिन्सी सामान भण्डारण गर्ने व्यक्ति
६. बहिदार (दांभरि)ः आर्थिक तथा लेखासम्बन्धी कार्यको जिम्मेवारी लिने व्यक्ति ।
७. सुवाः गुथी वा भोजमा खानेकुरा तयार गर्ने र भोज खुवाउने कार्यको व्यवस्थापन गर्ने व्यक्ति ।
८. सुलीं: गुथी वा भोजमा आवश्यक जाँडरक्सीको व्यवस्थापन गर्ने व्यक्ति ।
९. हामूः गुथी वा समुदायमा हुने धार्मिक तथा साँस्कृतिक कार्यको सूचना पुऱ्याउने व्यक्ति ।

१०. जः गुथीको साधारण सदस्य

त्यसैगरी ज्यापू समुदायमा आफ्नै मौलिक साँस्कृतिक बाजागाजा तथा विभिन्न राग अनुसारका गीतहरू छन्, जुन निरन्तर रूपमा हालसम्म पनि चलनचल्तीमा छन् । मुख्य बाजाहरूमा तग्व धिमे, चिग्व धिमे, देसिखिं, कोंचाखिं, नगरा, कान्तां दवदव, भुस्या, धौ, कँयपुँइ, ताःबवू, पछिमा आदि हुन् भने मादल, धोलक, झ्याली, बाँसुरी, बेला आदि पनि चलनचल्तिमा रहेको पाइन्छ । यी बाजाहरू बजाउँदा विभिन्न ताल, सूरमा विभिन्न रागमा ऋतु अनुसारको गीत, समय, पहर अनुसारको रागका गीत गाउने चलनछ ।

१. राग बसन्तः श्रीपंचमीदेखि होली (फागु) पुन्हिसम्म ।

२. राग होलीः चिर स्वायेगु अष्टमीदेखि फागु पूर्णिमासम्म ।

३. राग धमालः होली अवधिभर ।

४. राग धातुः होली पुन्हिदेखि स्वाँया पुन्हि (बुद्ध जयन्ति) सम्म ।

५. राग कहुकोलाः स्वाँया पुन्हिदेखि सिथी नखःसम्म ।

६. राग सोरथः भलभल अष्टमीदेखि गथांमुग चऱ्हेसम्म ।

७. राग सिन्हाज्याः सिथी नखःदेखि गथांमुग चऱ्हेसम्म ।

८. राग तुकाज्याः गथांमुग चऱ्हेदेखि येँया पुन्हिसम्म ।

९. राग भुपालीः गथांमुग चऱ्हेदेखि कायगः अष्टमीसम्म ।

१०. राग कल्याणः गुँला महिनाभरि ।

११. राग वैराग (भजनथरि): गुँपुन्हिदेखि कृष्ण अष्टमीसम्म ।

१२. राग मालश्रीः काय्गः अष्टमीदेखि कतिं पुन्हिसम्म ।

१३. राग धनाश्रीः कतिं पुन्हिदेखि मिला पुन्हिसम्म ।

१४. राग श्रीः कतिं पुन्हिदेखि मिला पुन्हिसम्म (बिहानी पहरमा मात्र गाउने)

१५. राग निर्गुणः मिला पुन्हिदेखि श्रीपञ्चमीसम्म ।

यसैगरी २४ घण्टाभित्र पनि विभिन्न प्रहर, समयमा गाउने गीतहरूको विभिन्न रागहरू हुन्छन् ।

### ५. गुथीको नीति नियम

ज्यापू समुदाय आफ्नो टोल गुथीमा संगठित र अनुशासित रूपमा बसोवास गर्दै आएका छन् । काठमाडौंको परम्परागत ३२ टोलमा आ-आफ्नै किसिमले नीति, नियम बनाइराखेका हुन्छन् । आफ्नो गुथीको आवश्यकता अनुसार सामाजिक रीतिरिवाजलाई व्यवस्थित गर्न, झैंझगडा हुन नदिन, झगडा भइहालेमा मिलाइदिन, गुथियारहरूको घरायसी मामला हेर्न बनेका नीति नियमहरू सबैले पालना गर्दछन् । नीति, नियमहरू साधारणतया निम्न उल्लिखित किसिमले बनेको हुन्छः

१. वर्षभरिमा विभिन्न गुथी भोज गर्ने दिनहरू निश्चित गरेको हुन्छ र सोअनुरूप नै गुथी भोज सम्पन्न गर्ने गर्दछन् ।

२. कुनै पनि गुथी भोजमा गरिने कार्यक्रमहरू समय तालिका मिलाएको हुन्छ र गुथियार समयमै उपस्थित हुनुपर्दछ र उपस्थित हुन नसकेमा जरीवाना तिर्नु पर्दछ ।

३. गुथीको लागि हुने सम्पूर्ण खर्चहरू गुथियारबीच दामासाहीले भाग लगाई हुन आउने रकम बराबर प्रत्येक गुथियारले व्यहोर्नु पर्दछ ।

४. गुथीको कार्य प्रत्येक वर्ष पालैपालो गरी सबै गुथियारले संयोजन तथा व्यवस्थापनको जिम्मा लिनुपर्दछ ।

५. गुथियारे कसैको घरमा दाजु-भाइ वा परिवारबीच अंशबण्डा वा अन्य कुनै पनि झैझगडा भएमा गुथीको नायो थकालीसहित अन्य व्यक्तिहरूबीच झगडाको छिनोफानो गर्ने तथा अंशबण्डा गरिदिने गरिन्छ ।

६. घरजग्गा तथा खेतीजग्गा नापी गर्नुपर्दा ज्यापूहरू स्वयंले नै डोरी वा सिक्रीको माध्यमबाट नापी गरिन्छ, जुन सबैलाई मान्य हुन्छ ।

७. समुदायमा प्रायःजसो कार्य तथा नीति, नियमहरू पुरुषहरूले बनाउने गर्दछ, तथापि समुदायमा हुने सामाजिक वा धार्मिक कार्यमा महिलाहरूको महत्वपूर्ण

भूमिका पनि देखिन्छ । उदाहरणको लागि, छोराछोरी विवाह कार्यमा, छोरीको बेलविवाह, गुफा राख्ने कार्य, बुहारी भित्र्याउने कार्यमा, मृत्यु संस्कार आदि ।

८. समुदायभित्र कुनै पनि मानिसको मृत्यु भएमा पार्थिव शरीरलाई नष्ट गर्ने कार्य (सिथं यंकेगु) गर्नका लागि छुट्टै मृत्यु संस्कार गुथीको व्यवस्था गरेको हुन्छ । यस गुथिमा ६-८ जनासम्मको व्यवस्था गरेको हुन्छ ।

९. वैवाहिक सम्बन्धका विषयमा यस समुदायमा प्रायः गरी पाँच पुस्तासम्म बिहेवारी चल्दैन । आफ्नै समुदायभित्र बिहेवारी चल्दैन । त्यसैगरी ज्यापू जातिबाहेक अन्य जातिसँग पनि विवाह गर्न मिल्दैन । यी वर्जित कार्यहरू गरेमा दण्ड दिने सम्बन्धमा बढीमा गुथियारबाट निष्काशनसम्म गर्नेगरी कारवाही हुन्छ ।

यसरी ज्यापू समुदायमा गुथी सञ्चालनको लागि आवश्यक पर्ने सम्पूर्ण नियम, कानूनहरू आफूहरूले नै बनाएका हुन्छन् । यी नियम, कानूनहरू कुनै शासक वर्गले सर्वसाधारण जनतामा लादेको कानूनजस्तो नभई गुथीमा नै आपसी छलफल तथा समझदारीमा बनाएको हुनेहुँदा समुदायका सबैले स्वीकारेको हुन्छ । राज्यको कानूनले जस्तो न्याय दिन लामो समय नलिई आफ्नो छलफलबाट नै न्याय दिने काम छिटो गरिने हुँदा र दुवैपक्ष हार्ने र जित्ने नहुने हुँदा न्याय निकास वा छिनाफानोलगतै एकआपसबीचको सम्बन्धमा सुधार तथा वातावरण सहज हुने गर्दछ ।

**स्रोत व्यक्तिहरू**


महर्जन, विपेन्द्र ()*ज्यापू जातिः एक अध्ययन,* विश्वभूमि दैनिक

२) ज्यापू पञ्च- “भाबो” (ने.सं. ११२१)

३) सुवर्णमान डंगोल- चागल

४) पन्नारत्न महर्जन- खुसिबुँ

५) राजभाई महर्जन- ओमबहाः

# मगर समुदायको परम्परागत संस्थागत प्रणाली

–गमबहादुर थापा मगर

**भूमिका**

पाल्पा जिल्लाको सदरमुकामदेखि करीब ५८ कि.मी. टाढा पूर्वी पाल्पाको सिलुवा गाविस अन्तर्गत वडा नं. ४ मा मगरहरूको घनाबस्ती छ, जहाँ अन्य समुदाय, कामी, दमाई र नेवार न्यून संख्यामा छन् । करीब २३० घरधुरी रहेको वडा नं.४ मा मगरहरूको मात्र १६९ घरधुरी भेजामा रहेको पाइयो । त्यस वडामा बसोवास गर्ने मगर समुदायका अगुवाहरूसँग प्रथाजनित कानून र परम्परागत संस्थाको सम्बन्धमा खोज अध्ययनको क्रममा उल्लिखित जानकारी प्राप्त भयो ।

१. परम्परागत सामाजिक संस्था भन्नाले "सिलुवा मण्डली बराजु भेजा" लाई बुझिन्छ ।
२. समुदायमा टोल-टोलमा बालक्लव, युवाक्लव इत्यादिसमेत संस्थाहरू छन् ।
३. ती क्लवहरू भेजाभित्र रहेका फरक-फरक टोलमा सृजनात्मक र रचनात्मक क्रियाकलापको लागि बनाइएको हुन्छ ।
४. ती संस्थाहरू क्रियाशील छन्, जसले शिक्षामा र खेलकूदमा विशेष जागरण ल्याएको हुन्छ ।
५. ती संस्थाहरू सञ्चालनमा नरहे सामाजिक सद्भावमा खलल पर्न सक्छ ।
६. प्रथाजनित कानून समुदायलाई नियन्त्रित र सामाजिक सद्भाव बचाइराख्न एउटा संयन्त्रको रूपमा लिइएको पाइन्छ ।
७. ती प्रथाजनित कानून नबनेको भए त्यस समुदाय अनियन्त्रित रहने थियो ।
८. प्रथाजनित कानूनको कारणले गर्दा सानातिना सामाजिक समस्या संस्थामार्फत् समाजमै मिलाउने व्यवस्था रहेको पाइन्छ ।

९. प्रथाजनित कानून संस्था (भेजा) भित्रका जो-कोहीले नाघ्न सक्दैन। कसैले बलजफ्त गरेमा जो-कोहीलाई पनि भेजा बाहेक समाज बहिस्कार गर्नसक्ने व्यवस्था रहेको पाइन्छ।

**नेतृत्व/निर्णय प्रक्रिया**

१. संस्था (मण्डली बराजु भेजा) मा १६९ घरधुरी सहभागी रहेको छ।

२. मर्दापर्दा (दुःखसुखमा) भेजामा सहभागी घरधुरीको उपस्थिति रहन्छ।

३. भेजाभित्र समूह, उप-समूह, गाउँ टोलमा विभाजन गरी कार्यक्रम चलाइन्छ। उप-समूहलाई क्लवको रूपमा हेरिन्छ।

४. भेजा भाइहरूको समान सहभागिता र समान दायित्व रहन्छ। उप-समूह (क्लव) मार्फत् सामुहिक निर्णय गरिन्छ।

५. उप-समूहहरूको सम्मेलन, अधिवेशनमार्फत नेतृत्व चयन गर्ने गरिन्छ।

६. नेतृत्व चयन कम्तीमा एक वर्षको लागि हुनेगर्छ।

७. एक संस्थामा (भेजा उप-समूह) विधानबमोजिम ५ देखि १७ जनासम्मको कार्यकारिणी समिति बन्दछ।

८. ती (भेजा उप-समूह) संस्थाले सामुदायिक सरसफाइ सहकारी कार्यक्रम, खेलकूद, साँस्कृतिक कार्यक्रम सञ्चालन, जन्म, विवाह, मृत्यु संस्कारमा एकआपसमा सघाउने काम गर्दछ।

९. मूलभेजा समूहमा महिलाहरूको सहभागिता छैन। भेजा उप-समूहमा महिलाहरूको सहभागिता हुन्छ। भेजा उप-समूहको निर्णय स्वीकृति गर्ने र लागू गर्न अन्तिम अनुमोदन गर्ने अधिकार मूलभेजाको हुन्छ।

१०. मूलभेजाको लागि महिला सहभागी नहुनुको कारणहरू:

(क) परम्परादेखि 'मण्डली बराजु' को पूजा कुखुरा सुंगुरको बली दिने र सो बलि महिलाहरूले खान नहुने प्रचलन रहेको।

(ख) मण्डली बराजुको पूजा गर्दै भेजा बस्ने र सोही समयमा विविध विषयमा छलफल गर्ने र नीति, नियम बनाउने प्रचलन रहेको ।

(ग) छेवर (कपाल मुण्डन) गरेपछि किशोरहरू समेत भेजामा सहभागी हुन्छन् ।

**(द्रष्टव्यः** *हाल भेजामा महिलाहरू पनि सहभागी हुने, तर बलि दिइएको मासु नखाने र महिलाहरूको लागि छुट्टै व्यवस्था गरी वनभोजको रूपमा सहभागी हुने व्यवस्था मिलाएको हुन्छ)*

**स्रोतसाधन**

१. मूलभेजाको स्रोत प्रथम प्रधानमन्त्री भीमसेन थापाले पूजा सञ्चालनको लागि करीब २ बिगाहा (२५ रोपनी) खेत प्रदान गरेको थियो, सो खेतबाट प्राप्त आम्दानी मूलभेजामा खर्च गरिने परापूर्वकालदेखिको चलन छ ।

२. उप-समूह (भेजा) ले गाउँमा केही गलत काम गरेमा कचहरी राखी सो कचहरीको रोहबरबाट दण्ड जरीवाना गरी क्षतिपूर्तिमध्ये केही रकम संकलन गर्ने गरिन्छ ।

३. गाउँमा उत्पादित खसी, कुखुरा, सुंगुर, राँगाजस्तो कुनै पनि वस्तु भेजाबाहिर बेच्न परेमा भेजाको निर्णयअनुसार निश्चित रकम भेजामा संकलन गरिन्छ ।

४. गाउँ, टोलका कुनै बाहिरी मुलुकमा रोजगार गरी आउँदा भेजा (उप-समूह)ले स्वागतस्वरूप नाचगान गर्ने गरिन्छ र सो स्वागत गरेबापत बाहिरबाट कमाई आएका व्यक्तिबाट स्वैच्छिक रकम भेजामा दिने गरिन्छ ।

५. भेजा मनाउन बाहिरबाट सुंगुर वा कुखुरा ल्याएर पूजा गर्न आउने व्यक्तिले निश्चित रकम भेजालाई दिनुपर्ने हुन्छ, साथै भेजालाई अन्य समुदायले हेर्ने दृष्टिकोण राम्रो छ । मगरहरूको पूर्वजलाई बराजु भनिन्छ । यस मगरहरूको भेजा गर्ने समयमा अन्य बाहुन, क्षेत्री, नेवार, कामी, दमाईलगायत सबै समूदाय पूजा (बली) लिएर आउँछन् । भेजाको मूलपूजारीले पूजा गरिदिन्छ र सो पूजामा दान-दक्षिणा प्राप्त हुन्छ, सो संस्थाका लागि आर्थिक स्रोत हुन्छ ।

**हालको अवस्था**

१. भेजामा सहभागी भेजाभाइहरूबाट निजी रूपले प्रतीक्षालय, भेजा बस्ने घर, पूजाको बेला खाना पकाउने र बस्ने टहराहरू बनाइएको छ।

२. गाविसबाट केही आर्थिक सहयोग प्राप्त भएको पाइन्छ।

३. मगरहरूको "मण्डली बराजु भेजा" नेपालकै सबभन्दा पुरानो मानिन्छ।

४. भेजाको शुरुवात वि.सं. २००६ बाट भएको बूढापाकाहरूबाट सुनिन्छ।

५. यो भेजा गर्ने स्थान घनाजङ्गलको बीचमा छ। यो जङ्गललाई सोही भेजा भाइहरूले धार्मिक वनको रूपमा बचाइरहेको छ।

६. विद्यालय र क्लव भवन, सामुदायिक भवन बनाउनको लागि भेजाको निर्णयबाट भेजा क्षेत्रमा प्रयोग गर्ने चलन हाल लागू गरिएकोछ।

**निष्कर्ष र सुझावहरू**

१. भेजाले लैङ्गिक विभेद, अर्थात् भेजाको बली/पूजा सबैले समान उपभोग गर्दा अझ राम्रो हुने थियो।

२. मगर समुदायको प्रथाजनित संस्था "मण्डली बराजु भेजा" र परम्परागत कानूनको बारेमा देश विदेशमा प्रचार गरी पर्यटकीय क्षेत्र र अनुसन्धानको केन्द्र बनाउनु जरूरी छ, जुन काम राज्यले गर्नुपर्दछ

**घटना अध्ययन**

"मण्डली बराजु भेजा" -सिलुवा ४, पाल्पा

१. भेजा महिनाको कुन-कुन दिन गरिन्छ ?

(क) वर्षको साउन महिनाबाहेक बुधबार र शुक्रबार गरिन्छ।

(ख) हाल १६९ घरधुरी मूलभेजामा सहभागी छ।

(ग) यस भेजा आ-आफ्नो ढङ्गले नेपाल र नेपालबाहिर रहेका मगर समुदायले गर्दै आइरहेको छ।

(घ) भेजा बस्दा "बराजु पूजा" गर्ने चलन छ। बराजु भन्नाले पूर्वजलाई जनाउँछ।

(ङ) भेजा गर्दा भेजाभित्रका कुखुरा, सुँगुर, खसी, बोका, राँगाको तौल अनुसार मूल्य निर्धारण गरिन्छ।

(च) भेजाभित्र परिआएका समसामयिक समस्याहरूको बारेमा छलफल र निराकरणको उपाय पत्ता लगाउछन्।

(छ) भेजामा सहभागी टोलः मौला थार, खत्रीडाँडा, लोस्दी, पूजारी थर, बासुघा, सोमसटाक, बडहर थोक, बहिछाप, राहुसा, भोत्रोट, मिजागल्धा, पोखरडाँडा र मनहरी।

उल्लिखित टोल/समुदायमा उप-समूह गठन गरी नेतृत्व चयन गर्छन्। सो उप-समूह/भेजाबाट ल्याइएको नीति, नियम मूलभेजाको छलफलबाट अनुमोदन र कार्यान्वयन गर्छन्।

**सामुहिक क्रियाकलाप**

१. आ-आफ्नो टोलबाट भेजासम्म जाने बाटो निर्माण र साप्ताहिक सरसफाई गर्ने।

२. १ नम्बरको कामको मूल्याङ्कन गरी पुरस्कृत गर्ने।

३. विश्राम गृह, धारा, निर्माण गर्ने।

४. वर्षको साउन महिनाबाहेक प्रत्येक महिनाको एकपटक बुधबार वा शुक्रबार दिन पारेर मूलभेजाको पूजा गरिन्छ, सो भेजाको दिन मूलपूजारी (वयम्बु थरका मगर) बाट पूजा गरिन्छ।

(५) हाल भेजाभित्र उत्पादित कुखुरा, सुँगुर, बंगुर, राँगो, खसी, बोका मूल्य निर्धारण गरिएकोछ। यसलाई भेजाको निर्णयपछि थपघट गर्न सक्ने प्रावधान छ।

| भेजाभित्र बिक्री गर्दा | परिणाम | भेजाभित्र बिक्री मूल्य | परिणाम | भेजाबाहिर बिक्री गर्दा | भेजाबाहिर बिक्री मूल्य |
|---|---|---|---|---|---|
| खसी/बोका | धार्नी एक | रु.७००/- | धार्नी एक | खसी/बोका | रु.६५०/- |
| राँगो/पाडा | धार्नी एक | रु.२५०/- | धार्नी एक | राँगो/पाडा | रु.२००/- |
| सुँगुर/बंगुर | धार्नी एक | रु.४००/- | धार्नी एक | सुँगुर/बंगुर | रु.३५०/- |
| कुखुरा | धार्नी एक | रु.७००/- | धार्नी एक | कुखुरा | रु.६५०/- |

**निष्कर्ष**

- भेजाभित्र उत्पादित वस्तुहरू भेजाभित्र खपत गर्ने र उत्पादनमा प्रोत्साहन गर्ने लक्ष्य ।
- कसैले भेजाभन्दा बाहिर बेच्दा भेजामा भन्दा कम मूल्य पाउने हुन्छ, जसको कारण भेजासँग सल्लाह नगरी कुनै वस्तु बाहिर दिन सक्दैन ।
- भेजाभित्र खरिद-बिक्री गर्ने वस्तुहरू पैँचो प्रविधि (Barter System) मा आधारित छ ।